# पहिलो परिच्छेद

## शोधपरिचय

### १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'नेपाली साहित्यको विकासमा बुटवलको योगदान' रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहको नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३ समस्याकथन

नेपाली साहित्यको विकासमा बुटवलले पुऱ्याएको योगदानका बारेमा यसअघि शोधकार्य हुन सकेको थिएन । बुटवलमा रहेर नेपाली साहित्यको विकासमा योगदान पुऱ्याउने साहित्यस्रष्टाहरूको योगदानका साथै यहाँबाट प्रकाशित पत्रपत्रिका, यहाँको लोकसाहित्यको परम्परा र क्रियाशील सङ्घसंस्थाहरूको अध्ययनद्वारा तिनले सिङ्गो नेपाली साहित्यको विकासमा दिएको योगदानको मूल्याङ्कन गर्नु यस शोधकार्यको प्रमुख समस्या रहेको छ । यस शोधकार्यमा निम्नलिखित समस्याहरू आएका छन्-

१) बुटवलको साहित्यलेखनको पूर्वपीठिका र परम्परा कस्तो छ ?

२) बुटवलको साहित्य क्षेत्रको विकासमा साहित्यिक सङ्घसंस्था र पत्रपत्रिकाहरूको केकस्तो योगदान रहेको छ ?

३) बुटवलका स्थापित एवम् नवोदित साहित्यप्रतिभा र तिनका साहित्यिक कृतिहरू केकस्ता छन् ?

४) बुटवलमा बसी साहित्य सृजना गर्ने स्रष्टाहरू केकति रहेका छन् ?

५) बुटवलमा कविता, कथा, नाटक, प्रबन्ध, एकाङ्की, निबन्ध र समालोचना विधाका केकस्ता कृतिहरू लेखिएका छन् ?

६) बुटवलमा साहित्यका विविध विधाहरूमा आधारित कृतिप्रकाशनको केकस्तो ऐतिहासिक परम्परा रहिआएको छ ?

## १.४ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य बुटवलको साहित्यलेखनमा देखापरेका प्रतिभाहरू, साहित्यिक सङ्घसंस्थाहरू, पत्रपत्रिकाहरू आदिको ऐतिहासिक परम्पराको अध्ययन गरी तिनले नेपाली साहित्यको विकासमा दिएको योगदानको मूल्याङ्कन गर्नु रहेको छ । यस क्रममा यस शोधकार्यमा बुटवलका कविहरू, कथाकारहरू, नाटककारहरू, निबन्धकारहरू, प्रबन्धलेखकहरू, एकाङ्कीकारहरू, समालोचकहरू र तिनका प्रमुख कृतिहरूको अध्ययन प्रस्तुत गर्नुका साथै साहित्यिक सङ्घसंस्थाहरू, पत्रपत्रिकाहरू र लोकसाहित्य परम्परा समेतको अध्ययन गरी निष्कर्ष प्रस्तुत गर्नु प्रमुख समस्या रहेको छ । यस शोधकार्यमा निम्नलिखित उद्देश्यहरू आएका छन् -

१) बुटवलको लेख्यसाहित्यको पृष्ठभूमि र परम्पराको अध्ययन गर्नु,

२) बुटवलको साहित्यक्षेत्रका सबै विधाहरूको विकासमा साहित्यिक सङ्घसंस्था तथा पत्रपत्रिकाले पुऱ्याएको योगदानको चर्चा गर्नु,

३) बुटवलका स्थापित एवम् नवोदित सबै विधाका स्रष्टाहरू र तिनका प्रमुख कृतिहरूको अध्ययन गर्नु र

४) बुटवल क्षेत्रमा रहेर साहित्यसिर्जना गर्ने स्रष्टाहरूको सङ्क्षिप्त परिचय प्रस्तुत गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

बुटवलको साहित्यले सिङ्गो नेपाली साहित्यको ऐतिहासिक विकासमा दिएको योगदानको अध्ययन गरिएको नपाइए तापनि केही पुस्तक तथा पत्रपत्रिकामा सामान्य रूपमा चर्चा गरिएको पाइन्छ । यिनै पुस्तक तथा पत्रपत्रिकामा बुटवलको साहित्यिक गतिविधिका बारेमा उल्लेख गरिएको सूचनालाई पूर्वकार्यको समीक्षाका रूपमा प्रस्तुत गरिएको छ ।

क. हीरामणि शर्मा पौड्यालले 'समालोचनाको बाटोमा' (२०४१) पुस्तकको 'हलोः कवित्व र वैचारिकताको सङ्गमबिन्दु' शीर्षकको लेखमा रामचन्द्र भट्टराईको 'हलो' कवितासङ्ग्रहका कविताहरू वैचारिक प्रतिबद्धताका साथै कलागत मूल्यका दृष्टिले उपलब्धिपूर्ण छन् भनी समीक्षा गरेका छन् ।[१]

ख सच्चिदानन्द भारद्वाजले 'स्मारिका' (२०४१) पत्रिकामा 'बटौली एक यथार्थ चर्चा' शीर्षकको लेखमा बुटवलको लोकसाहित्यको सङ्क्षिप्त चर्चा गरेका छन् ।[२]

---

१ हीरामणि शर्मा पौड्याल, 'हलो : कवित्व र वैचारिकताको सङ्गम-विन्दु', **समालोचनाको बाटोमा** (पर्वत : इन्दिरा शर्मा पौड्याल, २०४१), पृष्ठ २६१-२६२ ।

२ सच्चिदानन्द भारद्वाज, 'बटौली एक यथार्थ चर्चा', **'स्मारिका'** (बुटवल : उद्योग वाणिज्य संघ, २०४१), पृष्ठ छैन ।

ग. हीरामणि शर्मा पौड्यालले 'रचना विवेचना' (२०४६) पुस्तकमा रामचन्द्र भट्टराई, जगत्बहादुर जोशी, मोदनाथ प्रश्रित, गोविन्द भण्डारीका कृतिहरूको समीक्षा गरेका छन् ।[३]

घ. गिरि श्रीसले 'बुटवल स्मारिका' (२०५३) पत्रिकामा 'साहित्य क्षेत्रमा बुटवलः एक सिंहावलोकन' शीर्षक लेखमा बुटवलका साहित्यिक गतिविधिको अतिसङ्क्षिप्त चर्चा गरेका छन् । [४]

ङ अजित खनालले 'नेपाली साहित्यमा रूपन्देही जिल्लाको योगदान' (२०५४) शीर्षकको शोधपत्रमा रूपन्देही जिल्लाका साहित्यिक गतिविधिको चर्चा गर्ने क्रममा रूपन्देही जिल्लाका केही साहित्य-स्रष्टाहरूका कृतिहरूको समीक्षा गरेका छन् । [५]

च. श्रीराम न्यौपानेले 'मोदनाथ प्रश्रितको महाकाव्यकारिता' (२०५४) शीर्षकको शोधपत्रमा प्रश्रितका 'मानव' र 'देवासुर सङ्ग्राम' महाकाव्यहरूको अध्ययन गरी द्वन्द्वात्मक भौतिकवादी विचार दिन सफल महाकाव्यकार भनी समीक्षा गरेका छन् । [६]

छ. कलाधर अर्यालले 'दिल साहनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' (२०५८) शीर्षकको शोधपत्रमा दिल साहनीलाई प्रगतिवादी साहित्यिक प्रतिभा भनी मूल्याङ्कन गरेका छन् । [७]

ज. शिवप्रसाद उप्रेतिले 'मोदनाथ प्रश्रितको जीवनी, व्यक्तित्व र कृतित्व' (२०५८) शीर्षकको शोधपत्रमा मोदनाथ प्रश्रितलाई नेपाली साहित्यका उल्लेख्य प्रगतिवादी साहित्यकारका रूपमा मूल्याङ्कन गरेका छन् । [८]

झ. कपिल लामिछानेले 'नेपाली साहित्यको सेरोफेरो' (२०५९) पुस्तकमा 'प्रगतिवादी कथ्य र शिल्पका सन्दर्भमा हृदयका फूलहरू' शीर्षकको लेखमा रामचन्द्र भट्टराईको कवितासङ्ग्रह

---

३ हीरामणि शर्मा पौड्याल, **रचना विवेचना**, (पर्वत : इन्दिरा शर्मा पौड्याल, २०४६), पृष्ठ १-५७ ।

४ गिरि श्रीस, 'साहित्यिक क्षेत्रमा बुटवल : एक सिहावलोकन', **बुटवल स्मारिका** , (बुटवल : बुटवल नगरपालिका, २०५३), पृष्ठ २०-२४ ।

५ अजित खनाल, **नेपाली साहित्यमा रूपन्देही जिल्लाको योगदान**, (अप्र.एम.ए. शोधपत्र, त्रि.वि.कीर्तिपुर, २०५४), पृष्ठ ८३-१३४ ।

६ श्रीराम न्यौपाने, **मोदनाथ प्रश्रितको महाकाव्यकारिता**, (अप्र.एम.ए. शोधपत्र, त्रि.वि.कीर्तिपुर, २०५४), पृष्ठ १२० ।

७ कलाधर अर्याल, '**दिल साहनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'** (अप्र.एम.ए. शोधपत्र, त्रि.वि.कीर्तिपुर, २०५८), पृष्ठ ... ।

८ शिवप्रसाद उप्रेती, **मोदनाथ प्रश्रितको जीवनी, व्यक्तित्व र कृतित्व** (अप्र.एम.ए. शोधपत्र, त्रि.वि. कीर्तिपुर, २०५८), पृष्ठ ८७ ।

'हृदयका फूलहरू' को समीक्षा गर्दै कवि भट्टराईका यस सङ्ग्रहमा प्रयुक्त कथ्य र शिल्प प्रगतिवादी मान्यताअनुरूपका छन् भनेका छन् ।[९]

ञ. गोपीरमण उपाध्यायले 'प्रगतिशील साहित्य समालोचना' (२०५९) पुस्तकमा मोदनाथ प्रश्रित, लेखनाथ ज्ञवाली, रामचन्द्र भट्टराई, दिल साहनी, दुर्गाप्रसाद अधिकारी र शितविन्दुका कृतिहरूको समीक्षा गरेका छन् ।[१०]

ट. देवेन्द्रराज शाक्यले 'यस बटौली हो' (२०६१) पुस्तकमा बुटवलका केही साहित्यिक सङ्घ-संस्थाहरूको सङ्क्षिप्त चर्चा गरेका छन् ।[११]

ठ. सालिकराम पौड्यालले 'रूपन्देही जिल्लाका प्रतिनिधि कवि र तिनका प्रमुख कविताकृतिको अध्ययन' (२०६१) शीर्षकको शोधपत्रमा जगत्बहादुर जोशी, रामचन्द्र भट्टराई, मोदनाथ प्रश्रित, लेखनाथ ज्ञवाली, दिल साहनी र गोविन्द भण्डारीका कविताकृतिहरूको मूल्याङ्कन गरेका छन् । यस शोधपत्रमा अन्य विधाका स्रष्टाहरू र तिनका कृतिहरू समेटिएका छैनन् ।[१२]

ड. वसन्तध्वज जोशीले 'हाम्रो पुरुषार्थ' (२०६२) पत्रिकामा 'पशिचमाञ्चल क्षेत्रको सञ्चारः पत्रकारिता तथा पत्रपत्रिकाको नालिबेली' शीर्षकको लेखमा बुटवलबाट प्रकाशित केही पत्रपत्रिकाको नामोल्लेख गरेका छन् ।[१३]

यसरी बुटवलको साहित्यिक क्रियाकलाप तथा यहाँका खास गरी कविता विधाका कृतिहरूका बारेमा सामान्य ढङ्गको समीक्षा गर्ने परम्परा मात्र रहिआएको देखिन्छ । बुटवलका सबै विधाका साहित्य-स्रष्टाहरू र तिनका कृतिहरूको विश्लेषण एवम् अध्ययन हुन नसकेकाले सो अभावको परिपूर्ति गर्दै त्यसबाट समग्र नेपाली साहित्यमा केकस्तो योगदान पुग्दछ भन्ने प्रंशनको उत्तर खोज्नु नै यस शोधपत्रको उद्देश्य रहेको छ ।

---

९ कपिल लामिछाने, 'प्रगतिवादी कथ्य र शिल्पका सन्दर्भमा हृदयका फूलहरू', **'नेपाली साहित्यको सेरोफेरो'** (सिद्धार्थनगर : कलासदन, २०५८), पृष्ठ ८६ ।

१० गोपीरमण उपाध्याय, **प्रगतिशील साहित्य समालोचना**, (बुटवल : बुटवल साहित्य, कला, संस्कृति प्रतिष्ठान, २०५९), पृष्ठ ७-४९ ।

११ देवेन्द्रराज शाक्य, '**यो बटौली हो**', (बुटवल : श्रीमती धर्मी शाक्य, २०६१), पृष्ठ ४०-४१ ।

१२ सालिकराम पौड्याल, **'रूपन्देही जिल्लाका प्रतिनिधि कवि र तिनका प्रमुख कविताकृतिको अध्ययन'** (अप्र. एम.ए. शोधपत्र, त्रि.वि. कीर्तिपुर, २०६१) पृष्ठ १-१८९ ।

१३ वसन्तध्वज जोशी, 'पशिचमाञ्चल क्षेत्रको सञ्चार : पत्रकारिता तथा पत्र-पत्रिकाको नालिबेली' **'हाम्रो पुरुषार्थ'** (गुल्मी : किरण पुस्तकालय, वैशाख २०६२),पृष्ठ ?

## १.६ औचित्य, महत्त्व र उपयोगिता

नेपाली साहित्यको विकासमा योगदान पुऱ्याउने रूपन्देही जिल्लाका सबै विधाका स्रष्टाहरूका बारेमा यस शोधकार्यमा अन्वेषण गरिएको छ । यस खालको अध्ययनले सम्बन्धित ठाउँको साहित्यपरम्परा र विकासक्रमलाई छर्लङ्ग पार्ने हुँदा यसको महत्त्व प्रष्ट भएको छ । बुटवलभित्रका सबै विधाका सर्जकहरू र तिनका कृतिहरूको अध्ययन मूल्याङ्कनलाई प्रस्तुत गरिएको हुनाले सम्बन्धित विषयमा जानकारी राख्न इच्छुक पाठकहरूका लागि यस उपयोगी रहनेछ । क्षेत्रीय अध्ययनअन्वेषणपरम्पराको विकासमा सहयोग पुऱ्याउनाका साथै समग्र नेपाली साहित्यको शोधअनुसन्धान कार्यमा पनि सामग्री प्रदान गर्ने भएकाले यसको औचित्य स्वतः प्रष्ट हुन्छ । आगामी शैक्षिक सत्रहरूमा शोध गर्न इच्छुक शोधार्थीहरूलाई प्रस्तुत शोधपत्रले मार्गदर्शन गर्ने भएकाले यो उपयोगी रहनेछ ।

## १.७ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा रूपन्देही जिल्लाअन्तर्गत पर्ने बुटवल नगरपालिकाको भौगोलिक सीमाभित्र रही यस ठाउँको परिचय, लोकसाहित्यको परिचय, साहितियक सङ्घसंस्था र पत्रपत्रिकाले विभिन्न विधाको विकासमा पुऱ्याएको योगदान तथा विधागत परम्परा र विकासलाई प्रस्तुत गरिएको छ । यसका साथै बुटवलका विभिन्न विधाका साहित्यसर्जकहरूको परिचय दिई तिनका कृतिहरूको अध्ययन गरिएको छ । यस क्रममा नयाँपुराना दुवै पुस्ताका स्थापित प्रतिभाहरूका विभिन्न विधाका कृतिहरूको विश्लेषण गरिनु तथा अन्य प्रतिभाहरूको सङ्क्षिप्त जीवनीमात्र प्रस्तुत गर्नु यस शोधपत्रको सीमा हो ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्रमा शोधविषयसँग सम्बन्धित आवश्यक सामग्रीहरू प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । यसमा सामग्री सङ्कलनका लागि क्षेत्रीय अध्ययन पद्धति (प्रश्नावली र अन्तर्वार्ता) र पुस्तकालयीय अध्ययनपद्धतिको प्रयोग गरिएको छ । त्यस्तै सम्बन्धित विषयका बारेमा पत्रपत्रिकामा गरिएका टिप्पणी र समीक्षालाई सहायकसामग्रीका रूपमा लिइएको छ । आवश्यकताअनुसार सम्वद्ध क्षेत्रका विभिन्न विद्वान्, प्राध्यापक, समालोचक र सङ्घसंस्थाबाट पनि जानकारी लिइएको छ । बुटवलभित्रका विभिन्न विधाको ऐतिहासिक अनुसन्धान गर्ने क्रममा जीवनीपरक समालोचनाप्रणालीलाई प्रयोग गरिएको छ । त्यसैगरी विभिन्न विधाका सबै व्यक्ति र कृतिहरूलाई समेट्नु पर्ने विस्तृत क्षेत्र भएकाले यसमा अध्ययनविश्लेषण हेतु वर्णनात्मक र विश्लेषणात्मक पद्धतिलाई अवलम्वन गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोत्रपत्रलाई निम्नलिखित परिच्छेदमा मूल शीर्षक र आवश्यकताअनुसार उपशीर्षक राखी व्यवस्थित ढङ्गले तयार पारिएको छ -

| | |
|---|---|
| पहिलो परिच्छेद- | शोधपरिचय |
| दोस्रो परिच्छेद- | बुटवल नगरपालिकाको सङ्क्षिप्त परिचय |
| तेस्रो परिच्छेद- | बुटवलको साहित्यिक पृष्ठभूमि र परम्परा |
| चौथो परिच्छेद- | बुटवलका साहित्यकारहरूको जीवनी र कृतित्वको परिचयात्मक अध्ययन |
| पाँचौ परिच्छेद- | साहित्यिक विकासमा स्थानीय पत्रपत्रिका तथा साहित्यिक सङ्घसंस्थाहरूको योगदान |
| छैटौं परिच्छेद- | उपसंहार |

# दोस्रो परिच्छेद

## बुटवलव नगरपालिकाको सङ्क्षिप्त परिचय

### २.१ भौगोलिक परिचय

पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चलमा पर्ने रूपन्देही जिल्लाको निर्वाचन क्षेत्र नं. ३ मा बुटवल अवस्थित छ । २७°४०' -२७°४४' उत्तर अक्षांश र ८३°३३'-८३°३०' पूर्व देशान्तरमा रहेको बुटवलको तापक्रम न्यूनतम ८.७५ डिग्री सेल्सियस, अधिकतम ४२ डिग्री सेल्सियस र औसत २८.९ डिग्री सेल्सियस छ । यहाँको सरदर बार्षिक वर्षा ३६९३.१० मि.मि रेकर्ड गरिएको छ भने यसको कुल क्षेत्रफल ७९५३.१० हेक्टर रहेको छ । पूर्वमा रूपन्देही जिल्लाको देवदह गा.वि.स, पश्चिममा रूपन्देही जिल्लाकै पर्रोहा गा.वि.स., उत्तरमा पाल्पा जिल्लाको दोभान गा.वि.स, दक्षिणमा रूपन्देही जिल्लाको मोतीपुर र शङ्करनगर गा.वि.स बुटवलको भौगोलिक सिमाना हो । बुटवलको कुल जनसङ्ख्या २०५८ को जनगणनाअनुसार ७५,३८४ रहेको छ, जसमध्ये ३६,६७२ पुरुष छन् भने ३८,७१२ महिला रहेका छन् । उक्त कुल जनसंख्याको ३६ प्रतिशत बालबालिका रहेका छन् । यहाँको जनसंख्या वृद्धि दर ५.४६ प्रतिशत देखिन्छ । बुटवलको हावापानी उष्ण-प्रदेशीय छ भने गर्मी यामका केही महिनालाई छाडी अधिकांश दिनमा बुटवलको उत्तरी भेक सिद्धबाबाको खोचदेखि दक्षिण जोगीकुटीसम्म वेगले हावा चल्दछ । १६२८१ घरधुरी रहेको बुटवलको प्रमुख नदी तिलोत्तमा (तिनाउ) हो । यस नदी बुटवल र खसौली बजारको बीच भागबाट उत्तरदेखि दक्षिण भएर बगेको छ । पौराणिक पात्र तिलोत्तमा अप्सराको नामबाट यस नदीको नामकरण गरिएको किंवदन्ति छ ।[१]

### २.२ नामकरण

बुटवलको नामकरणमा ऐतिहासिक सन्दर्भ छ । गौतम बुद्ध बुद्धत्व प्राप्त गरिसकेपछि गृहनगर कपिलवस्तु आएका थिए । बुद्धको मावलीसँग नजिकै रहेको हुनाले बुटवललाई त्यसबेला बुद्धवल्ली भनिन्थ्यो । यही 'बुद्धवली' बाट अपभ्रंश हुँदै बुधवल-बुढवली-बुटवली-बुटौली-बटौली हुँदै आज बुटवल हुन आएको हो ।[२]

वि.सं. १८१५ तिर अङ्ग्रेजसित भएको युद्धका बेला अङ्ग्रेज जनरल उड्स दक्षिणतिरबाट नेपाली फौजलाई हराउँदै बुटवलसम्म पुगे । त्यहाँको घनघोर जङ्गल र पहाडलाई हेर्दै, आफ्नो बाटो देखाउने सैनिकलाई उनले सोधे-'ह्वाट अहेड (अगाडि के छ ?)' । सैनिक जनरलको यस प्रश्नमा

---

१ बुटवल नगरपालिका नगर सूचना केन्द्रबाट प्राप्त जानकारीअनुसार ।

२ देवन्द्रराज शाक्य, यो बटौली हो, पूर्ववत्, २०६१, पृष्ठ २ ।

पथप्रदर्शक सैनिकले जवाफ दियस 'देएर इज नथिङ्ग बट वाल' (पर्खालबाहेक केही छैन )। त्यही 'बट वाल'बाट बटवल हुँदै 'बुटवल' हुन गएको हो । [३]

## २.३ ऐतिहासिक पृष्ठभूमि

राजा मुकुन्दसेनका पालामा (वि.सं. १५७५-१६१०) बुटवलको हालको फूलवारी (मणिमुकुन्द सेन उद्यान) मा दरवारको निर्माण गरी यसलाई शीतकालीन राजधानी बनाइयस । मुकुन्द सेन न्यायप्रेमी राजा थिए । यिनले काठमाडौंको मछिन्द्रनाथ मन्दिरअगाडि रहेको भैरव मूर्ति ल्याई पाल्पा र बुटवलको नुवाकोटमा स्थापना गरेको कुरा इतिहास लेखक डेनियल राइटद्वारा लिखित "History of Nepal" पुस्तकमा उल्लेख गरिएको छ । उक्त मूर्ति हालसम्म पनि त्यस स्थानमा रहेको छ । [४]

बुटवलको ऐतिहासिक महत्त्वकै सन्दर्भमा कुरा गर्दा अङ्ग्रेजसँगको युद्धलाई पनि स्मरण गर्नुपर्ने हुन्छ । इस्वी सन् १८१४-१८१६ को अङ्ग्रेजसँगको युद्धमा बुटवलमा तैनाथ कर्णेल उजिरसिंह थापाको नेतृत्वमा रहेको नेपाली फौजले आफ्नो सुझबुझ एवम् कुशल रणकौशल प्रदर्शन गरी अङ्ग्रेज फौजलाई परास्त गर्न सफल भएको कुरा इतिहासमा प्रसिद्ध छ । अङ्ग्रेजहरूको साम्राज्यवादी एवम् विस्तारवादी नीतिको परिणामका रूपमा देखापरेको नेपाल-अङ्ग्रेजबीचको बुटवल क्षेत्रमा भएको युद्धमा अङ्ग्रेजको हार भएको थियो ।

तिब्बत र चीनसँगको व्यापारका लागि सबैभन्दा उपयुक्त नाका बुटवल भएकोले अङ्ग्रेजहरूले यस ठाउँलाई हात पार्न अनेक तिकडम गर्न थाले । सबभन्दा पहिला त डराएर धम्क्याएर यस ठाउँ हात पार्ने योजना गरेर इष्ट इन्डिया कम्पनीका गभर्नर जनरल लर्ड हेस्किङ्सले मार्च ११, १८१४ मा पत्र पठाई २५ दिनभित्र बुटवल लगायत रौतहटका २२ गाउँ खाली गर्न आदेश दिए । २२ अप्रिल १८१४ मा अङ्ग्रेजले बुटवल र स्युराज आफ्नो पक्षमा पारी तीनवटा अस्थायी थाना बनाई बाँकी सेनालाई गोरखपुर फिर्ता पठायो । २९ मई १८१४ मा पाल्पाबाट गएको नेपाली फौजले एक महिनाअघि गुमाएको बुटवल पुनः आफ्नो कब्जामा पार्न सफल भयो । [५]

बुटवललाई एक ऐतिहासिक स्थलका रूपमा अध्ययन गर्दा यहाँस्थित जितगढी किल्लालाई पनि स्मरण गरिन्छ । ई.सं. १८१४ नोवेम्बर १ तारिखका दिन कम्पनी सरकारले नेपालविरुद्ध एकतर्फी लडाइँको घोषणा गरेपछि कर्नेल उजीरसिंह थापा यस क्षेत्रमा खटिएका थिए । लडाइँको क्रममा

---

[३] वसन्तध्वज जोशी, 'बुटवल एक चिनारी', स्मारिका (बुटवल : द रेयुकाई नेपाल बुटवल शाखा, २०४९) पृष्ठ छैन ।

[४] ऐजन ।

[५] देवेन्द्रराज शाक्य, पूर्ववत्, पृष्ठ ५ ।

कम्पनी सरकारको फौजलाई परास्त गर्दै युद्धभूमिमा देखाएको रणकौशल र युद्धभूमिमा वीरगति प्राप्त गर्ने सरदार सूर्य थापा, अम्बर अधिकारी, विषसु थापा, जमादार भीमसेन देउजा, जमादार सूर्यबीर वोहोरा, हवल्दार रणसुर बानिया, सिपाही हंसवीर अधिकारी, घरथर नहकुल वानिया एवम् जुठे बस्नेत आदिको रगत पसिनाले सिंचिएको बुटवलको जितगढी इतिहासको पानामा स्वर्ण अक्षरले कोरिएको छ । [६] अङ्ग्रेज सेनालाई परास्त गर्न प्रयोग गरिएको किल्लालाई जितगढी किल्ला नामकरण गरिएको छ ।

### २.४ मठमन्दिर र तीर्थस्थल

बुटवलमा सिद्धबाबाको मन्दिरलाई पवित्र तीर्थस्थलका रूपमा लिइन्छ । यहाँ टाढा-टाढाबाट दर्शनार्थीहरू सिद्धबाबााको दर्शनार्थ आउने गर्दछन् । पौराणिक दृष्टिले यहाँको तिलोत्तमा वा तिनाउ पवित्र नदी हो । साथै बुटवलका प्रत्येक वडामा अनेक देवदेवीका मन्दिर तथा मूर्तिहरू छन् ।

### २.५ शैक्षिक जागरण र विकास

प्रारम्भमा वि.सं. १९८८/८९ तिर यहाँ एउटा प्राथमिक पाठशालाको स्थापना भएको थियो । वि.सं. २००६/७ तिर हालको पक्की पुलको छेउमा धनलक्ष्मी महारानीले प्रदान गरेको भवनमा आदर्श विद्यामन्दिर (मा.वि.) को स्थापना भएको थियो भने लगभग त्यही समयमा हालको महावीर पुस्तकालयतिर कन्या हाइस्कुल पनि सञ्चालन भएको थियो । वि.सं. २००८ मा दुवै विद्यालय संयुक्त भई बुटवल हाइस्कुलको स्थापना भएको पाइन्छ । [७]

यता पुरानो खस्यौलीतिर वि.सं. २००७ देखि २००९ सम्म गणेश विद्याभवन पुलचौक र जनता विद्या भवन खस्यौली भनी सञ्चालन भएको देखिन्छ । उक्त दुवै विद्यालय वि.सं. २०१० पौष २ गते संयुक्त भई टुँडीखेलमा गणेश जनता भवन र वि.सं. २०२९ मा गणेश जनता मा.वि. नामकरण गर्दै सञ्चालन भएको थियो । वि.सं. २०३३ तिर श्री ५ कान्ति प्रा.वि., गणेश जनता मा.वि. र कान्ति छात्रावास एकीकरण गरी श्री ५ कान्ति मा.वि. नामबाट सञ्चालन भएको थियो जहाँ अहिले श्री ५ कान्ति आवासीय मा.वि. पनि सञ्चालन हुँदै आएको छ । [८]

---

६ निर्मल श्रेष्ठ, 'बुटवल : एक खुला सङ्ग्रहालय', **दैनिक जनसङ्घर्ष**को तेह्रौं वर्ष प्रवेश विशेषाङ्क, ( बुटवल : हाइटेक अफसेट प्रकाशन प्रा.लि., २०५१ आषाढ २४), पृष्ठ १० ।

७ ऐजन ।

८ ऐजन ।

वि.सं. २०२१ पौषदेखि तत्कालीन बुटवल नगरपञ्चायतद्वारा ६ देखि १०/११ बर्षसम्मका आफ्नो नगरका सबै बालबालिकाहरूलाई प्राथमिक शिक्षा सर्वसुलभ गरी प्रदान गर्न तत्कालीन प्रधानपञ्च श्री ओमशङ्कर श्रेष्ठको सक्रियतामा अनिवार्य निःशुल्क प्राथमिक शिक्षा परियोजना तर्जुमा गरी संख्या नं. १, २, ३, ४ र ५ नामबाट सञ्चालन भएको थियो, जुन क्रमशः अहिले कालिका मा.वि., श्री ५ कान्ति मा.वि., ज्ञानोदय मा.वि., सरस्वती नि.मा.वि. र उजीरसिंह मा.वि.को रूपमा सञ्चालन भइरहेका छन् ।

विद्यालयीय शिक्षा प्राप्त गरेपछि उच्च शिक्षा प्रदान गर्न स्थानीय शिक्षाप्रेमी, उद्योगपति र व्यापारीहरूको सहयोगमा वि.सं. २०२४ मा हाल बुटवल बहुमुखी क्याम्पस रहेको प्रशासनिक भवनमा लुम्बिनी कलेजको स्थापना भएको थियो ।[९] वि.सं. २०३० मा सो कलेजको ठाउँमा शिक्षाशास्त्र विषय पढाउने गरी पाल्पाको शिक्षक तालीम केन्द्रलाई बुटवल क्याम्पसको रूपमा बुटवलमा स्थानान्तरण गरियो र अहिले बुटवल बहुमुखी क्याम्पसका रूपमा सञ्चालन हुँदैछ । त्यस्तै वि.सं. २०३८ मा लुम्बिनी वाणिज्य क्याम्पस र २०४८ मा सिद्धार्थ गौतम बुद्ध क्याम्पसको स्थापना भई सञ्चालन भइरहेको छ ।[१०] २००८ मा आदर्श विद्या मन्दिरको औपचारिक स्थापनायता हाल स्नातकोत्तर तहसम्मको अध्ययन अध्यापन हुने शिक्षण संस्थाको विकास भएको छ ।

## २.६ भाषिक स्थितिको परिचय

बुटवलमा नेवार, ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, ठकुरी, थकाली, दमाई, सुनार, कामी, सार्की, गुप्ता, कसौधन, सिख, मुस्लिम आदि जाति र जनजातिहरूको बसोबास रहेको पाइन्छ । बुटवलमा नेपाली, नेवारी, मगर, गुरुङ, हिन्दी, उर्दू आदि भाषा बोलिन्छन् भने यहाँ हिन्दू, बौद्ध, इस्लाम, क्रिस्चियन र सिख प्रमुख धार्मिक सम्प्रदायका रूपमा छन् ।

---

९ ऐजन, पृष्ठ १० ।

१० ऐजन ।

# तेस्रो परिच्छेद

## बुटवलको साहित्यिक पृष्ठभूमि र परम्परा

### ३.१ बुटवलको नेपाली लोकसाहित्यको सङ्क्षिप्त परिचय

लोकको साहित्य अर्थात् लोकबाट आएको लोकको भावनामा फुटेको र लोकमै मौलाएको अभिव्यक्ति नै लोकसाहित्य हो । युगौंदेखि चल्दै र विस्तारित हुँदै आएको लोकसाहित्यमा आफ्नो देश, आफ्नो राष्ट्रियता प्रतिबिम्बित भएको पाइन्छ ।[१] लोकसाहित्य मानवीय भावनाहरूलाई सहज, सरल र निश्छल रूपमा अभिव्यक्त गर्ने माध्यम हो । यस मानवीय सभ्यताको सबैभन्दा पुरानो परिचय पनि हो ।[२] लेख्य भाषाको विकास हुनु अगाडि विकसित हुँदै आएको मानव सभ्यताको मौखिक दस्तावेज नै लोकसाहित्य हो ।[३]

महेन्द्र राजमार्ग र सिद्धार्थ राजमार्गको निर्माण हुनु अगाडि बुटवलमा औलो र विफर जस्ता रोगहरूको त्रासले मानिसहरूको बसोबास बाक्लो थिएन । यहाँ उपर्युक्त राजमार्गहरू बन्नुअघि घना जङ्गल थियो र पुरानो बटौलीमा केही सङ्ख्यामा नेवार, गुप्ता, कशौधन आदि जाति जनजातिका मानिसहरूको बसोबास थियो । त्यसैले नेवारी, भोजपुरी र थारु लोकसाहित्यका दृष्टिले यस ठाउँ जति सम्पन्न छ, त्यति नेपाली लोकसाहित्यका दृष्टिले छैन ।

गण्डकी, धवलागिरी र लुम्बिनी अञ्चल आदि क्षेत्रतिर प्रचलित लोकसाहित्य र त्यसमा पनि लुम्बिनी अञ्चलकै लोकसाहित्यसँग बुटवलको नेपाली लोकसाहित्य बढी नजिकको देखापर्दछ ।

विभिन्न लोकगीतका साथै बुटवलमा लुम्बिनी, धवलागिरी र गण्डकी अञ्चलका पहाडी जिल्लाहरूका लोकपरम्परामा रहेका गाउँखाने कथा, उखानटुक्काहरू, लोककथा र लोकगाथाहरू पनि प्रचलित रहेको देखिन्छन् ।

---

१ कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, (काठमाडौं : वीणा प्रकाशन प्रा.लि., २०५७), पृ. ३० ।

२ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, (चौथो सं.), (काठमाडौं : साझा प्रकाशन, २०४९), पृ. १३ ।

३ धर्मराज थापा र हंसपुरे सुवेदी, 'हाम्रो भनाइ', **नेपाली लोकसाहित्यको विवेचना**, (काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, २०४१) पृ. ख ।

## ३.२. बुटवलमा साहित्यसिर्जनाको पृष्ठभूमि, परम्परा र विकास

### ३.२.१. पृष्ठभूमि र परम्परा

बुटवलमा साहित्यको इतिहास धेरै पुरानो छैन । राणा शासनको उत्तरार्द्धसम्मको बुटवलको साहित्यिक इतिहास प्रकाशमा आउन सकेको छैन । बुटवल अर्थात् तत्कालीन समयको बटौली प्रमुख रूपमा आवधिक व्यापारिक केन्द्रको रूपमा रहेको कुरा इतिहासले प्रमाणित गरेको छ । तसर्थ त्यस समययताको बुटवलमा साहित्यिक क्रियाकलाप भएको पाइएको छैन । बुटवलको पहिलो पुस्तकालयमा महावीर पुस्तकालय (२००४) को स्थापनापछि मात्र बुटवलमा साहित्यको गोरेटो बनेको हो ।[४] राणा शासनको अन्त्यका लागि महावीर पुस्तकालयमा युवाहरू जुटेर बैठक गर्ने र कहिलेकाहीँ कविता, गीत आदि वाचन गर्ने र गाइने गरिन्थ्यो ।

'वि.सं. २००७ मा प्रजातन्त्रको आगमनपछि पनि बुटवल धेरै समयसम्म केवल व्यापारिक थलो र अस्थायी बस्तीकै रूपमा रहन गयो । बुटवलमा यातायात र शिक्षाका क्षेत्रमा केही उन्नतिहरू भएपछि शैक्षिक क्षेत्रमा आवद्ध मानिसहरूले साहित्यको उन्नयनार्थ आफ्ना कलमहरू चलाउन थालेका हुन् । वि.सं. २००७ देखि वि.सं. २०२० सम्म छिटफुट रूपमा बुटवलमा साहित्यिका क्रियाकलाप हुन थालेका थिए । यसै क्रममा वि.सं. २०१२ मा अजम्बरध्वज खातीको गीतिसङ्ग्रह 'बटुवा' देखापर्दछ । वि.सं. २०२० पछि बुटवलमा साहित्यिक क्रियाकलापहरू उल्लेख्य रूपमा हुन थालेको देखिन्छ । बुटवलको गणेश जनता नि.मा.वि. हालको कान्ति माध्यमिक विद्यालयमा साहित्यकार मोदनाथ प्रश्रित शिक्षक भएर आएपछि त्यस विद्यालयमा हुने साहित्यिक क्रियाकलाप र बुटवल माध्यमिक विद्यालयको बुटवल हाइस्कुल पत्रिकाबाट पनि बुटवलको साहित्यिक गतिविधिले चलमलाउने अवसर पाएको देखिन्छ ।[५] यसै पृष्ठभूमिमा यहाँका कविहरूले आफ्ना कविताहरू 'रूपरेखा' पत्रिकामा प्रकाशित गराएको देखिन्छ । वि.सं. २०२० को वैशाख महिनाको 'रूपरेखा' पत्रिकाको कविता विशेषाङ्कमा सूर्यलाल श्रेष्ठको 'जमाना तिम्रो हो' कविता प्रकाशित भएको देखिन्छ ।[६]

यसै समयमा फुटकर कविता लेख्नेहरूमा माणिकलाल श्रेष्ठ, पन्नालाल शाक्य आदि देखिन्छन् । यसैगरी वि.सं. २०२१ मा मोदनाथ प्रश्रितको सम्पादकत्व, लुम्बिनी साहित्य परिषद्को पहल र अञ्चल पञ्चायतको प्रकाशकत्वमा वि.सं. २०२२ को सुरुसँगै 'लुम्बिनी सन्देश' साप्ताहिक र

---

४ गिरि श्रीस, 'साहित्यिक क्षेत्रमा बुटवलः एक सिंहावलोकन', **बटौली स्मारिका** ( बुटवल : बुटवल नगरपालिका, २०५३), पृ. २०-२४ ।

५ ऐजन ।

६ सालिकराम पौड्याल, पूर्ववत, पृष्ठ ३५ ।

'गुराँस' साहित्य प्रधान त्रैमासिक पत्रिकाको प्रकाशन भएको देखिन्छ ।[७] लुम्बिनी साहित्य परिषद्को कार्यालय बुटवलमा रहे पनि यी पत्रिकाहरू भने भैरहवाबाट प्रकाशित देखिन्छन् । यी पत्रिकाहरूले पनि बुटवलको साहित्यिक गतिविधिमा केही न केही योगदान दिएकै देखिन्छ । यी दुवै पत्रिकाका सम्पादक मोदनाथ प्रश्रित थिए । लुम्बिनी अञ्चल पञ्चायतको कार्यालय भैरहवामा हुनाले[८] यी दुवै पत्रिका भैरहवाबाट प्रकाशित हुन पुगेको देखिन्छ । त्रैमासिक रूपमा निस्कने गुराँस पत्रिकाले आफ्नो मूल लक्ष्य नै नेपाली भाषा र साहित्यको उत्थानलाई बनाएको थियो । 'गुराँसका खास शर्त' का रूपमा रचनाहरू नेपाली भाषामा लेखिएको हुनपर्ने, अन्यत्र छापिइसकेको रचनालाई ठाउँ नदिने, शिक्षा विभागद्वारा स्वीकृत व्याकरणलाई मात्र मान्यता दिने, साहित्यिक तथा सामाजिक रचनाले मात्र स्थान पाउने, गतिलो ठहरेका रचनाले बर्ष वितेपछि पुरस्कार पाउने र रचनाको पातपात चालेर मर्म बुझेर गरेको समालोचनाको स्वागत गरिने जस्ता कुरालाई उल्लेख गरेको हुनाले[९] यस पत्रिकाले साहित्य सृजनका विविध पक्ष लगायत नेपाली भाषा विकासमा साहित्यिक सचेततासाथ लागेको पाइन्छ ।

यसरी के देखिन्छ भने वि.सं. २००४ मा स्थापना भएको रूपन्देही जिल्लाकै सबैभन्दा पुरानो पुस्तकालय 'महावीर पुस्तकालय' को स्थापनापछि शैक्षिक र सामाजिक जागरण बुटवलमा आउन थालेको हो भने त्यसपछि आदर्श विद्या मन्दिर (२००८ बुटवल) को स्थापना हुँदै वि.सं. २०२१ मा लुम्बिनी अञ्चल पञ्चायतको आयोजनामा अञ्चलस्तरीय सेमिनार सम्पन्न गरी 'लम्विनी साहित्य परिषद्' को गठन भयो ।

यही 'लुम्बिनी साहित्य परिषद्' द्वारा त्रैमासिक रूपमा प्रकाशित मोदनाथ प्रश्रित प्रधानसम्पादक तथा जगत्बहादुर जोशी, गोपीकृष्ण शर्मा र चेतवहादुर कुँवर सम्पादक रहेका 'गुराँस' (२०२२) साहित्यिक पत्रिका मार्फत बुटवलमा साहित्यको बाटो बन्न थालेको पाइन्छ । वि.सं. २०१२ मा प्रकाशित अजम्बरध्वज खातीको गीतिसङ्ग्रह 'बटुवा' बुटवलका स्रष्टाद्वारा रचित पहिलो पुस्तकाकार कृति हो । वि.सं. २०२३ मा प्रकाशित मोदनाथ प्रश्रितको 'मानव' महाकाव्य बुटवलको नेपाली भाषामा लेखिएको उल्लेख्य पुस्तकाकार कृति हो भने यस अघिको वि.सं. २०२० को वैशाख महिनाको 'रूपरेखा' मा प्रकाशित सूर्यलाल श्रेष्ठको 'जमाना तिम्रो हो' कविताचाहिँ बुटवलका सर्जकद्वारा प्रकाशित अर्को उल्लेख्य रचनाका रूपमा देखापर्दछ । यीमध्ये 'मानव' महाकाव्यले वि.सं. २०२३ कै मदन पुरस्कार प्राप्त गर्नु पनि एउटा उल्लेखनीय पक्षका रूपमा देखापर्दछ ।

---

७ अजित खनाल, पूर्ववत् पृष्ठ २७ ।

८ ऐजन ।

९ ऐजन ।

यसरी बुटवलमा साहित्यको अङ्कुरण वि.सं. २००४ देखि भएको देखापदर्छ । यसपछि बुटवलबाट पहिलो पटक प्रकाशित 'बुटवल साप्ताहिक' (२०१२ माघ १५) बर्ष १ अङ्क ९ सम्ममात्र चलेको भए पनि यसले यहाँको गद्यलेखनतर्फ उत्साह ल्याएको देखिन्छ । यस क्रममा कृति प्रकाशन, साहित्यिक तथा समाचारप्रधान पत्रिकाको प्रकाशन, साहित्यकारहरूमा आएको वैचारिक ऐक्यवद्धता र परिपक्वता, नेपाली शिक्षा कार्यक्रमले नेपाली भाषाका क्षेत्रमा ल्याएको चेतना, प्रजातन्त्रको पुनस्थापनाजस्ता घटनाहरूबाट यहँको साहित्यसृजनपरम्परा प्रभावित देखिन्छ । पाश्चात्य साहित्यमा देखा परेका नयाँनयाँ वाद, प्रणाली र प्रवृत्तिहरूलाई पनि बुटवलका कविहरूले प्रयोग गर्दै आएको पाइन्छ । खास गरी वि.सं. २०१२ मा प्रकाशित अजम्बरध्वज खातीको गीतिसङ्ग्रह 'बटुवा' बाट सुरु भएको बुटवलको साहित्ययात्रामा यस पछि वि.सं. २०२० मा सूर्यलाल श्रेष्ठले 'रूपरेखा'मा कविता छपाएर बुटवललाई साहित्यिक गति दिने प्रयास गरेको देखिन्छ । यसरी २००४ देखि सुरु भएको बुटवलको साहित्ययात्रालाई तीन चरणमा विभक्त गरी अध्ययन अध्यापन गर्न सकिन्छ ।

- प्रथम चरण (वि.सं. २०१२-२०३६)
- द्वितीय चरण (वि.सं. २०३७-२०४६)
- तृतीय चरण (वि.सं. २०४७-हालसम्म)

### ३.१.२. प्रथम चरण (वि.सं. २०१२–२०३६)

बुटवलको साहित्य सिर्जनाको परम्परालाई तीन चरणमा विभाजन गर्दा वि.सं. २०१२ देखि २०३६ सम्मको समयावधिलाई पहिलो चरण भनी नामकरण गर्न सकिन्छ । यस चरणको सुरुवात अजम्वरध्वज खातीको गीतिसङ्ग्रह 'बटुवा' (२०१२) बाट भएको हो । यी कवि वि.सं. २०१७ देखि बुटवलमा बसोबास गर्न थालेका हुन् । यसअघि वि.सं. २०१० मा बामदेव जोशीको हिन्दी काव्य-सङ्ग्रह 'नयन नीर' पनि नदेखिएको होइन । वि.सं. २०१५ मा मोदनाथ प्रश्रितको अनूदित कृति हितोपदेश मित्रलाभ कथा समेत देखापर्दछ । त्यसपछि सूर्यलाल श्रेष्ठको वि.सं. २०२० वैशाख महिनाको 'रूपरेखा' मा प्रकाशित 'जमाना तिम्रो हो' फुटकर कविता उल्लेख्य ऐतिहासिक महत्त्वको साहित्यकृतिका रूपमा देखापर्दछ । यसपछि यही चरणकै उल्लेख्य कृतिका रूपमा मोदनाथ प्रश्रितकै 'मानव' महाकाव्य (वि.सं. २०२३) देखापर्दछ । २०२३ कै मदन पुरस्कार प्राप्त यस कृति उत्तरवर्ती साहित्य स्रष्टाहरूका लागि प्ररणाको स्रोत पनि बनेको छ ।

#### ३.१.२.१. कवितालेखन

बुटवलको साहित्ययात्राको श्रीगणेश फुटकर कविताबाट भएको भए पनि कविता विधाकै वृहत् स्वरूप महाकाव्य यहाँको साहित्ययात्राको पहिलो चरणको उल्लेख्य उपलब्धि हो । यसै चरणमा मोदनाथ प्रश्रितले बुटवलको सेरोफेरामा घुमेर 'मानव' महाकाव्य (२०२३) को रचना तथा प्रकाशन गरेका हुन् ।

यस महाकाव्यको प्रकाशनले बुटवलको साहित्यिक उर्वरतालाई सङ्केत गर्दछ । यस चरणमा कवितासङ्ग्रह पनि प्रकाशनमा आएका छन् । मोदनाथ प्रश्रितकै कवितासङ्ग्रह 'आमाको आँसु' (२०२९) र लघुकाव्य 'बुवा खैं' (२०२०) यस चरणका कृति हुन् । कवितासङ्ग्रह लिएर देखापर्ने अर्का कवि पृथ्वी शेरचन हुन् । 'दुई खुट्टाले टेकेर' (२०२४), 'दुई कप्टेराको माझमा' (२०२६) उनका कवितासङ्ग्रहहरू हुन् । यसै चरणमा मोदनाथ प्रश्रितको ऐतिहासिक महाकाव्य 'देवासुर सङ्ग्राम' (२०३०), रामचन्द्र भट्टराईका गीतिकाव्य 'बोई' (२०३२) र कवितासङ्ग्रह 'हलो' (२०३३), गोविन्दप्रसाद भण्डारीको खण्डकाव्य 'फिलिङ्गो'(२०३६), मोदनाथ प्रश्रितको शोककाव्य 'बुवा खैं ?' (२०२०), दिल साहनीको कवितासङ्ग्रह 'नौला माटो चाहिएको छ (२०२७), जगत्बहादुर जोशीको खण्डकाव्य 'जसवन्ते' (२०२८), महेश पाल्पालीका गीत सङ्ग्रहहरू 'अतीतको सम्झना' (२०२२), 'कुखुरी काँ' (२०२८) र 'मेरो शान' (२०३०) देखापर्दछन् । यसै चरणमा कृष्णप्रसाद बस्यालको कवितासङ्ग्रह 'सुस्केरा' (२०३४) पनि देखा पर्दछन् भने रामप्रसाद प्रदीपको गीतसङ्ग्रह 'विस्फोटन' (२०३६) पनि यस चरणको उल्लेख्य कृति हो ।

यस चरणमा फुटकर कविता लेखनमा सक्रिय रूपमा सहभागी कविप्रतिभाहरू अजम्वरध्वज खाती, सूर्यलाल श्रेष्ठ, पं.बाबुराम भट्टराई, जीवलाल सापकोटा, पृथ्वी शेरचन, माणिकलाल श्रेष्ठ, पन्नालाल शाक्य, प्रचण्डबहादुर बूढाथोकी, विनयकुमार कसजू, चन्द्रप्रसाद अधिकारी, हरिप्रसाद ज्ञवाली, लेखनाथ ज्ञवाली, जीवराज आश्रित, रामचन्द्र भट्टराई, अर्जुन ज्ञवाली, कुलमणि देवकोटा, गोविन्दप्रसाद भण्डारी, जगत्बहादुर जोशी, प्रयागलाल श्रेष्ठ, मोदनाथ प्रश्रित, चेतबहादुर कुँवर, कृष्णप्रसाद बस्याल आदि उल्लेख्य देखिन्छन् । फुटकर रचना प्रकाशन नै क्रममा बुटवल र अन्य ठाउँका आगन्तुक प्रतिभा पनि छन् । यस चरणमा कविता विधामा कलम चलाउने कविहरूले सामाजिक क्षेत्रमा देखापरेका विसङ्गति र समाजका खराब पक्षको उद्घाटन तथा शोषण, दमन, अन्याय, अत्याचारको विरोध गर्दै असल समाजको निर्माणको आह्वान गरेका छन् । साथै यस चरणमा कविता लेख्ने प्रतिभाहरूले आध्यात्मप्रतिको मोह, भौतिकवादी-मार्क्सवादी दृष्टिकोण, सामन्ती संस्कारको विरोध सर्वहारावर्गप्रति सहानुभूति, मानवतावादी चिन्तन, मानवताको ह्रासप्रतिको चिन्ताजस्ता प्रवृत्तिलाई प्रयोग गरेको पाइन्छ । यस चरणका कवितास्रष्टाहरूमा समाजका विसङ्गति र विरोधाभासहरूप्रति व्यङ्ग्य गर्दै विषयवस्तुगत अनेकता-विविधता देखाउने प्रवृत्ति पाइन्छ । मुख्यतः समाजको आर्थिक, सांस्कृतिक, धार्मिक र वर्गीय असमानता-विषमतालाई विषयवस्तुका रूपमा ग्रहण गरी त्यस खालका वेथितिहरूका विरुद्ध विरोध-विद्रोह गर्दै कविहरूका अनुभूतिहरू पोखिएका पाइन्छन् । संरचना**तत्त्व**लाई हेर्दा यस चरणमा नेपाली कविताको फुटकर रूपदेखि बृहत् रूप महाकाव्यको समेत रचना भएको छ । लय संरचनाका दृष्टिले परम्परागत शास्त्रीय लयका साथै गीतिलय र गद्यलय-मुक्तलयको समेत प्रयोग भएको देखिन्छ ।

समग्रमा नेपाली कवितामा देखापर्ने यथार्थवादी, प्रगतिवादी र प्रयोगवादी मान्यतामा आधारित रहेर यस चरणमा कविताहरू लेखिएका देखिन्छ ।

### ३.१.२.२. गद्यलेखन

बुटवलको साहित्येतिहासको प्रथम चरण (२०१२-२०३६) मा गद्य लेखनतर्फ पनि उत्साहजनक प्रयासहरू भएका देखिन्छन् । यस चरणमा कविराज अर्यालको 'गुल्मी जिल्लाको भूगोल' (२०१८) देखापर्दछ । त्यसपछि भीमप्रसाद लामिछानेको व्याङ्ग्यात्मक निबन्ध सङ्ग्रह 'घुएँत्रो' (२०२४) देखा पर्दछ । त्यसै गरी यसै चरणमा देखापर्ने रेलिमाई सांस्कृतिक मण्डलका सदस्यहरूद्वारा तयार पारिएको सामाजिक नाटक 'पचास रुपियाँको तमसुक' (२०२७) नै बुटवलको पहिलो औपचारिक साहित्यिक नाटकका रूपमा देखा परेको छ । मोदनाथ प्रश्रित रामप्रसाद प्रदीप र बुद्धिबहादुर थकालीको सहलेखनमा तयार भएको 'पचास रुपियाँको तमसुक' (२०२७) नाटक यस चरणको महत्त्वपूर्ण उपलब्धि हो । यस नाटक प्रकाशन अघि र पछि देशका विभिन्न स्थानलगायत प्रवासमा समेत धेरै पटक मञ्चित भएको पाइन्छ ।

पहिलो चरणमा कथा विधामा कसैले कलम चलाएको पाइएको छैन भने निबन्ध विधामा केही रचनाहरू भेटिएका छन् । मोदनाथ प्रश्रितले संस्मरण, समाजशास्त्र, जीवशास्त्र आदि विषयमा निबन्धहरू लेखेको देखिन्छ । उनले यस चरणमा 'जीवाणुदेखि मानवसम्म' (२०३१), 'नारी बन्धन र मुक्ति' (२०३३) जस्ता निबन्धकृतिहरू बुटवललाई र सम्पूर्ण नेपाली साहित्यलाई दिएका छन् । यसैगरी यही चरणको अर्को उल्लेख्य निबन्धसङ्ग्रहका रूपमा पं. बाबुराम भट्टराईको हाम्रा राष्ट्रिय चिन्तक कहाँ छन् ? (२०३६/३७) पनि देखापर्दछ ।

यसै चरणमा रामप्रसाद प्रदीपको 'मुलुकभित्र' (२०३०), मोदनाथ प्रश्रितको 'आमाको काखमा' (२०३२) नाटकहरू पनि देखिन्छन् । यस चरणमा सामाजिक विसङ्गतिहरूका बिरुद्ध जनचेतना जगाउने नाटकहरू रचना गरिएका छन् । सामाजिक विषयवस्तु, तीब्र- प्रभावकारी द्वन्द्वविधान, निम्न तथा मध्यमवर्गीय पात्र-चयन गरिएका यी नाटकहरू मञ्चनीयताका दृष्टिले समेत अत्यन्त सफल छन् ।

त्यसैगरी उपन्यास विधामा मोदनाथ प्रश्रितको 'देशभक्त लक्ष्मीबाई' (वि.सं. २०३१) र वामदेव पहाडी जोशीको 'कैदी र झ्यालखाना' (२०३६) पनि यसै चरणमा देखापर्दछन् ।

पहिलो चरणमा कथा विधामा दिल साहनीको 'युगपुरुष' (२०२८ ) र महेश पाल्पालीको 'युगबोध' (२०३०) प्रकाशित देखिन्छन् । दिल साहनीकै 'अन्तर्वार्ता (पारसमणि प्रधानसँग)' (सम्पादन २०३०) पनि देखापर्दछ । समालोचना विधामा यसै चरणमा मोदनाथ प्रश्रितको 'वैचारिक विकासको सन्दर्भमा देवकोटा' (२०३५) उल्लेख्य देखिन्छ । त्यसैगरी जगतबहादुर जोशीका इतिहास विषयक

निबन्ध कृतिहरू 'नेपालको इतिहास' भाग १ र २ (२०१४) र 'नेपाल दर्शन' भाग १ र २ (२०१४) पनि महत्त्वपूर्ण गद्यकृतिका रूपमा देखापर्दछन् ।

यस चरणमा देखिएका साहित्यसर्जकहरूमध्ये मोदनाथ प्रश्रित, दिल साहनी, रामचन्द भट्टराई आदि राष्ट्रिय प्रतिभाका रूपमा समेत स्थापित हुनु बुटवलका लागि गौरवको कुरा हो । यसै चरणमा बुटवलमा देखापरेका साहित्यिक संघ संस्था तथा पत्रपत्रिकाको योगदान पनि उल्लेखनीय देखिन्छ । 'नेपाली साहित्य संस्थान लु.अ. शाखा' (२०२३), 'रेलिमै सांस्कृतिक मण्डल' (२००४), लुम्बिनी सांस्कृतिक मण्डल (२०३१), 'महावीर पुस्तकालय' (२००४), 'लुम्बिनी साहित्य परिषद्' (२०२१) आदि संस्थाका माध्यमबाट विभिन्न खालका साहित्य गोष्ठीहरू भए-गरेको पाइन्छ । यसै क्रममा रेलिमै, मिर्मिरे र ढाक्रे सांस्कृतिक मण्डलको संयुक्त मोर्चाका रूपमा 'लुम्बिनी सांस्कृतिक मण्डल' (२०३१) को गठन गरी लुम्बिनी अञ्चलका विभिन्न जिल्लाको भ्रमण गरी विभिन्न ठाउँहरूमा सफलतापूर्वक सांस्कृतिक कार्यक्रम गरेर फर्केपछि (२०३१) सबै संस्थाहरू निस्तेज भएको पाइन्छ । तत्कालीन व्यवस्थाका पदाधिकारीहरूले साहित्यिक तथा सांस्कृतिक कार्यक्रमबाट व्यवस्थाप्रति अनास्था जगाउने काम गरेको अनुभव गरी सहयोग बन्द गर्नुका साथै निगरानी राख्न थालेपछि संस्थागत गतिविधि बन्द हुन पुगेको देखिन्छ ।[१०] यस चरणमा बुटवलको साहित्यिक गतिविधिलाई प्रभावित तुल्याउनका लागि विभिन्न पत्रपत्रिकाहरूले दिएको योगदान पनि उल्लेखनीय देखिन्छ । यसै चरणमा प्रकाशित 'बुटवल साप्ताहिक' (२०१२), 'लुम्बिनी साप्ताहिक' (२०१८), 'लुम्बिनी सन्देश साप्ताहिक' (२०२२), 'दैनिक निर्णय' (२०२२), 'निष्पक्षध्वनि साप्ताहिक' (२०२७) आदि समाचारप्रधान पत्रपत्रिका तथा 'दोभान वार्षिक' (२०२५), 'जुनकिरी सामयिक साहित्य-सङ्कलन' (२०३५), 'गुराँस त्रैमासिक' (२०२३), 'नमूना सामयिक सङ्कलन' (२०३४), 'नानी बार्षिक मुखपत्र' (२०२३), 'प्रकम्पन तीन महिने साहित्य-सङ्कलन' (२०३०), 'बुटवल हाइस्कुल पत्रिका' ( ? ),'लुम्बिनी' (२०२३), 'रूपन्देही सन्देश साहित्यिक विशेषाङ्क' (२०३४), 'मजदूर भलाइ बार्षिक' (२०३६), 'शुभराज्याभिषेक विशेषाङ्क' (२०३१), 'दौतरी' ( २०३१), 'हाम्रो फूलबारी' (२०३१), 'सगुन' (२०३२), 'फूलबारी साप्ताहिक' (२०३२), 'छहारी' (२०३६) आदि साहित्यिक पत्रपत्रिका र मुखपत्रहरूले पनि बुटवलको साहित्यिक विकासमा उल्लेखनीय योगदान दिएको देखिन्छ । यसै गरी यसै चरणमा साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने पत्रपत्रिकाहरूमा महावीर पुस्तकालयको बार्षिक मुखपत्र 'जुनकिरी' (२०३०), 'रूपन्देही सन्देश' ( २०३४), बुटवल बहुमुखी क्याम्पस 'जर्नल' (२०३६), 'उद्गार द्वैमासिक' (२०२३), दौंतरी त्रैमासिक' ( २०३१), 'वीणा बार्षिक' (२०३६) आदि पनि उल्लेख्य छन् ।

---

[१०] ऐजन ।

समग्रमा बुटवलको साहित्ययात्राको पहिलो चरण (२०१२-२०३६) मा आधुनिक प्रवृत्तिहरूलाई आत्मसात् गर्ने चेष्टा भेटिन्छ । वि.सं. २०१७ को राजनीतिक परिवर्तनपछि साहित्यस्रष्टाहरूको विचार कुण्ठित हुन पुगेको हो । परिणामतः स्रष्टाहरूले प्रतीकात्मक रूपमा विद्रोहको स्वर बोलेको पाइन्छ । वि.सं. २०३६ को जनमत सङ्ग्रहको घोषणापछि साहित्यकारहरूमा उत्साह आएको देखिन्छ । त्यतिबेलाका रचनाहरूमा साहित्यसर्जकहरूले बहुदलीय व्यवस्थाका पक्षमा बोल्न नागरिकहरूलाई आह्वान गरेको पाइन्छ । जनमतसङ्ग्रहमा प्रजातन्त्रकर्मीहरू पराजित भएपछि स्रष्टाहरूले प्रतीकात्मक रूपमा आफ्ना भावहरूलाई साहित्यका विभिन्न विधामार्फत व्यक्त गर्न खोज्दा ती रचनाहरूमा केही दुर्बोध्यता पनि पाइन्छ ।

यस चरणमा देखापरेका प्रतिभाहरूमध्ये अजम्बरध्वज खाती, मोदनाथ प्रश्रित, दिल साहनी, रामचन्द्र भट्टराई, कृष्णप्रसाद बस्याल, गोविन्द भण्डारी आदि राष्ट्रिपय प्रतिभाका रूपमा स्थापित भएका छन् ।

### ३.१.३. द्वितीय चरण (वि.सं. २०३७–२०४६)

बुटवलको साहित्ययात्रामा यस चरण समृद्धशाली देखिन्छ । यस चरणको साहित्य सिर्जना प्रथम चरणले देखाएको प्रगतिमार्गमा नै गतिशील छ । प्रकाशनमा तीब्रता र वैचारिक प्रखरता यस चरणका प्रवृत्तिगत वैशिष्ट्य हुन् । विधागत र विषयगत विविधताका कारण यहाँको साहित्य भण्डारमा श्रीवृद्धि भएको छ । सामाजिक र धार्मिक, राजनीतिक, आर्थिक क्षेत्रमा देखापरेका फोहरमैलाको भण्डाफोर गर्दै, अन्धविश्वासको पर्दा च्यात्दै र तत्कालीन राज्यव्यवस्थाका विरुद्ध हरेक कोणबाट प्रहार गर्दै जनमानसमा विद्रोही भावना जगाउने कार्यमा साहित्यकारहरू अघिल्लो चरणमा भन्दा सशक्त रूपमा सक्रिय रहेका देखिन्छन् । नेपाली भाषा र साहित्यको श्रीवृद्धिका लागि सक्रिय रहेको अञ्चल पञ्चायतले उल्टै दमनकारी नीति अख्तियार गरेपछि साहित्यकारहरूले प्रतीकात्मक शैली अँगाल्न पुगेको देखिन्छ । वि.सं. २०१६ देखि क्रमशः विकसित हुँदै आएका सङ्गठित गतिविधिहरू एकडेढ बर्षको अन्तरालमा छिन्न-भिन्न भएको पाइन्छ । बाह्य रूपमा यस्तो स्थिति देखिए तापनि आन्तरिक रूपमा साहित्यकारहरूले सशक्त हुँदै आफ्ना कलम झन् तिखारेको पाइन्छ । जसले गर्दा सिर्जनशीलता झन् गतिशील बन्यो, साहित्यकारको कोमल मन भाँचिएन, झन आँटिलो बन्यस, परिणामतः साहित्य सिर्जनामा राम्रो प्रगति भयो । यस चरणको साहित्यिक विकासलाई विधागत रूपमा निम्नानुसार हेर्न सकिन्छ -

#### ३.१.३.१. कवितालेखन

बुटवलको कवितासृजनाको परम्परामा वि.सं. २०३७ देखि दोस्रो चरणको सुरुवात भएको देखिन्छ । यस चरणमा प्रथम चरणमा जस्तो महाकाव्यात्मक स्वरूपका रचनाहरू प्रकाशित छैनन् तर

कविताको मझौलो आयाम खण्डकाव्य भन्न सकिने कविताकृतिहरू र फुटकर कविताका सङ्ग्रहहरू प्रशस्त देखिन्छन् ।

यस समयावधिमा देखापरेका कविहरू र कविताकृतिहरूमा पं. बाबुराम भट्टराईको लघुकाव्य 'सहिदको आह्वान' (२०३७), शेरबहादुर गुरुङको कवितासङ्ग्रह 'दियालो' (२०३९), दिल साहनीका कवितासङ्ग्रहहरू 'नौला मान्छे' (२०३९) र 'बन्दी प्रमिथस' (२०४१), रामचन्द्र भट्टराईको कवितासङ्ग्रह 'हलो' (२०३९), पृथ्वी शेरचनको कवितासङ्ग्रह 'सहिदको रगत' (२०४३), कृष्णप्रसाद बस्यालको शोककाव्य 'परिणति' .२०४३), बाबुराम मल्ल 'सेवक' को खण्डकाव्य 'सत्य साई अवतार' ( २०४४) देखा पर्दछन् । यसै चरणमा दिल साहनी, बूँद राना लगायतका आठजना कविहरूको संयुक्त कवितासङ्ग्रह 'सृजनाका स्वरहरू' (२०४५) पनि प्रकाशित भएको देखिन्छ । यही चरणमा मुरारी पराजुली र बोधराज पन्तको सहलेखन 'आगो पालेका पेट र शीत ओडेका वस्तीहरू' (२०४६), ऋषिराम भूसाल, दिल साहनी र बूँद रानाको संयुक्त अणुकवितासङ्ग्रह 'मट्याङ्ग्रा' (२०४६), लेखनाथ ज्ञवालीको कवितासङ्ग्रह 'दशैको आशिक' (२०४६) पनि प्रकाशित देखिन्छ । यसका साथै रामचन्द्र भट्टराईको कवितासङ्ग्रह 'हृदयका फूलहरू' (२०४६) पनि उल्लेख्य कृतिका रूपमा देखापर्दछ । 'हृदयका फूलहरू' कवितासङ्ग्रह प्रगतिवादी कथ्य र शिल्पका दृष्टिले उत्कृष्ट कृति हुन पुगेको छ । दोस्रो चरणका रचनामा प्रगतिवादी चिन्तन प्रवल रूपमा पाइएपनि परिष्कारवादी चेतनाले उत्कृष्टता प्राप्त गर्न सकेको पाइँदैन । 'हृदयका फूलहरू' कवितासङ्ग्रहमा भने प्रगतिवादी चिन्तन र परिष्कारधर्मी शिल्पसंरचना पाइनाले यस अघिका चरणबाट यस चरणलाई छुट्याउन यस कवितासङ्ग्रह निकै सहयोगी सिद्ध हुने देखिन्छ ।

२०४६ मा प्रजातन्त्रको पुनर्स्थापनापछि साहित्यकारहरूले आफ्ना उकुसमुकुसहरूलाई स्वतस्फूर्त रूपमा कविताद्वारा प्रकट गर्न थालेका हुन् । यस चरणमा वि.सं. २०४६ पूर्वको राजनीतिक प्रतिवन्धको अवस्थामा सिर्जना गरिएका रचनाहरू प्रकाशमा आउन थालेको एकातिर देखिन्छ भने अर्कातिर प्रजातन्त्रप्राप्तिपछिको स्वतन्त्र वातावरणमा सृजित रचनाहरू प्रकाशित देखिन्छन् । २०३७ देखि २०४६ सम्मको करिब बीस बर्षको समय ओगटेको यस चरणमा देखापरेका कविताकृतिहरूमा २०४६ को जनआन्दोलनअघिको स्थितिलाई परिवेश बनाई त्यतिबेलाको शासनसत्ताले ल्याएका विकृतिहरूप्रतिको असन्तुष्टि व्यक्तिएको पाइन्छ । समाजमा रहेको शोषण, दमन, अत्याचारको विरोधमात्र नभई सामाजिक, राजनीतिक र आर्थिक क्रान्तिको चाहना, जातीय, वर्गीय विभेदद्वारा ग्रस्त सामाजिक समस्या, ठोस जीवनदृष्टि, प्रवासी नेपालीहरूका कष्टहरूको मार्मिक चित्रण, निम्न आयवृत्तका नागरिकहरूको समस्याको चित्रण-उद्घाटन, ह्रासोन्मुख मानव-मूल्य-मान्यताको अन्वेषण जस्ता प्रवृत्तिहरू पाइन्छन् । यस चरणका प्रायः पद्यरचना वा कविताहरूमा

प्रगतिवादी दर्शनको स्पष्ट प्रभाव पाइन्छ । सत्ता परिवर्तनका लागि वैचारिक ऐक्यवद्धता र परिवर्तनकारी चेतना यस चरणका कविताहरूमा पाइन्छन् । तत्कालीन राज्यसत्ताले ल्याएका विसङ्गतिप्रति असन्तुष्टि जारी गर्दै कविहरूले मूलतः प्रगतिवादी-यथार्थवादी विषयवस्तुमा कविता लेखेको पाइन्छ ।

यस चरणमा फुटकर कवितादेखि लिएर खण्डकाव्यात्मक संरचनाका कविताकृतिहरू प्रकाशित देखिन्छन् । परम्परागत लयसंरचनाका साथै शास्त्रीय, लोक र मुक्तलयको समेत प्रयोग गरी लेखिएका यस चरणका कविताहरूमा मूलतः प्रगतिवादी स्वर मुखरित भएको पाइन्छ भने स्वच्छन्दतावादी प्रवृत्ति पनि आंशिक रूपमा प्रकटिन पुगेको देखिन्छ ।

यस चरणमा पुस्तकाकार कृति प्रकाशित गर्ने स्रष्टाहरूबाहेक फुटकर रचना प्रकाशित गर्ने प्रतिभाहरू पनि ज्यादै छन् । यस चरणमा फुटकर कविता प्रकाशित गर्ने प्रतिभाहरूमा दिल साहनी, लेखनाथ ज्ञवाली, सूर्यलाल श्रेष्ठ, चन्द्रप्रसाद अधिकारी, हिरण्यलाल ज्ञवाली, ऋषिराम भूसाल, अजम्वरध्वज खाती, सुशिला प्रधानाङ्ग, गोपाल विरही, माणिकलाल श्रेष्ठ, पन्नालाल शाक्य, विजय सागर, बाबुराम मल्ल 'सेवक', ध्रुवराज पन्थी, जीवलाल सापकोटा, गीता पन्त, गिरि श्रीस, हरि 'पथिक', बसन्त ध्वज जोशी, पुण्यभक्त प्रधानाङ्ग 'दिक्दार', कौशलराज बस्याल, लवकुमार जोशी, उदय विभात, जयबहादुर हितान, मुरारी पराजुली, अर्जुन ज्ञवली, धनपति उपाध्याय, गोविन्द वर्तमान, करुणानिधि शर्मा, शेषनारायण भट्टराई, मैयाँ भट्टराई, लक्ष्मीनाथ ज्ञवाली, नवीन थैव, दिनेश त्रिपाठी लगायतका कविहरू छन् ।

यस चरणमा देखापरेका प्रतिभाहरूमध्ये दिल साहनी, अजम्बरध्वज खाती, गोविन्दप्रसाद भण्डारी, मुरारी पराजुली, ऋषिराम भूसाल, गोपाल विरही, गिरि श्रीस, चन्द्रप्रसाद अधिकारी, गोविन्द वर्तमान, धनपति उपाध्याय आदि महत्त्वपूर्ण प्रतिभाका रूपमा देखापर्दछन् ।

### ३.१.३.२. गद्यलेखन

यस चरणको गद्यलेखनले प्रथम चरणकै प्रवृत्तिलाई नै निरन्तरता दिने र विस्तारित गर्ने काम गरेको पाइन्छ । गद्य क्षेत्रमा यस चरणमा विभिन्न विधाका कृतिहरू प्रकाशित देखिन्छन् । यस चरणमा नाटक, कथा, निबन्ध, प्रबन्ध र समालोचना विधाका कृतिहरू प्रकाशित भएकाले तिनलाई निम्नानुसार चर्चा गर्नु उपयुक्त हुन्छ-

#### १ निबन्ध

यस चरणमा थोरै प्रतिभाहरूले मात्र निबन्ध विधामा कलम चलाएको भए पनि प्रकाशित निबन्ध कृतिहरूले नेपाली निबन्धलेखनमा उल्लेख्य स्थान ओगटेको देखिन्छ । मोदनाथ प्रश्रितको

'अतीतका पाइलाहरू' (२०४३) र दिल साहनीको यात्रा संस्मरण 'आसामदेखि मणिपुरसम्म' (२०४६) महत्त्वपूर्ण प्राप्तिका रूपमा देखापर्दछन् ।

यसै गरी मोदनाथ प्रश्रितका निबन्ध-सङ्ग्रहहरू 'भूतप्रेतको कथा' (२०४२), 'नानीहरूलाई कसरी असल बनाउने' (२०४४), 'आस्था र प्रथा'(२०४४), 'हिन्दू धर्म र नारी' (२०४६) प्रकाशित देखिन्छन् । यसै चरणमा कृष्णप्रसाद बस्यालको प्रबन्धकृति 'दण्ड सजाय र फैसला कार्यान्वयन कानून' (२०३९) गैरसाहित्यिक-कानूनविषयक रचनाका रूपमा प्रकाशित देखिन्छ भने यस्तै प्रकारको साहित्येतर रचनाको रूपमा शेरबहादुर गुरुङको रचना सङ्ग्रह 'त्रियसगी' (२०४६) पनि देखापर्दछ ।

**२ उपन्यास**

बुटवलको साहित्ययात्राको दोस्रो चरण (वि.सं.२०३७-२०४६) मा यहाँका साहित्यकारहरू उपन्यास लेखनतर्फ पनि प्रवृत्त भएको पाइन्छ । यस चरणमा बामदेव पहाडी जोशीको उपन्यास 'कैदी र झ्यालखान' (२०३६), मोदनाथ प्रश्रितको उपन्यास 'चोर' (२०४४) र शीतविन्दुको उपन्यास 'सहयात्री' (२०४६) देखापर्दछन् ।

**३ कथा**

यस समयावधिमा कथासङ्ग्रहहरू थोरै प्रकाशित छन् । वामदेव पहाडी जोशीको कथासङ्ग्रह 'जय देश जय नेपाल' (२०४१) र पं. बाबुराम भट्टराईको कथासङ्ग्रह 'सङ्घर्ष' (२०४५/४६) यस चरणका उल्लेख्य कथाकृतिहरू हुन् ।

**४ समालोचना**

बुटवलको साहित्ययात्राको दोस्रो चरणमा समालोचनात्मक ग्रन्थहरूको लेखन तथा प्रकाशनसमेत भएको देखिन्छ । दोस्रो चरण (२०३७-२०४६) मा बामदेव पहाडी जोशीको 'विवेक र मन्थन' (२०३७) समालोचनात्मक ग्रन्थ देखापर्दछ ।

**५ नाटक/एकाङ्की**

यस चरणमा नाटक र एकाङ्की विधाका रचनाहरू पनि प्रकाशित देखिन्छन् । दिल साहनीका एकाङ्कीहरू 'ज्याला' (२०४०) र 'यमको अदालत' (२०४६) तथा बाबुराम मल्ल 'सेवक' को नाटक 'देशको सत्रु' (२०४२) यसै चरणका उपलब्धि हुन् ।

यस चरणको बुटवलको साहित्यलाई गतिशील तुल्याउने कार्यमा विभिन्न पत्रपत्रिकाहरूको भूमिका पनि महत्त्वपूर्ण देखिन्छ । बुटवलका पत्रपत्रिकाहरूले यहाँका साहित्यस्रष्टाहरूलाई सृजनाकार्यमा निरन्तर सक्रिय रहिरहन उत्प्रेरित गर्ने गरेको पाइन्छ । लुकेछिपेका साहित्य-

प्रतिभाहरूलाई बाहिर ल्याउने कार्यमा बुटवलका पत्रपत्रिकाहरूको योगदानलाई बिर्सन सकिँदैन । यस चरणमा पत्रपत्रिकाहरू सङ्ख्यात्मक दृष्टिले निकै धेरै देखिए पनि निरन्तर प्रकाशित हुने पत्रपत्रिकाहरूको संख्या भने कम देखिन्छ । यस चरणमा 'सुस्केरा' (२०३७), 'अणु' (२०४४), 'अर्पण' (२०४६), 'बौद्धिक उद्यान' (२०४२), 'छहारी' (२०४०) जस्ता साहित्यिक पत्रपत्रिकाहरू, स्मारिकाहरू र मुखपत्रहरू प्रकाशित छन् । यी पत्रिकाहरूमध्ये रामचन्द्र भट्टराईद्वारा सम्पादित 'सुस्केरा' (२०३७) ले झण्डै दुई दशक जति निरन्तर नेपाली भाषा र साहित्यको सेवा गरेको छ र त्यसमा पनि विशुद्ध प्रगतिवादी विचारलाई पछ्याउँदै सामाजिक परिवर्तनका लागि निरन्तर शङ्खघोष गर्नु यस पत्रिकाको आफ्नै विशेषता देखिन्छ । 'उद्योग बुलेटिन' (२०३८), 'लुम्बिनी बाणिज्य क्याम्पस वार्षिक' (२०४०), 'लुम्बिनी जागरण' (२०३८), 'नेपाल युवक सङ्गठन स्मारिका' (२०४०), 'बुटवल जेसिजको स्मारिका' (२०३८), 'तीजका गीतहरू' (२०४३) जस्ता मुखपत्रहरूले यस चरणको बुटवलको साहित्यलाई प्रभावित तुल्याएको देखिन्छ । यस चरणमा यहाँबाट प्रकाशित समाचारप्रधान पत्रिकाहरूले पनि यहाँको साहित्यलाई निरन्तर क्रियाशील तुल्याउँदै आएका छन् । यस चरणमा 'एक्सरे साप्ताहिक'(२०३९), 'समालोचना साप्ताहिक' (२०३९), 'दैनिक सिद्धार्थ'(२०३९), 'परिवर्तन पाक्षिक' (२०३९), 'संश्लेषण साप्ताहिक' (२०३९), 'प्रतिमान साप्ताहिक' (२०३९), 'धवल पाक्षिक' (२०४२), 'चित्कार साप्ताहिक' (२०३९), 'त्रिवेणी साप्ताहिक' (२०३९), 'सुसेली साप्ताहिक' (२०३९), 'दैनिक लुम्बिनी' (२०४५) जस्ता समाचारप्रधान पत्रपत्रिकाहरू छापिएका देखिन्छन् । त्यसै गरी यस चरणमा कृति तथा पत्रपत्रिका प्रकाशन बाहेक साहित्यिक सामूहिक गतिविधिहरू पनि भएका पाइन्छन् । यस्ता गतिविधिले बुटवलको साहित्यिक पृष्ठभूमिदेखि नै यहाँको साहित्यसृजनाकार्यलाई गतिशील तुल्याउँदै ल्याएका हुन् । यस चरणमा 'रूपन्देही साहित्य सङ्गम' (२०४२), 'ज्ञानज्योति पुस्तकालय' (२०४३) जस्ता सङ्घसंस्थाहरू बुटवलको साहित्यिक वातावरणमा क्रियाशील रहेको देखापर्दछ ।

### ३.१.४. तृतीय चरण (वि.सं. २०४७–हालसम्म)

दोस्रो चरणको अन्त्यसम्म अर्थात् वि.सं. २०४६ सम्म बुटवलको साहित्य राजनीतिक परिवर्तनका लागि आतुर देखिन्थ्यस भने २०४६ को जनआन्दोलन पूर्ण-लोकतन्त्रको स्थापना नभई स्थगित भएपछि प्रजातन्त्रको पुनर्स्थापना गरेपछि २०४७ पछिको केही बर्षहरूमा बुटवलको साहित्यमा रिक्तता छायो । तर त्यस रिक्तता सधैं रहेन । यस चरणमा बुटवलमा प्रशस्त साहित्यिक क्रियाकलाप भएका देखिन्छन् । राजनीतिक नाराबाजीले साहित्यसिर्जनाको वातावरण बिथोलिएपछि खुला युगको आशा साँचेका बुटवलका साहित्यकारहरू अल्मलिएको एवम् वि.सं. २०५० सम्ममा प्रकाशमा आउने रचनाहरू प्रतिवन्धित अवस्थामा नै सृजना भएको देखिन्छ । यस चरणमा वि.सं. २०५० सम्मको साहित्यले २०४६ पूर्वको स्थितिमा नै पुग्ने गरी विकास गरिनसकेको भए पनि वि.सं. २०५१ देखि

खुलेर साहित्य-सृजना गरेका स्रष्टाहरूले यहाँको साहित्यलेखन र प्रकाशनको परम्परालाई गतिशीलता दिइरहेको देखिन्छ । यस चरणको उत्तरार्द्ध बुटवलमा नेपाली साहित्यको सृजना र प्रकाशनको दृष्टिले सबैभन्दा उर्वर देखिन्छ । यस चरणको साहित्य सृजनाको परम्परालाई विधागत रूपमा हेर्नु उपयुक्त हुनेछ ।

### ३.१.४.१. कवितालेखन

यस चरणमा कृति प्रकाशनमा देखिने तथा फुटकर रचना प्रकाशनमा देखिने कविप्रतिभाहरू प्रशस्तै देखिन्छन् । परिमाण र गुण दुईटै दृष्टिले यस चरण बुटवलको कवितासृजनपरम्पराको उर्वर समय हो । यस चरणमा पूर्वीय एवम् पाश्चात्य मान्यतामा सचेत रहेर कृतिहरूको रचना एवम् प्रकाशन भएको देखिन्छ । पाश्चात्य साहित्यका नयाँ-नयाँ परम्परा र प्रवृत्तिहरूलाई आत्मसात् गरी कृति रचना गर्ने प्रवृत्ति यस चरणमा पाइन्छ । वि.सं. २०४६ पछि समयान्तरमा गठन गरिएका सरकारहरू नागरिकका आकाङ्क्षा र मागहरूप्रति संवेदनशील र गम्भीर नदेखिएपछि कविहरूले यसप्रतिको आक्रोश, असन्तोष र आशा-निराशालाई आफ्ना पद्य रचनाहरूद्वारा प्रकट गर्न चाहेको देखिन्छ । राजनीतिक ढुलमुलपना, तीव्र गतिमा बढेको हत्या, हिंसा, ह्रासोन्मुख मानवीय मूल्य र मान्यता, बढिरहेको महङ्गी, नेतृत्ववर्गको भ्रष्टता आदिलाई विषयवस्तु बनाइएका यस चरणका कविताहरूमा प्रकृतिप्रेम, आध्यात्मवादी-दार्शनिक चिन्तन, प्रगतिवादी स्वर र क्रान्तिकारी वैचारिक विष्फोटनजस्ता प्रवृत्तिगत वैंशिष्ट्यहरू पाइन्छन् । त्यसै गरी विसङ्गत राजनीतिक अवस्थाको उद्घाटन, युद्धजनित विभीषिकाप्रतिको चिन्ताको प्रकटीकरण, बुटवल र सम्पूर्ण नेपालकै पीडाग्रस्त जनजीवनका भय र पीडाको प्रस्तुति, क्रान्तिकारी मानवतावादी आवाजको आल्हादक प्रस्फुटन, विद्यमान सामाजिक अन्धविश्वास विरुद्धको व्यङ्ग्यभावको अभिव्यक्ति, प्रशासनिक दमन र राजनीतिक उलटपुलटको उद्घाटन जस्ता विशेषताहरू पनि यस चरणको पद्य रचनाा उल्लेख्य प्रवृत्तिहरू हुन् । वि.सं. २०४६ पूर्वको राजनीतिक प्रतिवन्धको अवस्थामा सृजित रचनाहरू प्रकाशमा आउनु र प्रजातन्त्रप्राप्ति पछिको खुला वातावरणमा सृजित रचनाहरू पनि छापिन थाल्नु यस चरणको साहित्यको अर्को उल्लेख्य प्राप्ति हो । विभिन्न स्थानीय अप्रचलित तथा सार्वभौम-प्रचलित बिम्बालङ्कार र प्रतीकहरूको प्रचुर प्रयोग यस चरणका कविताहरूमा पाइन्छ । प्रवासी नेपालीहरूको भोग्नुपरेका पीडाको अभिव्यक्ति, राजनीतिक उच्छृङ्खलताप्रतिको चिन्ताको प्रकटीकरण, प्रवल राष्ट्रप्रेम, देशभक्ति तथा विद्यमान युद्धले जन्माएको आतङ्क र विकृतिको चित्रण पनि यस चरणका पद्यहरूमा पाइन्छ । विम्बालङ्कार र प्रतीकको आधिक्यका कारण कतिपय रचनाहरू दुर्वोध्य छन् । मुक्तक र फुटकर कवितादेखि लिएर खण्डकाव्यात्मक संरचना भएका कविताकृतिहरू यस चरणमा प्रकाशित छन् । बालकविता, गजल, गीत, बालगजल र कविताहरूको लेखन प्रकाशनमा तीब्रता आएको छ भने मुक्त, लोक र शास्त्रीय

सबैथरि लयहरूको प्रयोग यस चरणका कवितामा भएको पाइन्छ । कतिपय रचनामा फोस्रा नारावादी स्वर पाइए पनि प्रायः रचनाहरू प्रगतिवादी-मार्क्सवादी सौन्दर्यचेतद्वारा कलात्मकताको आवरणमा देखापर्नु यस चरणका कविताकृतिहरूको महत्त्वपूर्ण वैशिष्ट्य हो । आदर्शवादी, स्वच्छन्दवादी-प्रगतिवादी, परिष्कारवादी, यथार्थवादी एवम् प्रयोगवादी प्रवृत्तिहरू पनि यस चरणका कविताकृतिमा देखापरिरहेका छन् ।

यस चरणमा कृति प्रकाशनमा सक्रिय कविहरू र तिनका कविताकृतिहरूमध्ये रामचन्द्र भट्टराईको कवितासङ्ग्रह 'भिंगे माछो', (२०४७), र गीतसङ्ग्रह 'सुखानीको रगत' (२०४९), रामप्रसाद प्रदीपको गीतसङ्ग्रह 'उपहार' (२०४७), लेखनाथ ज्ञवालीको स्मृतिकाव्य 'साथी' (२०५६) र लघुकाव्य 'खडेरी' (२०५८), ऋषिराम भूसालको कवितासङ्ग्रह 'हुरी चल्नुअघि' (२०४९), मोदनाथ प्रश्रितको गीतसङ्ग्रह 'जब हुरी चल्छ' (२०४९), जगत्बहादुर जोशीको कवितासङ्ग्रह 'आज सूर्य बिरामी छ' ( २०५०), शीतविन्दुका कवितासङ्ग्रहहरू 'चिता जलिरहेछ' .(२०५३) र 'आस्था ओ मेरी प्रिया' (२०५९), हिरण्यलाल ज्ञवालीको कवितासङ्ग्रह 'बिसौनी' (२०५४) आदि प्रकाशित छन् । त्यस्तै गरी युवासुलभ प्रेमप्रणय र बालसुलभ वात्सल्यभावलाई प्रमुख विषयवस्तु बनाएर कविता, गजल, गीत आदि रचना गर्ने झपेन्द्रराज पन्त क्षेत्री 'सरल'का गीतसङ्ग्रहहरू 'सोल्टिनी' (२०५४) 'प्रेमको निशानी' .२०५३) र गीतगजल सङ्ग्रहहरू 'कर्कलाको पातको पानी' (२०६०) 'भेल' (२०६०) लगायत डेढ दर्जन कविताकृतिहरू प्रकाशित देखिन्छन् । यसै चरणमा दिल साहनीको अणु कवितासङ्ग्रह 'फिलिङ्गा' ( २०५७), अजम्वरध्वज खातीका 'आँसु बेनीको' (लामो गीतिकविता २०६२), 'अझै खैंजडी बजेको बज्यै छ' (लघु गीतिकाव्य २०६१) 'ठूली' (गीति खण्डकाव्य २०५९), 'कथा त बटौलीसँग छ' ( यात्राकाव्यको अंश २०५८), 'पाइलाका डोबहरू, सारङ्गीका बाडुलीहरू' (गीतिकवितासङ्ग्रह २०६१) प्रकाशित देखिन्छन् । यसै चरणमा रमेश हरिलट्ठकका 'दबाइएका स्वरहरू' (गजल सङ्ग्रह २०५७), शब्दक्रान्ति' (कवितासङ्ग्रह २०५८), 'दस गजल' (अङ्ग्रेजी गजल सङ्ग्रह .....) प्रकाशित देखिन्छन् । गोपाल विरहीको खण्डकाव्य 'बघेनीका सन्तानहरू' (रचनाकाल २०६० अप्रकाशित), ध्रुवराज पन्थीको कवितासङ्ग्रह 'बाँसुरी' (२०६०), गोरखसागर खत्रीको गजल सङ्ग्रह 'फूल मुस्कुराउँदा' (२०६२), अनुपम रोशीको गजल सङ्ग्रह 'आकाङ्क्षाको फूल मेरो' (२०६२), चतुर्भुज आत्रेयको कवितासङ्ग्रह 'समर्पण' (२०६२), गोकर्णप्रसाद गौतम 'अविरल' को कवितासङ्ग्रह 'देश दुःखेको बेला' (२०६१), लक्ष्मीनाथ अधिकारी 'अधीर'को बालकवितासङ्ग्रह 'बालबगैंचा' (२०५९) पनि यसै चरणमा देखापर्ने कविप्रतिभा र कविताकृतिहरू हुन् । यसै गरी शेखर 'अस्तित्व' को बालगजलसङ्ग्रह 'सेतो हिमाल मेरो', (२०६०) के.वी. पुनको कवितासङ्ग्रह 'औंसीको चित्कार' (२०५५) पनि यसै चरणमा देखापर्दछन् । रामचन्द्र भट्टराई, दिल साहनी, बूँद राना वनमाली निराकार ऋषिराम भूसाल र मुरारी पराजुलीको संयुक्त कवितासङ्ग्रह 'लोकतन्त्रको शङ्खनाद' (२०६२) यस चरणको सशक्त प्रगतिवादी कविताकृतिका

रूपमा देखापरेको छ । बाबुराम मल्ल 'सेवक' को 'मुक्तक माला' भाग १ (२०५४) यसै चरणमा देखापर्ने मुक्तक विधाको कृति हो । यसैगरी केशव सापकोटाको खण्डकाव्य 'वर्गीय खाडल' (२०५९) पनि बुटवलको साहित्ययात्राको तेस्रो चरणकै उपलब्धि हो ।

यस चरणमा पुस्तकाकार कृति प्रकाशन गर्ने प्रतिभाहरूबाहेक फुटकर रचना प्रकाशित गर्ने प्रतिभाहरू पनि ठूलो सङ्ख्यामा रहेका छन् । यसरी फुटकर रचना प्रकाशित गर्ने प्रतिभाहरू बुटवलमा हुने साहित्यिक गोष्ठीहरूमा कविता, गजल, गीत वाचन गर्ने कार्यमा पनि क्रियाशील देखिन्छन् । यस चरणमा नवोदित नवप्रतिभाहरू धेरै नै देखिएका छन् । फुटकर पद्यरचना प्रकाशनमा सक्रिय प्रतिभाहरू शेरबहादुर गुरुङ, झपेन्द्रराज पन्त क्षेत्री 'सरल', खेमराज आत्रेय, मणिकलाल श्रेष्ठ, पं. बाबुराम भट्टराई, रामप्रसाद प्रदीप, अर्जुन ज्ञवाली प्रदीप प्रधान, ध्रुवराज पन्थी, गोपाल विरही, गिरि श्रीस मगर, दीपक ज्ञवाली, जीवलाल सापकोटा, गीता पन्त, युवराज कँडेल, इन्दिरा अर्याल, यानेन्द्र विवश, सालिकराम पौड्याल, अजित खनाल, रामकृष्ण भण्डारी, पार्वती ज्ञवाली, डी.वी. क्षेत्री 'हरियाली', वनमाली निराकार, सुशिला प्रधानङ्ग, पुण्यभक्त प्रधानाङ्ग 'दिक्दार', जे.बी. क्षेत्री, गोरखसागर खत्री, भुवन कार्की 'उजाड', अमृता पाण्डेय 'अनमोल', टंकनाथ बराल 'इलामे', सुन्दर बासी, रमेश हरिलठ्ठक आदि देखापरेका छन् । त्यसै गरी मोहन बस्याल, अमर इक्वल, तारा ज्ञवाली, ओम क्षितिज, शान्तराम गिरी, हिमा न्यौपाने, बसन्त न्यौपाने, 'जिज्ञासु', लक्ष्मी थापा क्षेत्री 'अमिट', गङ्गा बस्याल 'निर्दोष', माधव पन्त, लक्ष्मण प्रेषित, रामचन्द्र प्रेणित, अनुपम रोशी, ओमप्रकाश भण्डारी, चतुर्भुज आत्रेय, बसन्त पोखरेल, कमला कुँवर, लोकेन्द्र कार्की 'क्युरियस', गोकर्णप्रसाद गौतम 'अविरल', इन्दिरा आचार्य, सूर्य आजाद, रमा पौडेल 'प्रभात', सुनगाभा पोखरेल, गुरुदत्त ज्ञवाली, विजय सागर, सुशिला प्रधानाङ्ग, लक्ष्मीनाथ अधिकारी 'अधीर', महेश पाल्पाली, जङ्गबहादुर शाह, सुरेशकुमार छन्त्याल, सुरज घिमिरे 'दीपशिखा', नेत्र पौडेल 'अनुराग' आदि प्रतिभाहरू पनि यसै चरणमा फुटकर कविता लेखन र प्रकाशनद्वारा गतिशील हुँदै हिँडिरहेका छन् ।

यस चरणमा देखापरेका कविप्रतिभाहरूमध्ये दिल साहनी, रमेश हरिलठ्ठक, लेखनाथ ज्ञवाली, चतुर्भुज आत्रेय, हिरण्यलाल ज्ञवाली, गोपाल विरही, मुरारी पराजुली, अजम्बरध्वज खाती, ऋषिराम भूसाल, गोरखसागर खत्री आदि महत्त्वपूर्ण प्रतिभाका रूपमा देखा परेका छन् ।

**३.१.४.२. गद्यलेखन**

तेस्रो चरणमा पद्यमा जस्तै गद्यमा पनि उल्लेख्य मात्रामा सृजनाका प्रयासहरू भएका देखिन्छन् । नाटक, समालोचना, उपन्यास, निबन्ध आदि अनेक विधाक्षेत्रका कृतिहरू यस चरणको बुटवलको साहित्यिक गतिविधिको उल्लेख्य प्राप्तिका रूपमा देखापर्दछन् । यी सबै विधाहरूका प्राप्तिहरूबारे छुट्टाछुट्टै चर्चा गर्नु उपयुक्त देखिन्छ

**१ नाटक**

नाटक लेखनको बुटवलको परम्परामा यस चरण पनि महत्त्वपूर्ण देखा पर्दछ । यस चरणमा दिल साहनीको 'जनताको सत्रु' (एकाङ्की २०५०), 'निर्विकल्प (एकाङ्की २०६२), मोदनाथ प्रश्रितका 'सपनाहरू उपहार देशलाई' (२०४९), 'मन्त्री जी' (२०५१) प्रकाशित छन् । यी नाटकहरू सामाजिक तथा राजनीतिक विषयवस्तुमा रचना गरिएका छन् । नागरिकहरूका आशाहरूलाई राजनीतिक नेतृत्वले गरेको वेवास्ता र त्यसबाट उत्पन्न हुन पुगेको शासक र शासितबीचको खाडललाई यी नाटकहरूमा देखाइएको छ । यी नाटकहरूले आर्थिक, सांस्कृतिक, सामाजिक र राजनीतिक विकृतिका विरोधमा सङ्गठित हुँदै सङ्घर्ष गर्न आह्वान समेत गरिरहेको पाइन्छ ।

**२ समालोचना**

यस चरणमा समालोचना विधाका कृतिहरू पनि प्रकाशित देखिन्छन् । वामदेव जोशी पहाडीका आलोचनात्मक निबन्धसङ्ग्रह 'विचारका केही क्षण' (२०५२) र समालोचनात्मक लेखसङ्ग्रह 'आलोचनाको वृत्त' (२०५४), दिल साहनीको 'कवि युद्धप्रसाद मिश्र' (समालोचना २०४७), गोपीरमण उपाध्यायको 'हिन्दू धर्ममा मानव उत्पीडनका सन्दर्भहरू' (२०४९), 'प्रगतिशील साहित्य समालोचना' ( २०५९) जस्ता समालोचना-ग्रन्थहरू प्रकाशित देखिन्छन् । यीमध्ये दिल साहनीको समालोचनात्मक कृति 'सिद्धार्थ साहित्य परिषद्' (स्था. २०३८) ले र गोपीरमण उपाध्यायको कृतिचाहिँ 'बुटवल साहित्य, कला, संस्कृति प्रतिष्ठान' (स्था. २०५६) ले प्रकाशित गरेको देखिन्छ । यी समालोचकहरू बुटवलमा हुने साहित्यिक गोष्ठीहरूमा वाचन गरिने रचनाहरूको समीक्षा गरी यहाँका नवप्रतिभाहरूलाई साहित्यसृजनामा प्रोत्साहित गर्ने कार्यमा समेत सक्रियताका साथ लागेको देखिन्छ । यिनीहरूका उपरोक्त समालोचनात्मक कृतिहरूमा साहित्यिक प्रतिभाको जीवनी, व्यक्तित्व, कृतित्व तथा हिन्दू धर्मले उब्जाएका जातीय तथा लिङ्गीय विभेद र उत्पीडनको विश्लेषण र प्रगतिवादी समालोचनात्मक मान्यता, सृजनाक्रममा देखापरेका घटनाक्रम, कृति, कृतिकारहरू र प्रवृत्तिहरूको विवेचना गरिएको पाइन्छ ।

**३ उपन्यास**

यस चरणमा उपन्यास विधाका कृतिहरू पनि प्रकाशित देखिन्छन् । यस समयावधि (वि.सं. २०३७-हालसम्म) मा जगत्बहादुर जोशीको 'डम्बरेको टालो' (२०६०), जङ्गबहादुर शाहको 'विश्वामित्र' (२०५८), कविराज अर्यालको 'सम्झना' (२०४७), गोपाल विरहीको 'एकिलीजको आत्मकथा' ( रचनाकाल २०५९ अप्रकाशित) र 'मानव-पशु' (रचनाकाल २०५८ अप्रकाशित), पं. बाबुराम भट्टराईका 'रोमेल' (२०५४) र 'प्रचण्ड'(२०६०), नरु थापाको 'सीमारेखा' (२०५१) जस्ता उपन्यासकृतिहरू

देखापर्छन् । पं. बाबुराम भट्टराईका अनुदित उपन्यासहरू 'आइमाईको हकमा' (२०५४) र 'आमा' (२०५५) पनि यसै चरणमा प्रकाशित देखिन्छन् ।

**४ निबन्ध प्रबन्ध/संस्मरण**

यस चरणमा प्रकाशित निबन्ध प्रबन्ध-कृतिहरूमा जगत्बहादुर जोशीका अनुदित कृतिहरू 'वौद्ध दर्शन' ( ? ), 'बुद्ध धर्मका मौलिक सिद्धान्त' ( ? ), मोदनाथ प्रश्रितका 'केही सांस्कृतिक निबन्धहरू' (२०४७), 'मानसपटलका तस्वीरहरू' (संस्मरण २०४९), 'नयाँ जनवादी संस्कृति' (निबन्ध ?), 'जनसंस्कृतिको नयाँ दिशा' (२०४८), 'जातपात र छुवाछुतको इतिहास' (२०४७), 'गुटफुट विरुद्ध कम्युनिस्ट आन्दोलन र पार्टी एकताको पक्षमा' (राजनीतिक लेखसङ्ग्रह २०५४)) देखापर्छन् । त्यसैगरी ऋषिराम भूसाल, कपिल लामिछाने र पञ्चप्रसाद शर्माको सहलेखन 'पत्रकारिताको रूपरेखा' (२०५०), शीतविन्दुका 'मार्क्सवादको सृजनात्मक प्रयोग र नेपाली क्रान्ति' (वैचारिक निबन्ध सङ्ग्रह (२०५७) र 'प्रचण्डपथः विचारको केन्द्रीकरण कि भ्रष्टीकरण' (२०५८), पञ्चप्रसाद शर्माको 'नेपाली शिक्षणका सूत्रहरू' ( ? ), शेरबहादुर गुरुङका 'राजकुमार वेस्सान्तरको दान पारमिता' (लेखसङ्ग्रह २०५६), 'उद्गार' (लेखसङ्ग्रह २०५५) र 'शिव लिङ्गको महत्त्व र प्राचीन यौन मनोवज्ञान' (२०५८) जस्ता निबन्धात्मक-प्रबन्धात्मक-संस्मरणात्मक कृतिहरू पनि यसै चरणमा देखापरेका छन् । यसै चरणमा कविराज अर्यालको 'आशीर्वचन' (लेखसंस्मरण २०६०), पं. बाबुराम भट्टराईका अनुदित कृतिहरू 'धर्म, कर्म र विज्ञान' (२०५८), 'बौद्धदर्शन' (२०५६/५७), 'बिग्रेकी केटी' (गद्य रचनासङ्ग्रह २०५३), देवेन्द्रराज शाक्यका 'यस बटौली हो' (बुटवलको परिचयात्मक पुस्तिका २०६१) र 'वैशाख पूर्णिमा' (२०६१), अर्जुन ज्ञवालीको 'समय सारथी' (सामयिक सङ्कलन २०५३), बाबुराम मल्ल 'सेवक' को 'नेपाली चलचित्रको उत्थान' (प्रबन्ध २०४७) देखापर्दछन् ।

यस चरणमा पुस्तकाकार कृति प्रकाशित गर्ने निबन्धकार र प्रबन्धकारहरू बाहेक पत्रपत्रिकाहरूमा फुटकर रचना प्रकाशित गर्ने स्रष्टाहरू पनि प्रशस्त देखापर्दछन् । फुटकर निबन्ध प्रबन्ध प्रकाशित गर्ने यस्ता स्रष्टाहरूमा दिल साहनी, अर्जुन ज्ञवाली, गोपाल विरही सूर्यलाल, गुरुदत्त ज्ञवाली, बसन्त पोखरेल, आर.सी. चापागाई, लीलाधर मरासिनी, युवराज कँडेल, गिरि श्रीस मगर, खेमराज आत्रेय, डी.आर. घिमिरे, बालकृष्ण चापागाई, गोपीरमण उपाध्याय, पं. बाबुराम भट्टराई, वसन्तध्वज जोशी, पूर्णबहादुर राना मगर, ऋषि आजाद, इन्दिरा आचार्य, कमला कुँवर, चुतुर्भुज आत्रेय, माधव नेपाल, गणेश उचै, नर्वु लामा 'नथाक', दुर्गा पौडेल, मदनलाल पौडेल, सुरेश गुरागाई, बाबा यसगीराज, यानेन्द्र विवश, मोहन बस्याल, सुमन अधिकारी, ओम बानियाँ, शैलेन्द्र शिवम् गुरुङ, सी.पी. सेढाइ, देवेन्द्रराज शाक्य, मधुसूदन पन्थी, जङ्गबहादुर शाह, वैकुण्ठ पाण्डे, सिद्धिचरण भट्टराई, रामसिंह बराली, दीपक विश्वकर्मा, कमलनाथ ज्ञवाली, जनकलाल श्रेष्ठ आदि देखिन्छन् । यी स्रष्टाहरूका

फुटकर रचनाहरू बुटवलबाट प्रकाशित हुने दैनिक, साप्ताहिक र अन्य पत्रपत्रिकाहरूमा प्रकाशित देखिन्छन् । यसै गरी खिलध्वज थापा, नारायण पौडेल, कृष्णप्रसाद भण्डारी, यमलाल भूसाल, दीपक ज्ञवाली, विनोद पहाडी, शेरबहादर के.सी, मोहन चापागाई, दीपेन्द्र कुँवर, हरि ज्ञवाली, विष्णु पोखरेल, तिलक आचार्य, प्रेम सुवेदी, छविलाल पाण्डे, प्रेमबहादुर बस्नेत, जीवनारायण अधिकारी, टेकबहादुर मास्की राना, रत्ना श्रेष्ठ, सूर्य श्रेष्ठ आजाद, चेतबहादुर सिंजाली, शेषकान्त पंगेनी, माया गौतम, टीकाराम न्यौपाने, चुन्नप्रसाद पौडेल, उज्ज्वल नवीन, माधव निर्दोष आदिका प्रबन्ध तथा निबन्धहरू पनि बुटवलका पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । यी बाहेक फाटफुट रूपमा देखापर्ने प्रबन्धकार निबन्धकारहरूका प्रशस्त रचनाहरू बुटवलका पत्रपत्रिकाहरूमा छरिएर रहेका देखिन्छन् ।

**५ कथा**

वि.सं. २०४७ देखि यताको हालसम्मको बुटवलको साहित्ययात्राको तेस्रो चरणमा कथाकारहरू र कथाकृतिहरू पनि देखापर्दछन् । यस चरणका कथाकारहरू र तिनका कथाकृतिहरूमा शीतविन्दुको 'कुहिरो' (२०६०), विजय सागरको 'सागरका कथाहरू' (लघुकथासङ्ग्रह २०६०), प्रदीप प्रधानको 'मौन रात' (२०५८) देखापर्दछन् । यसबाहेक दुर्गादेवी, पं. बाबुराम भट्टराई, गोपाल विरही , शङ्कर गौतम, दीपा पाण्डेय, खेमानन्द ज्ञवाली 'मनोवाद', चिरञ्जीवी ज्ञवाली, पूर्ण गौतम, कविता थापा मगर, टामलाल खनाल, देवहरि ज्ञवाली, कमला ज्ञवाली 'विवश', हेमन्तकुमार मिश्र, डी.एच.ज्ञवाली, शैलेन्द्रनाथ गौतम, राजेशचन्द पौडेल, सन्तोष पोखरेल, दुर्गा न्यौपाने आदि स्थानीय र आगन्तुक दुवै प्रकारका कथाकारहरूका कथाहरू बुटवलबाट प्रकाशित हुने दैनिक पत्रिका तथा 'हिमक्षितिज', 'हाम्रो देवदह', 'जितगढि' लगायतका मुखपत्र एवम् स्मारिकाहरूमा प्रकाशित भएका देखिन्छन् । यी कथाहरूमा यौन तथा बाल मनोविज्ञान, दाइजो प्रथा, वर्गीय लिङ्गीय तथा शैक्षिक विभेद, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विसङ्गति आदिलाई विषयवस्तु बनाइएको देखिन्छ । यी कथाकारहरूका कथामा व्यङ्ग्यात्मकता पाइनुका साथै हास्यको पुट पनि पाइन्छ । यस चरणका कथाहरू दुःखान्त भन्दा सुखान्त बढी देखिन्छन् भने समाज परिवर्तनका लागि आशावादी हुँदै सङ्घर्ष गर्नुपर्छ भन्ने सन्देश दिनु यी कथाकारका कथाहरूको विशेषता हो । प्रेमपत्रको शैलीमा लेखिएका कथाहरूको प्रकाशन यस समयको कथा विधामा गरिएको नवीन प्रयोगका रूपमा आएको छ । तर यस चरणका कथाकारहरू राष्ट्रिय स्तरका प्रतिभाका रूपमा भने स्थापित हुन सकेका छैनन् ।

यस चरणमा बुटवलमा स्थापना भई क्रियाशील रहेका साहित्यिक संघ-संस्था तथा पत्रपत्रिकाहरूले यहाँको साहित्यिक विकासमा उल्लेखनीय भूमिका निर्वाह गरेको पाइन्छ । प्रजातन्त्रको पुनर्स्थापनापछिका एक दशकसम्म साहित्यिक संघ-संस्थाको स्थापना तथा सार्वजनिक-साहित्यिक गतिविधिमा उत्साह आउन नसकेपनि त्यसपछिका दशकहरूमा भने यस्ता संघसंस्थाहरू गठन गर्ने

मात्र नभई ती संघ संस्थाहरूद्वारा साहित्यिक पत्रपत्रिकाहरू एवम् मुखपत्र आदिको प्रकाशन समेत गर्ने उत्साहजनक परम्पराको थालनी भएको पाइन्छ । बुटवलमा विशेषतः नयाँ पिंढीका स्रष्टाहरू आफैं सक्रिय भई संस्था गठन गर्ने र अनेक सिर्जनात्मक गतिविधि गर्ने क्रम बढ्दो देखिन्छ । वि.सं. २०५१ मङ्सिरमा गठन भएको 'साहित्यसङ्गम बुटवल' ले नियमित रूपमा प्रत्येक महिनाको अन्तिम शनिवार बुटवलस्थित ज्ञानज्योति पुस्तकालयमा साहित्य गोष्ठी गर्दै आएको छ । त्यसैगरी वि.सं. २०५५/५६ मा बुटवलमा स्थापना भएको 'जनसाहित्य परिषद् रूपन्देही' ले बीचमा केही समय निष्क्रिय रहँदै प्रत्येक महिनाको पहिलो शनिवार बुटवलमा साहित्य गोष्ठीको आयोजना गर्ने गरेको देखिन्छ । वि.सं. २०५६ मा बुटवलमा स्थापित 'बुटवल साहित्य, कला, संस्कृति प्रतिष्ठान'ले पुस्तक प्रकाशनका साथै राष्ट्रिय स्तरको साहित्य गोष्ठीको आयोजना गरेको छ । वि.सं. २०५९ मा बुटवलमा स्थापित 'प्रगतिशील साहित्य रश्मि' ले प्रत्येक महिनाको तेस्रो शनिवार साहित्यिक कार्यक्रम गर्ने गर्दछ । वि.सं. २०६० मा बुटवलमा स्थापित 'गजल सागर नेपाल' यहाँका केही उत्साही नवयुवाहरूको संस्था हो र यसले गजल विधालाई मूल साधनाक्षेत्र ठहर गर्दै सोही विधाको उन्नयनार्थ विविध गतिविधि गरिरहेको छ । त्यसैगरी वि.सं. २०६० मा राममणि बहुमुखी क्याम्पस मणिग्रामका विद्यार्थीहरूद्वारा स्थापित 'राममणि साहित्य सङ्गम' ले प्रत्येक साताको शुक्रबार गर्ने साहित्यिक कार्यक्रम पनि बुटवलको साहित्यिक गतिविधिका सन्दर्भमा उल्लेखनीय देखिन्छ । यस बाहेक 'पर्रोहा साहित्य समाज' (२०५९), 'सिर्जनशील साहित्य यात्रा' (?) , 'लुम्बिनी साहित्य सङ्गम' (२०६०/६१), 'वाणिज्य साहित्य समाज' ( ?), द लर्नर्स ग्रुप अफ रूपन्देही' (?), 'मिलिजुली सांस्कृतिक मञ्च' (२०६०), 'नेपाल डिजिटल रेकर्डिङ्ग स्टुडियो' (?) आदि संघ संस्थाहरू पनि बुटवलको साहित्यिक , सांस्कृतिक सेरोफेरोमा क्रियाशील देखिन्छन् । 'प्रगतिशील लेखक संघ' 'नेपाली साहित्य अध्ययन समाज' (२०५९) जस्ता संस्थाहरूले पनि समयसमयमा प्रकाशन र अन्तर्क्रियाद्वारा बुटवलको विशेष गरी मार्क्सवादी साहित्यिक आन्दोलनलाई घच्घच्याइरहेको देखिन्छ । यी संस्थाहरूका मुखपत्रहरू पनि साहित्यको रसमा चुर्लुम्म भिजेका देखिन्छन् ।

यस चरणमा बुटवलको साहित्यिक वातावरणको निर्माणमा यहाँस्थित बुटवल बहुमुखी क्याम्पसको योगदान अमूल्य देखिन्छ । यहाँ अध्ययन गर्ने विद्यार्थीहरू गठन गरेका संस्थाहरूमार्फत 'जितगढी', 'गजल सागर', 'हिमक्षितिज', 'नयाँ कोशेली', आदि पत्रपत्रिकाको प्रकाशन समसामयिक दृष्टिले नवीन प्राप्तिका रूपमा देखापर्दछ । 'जनसाहित्य परिषद् रूपन्देही', 'गजल सागर नेपाल' र 'नेपाली साहित्य अध्ययन समाज' पनि यहींकै विद्यार्थीहरूको सक्रियतामा गठित र परिचालित संस्थाका रूपमा देखा पर्दछन् भने तिनीहरूको साहित्यिक कार्यक्रमहरूमा निरन्तर रूपमा सहभागी भइदिने, रचना सिर्जना गर्ने र सञ्चारमाध्यमहरूमार्फत समेत आफ्नो सक्रियता जनाउने गर्नाले

बुटवलको समसामयिक साहित्यिक क्रियाकलापको शोधखोज एवम् विश्लेषण गर्ने क्रममा बुटवल बहुमुखी क्याम्पसका विद्यार्थीहरूलाई पनि उल्लेख नगरिरहन सकिन्न ।

यस चरणको बुटवलको साहित्यिक वगैचालाई हरियोभरियो तुल्याउन यहाँका गैरसाहित्यिक संघसंस्थाहरूले पनि अभिरुचि प्रकट गरेको देखिन आउँछ । औषधि व्यवसायी संघ, यातायात मजदुर भलाइ कोष, पश्चिमाञ्चल बस व्यवसायी संघ बुटवल, बुटवल जेसिज, बुटवल लायन्स र लायनेस क्लवहरू, उद्योग वाणिज्य संघ बुटवल, रूपन्देही उद्योग संघ आदि गैरसाहित्यिक संघसंस्थाका वार्षिक प्रकाशनहरूमा छरिएर रहेका विभिन्न विधाका रचनाहरूले बुटवलको समसामयिक साहित्यिक क्रियाकलापको राम्रो दृश्य प्रस्तुत गर्दछन् । त्यसैले त्यस्ता सामग्रीबाट लिइएका दृष्टान्तहरू सम्बन्धित विषय र विधाक्षेत्रको अध्ययनका सन्दर्भमा थप प्रभावकारी सिद्ध हुने देखिन्छन् ।

बुटवलका आवासीय र निजी स्तरबाट सञ्चालित विद्यालयहरू उल्लेख्य संख्यामा रहेका तर ती सबैले वार्षिक मुखपत्र प्रकाशित नगरे पनि न्यू होराइजन उच्च मा.वि.को 'नवक्षितिज' भने वार्षिक रूपमा प्रकाशित हुँदै रहेको देखिन्छ । त्यसै गरी अन्य निजी विद्यालयहरूले रजत जयन्ती बर्ष र स्वर्ण जयन्तीका अवसरमा प्रकाशित गर्ने मुखपत्रहरू पनि बुटवलको साहित्ययात्राको तेस्रो चरणका महत्त्वपूर्ण उपलब्धिका रूपमा देखा पर्दछन् ।

बुटवल बहुमुखी क्याम्पस, लुम्बिनी वाणिज्य क्याम्पस, सिद्धार्थ गौतम बुद्ध क्यामपसका विभिन्न विद्यार्थी सङ्गठनहरू, स्वतन्त्र साहित्यानुरागी विद्यार्थीहरू एवम् प्राध्यापक सङ्गठनहरूद्वारा प्रकाशित साहित्यप्रधान भित्ते पत्रिकाहरूले पनि बुटवलको समसामयिक साहित्यिक क्रियाकलापमको प्रतिनिधित्व गरिरहेको देखिन्छ । त्यसै गरी बुटवलको श्री कालिका माध्यमिक विद्यालय, बुटवल माध्यमिक विद्यालय लगायतका सरकारी विद्यालयका विद्यार्थीहरूको सक्रियतामा प्रकाशित भित्ते पत्रिकाहरूले पनि बुटवलको समसामयिक साहित्यिक अवस्थितिको ऐनाका रूपमा कार्य गरिरहेका छन् । न्यू होराइजन उच्च मा.वि., मणिमुकुन्द सेन उच्च मा.वि. का विद्यार्थीहरूले पनि आ-आफ्ना विद्यालयमा प्रकाशित भित्ते पत्रिकाहरूमा अभिरुचिपूर्वक आफ्ना रचना समावेश गर्ने र तिनको अध्ययन गर्ने गरिरहेका छन् ।

यस चरणको बुटवलको साहित्ययात्रामा यहाँबाट प्रकाशित हुने समाचारप्रधान पत्रपत्रिकाहरूको योगदान पनि उल्लेख्य देखिन्छ । यस चरणमा बुटवलबाट 'जनसङ्घर्ष दैनिक' (२०४७), 'चौतारी दैनिक' (२०४७), 'नयाँ दिशा दैनिक' (२०५०), 'श्री देउराली दैनिक' (२०५४), 'युथ टुडे विक्ली' (सन् १९९७), 'श्रीनगर साप्ताहिक' (२०५४), 'नयाँ चुनौती साप्ताहिक' (२०५०), 'भावना दैनिक' (२०५३), 'साप्ताहिक बुटवल' (२०५३), 'उपचार साप्ताहिक' (२०४९), 'बुद्ध सन्देश साप्ताहिक' (२०४९), 'यथार्थ दैनिक' (२०५१) जस्ता पत्रपत्रिकाहरू प्रकाशित देखिन्छन् र ती पत्रपत्रिकाहरूमा बुटवलका साहित्यस्रष्टाहरूका रचनाहरू छापिएका छन् । यसै चरणमा 'भावनामञ्च साप्ताहिक' (२०५१), खुल्दुली साप्ताहिक' (२०४७), 'निर्मल साप्ताहिक ( ? ), ' सूचना अर्ध साप्ताहिक' (२०४७), 'लोचन साप्ताहिक' ( ? ) , 'मेचीकाली सन्देश दैनिक' ( २०५६ ), 'जनराज्य साप्ताहिक' (२०५०),

'साप्ताहिक भैरहवा' (२०५९), 'बुटवल टुडे दैनिक' (२०६०), 'तिलोत्तमा दैनिक' (२०६३), 'नयाँ सत्ता दैनिक' (२०६३) जस्ता पत्रपत्रिकाहरू पनि प्रकाशित देखिन्छन् ।

बुटवलको साहित्ययात्राको तेस्रो चरणमा विभिन्न साहित्यप्रधान पत्रपत्रिकाहरू, मुखपत्रहरू र स्मारिकाहरू पनि प्रकाशित देखिन्छन् । यस चरणमा 'ओम ज्ञानज्योति त्रैमासिक' (२०५९), 'उद्योग व्यापार स्मारिका' (२०५५), 'छोँज धीँ तमु पत्रिका' (सन् १९९६), 'जिल्ला पार्श्वचित्र' (२०५१), 'तीजका गीतहरू' (२०४७), 'दीपिका साहित्यिक हवाइपत्रिका' (२०५१), 'नन्दन मुखपत्र' (२०५१), 'बटौली-बुटवल स्मारिका' (२०५३), 'बुटवल उत्सव विशेषाङ्क' (२०५५), 'रूपन्देहीको पत्रकारिताः एक दिग्दर्शन' (२०५१), 'ज्ञानमाला स्मारिका' (२०५२), 'मधु' (२०४८), 'सृजना वार्षिक मुखपत्र' (२०४७), 'कादम्वरी त्रैमासिक' (२०४७), 'जनवादी तीजका गीतहरू' (२०४८), 'आकाङ्क्षा स्मारिका' (२०६२), 'मोफसल' ( ? ), 'दीप स्मारिका' (२०६२), 'सङ्गम अर्धवार्षिक' (२०६२), 'प्रकाश स्मारिका' (२०५०), जस्ता पत्रपत्रिका, स्मारिका र मुखपत्रहरू पनि प्रकाशित देखिन्छन् । यसै चरणमा 'प्रकाश स्मारिका' ( २०५०), 'भावना सातौं बर्ष प्रवेश विशेषाङ्क' (२०६०), 'गजल सागर' (२०६०), 'लुम्बिनी राष्ट्रिय औद्योगिक प्रदर्शनी विशेषाङ्क' (२०५५), 'मणि साहित्य वाटिका स्मारिका' (२०६२), 'श्री सिद्देश्वर रजत महोत्सव पुस्तिका' (२०६२), 'शब्द दीप साहित्यिक त्रैमासिक' (२०६०), शब्ददूत मासिक' ( २०५७), 'बुटवलको सौगात' (२०५६), 'बाल आवाज' (२०५७), 'राष्ट्रिय औद्योगिक प्रदर्शनी स्मारिका' ( २०५६), 'बुटवल नगर बुलेटिन' (२०५७), 'एमनेस्टी इनटरनेशनल स्मारिका' (२०५९), 'रूपन्देही विकास पत्र' (२०५८), 'रक्त सञ्चार सेवा केन्द्र बुटवलको 'रजत जयन्ती बर्ष स्मारिका' (२०५९), 'हिमक्षितिज बार्षिक' (२०५७), 'लायन्स स्मारिका' (२०५५), 'नेपाल औषधि व्यवसायी संघ स्मारिका' ( २०५७), 'हाम्रो देवदह साहित्यिक त्रैमासिक' (२०६२) जस्ता पत्रपत्रिका, स्मारिका र मुखपत्रहरू प्रकाशित देखिन्छन् । यसै गरी 'नेपाल ग्राउण्ड विचारमूलक मासिक' (२०६२), 'जनसंघर्ष दैनिक राष्ट्रिय औद्योगिक प्रदर्शनी विशेषाङ्क' (२०५६), 'गोराक वार्षिक मुखपत्र' (२०४८), 'जनसंङ्घर्ष तेह्रौ बर्ष प्रवेश विशेष' (२०५९), 'जीवन बार्षिक मुखपत्र' (२०४८), 'आदिवासी जनजाति यात्रा त्रैमासिक' ( २०६१), 'लैकनको दुनियाँ' (२०६२), 'प्रतिभा' (२०४७), 'व्यङ्ग्य वाण' (२०५१), 'लुम्बिनी प्रतिभा मञ्च मासिक' (२०५४), 'नवक्षितिज' (२०५१), 'स्टेरिङ्ग' (२०५३), 'महावीर पुस्तकालय स्वर्णजयन्ती स्मारिका' (२०५४), 'बौद्धिक जगत्' (२०५४) जस्ता पत्रपत्रिका, मुखपत्र र स्मारिकाहरूले पनि बुटवलको यस चरणको साहित्ययात्रामा सहयात्रा गरेको देखिन्छ । यी पत्रपत्रिका मुखपत्र र स्मारिकाहरूमा विभिन्न विधाका रचनाहरू प्रकाशित पदेखिन्छन् ।

## ३.६ निष्कर्ष

बुटवलको नेपाली साहित्यको विकासको पृष्ठभूमिमा ढाक्रे, भरिया, भट्टीवाल र लाहुरेहरूद्वारा संरक्षित लोकसाहित्य रहेको पाइन्छ । वि.सं. २००४ मा स्थापित 'महावीर पुस्तकालय' बुटवलको पहिलो शैक्षिक र साहित्यिक संस्थाका रूपमा देखापर्दछ र यस संस्थाले बुटवलको साहित्यिक

पृष्ठभूमिलाई गतिशील तुल्याएको हो । निरङ्कुश राणाशासनको अन्त्यपछि वि.सं. २०११ सम्म बुटवलमा धेरथोर साहित्यिक क्रियाकलाप हुन सुरु गरेको पाइन्छ । वि.सं. २०१० मा डा.वामदेव पहाडी जोशीको हिन्दी काव्यसङ्ग्रह 'नयन नीर' देखापर्दछ तर बुटवलको पहिलो नेपाली साहित्य रचनाका रूपमा भने वि.सं. २०१२ मा प्रकाशित अजम्वरध्वज खातीको गीतिसङ्ग्रह 'वटुवा' देखापर्दछ र वि.सं. २०१२ मा नै सूर्यलाल श्रेष्ठ सम्पादक रहेको 'बुटवल साप्ताहिक' प्रकाशित भएको देखिन्छ । यहीँबाट बुटवलको आधुनिक नेपाली साहित्यको यात्रारम्भ भएको देखापर्दछ । यसपछि वि.सं. २०१५ मा मोदनाथ प्रश्रितको अनुदित कृति 'हितोपदेश मित्रलाभ कथा' देखापर्दछ भने वि.सं. २०२० मा सूर्यलाल श्रेष्ठको 'जमाना तिम्रो हो' फुटकर कविता 'रूपरेखा' मा प्रकाशित भएको देखिन्छ । वि.सं. २०२१ मा 'लुम्बिनी साहित्य पदिषद्' को गठन भयो । यस परिषद्ले वि.सं. २०२२ मा 'लुम्बिनी सन्देश साप्ताहिक' को प्रकाशन गऱ्यो । वि.सं. २०२३ मा प्रकाशित एवम् सोही को मदन पुरस्कार प्राप्त मोदनाथ प्रश्रितको महाकाव्य 'मानव' ले बुटवलको नेपाली साहित्यको श्रीवृद्धिमा उल्लेखनीय भूमिका निर्वाह गरेको हो । यसरी अजम्वरध्वज खातीदेखि मोदनाथ प्रश्रितसम्मका प्रतिभाहरू बुटवलको साहित्ययात्राको पहिलो चरणमै देखापरेको पाइन्छ र यीबाहेक पृथ्वी शेरचन र सूर्यलाल श्रेष्ठले पनि यहाँको साहित्ययात्रालाई यसै चरणमा गतिशील तुल्याएका हुन् । यसपछि नै बुटवलमा साङ्गठनिक रूपमा सार्वजनिक-साहित्यिक कार्यक्रमहरू हुन थाले । वि.सं. २०४६ अघि तीव्र रूपमा गतिशील रहेको साहित्य सृजनाको परम्परा प्रजातन्त्रको आंशिक पुनर्स्थापनापछि वि.सं. २०५० सम्म केही शिथिल भए पनि त्यसपछि भने स्रष्टाहरू पुनः जुर्मुराएको पाइन्छ । यसै क्रममा वि.सं. २०५१ मा 'साहित्य सङ्गम बुटवल' र वि.सं. २०५५/०५६ मा 'जनसाहित्य परिषद् रूपन्देही' को गठन भएपछिका हालसम्मको बर्षहरूमा दुई दर्जन साहित्यिक सङ्घ संस्थाहरू स्थापना भएका देखिन्छन् । बुटवलको नेपाली साहित्यको विकासयात्रामा तेस्रो चरण सबैभन्दा उर्वर देखापर्छ । पहिलो चरणको जस्तो कविताको वृहत् रूप महाकाव्यको रचना अन्य चरणहरूमा हुन नसकेको देखिए पनि साहित्यका अन्य विधाको रचनाका दृष्टिले तेस्रो चरण महत्त्वपूर्ण देखिन्छ । जनआन्दोलन पूर्वका साहित्यिक गतिविधिहरू, स्मारिका, पत्रपत्रिका आदिको प्रकाशनका दृष्टिले दोस्रो चरण ऐतिहासिक महत्त्वको देखिन्छ भने तेस्रो चरणको उत्तरार्द्धमा त्यस्ता गतिविधि र प्रकाशनहरू निकै तीब्र गतिमा अगाडि बढेको देखिन्छ । तेस्रो चरणको उत्तरार्द्ध नै बुटवलको साहित्यिक विकास उत्कर्ष हो । सञ्चारको विकास र शिक्षाको प्रसारले गर्दा तेस्रो चरणको उत्तरार्द्धमा नयाँ पुस्ताका साहित्यस्रष्टाहरू बढी क्रियाशील रहेको देखिन्छ ।

# चौथो परिच्छेद

## बुटवलका साहित्यकारहरूको परिचयात्मक अध्ययन

### ४.१. पृष्ठभूमि

नेपाली साहित्यको विकासमा उल्लेखनीय सहभागिता जनाएको बुटवलमा साहित्यसृजनाको परम्परा राणा शासनको अन्त्यको पाँच वर्षपछि मात्र सुरुवात भएको देखिन्छ । वि.सं. २००४ देखि नै साहित्यको अङ्कुरण भएको भए पनि कृतिप्रकाशनका दृष्टिले बुटवलले केही बर्ष पर्खदै अनेक उतारचढाउहरूका बीचबाट साहित्ययात्रा गर्नुपरेको छ । कविताको लघुदेखि वृहत् रूपसम्मको सृजना गर्ने बुटवलले साहित्यिक प्रतिभाहरू मात्रै नभएर विभिन्न सङ्घसंस्था तथा पत्रपत्रिकाहरूलाई समेत सँगै हिँडाएर साहित्ययात्रा गरेको छ । यहीँ जन्मेर बुटवललाई नै कर्मथलो बनाएका, अन्यत्र जन्मेर बुटवललाई कार्यथलो बनाएका, अन्यत्र कार्यथलो भई पछि यहाँ आएर बसेका एवम् केही समयका लागि यहाँ काम गरी अन्यत्र लागेका गरी विभिन्न प्रकारका साहित्यस्रष्टाहरू यहाँ देखापरेका छन् । बुटवलमै जन्मिएर यहाँ बसी साहित्य लेख्नेहरू थोरै छन् । बुटवलमा देखापरेका चार प्रकारका साहित्यसाधकहरूमध्ये यस शोधकार्यमा प्रायः सबै प्रकारका स्रष्टाहरूलाई समेट्ने प्रयास गरिएको छ । भैरहवामा मात्र क्रियाशील रही बुटवललाई कार्यक्षेत्र एवम् रुचिक्षेत्र नबनाउने स्रष्टाहरू यसमा परेका छैनन् । यस क्रममा बुटवलका साहित्यिक गतिविधिमा र कृति प्रकाशनमा सक्रिय देखिएका प्रतिभाहरूको जीवनी र कृतित्वलाई परिचयात्मक ढङ्गले प्रस्तुत गरिएको छ र यस परिचयलाई वर्णानुक्रममा राखिएको छ ।

#### ४.१.१. अजम्बरध्वज खाती

अजम्बरध्वज खाती वि.सं. १९९४ कार्तिक भाइटीकाका दिन पाल्पा तानसेनको गैरागाउँमा जन्मेका हुन् ।[1] यिनी वि.सं. २०१७ देखि बुटवलमा बस्न थालेका हुन् । यिनका पिताको नाम टेकध्वज खाती क्षेत्री र आमाको नाम लक्ष्मीदेवी खाती क्षेत्री हो । यिनी हाल बुटवल-६ मा बसोबास गर्दछन् । खातीले २०१२/१३ तिर 'भारती' पत्रिकामा कविता प्रकाशित गरेर आफ्नो कवितायात्रा प्रारम्भ गरेका हुन् । यिनले 'नयाँ किरण' मासिक पत्रिकाको सम्पादन पनि गरेका छन् । यी कविका बारेमा साहित्यकार कृष्णचन्द्रसिंह प्रधानले भनेका छन्- 'सबैको आ-आफ्नो सीमा हुन्छ । नेपालीहरूको सीमा चार भन्ज्याङ् हो, त्यहाँभन्दा पर पुग्नै सक्तैन । त्यसैले उनीहरूका कृतिलाई चार भन्ज्याङ पारी पुऱ्याउनु छ भने यस्तै अजम्बरध्वजहरू चाहिन्छन् । सबै लखेक कविहरू कृष्णचन्द्र र लेखनाथ हुन् र

---

१ अजम्बरध्वज खातीले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

हराएको व्यापकता र प्रसार एकौटा अजम्बरध्वज हो ।[२] त्यसैगरी खातीको कृतित्वको सम्बन्धमा टिप्पणी गर्दै गोपीकृष्ण शर्मा भन्छन्- 'कविको साधना क्षेत्र गीत, कविता र रचना नै रह्यस र यसैले आजसम्म निरन्तरता पाएको देखिन्छ । अहिले प्रकाशित हुँदै गरेका कतिपय कृतिहरू युवा अवस्थामै रचना गरिएका हुन् ।'[३] जनकविकेशरी धर्मराज थापाबाट समेत 'चीरकालसम्म हाम्रा कवि अजम्बरध्वज खाती नेपालीका ढुक्ढुकीमा अल्झिरहून्, बल्झिरहून्'[४] भनी शुभकामना पाएका कवि खातीका कृतिमा लोकलयको सुन्दर प्रयोग पाइन्छ । यिनको लोकलयको प्रशंसा राष्ट्रिकवि माधव घिमिरेले पनि गरेका छन् । कवि खातीले लोकजीवनबाट प्राप्त गरेको विशेषताको विवेचना गर्न अर्के अवसर चाहिन्छ ।[५] राष्ट्रकवि माधव घिमिरेले भनेका छन्- 'कवि धेरै सोच्छन्, थोरै लेख्छन् धेरै बहन्छन् र थोरै कहन्छन् । कुनै गीत त उनले एक बर्षसम्म मनमा खेलाएर पनि रचना गरेका छन्, वनस्पतिले एक बर्ष लगाएर परिपूर्ण फूल फुलाए जस्तै । कवि खाती कवितामा ज्यूँदछन् ।'[६] प्रा. गोपीकृष्ण शर्माका शब्दमा 'मानव संवेदनालाई गीतका लवजहरूमा रूपान्तरित गरेर प्रभावकारी रूपमा उपस्थापन गर्ने क्षमता कवि अजम्बरध्वज खातीलाई प्राप्त छ ।'[७] यिनका हालसम्म प्रकाशित कृतिहरू निम्न छन्-

१. कथा त बटौलीसँग छ (यात्रा काव्यको अंश, २०५९)

२. ठूली (गीतिकाव्य २०५९)

३. अझै खैंजडी बजेको बज्यै छ (काव्य २०६१)

४. पाइलाका डोबहरू, सारङ्गीका बाडुलीहरू (गीति कवितासङ्ग्रह २०६१)

५. आँसु बेनीको (गीति कविता २०६२)

---

२ ऐजन ।

३ अजम्बरध्वज खातीको काव्य '**अझै खैजडी बजेको बज्यै छ**' को पछिल्लो पृष्ठमा उल्लेख भए अनुसार ।

४ ऐजन ।

५ ऐजन ।

६ अजम्बरध्वज खातीको गीतिकवितासङ्ग्रह '**पाइलाका डोबहरू**, सारङ्गीका बाडुलीहरू' को भित्री आवरण पृष्ठमा उल्लेख भएनुसार ।

७ अजम्बरध्वज खातीको गीतिकविता '**आँसु बेनीको**' को पछिल्लो पृष्ठमा उल्लेख भएनुसार ।

यीबाहेक खातीका ‘माइली’ (खण्डकाव्य), ‘लखन मिस्त्री’ (लघुकाव्य), ‘यस्तै रैछ जिन्दगी यस’ (झ्याउरेमा खण्डकाव्य), ‘अस्ताएका ताराहरू’ (शोककविताहरू), ‘झटारो’ (समसामयिक आलोचनात्मक लेखहरू) र ‘सम्झनाको तरेलीमा’ (संस्मरणहरू) प्रकाशनोन्मुख देखिन्छन् । सधैं एकान्तमा हुँदा लेखनाथ, देवकोटा, सम र घिमिरेका कविताहरू लयवद्ध गाउने यी कविले आफ्नै कविताहरू पनि प्रशस्तै गाएका छन् । उनको १७/१८ बर्षको उमेरसम्ममा थुप्रै फुटकर रचनाहरू तत्कालीन पत्रपत्रिकाहरू ‘भारती’ (कालिङ्पोङ), ‘उदय’ (वाराणसी)’ ‘छात्रदूत’, ‘छात्रवाणी’ र ‘छात्र’ ( वाराणसी), ‘उपहार’ ‘मुना’ मा प्रकाशित भएका फेला पर्छन् ।[८] २०२० देखि यी कवि त्यतिसारै देखिएनन् तर कहिले कहिले समीक्षा, ‘जुनकिरी’, ‘सिर्जना’, ‘लुम्बिनी’, जनसंघर्ष’ र ‘नयाँ दिशा’ हरूमा देखिंदा कवितामा उनको प्रस्तुति सशक्त देखिन्छ । २०२७ तिर लेखेको ‘अशोक स्तम्भ’ र २०४० सम्म आइपुग्दा लेखिएका कविताहरू सबै पक्षबाट उच्च देखिन्छन् । अझ युद्ध बारेको उनको कविता नेपाली साहित्यमा नौलो भने हुन्छ ।[९] सूर्यबहादुर सेनका अनुसार अजम्वरध्वज खातीलाई युगकवि सिद्धिचरण श्रेष्ठले पाँच पन्ना लामो पत्र लेखेर कवितासिर्जना गर्न प्रेरित गरेका थिए ।[१०] सेनका अनुसार युगकविले सो पत्रमा निम्न कुराहरू लेखेका थिए ‘अजम्वर तिमी फुल्ने फूल हौं । फुल्न लागेका कोपिला हौ । मङमङ बसाउने बासना छर्दै फूल ..... ।’[११]

कविताका सम्बन्धमा कवि अजम्बरध्वज खाती भन्छन्- “रसको अनुभूतिले मान्छेको मुटु पग्लियस भने यसले बाह्य रूपमा अभिव्यक्ति पाउँदा कलाको रूप पाउँछ । लालित्यमय शब्दका हारीमा गूढ अर्थ गुँथिएर अभिव्यक्तिमा पूर्ण उत्कृष्ट चमक, दमक र आकर्षण पाउँछ । त्यस चमकदमकपूर्ण उत्कृष्ट आकर्षणको अभिव्यक्ति हो कविता ।’[१२]

कवि अजम्बरध्वज खातीको यात्राकाव्य 'कथा त बटौलीसँग छ' गद्यलयमा रचित छ । यस यात्राकाव्यमा कविले आफ्नो बालहृदयमा रसाउने र आफ्नो हिउँदको पहाडमा बसाउने बटौलीको अतीत सम्झनामा तानेर बटौलीलाई कवितामा सजाएका छन् ।

---

८ गमला बस्नेत, ‘यति मलाई भन्नै मन लाग्यस’, **कथा त बटौलीसँग छ**, (बुटवल : अजम्वरध्वज खाती, २०५९), पृष्ठ छैन ।

९ ऐजन ।

१० सूर्यबहादुर सेन, युगकविको वात्सल्य पाएको कवि, आँसु बेनीको (बुटवल : अजम्वरध्वज खाती,२०६२), पृष्ठ १ ।

११ ऐजन ।

१२ अजम्वरध्वज खाती, ‘लेखकको कलमबाट’, **‘पाइलाका डोबहरू, सारङ्गीका बाडुलीहरू’**, (बुटवल : कवि स्वयम्, २०६१), पृष्ठ छैन ।

आज बटौलीबाट बुटवल भएको यस सहरको नाम सम्पन्नताले नरुचाएर फेरेको हो, कथा त बटौलीसँग छ र, व्यथा पनि बटौलीसँग छ भन्दै कवि भन्छन्-

विषम औलो, हैजा र प्लेगले
शेष ऋतुमा बास गर्थ्यो
यही भयले
अरू ऋतु बटौलीमा त्रास हुन्थ्यो ।[१३]

रिस, आवेग र आक्रोसमा तम्तमाएको वर्तमानलाई रमाइलो विगत सुनाउँदै कवि भन्छन्-

त्यस बाटो जहाँबाट बटौली आउँथे
बटौलीबाट फर्कन्थे
त्यस रमाइलोमा
मेरो वर्तमान निस्सासिएर रोएको छ
खोजेर पाइन्न रे अब
मनमा सुनो लागेको छ ।[१४]

कवि खातीको गीति खण्डकाव्य 'ठूली' का सम्बन्धमा राष्ट्रकवि माधव घिमिरे भन्छन्- 'यसको लय लोकलय नै हो । भावप्रकाशनको शैली पनि लोकशैली नै हो । यसमा भिन्नता के छ भने लोककविले भावको विस्तार गर्न र त्यही भावलाई भिन्नभिन्न शैलीमा भन्न सक्दैन, तर कवि खातीले त्यस कुरा सहजै सम्पन्न गर्न सकेका छन् ।'

'अझै खैंजडी बजेको बज्यै छ' काव्यमा सम्बन्धमा जगत्बहादुर जोशीको कथन छ- "विगतकालका भौतिक तथा सामाजिक स्थिति, तिनका स्वस्थ तथा सकारात्मक पक्ष एवं तिनका नकारात्मक विकृतिपूर्ण पक्ष दुवै पक्षको चित्र नयाँ युवापुस्ताका आँखासामुन्ने उभ्याउन काव्यका रचयिता खाती चुकेका छैनन् ।[१५]

'अझै खैजडी बजेको बज्यैं छ' गीतिकाव्यमा कविले पहाडवासीहरू सामन्तहरूको थिचोमिचोमा परेर मधेश, झरी, घाम, गर्मी, औलो र पसिना खपेर अनि धरतीसँग मितेरी लगाएरु नेपाली समाजको निर्माण गरेको तथ्यलाई आफ्नो विषय बनाएका छन् । यस काव्यका नायक एउटा बूढा हुन् । ती बूढा

---

[१३] ऐजन, पृष्ठ ३ ।

[१४] ऐजन, पृष्ठ ५ ।

[१५] जगत्बहादुर जोशी, 'यस्तै सृजनात्मक कृतिहरू निरन्तर प्राप्त भइरहन सकोस्', अझैं खैजडी बजेको बज्यै छ, ( बुटवल : अजम्वरध्वज खाती, २०६१), पृष्ठ ग ।

बाजे पुराना पुस्ताका भए पनि उनी नवनिर्माणका प्रतीक हुन् । यिनले विक्रमको एक्काइसौँ शताब्दीमा नेपालीहरूको बसाइँसराइको इतिहास दिएका छन् । पहाडी मूलका नेपालीहरू यस शताब्दीमा यहाँ जमिनदार, शोषक र सामन्तका रूपमा होइन, कर्मवीर, परिश्रमी र निर्माणमुखी नेपालीका रूपमा चित्रित छन् । बूढाको खैजडी नेपाली अस्तित्वको द्योतक हो, नेपाली संस्कृतिको प्रतीक हो । जहाँजहाँ नेपालीहरू गएका छन्, त्यहाँ खैँजडी पुगेको छ ।[१६]

कवि खातीका कवितामा स्थानीय भाषिकाका विशेषता पनि पाइन्छन् । विशेष गरी यिनका रचनामा केही स्थानीय शब्द र प्रयोग छन् । कर्ताकारक 'ले' विभक्ति, अकर्मक क्रिया र वर्तमान कालमा पनि पाल्पाली भाषिका पाइन्छ । त्यस्ता केही प्रयोग खातीका कवितामा देख्न पाइन्छ । यस कुनै व्याकरणिक त्रुटि होइन, त्यस क्षेत्रका भाषिकाको विशेषता हो ।[१७]

६ परिच्छेदमा संरचित 'अझै खैजडी बजेको बज्यै छ' गीतिकाव्यमा झ्याउरे भजन र चुड्का लयका विविध गीतिकविताहरू छन् । दोस्रो परिच्छेदमा थप शीर्षकहरू समावेश गरिएका छन् र अन्तमा उपसंहार दिइएको छ । नेपाली जाति जहाँ पुगे पनि आफ्नो संस्कृति साथै लिएर जान्छ र त्यही संस्कृतिले नेपालीलाई जीवन्त तुल्याएको हुन्छ भन्ने सन्देशलाई समेत यस काव्यले व्यक्त गरेको छ ।[१८]

यस खण्डकाव्यको कथावस्तु अत्यन्त छोटो छ । पहाडका किसान जिम्वालका शोषणका पद्धति अनुसार बर्सैभरि काम गर्दा पनि भोकै,नाङ्गै, रोगी र अशिक्षित रहिरहन्छन् । एक दिन एक जना ८० बर्षे बूढाले त्यस गाउँका जम्मै किसानहरूलाई पहाड छोडेर तराईको मैदान आवाद गर्न मधेश झर्ने आह्वान गर्छन् । गाउँलेहरूबीच अनेक मतमतान्तर हुन्छ तर अन्तमा अधिकांश किसानहरू ती बूढाको नेतृत्वमा तिनाउ खोला नजिकको मधेसमा ओर्लन्छन् । सुरुका दिनमा उनीहरूलाई धेरै नै दुःख कष्ट हुन्छ । उनी खैँजडी बजाउँदै बालक किसानहरूलाई भुलाउँछन् । पछि क्रमशः ती किसानहरूको सम्पन्नताले आफ्नो नयाँ जीवनको नक्सा देखाउन थाल्छ । यत्तिकैमा एकदिन ती बूढा एक्कासी मर्छन् र सम्पूर्ण किसानहरू बेसहारा हुन्छन् । उनीहरू निरास हुन्छन् । कैयन्ले त अब भारततिर बसाइ सर्ने हो कि भन्ने कुरा पनि झिक्छन् । तर ती बूढाको सद्गत गरेको केही समयपछि किसानहरू फेरि त्यस्तै खैँजडी बजेको र भजन गाएको स्वर सुन्छन् । त्यहाँ १२/१४ बर्षका केटाकेटीहरूले तिनै बूढा

१६ प्रा. डा. चूडामणि बन्धु, 'कवि अजम्वरध्वज खाती र उनको काव्य '**अझै खैंजडी बजेको बज्यै छ**', अझै खैँजडी बजेको बज्यै छ, पूर्ववत्, पृष्ठ च-ज ।

१७ ऐजन ।

१८ प्रा. गोपीकृष्ण शर्मा, 'खैजडी भित्र बजेको नेपाली संस्कृति', अझै खैँजडी बजेको बज्यै छ, पूर्ववत्, पृष्ठ त-थ ।

बाजेको खैँजडी बजाएको अनुभव गर्छन् । त्यस गीतमा नयाँ युगलाई हाँक्ने सन्देश हुन्छ र त्यस भजन सुनेपछि सम्पूर्ण किसानवस्ती पुनः जाग्रत बन्दछ र कतै नगई त्यहीँ बसेर आफ्नो जीवनलाई हाँक्न तयार हुन्छन् ।

यस काव्यको चिन्तन कुनै हवाइ कल्पनाको आधारमा उभ्याइएको छैन तर जीवनको संघर्षमय अग्रगति र आफ्नो इतिहास र संस्कृतिको सकारात्मक पक्षलाई कहिल्यै पनि नबिर्सने आह्वानमा अगि सारिएको छ ।[१९] प्रत्येक मुलुकको संस्कृतिमा कतिपय अनुभवी पुर्खाका सकारात्मक अग्रगामी विचारहरू हुन्छन् जसलाई युवा र किशोर पुस्ताले कहिल्यै पनि बिर्सनु हुँदैन भन्ने कविको आफ्नो विश्वास देखिन्छ । [२०]

मोफसलमा रहेर लामो समय साहित्यमा साधनारत साहित्यिक व्यक्तित्वको नाम नै अजम्वरध्वज खाती हो । नेपाली मुटुमा रहेका लोकसुसेलीहरूलाई मधुर लयमा पाठकहरूसमक्ष पुऱ्याउनु यिनको विशेषता हो । उनको कवितायात्रा हेर्दा मूलतः उनी गीतिकाव्यतर्फ बढी आकर्षित छन् तर उनका गद्यकवितामा जुन शिल्पी र भावगत प्रौढता पाइन्छ, त्यस्तो सबलता गीतिकाव्यमा अपेक्षाकृत कम भेटिन्छ ।

### ४.१.२. अर्जुन ज्ञवाली

अर्जुन ज्ञवालीको जन्म वि.सं. २००७ वैशाख ७ गते अर्घाखाँची जिल्लाको चिदिका गा.वि.स. वडा नं. ७ ठूलाखर्कमा बुवा खुमानन्द र आमा चोलाकुमारीका कोखबाट भएको हो । [२१] स्थानीय विद्यालयबाट शिक्षा आरम्भ गरेका ज्ञवालीले वाराणसीबाट नेपाली विषयमा स्नातकोत्तर पूरा गरेका छन् । वि.सं. २०२२ मा रूपन्देही आए पनि उनी बुटवलका नभई मणिग्रामका वासिन्दा हुन् । उनले वि.सं. २०२४-२०३२ सम्म 'लुम्बिनी सन्देश साप्ताहिक' को सम्पादन गरेका हुन् । 'साथी हाकिम भएछ' कविताबाट साहित्ययात्रा आरम्भ गरेका ज्ञवाली 'फिचर लेखन' मा परिचित छन् । उनका फुटकर गद्यरचनाहरू विभिन्न पत्रपत्रिकामा छापिएका छन् । खास गरी बुटवलको साहित्येतर गद्यलेखनमा उनको कलम क्रियाशील छ । उनको हालसम्म प्रकाशित कृति हो-

१. 'समय सारथी' - (सामयिक सङ्कलन- २०५३)

---

१९ आनन्ददेव भट्ट, 'कवि खातीज्यूप्रति एक उद्‌गार', अझै खैँजडी बजेको बज्यै छ, पूर्ववत्, पृष्ठ झ-ट ।

२० ऐजन ।

२१ अर्जुन ज्ञवालीले बुटवलमा शोधार्थीलाई दिएका जानकारीअनुसार ।

कुनै पनि घटनाप्रतिको यथार्थता र आफ्नो दृष्टिलाई एकैपटक टिपेर पाठकसमक्ष पुऱ्याउने ज्ञवालीका सुसूचित पार्दै आफ्नो सन्देश पनि दिएका छन् । वि.सं. २०५२ मङ्सिरदेखि २०५३ मङ्सिरसम्म 'लुम्बिनी दैनिक' पत्रिकाको 'समय सारथी' स्तम्भमा प्रकाशित २६ वटा समसामयिक घटनाक्रमहरूका बारेमा टिप्पणी गरिएका रचना ज्ञवालीको उक्त सङ्ग्रहमा सङ्गृहीत छन् ।

### ४.१.३. अजित खनाल

अजित खनालको जन्म वि.सं. २०२६ फाल्गुण १० गते अर्घाखाँची जिल्लाको पाली गा.वि.स वडा नं. ८ रिखापोखरामा बुवा ईश्वरीप्रसाद खनाल र आमा पीतकला खनालको कोखबाट भएको हो । उनी वि.सं. २०४३ भाद्रदेखि बुटवलमा बस्न थालेका हुन् ।[२२] नेपाली साहित्यको अध्ययन र अन्वेषणमा रुचि राख्ने खनालले 'पिटे पनि आमा जाति, पोले पनि घामै जाति' (दैनिक जनसङ्घर्ष २०४८) शीर्षकको लेखबाट साहित्य लेखनको आरम्भ गरेका हुन् । साहित्य सङ्गम बुटवलको पहिलो संयोजक तथा ज्ञानज्योति पुस्तकालय बुटवलको सचिव समेत भएका खनालका स्थानीय पत्रपत्रिकामा कथा, कविता र लेखरचना छापिएका छन् । यिनले स्नातक तहको दोस्रो बर्षमा सृजनात्मक लेखन अन्तर्गत 'खुला आकास' (कथासङ्ग्रह- २०४९) लेखेका हुन् । नेपाली विषयमा स्नातकोत्तरसम्मको अध्ययन पूरा गरेका अजित खनाल प्राध्यापन पेसामा संलग्न छन् । उनको हालसम्म कुनै पुस्तकाकार कृतिहरू प्रकाशित छैनन् ।

### ४.१.४. अनुपम रोशी

अनुपम रोशीको न्वारनको नाम लक्ष्मी क्षेत्री हो । यिनी वि.सं. २०४१ माघ ८ गते रूपन्देही जिल्लाको रुद्रपुरमा पिता रत्नबहादुर क्षेत्री र माता कृष्णकुमारी क्षेत्रीका कोखबाट जन्मिएकी हुन् ।[२३] 'मेरो हिमाल' कविता लेखेर साहित्ययात्रामा प्रवेश गरेकी अनुपम रोशी विद्यार्थी हुन् । 'गजल सागर नेपाल', 'बुटवल साहित्य सङ्गम' र 'साधना साहित्य सङ्गम' जस्ता संस्थाहरूसँग सम्वद्ध रहेकी अनुपम रोशीले 'शब्ददीप' साहित्यिक त्रैमासिकमार्फत सम्पादन र प्रकाशनमा पनि जाँगर देखाएकी छन् । यिनले पाठ्यक्रम विकास केन्द्रद्वारा वि.सं. २०५९ मा आयोजित कविता प्रतियोगितामा प्रथम पुरस्कार पाएकी हुन् । यिनको प्रकाशित कृति हो-

१. 'आकाङ्क्षाको फूल मेरो' (गजल सङ्ग्रह-२०६२)

---

२२ अजित खनालले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

२३ अनुपम रोशीले माघ ८ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

यिनी बुटवलकै वासिन्दा नभए पनि बुटवलमा हुने साहित्य गोष्ठीहरूमा यिनको सहभागिता उल्लेख्य देखिएकाले यस शोधकार्यमा उनलाई बुटवलकै स्रष्टाका रूपमा लिइएको छ ।

### ४.१.५. अमर इक्वल

अमर इक्वलको न्वारनको नाम अमर थापा हो । अमर इक्वलको जन्म सन् १९८१ जनवरी २६ तारिखका दिन भारतको त्रिपुरामा पिता भीमबहादुर थापा क्षेत्री र माता भूमिदेवी थापा क्षेत्रीका कोखबाट भएको हो ।[२४] वि.सं. २०४५ देखि स्थायी रूपमा बुटवलमा बसोबास गर्दै आएको अमरको 'इक्वल' उपनामले 'समान' भन्ने अर्थको बोध गराउँछ । हाल स्नातक तहमा अध्ययनरत इक्वलले वि.सं. २०५८ को नयाँ राज्यसत्ता साप्ताहिकमा 'बाध्यता' शीर्षकको कविता छपाएर औपचारिक रूपमा साहित्ययात्रा आरम्भ गरेका हुन् । मानव भई जन्मेपछि आफ्ना लागि मात्र नबाँची अरूका लागि पनि बाँच्नुपर्छ भन्ने उद्देश्यले साहित्य क्षेत्रमा प्रवेश गरेको बताउने अमर इक्वलमा फुटकर कविता, कथा र लेखरचनाहरू राजधानी, सत्यकथा, विमोचन, जनसंङ्घर्ष, लुम्बिनी, भावना, बुटवल टुडे, मेचीकाली लगायतका पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । गजल सागर नेपाल र साहित्य सङ्गम बुटवलका कार्यक्रमहरूमा नियमित रूपमा उपस्थित हुने इक्वल साहित्य सङ्गम बुटवलवको १०४ औ श्रृङ्खलाका संयोजक पनि भएका थिए । टिमभिजन संस्थाबाट प्रकाशित भित्तेपत्रिका 'पाइला' को सम्पादक समेत भएका इक्वल 'नयाँ जीवनको लागि हातेमालो कार्यक्रम' का प्रतिवेदनहरूका लागि समाचार सङ्कलन समेत गर्दछन् भने बुटवलका विभिन्न कार्यक्रममा उद्घोषण गरेवापत पुरस्कृतसमेत भएका छन् । उनका कुनै पनि पुस्तकाकार रचना प्रकाशित छैनन् ।

### ४.१.६. अमृता पाण्डेय 'अनमोल'

अमृता पाण्डेय 'अनमोल' को जन्म वि.सं. २०४१ मा पिता झविलाल पाण्डेय र माता बालकुमारीका कोखबाट अर्घाखाँचीको केरुङ्गामा भएको हो । २०५६ देखि बुटवलमा बसोबास गर्दै आएकी पाण्डेय विद्यालयमा अध्ययन गर्दादेखि नै साहित्यसिर्जना गर्ने गरेको बताउँछिन् । 'कोपिला' शीर्षकको कविता वि.सं २०४८ मा प्रसारित गरी साहित्य यात्रामा प्रवेश गरेकी अनमोल बी.एड. मा अध्ययनरत छिन् । उनी गजल सागर नेपाल र गजल सागर द्वैमासिकसँग पनि सम्बद्ध छिन् । विद्यालयस्तरीय विभिन्न साहित्यिक कार्यक्रममा पुरस्कृत समेत भएकी पाण्डेयका थुप्रै फुटकर कविता, गीत, गजलहरू 'जितगढी', 'गजल सागर', 'शब्ददीप', 'जनसंङ्घर्ष' आदि पत्रपत्रिकामा प्रकाशित भएका छन् । बुटवलमा हुने साहित्यिक कार्यक्रममा नियमित रूपमा सहभागी हुँदै आएकी पाण्डेयका कवितामा समाजका नराम्रा पक्षहरूको चित्रणका साथै नारी समस्यालाई प्रस्तुत गरेको पाइन्छ ।

---

[२४] अमर इक्वलले फागुन १९ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

### ४.१.७. ईश्वरीप्रसाद गैरे

ईश्वरीप्रसाद गैरे वि.सं. २०२५ मा पाल्पा जिल्लाको अर्गलीमा जन्मेका हुन् ।[२५] उनका बाबुको नाम शिवप्रसाद गैरे र आमाको नाम कौशिला गैरे हो । उनी वि.सं. २०३८ देखि रूपन्देहीवासी भएका हुन् । स्थानीय विद्यालयबाट एस.एल.सी. उत्तीर्ण गरेका गैरेले त्रि.वि. कीर्तिपुरबाट नेपाली तथा हिन्दीमा एम.ए. सम्मको अध्ययन पूरा गरेका हुन् । हाल उनी नेपाली केन्द्रीय विभागमा उप-प्राध्यापकका रूपमा रही प्राध्यापन गर्दै आएका छन् । वि.सं. २०४५ मा 'चम्चमाउँदो चाँदनी चाहिन्छ' कविता लेखेर उनले साहित्य लेखनको आरम्भ गरेका हुन् । उनको पहिलो प्रकाशित कविता 'यहाँ दिन रोगाएको छ' हो । उनका थुप्रै लेख, निबन्ध, समालोचनाहरू पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनका केही कवितासङ्ग्रह प्रकाशोन्मुख छन् ।

### ४.१.८. इन्दिरा आचार्य

इन्दिरा आचार्यको न्वारनको नाम इन्दुकुमारी आचार्य हो । यिनी ऋषि आजाद र विमला आचार्यका कोखबाट वि.सं. २०४४ कार्तिक २९ गते अर्घाखाँची जिल्लाको रोकाचौरमा जन्मिएकी हुन् ।[२६] वि.सं. २०६० देखि बुटवलको मिलनचौक-११ मा स्थायी बसोबास गर्दै आएकी इन्दिरा आचार्यको पहिलो रचना २०६१ को 'दैनिक मेचीकाली' मा प्रकाशित 'पिचरोडको बीचबाट चिठ्ठी' कविता हो । आई.ए., आई. एड. सम्मको शिक्षा पूरा गरेकी इन्दिरा आचार्य समाजमा क्रान्तिकारी परिवर्तनका लागि साहित्य लेख्ने बताउँछिन् । बुटवलबाट प्रकाशित हुने 'लुम्बिनी,' 'भावना', 'मेचीकाली' आदि दैनिक पत्रिकाहरूमा उनका लेख रचना, फुटकर कविता र कथाहरू प्रकाशित छन् । उनले २०५८ मा कविता प्रतियोगितामा द्वितीय भएर पुरस्कार समेत पाएकी हुन् ।

### ४.१.९. इन्दिरा अर्याल

इन्दिरा अर्याल वि.सं. २०३४ मा पाल्पा जिल्लाको गल्धा गा.वि.स.मा जन्मेकी हुन् ।[२७] वि.सं. २०५४ देखि बुटवलमा बसोबास गर्दै आएकी इन्दिरा अर्याल हाल रेडियस लुम्बिनी मणिग्राममा साहित्यिक कार्यक्रम सञ्चालन गर्छिन् । वि.सं. २०५४ मा 'लुम्बिनी दैनिक' मा 'खबरदार' शीर्षकको कविता प्रकाशित गरेर साहित्ययात्रारम्भ गरेकी इन्दिरा अर्यालका फुटकर कवित, गीत, गजलहरू

---

२५ सालिकराम पौड्याल, पूर्ववत्, पृष्ठ १६७ ।

२६ इन्दिरा अर्यालले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

२७ इन्दिरा आचार्यले माघ ८ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । उनी 'सिर्जनशील पुरस्कार' (२०५२) पाल्पाबाट सम्मानित भएकी छन् । महिला उत्थान, नारीका पीडा र व्यथा आदि विषयमा उनका रचनाहरू केन्द्रित छन् ।

### ४.१. १०. उदय विभात

उदय विभातको न्वारनको नाम शम्भु कार्की हो । यिनी केही समय साझा प्रकाशन बुटवलका शाखा अधिकृत रहेका हुन् ।[२८] प्रजातन्त्र प्राप्तिपछि पनि मुलुकमा कायमै रहेको भ्रष्टाचार, घुसखोरी, अनियमितता, आर्थिक असमानता आदिलाई कवितामार्फत प्रतीकात्मक अभिव्यक्ति दिने उदय विभात बुटवलका एक महत्त्वपूर्ण कवि-व्यक्तित्व हुन् । उदय विभातको प्रकाशित कृति हो-

१. 'यसरी बन्दछ एउटा कविता' (कवितासङ्ग्रह २०४८)[२९]

यस सङ्ग्रहमा 'यसरी बन्दछ एउटा कविता', फूलमती', 'विज्ञप्ति', 'प्रश्न', (चोर' लगायतका २१ वटा कविताहरू सङ्गृहीत छन् । यिनका कविताहरू प्रगतिवादी मान्यताबाट प्रभावित छन् र ती मान्यतालाई अनेक बिम्ब र प्रतीकको प्रयोग गरी अभिव्यक्ति दिने काम उनका कविताहरूमा भएको छ । 'विरोधपत्र नयाँ बर्षलाई' शीर्षकको कवितामा कवि विभात भन्छन्-

तर तिमी
साहुजीहरूको कन्तुरमा मात्र आयौ
आफूसँगै मूल्यको वृद्धिलाई अँगालेर
तिमी नेताहरूको भाषणमा मात्र आयौं
आफूसँगै आश्वासनका रासहरू सँगालेर ।[३०]

यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा 'तमसोमा ज्योतिर्गमय' जस्ता संस्कृत उक्तिहरू, साक्षी, संस्कार, अतिथि जस्ता तत्सम् शब्दहरू तथा 'जेठान', 'ज्युधन' जस्ता नेपाली झर्रा शब्दहरूका साथै 'सार्क', 'डिनर' जस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग भएको देखिन्छ भने गद्यकविताभित्रको लयपक्ष सशक्त रहेको पाइन्छ । यस सङ्ग्रहका सबै कविताहरू गद्यलयमा रचिएका छन् भने नेपाली जीवनका गरिबी, बेरोजगारी, महङ्गी र राजनीतिक भ्रष्टता आदिलाई विषयवस्तु बनाइएको छ । जम्मा ४२ पृष्ठको यस कवितासङ्ग्रहपछि उदय विभातको कवितायात्रा ठप्प भएको देखिन्छ ।

---

२८ दिल साहनीले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

२९ ऐजन ।

३० दिल साहनीले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

### ४.१.११. **ओमप्रकाश भण्डारी**

ओमप्रकाश भण्डारी (ओम क्षितिज) को जन्म २०३८ पुष १७ गते जगत्रदेवी-७ बटुवा स्याङ्जामा पिता धनप्रसाद भण्डारी र माता केशरीदेवी भण्डारीका कोखबाट भएको हो । 'नयाँदिशा दैनिक' (२०५८) मा कविता छपाएर साहित्ययात्रारम्भ गर्ने ओमप्रकाश भण्डारीले स्नातक तहसम्मको शिक्षा आर्जन गरेका छन् । समाजपरिवर्तन र आत्मसन्तुष्टिका लागि साहित्य लेख्ने भण्डारी 'गजल सागर नेपाल' का सहसचिव हुन् भने 'वाणिज्य साहित्य समाज' लुम्बिनी वाणिज्य क्याम्पस बुटवलका संस्थापक अध्यक्ष हुन् । यसका साथै उनी 'दीप दर्पण साहित्य मञ्च' का सचिव र प्रगतिशील लेखक सङ्घका साधारण सदस्यसमेत हुन् । वि.सं. २०५६ देखि बुटवल-९ दीपनगरमा बसोबास गर्ने ओमप्रकाश भण्डारी १२९ औं मोतीजयन्तीका अवसरका बुटवल साहित्य सङ्गमले आयोजना गरेको गजल प्रतियोगितामा प्रथम भएका हुन् । विभिन्न पत्रपत्रिकामा उनका गजल तथा कविताहरू प्रकाशित छन् ।[३१]

### ४.१.१२. **ऋषिराम भूसाल**

ऋषिराम भूसालको जन्म वि.सं. २०१३ फाल्गुण १७ गते स्याङ्जा जिल्ला पिडीखोला गा.वि.स वडा नं. ९ सल्यान डाँडामा पिता जगन्नाथ भूसाल र माता झवीसरा भूसालका कोखबाट भएको हो । यिनी बुटवलका बासिन्दा नभए पनि वि.सं. २०२९/३० तिर बुटवलको लुम्बिनी कलेजमा आई.ए. तहको अध्ययन गरेका हुन् । यिनले तानसेनको त्रिभुवन बहुमुखी क्याम्पसबाट स्नातक र कीर्तिपुरबाट नेपाली विषयमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेका छन् । यिनी वि.सं. २०२२ देखि रूपन्देही जिल्लाको मणिग्राममा स्थायी बसोबास गर्न थालेका हुन् ।[३२] हाल उनी बुटवल बहुमुखी क्याम्पसमा प्राध्यापन गरिरहेका छन् । वि.सं. २०३१ तिर 'स्वतन्त्र चरा' कविताबाट साहित्ययात्रा आरम्भ गरेका भूसालका विभिन्न पत्रपत्रिकाहरूा लेखरचनाहरू प्रकाशित छन् । विद्यालयमा हुने साहित्यिक कार्यक्रमबाट प्रेरणा मिलेको बताउने भूसालले कविता, कथा, निबन्ध र समालोचनात्मक लेखहरू लेखेका छन् । यिनी 'जीतगढि' साहित्यिक त्रैमासिक (२०५९) का सल्लाहकार तथा 'शब्ददूत' .(२०६१) साहित्यिक पत्रिकाका प्रधानसम्पादक हुन् । उनका प्रकाशित कृति हुन् -

१. सृजनाका स्वरहरू (संयुक्त कवितासङ्ग्रह- २०४५)

२. मट्याङ्ग्रा (संयुक्त अणु कवितासङ्ग्रह २०४६)

---

३१ माघ ८ गते ओमप्रकाश भण्डारीले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

३२ ऋषिराम भूसालले फागुन १३ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

३. हुरी चल्नु अघि (कवितासङ्ग्रह २०४९)

४. पत्रकारिताको रूपरेखा (सहलेखन २०५०)

५. लोकतन्त्रको शङ्खनाद (संयुक्त कवितासङ्ग्रह २०६२)

'सृजनाका स्वरहरू' संयुक्त कवितासङ्ग्रह २०४५ मा सिद्धार्थ साहित्य परिषद् भैरहवाले प्रकाशित गरेको हो । यसमा ऋषिराम भूसाललगायत आठजना कविहरूका कविता सङ्कलित छन् । यसमा कवि भूका 'पुष्पाञ्जली गौतम बुद्धलाई', 'सहर', 'आशीर्वाद एक थुँगा फूल', 'दीपावली मध्यरातको एकान्तमा' र 'गीत आफ्नै गाइनेप्रति' जस्ता पाँचवटा कविताहरू छन् । यस सङ्ग्रहका पाँचवटै कविताहरू कविको 'हुरी चल्नु अघि' कवितासङ्ग्रहमा पनि सङ्कलित छन् । यस सङ्ग्रहमा सङ्गृहीत कवि भूसालका कविताहरू सरल-सहज भाषाशैलीमा लेखिएका सुबोध्य छन् ।

'मट्याङ्ग्रा' अणु कवितासङ्ग्रह २०४६ मा वाराणसीबाट जीवनचन्द्र शर्माले प्रकाशन गरेका हुन् । यसमा ऋषिराम भूसाल, दिल साहनी र बूँद रानाका ४९ वटा कविताहरू छन् । यस सङ्ग्रहमा भूसालका 'मट्याङ्ग्रा', 'हार्दिक नमस्कार', 'विवशताको नमस्कार', राष्ट्रवाद जिन्दावाद', 'हार्दिक नमस्कार', 'विवशताको नमस्कार', 'राष्ट्रवाद जिन्दावाद', 'हरियो चस्मा' जस्ता चौधवटा अणुकविताहरू छन् । 'आजको जस्तो व्यस्त जीवनमा यस किसिमका कथा, कविता, नाटक आदिको ठूलो महत्त्व भएको थोरैमा धेरै कुरा भन्दा भरसक समाजोपयोगी कुरा पर्न गए सुनमा सुगन्ध थपिने कुरामा यस सङ्ग्रहका लेखकहरूको विचारैक्य देखिन्छ ।' [३३] यसैले यस सङ्ग्रहका अणु कवितामा कविले आफ्नो अनुभूतिलाई अति सङ्क्षिप्त, व्यङ्ग्यात्मक भाषाशैलीमा व्यक्त गर्दै सामाजिक विसङ्गति र राजनीतिक विकृतिको भण्डाफोर गरेका छन् । मुक्तलयमा रचिएका यस सङ्ग्रहका छोटा कविताहरू प्रतीकात्मक छन् । तत्कालीन शासन व्यवस्थाको उकुसमुकुस र व्यक्तिगत स्वतन्त्रतामाथिको हस्तक्षेपलाई कविले यस सङ्ग्रहका कवितामा यसरी व्यक्त गरेका छन्-

वेदनाको रात त्यसै रोई जाँदैन
सृजनाको बिहानी आफै आउँदैन
खेल्नुपर्छ कष्टसँग हार नमानी
नाश हैन सृजनाको हान मट्याङ्ग्रा
जिन्दगी यस गुलेली हो ठोक मट्याङ्ग्रा[३४]

---

[३३] मट्याङ्ग्रा पार्नेहरू, दुई शब्द, **मट्याङ्ग्रा**, (वाराणसी : जीवनचन्द शर्मा, २०४६), पृष्ठ छैन ।

[३४] ऋषिराम भूसाल र अन्य, मट्याङ्ग्रा, पूर्ववत्, पृष्ठ ४१ ।

'हुरी चल्नु अघि' कवितासङ्ग्रह जगन्नाथ भू (मणिग्राम-३ रूपन्देही) ले २०४९ वैशाखमा प्रकाशनमा प्रकाशन गरेको कवि भूसालको तेस्रो प्रकाशित कृति हो । यसमा 'सृजनाका स्वरहरू', (२०४५) मा छापिइसकेका ५ वटा कविता र 'देश आशौच बार्दछ,' 'हामी हिँडिरहेछौं, हामी लडिरहेछौं, 'विदा हुन्छौं हामी सङ्कल्प बोकेर, 'क्रान्ति' आदि ३८ वटा कविताहरू सङ्कलित छन् । वि.सं. २०३१ देखि २०४६ सम्ममा लेखिसकिएका कविताहरू हुनाले यस सङ्ग्रहले २०४६ को जनआन्दोलनपूर्वको समयलाई पृष्ठभूमि बनाएको छ । यस सङ्ग्रहमा परेका कविताहरू खलिहान त्रैमासिक (२०४३), समालोचना साप्ताहिक (२०३९), युगधारा साप्ताहिक, आलोक मुखपत्र (२०४२), आवाज मासिक (२०४४) आदि पत्रपत्रिकामा समेत प्रकाशित देखिन्छन् ।

यस सङ्ग्रहमा सङ्कलित कविताहरू प्रगतिवादी साहित्यलेखनको कित्तामा उभिएका छन् । यस सङ्ग्रहका कविता मार्क्सवादी सौन्दर्यदर्शनबाट प्रभावित छन्  'तारासँग' शीर्षकको कवितामा कवि भन्छन्-

'लेखिन्छ इतिहास जब जनताका नाउँमा
त्यही जीतको गीत गाएर म नाच्नेछु
ए ताराहरू ! तिमीसँगै फेरि फेरि म हाँस्नेछु ।[३५]

'हुरी चल्नुअघि' शीर्षकबाटै सङ्केत मिल्छ, यसमा २०४६ को जनआन्दोलन अघि रचिएका कविताहरू सङ्कलित छन् ।

'लोकतन्त्रको शङ्खनाद' (२०६२) ऋषिराम भूसाल, दिल साहनी, बूँद राना लगायत ६ जना कविहरूको संयुक्त कवितासङ्ग्रह हो । नागरिक जागरण अभियान नेपाल रूपन्देहीले प्रकाशित गरेको यस सङ्ग्रहमा कवि भूसालका 'इतिहासका प्रायोजित मिथकहरू', 'इन्साफ मागिरहेछु कीर्तिपुरको थुम्काबाट', 'अटेरी मन', 'हाम्रो गोकुल',  'उन्मत्त साँढे' तथा 'अधुरो सर्वयज्ञ' गरी ५ वटा कविता सङ्कलित छन् । लोकतान्त्रिक शक्तिहरू र राजसंस्था आम्नेसाम्ने भएर राजनीतिक भिडन्तमा उत्रेको अनुभव गर्दै यस कवितासङ्ग्रहमा कवि भूसालका कविताहरूले नयाँ खालका भाव, बिम्ब र प्रतीकहरूको प्रयोग गर्ने काम गरेका छन् भने शीर्षकहरू नै स्वयम्‌मा व्यङ्ग्यात्मक-प्रतीकात्मक देखिन्छन् ।

हाम्रो इतिहासका खण्डहरू उधिन्ने बेला आएको छ
हाम्रो तोतेबोलीसँगै बलजफ्ती घोकाएका
इतिहासको ठप्पा लागेका घटिया पानाहरू

---

[३५] ऋषिराम भूसाल, तारासँग, **हुरी चल्नु अघि**, (मणिग्राम : जगन्नाथ भूसाल, २०४९), पृष्ठ २५-२७ ।

धुजाधुजा पारेर च्याप्ने बेला आएको छ ।[३६]

कविताहरूले साँच्चिकै लोकतन्त्रको शङ्खनाद गरेका छन् र कवि जनताका पक्षमा आफ्ना अक्षरहरू खर्च गर्दै राजसंस्थाको इतिहासलाई च्यात्न तम्तयार देखिन्छन् ।

समग्रमा कवि भूसालले मानव सभ्यतामा देखिएका विसङ्गति, विकृति र नेपाली जनजीवनका अप्ठ्यारा, विगतका प्रशासनिक गतिविधिको उद्घाटन, अन्याय, अत्याचार, जेल, सङ्घर्ष, परिवर्तन जस्ता विषयवस्तुमा आफ्नो अनुभूति पोखेका छन् ।

४.१.१३. **कविराज अर्याल**

कविराज अर्याल वि.स. १९९५ मा पितास्थानेश्वर अर्याल र माता विष्णुकुमारी अर्यालका कोखवाट अर्घाखाँची जिल्लाको चिदिका बाखेडाँडामा, जन्मेका हुन् ।[३७]

करीव तीन दशक सरकारी सेवामा रही जनमत सङ्ग्रहताका २०३७ तिर सेवानिवृत्त भएका अर्याल सोही वर्ष कार्तिक महिनामा रूपन्देही जिल्लाको हाटी अमुवा रखौला भन्ने ठाउँको चिल्हिया गा.वि.स.-२ मा आएका हुन् भने २०५१ को पौष महिनादेखि बुटवलको सुख्खानगरमा बसोबास गर्न थालेका हुन् । यिनको वि.स. २०५९ असोज २३ गते सवारी दुर्घटनामा परी निधन भएको हो । त्रि.वि.वाट बी.एड. सम्मको अध्ययन पूरा गरेका कविराज अर्याल सामाजिक, शैक्षिक र प्रशासनिक क्षेत्रमा जत्तिकै रुचि साहित्यमा पनि राख्ने व्यक्तित्व हुन् । विगत आधा शताब्दीभर लुम्बिनी अञ्चलको माध्यमिक स्तरसम्मको शिक्षा क्षेत्रमा सरकारी कर्मचारी र अधिकृतका हैसियतले सेवारत व्यक्तित्वका रूपमा कविराज अर्याल सुपरिचित छन् ।

कविराज अर्यालका संस्मरणात्मक निबन्धहरू 'रेसुङ्गा शिखर सन्देश' (साप्ताहिक), 'दैनिक लुम्बिनी' (बुटवल), 'दैनिक चौतारी' (बुटवल), 'दैनिक देउराली' (बुटवल), 'एक्सरे साप्ताहिक' (बुटवल), 'दैनिक सिद्धार्थ' (भैरहवा) लगायतका पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू हुन्-

१.गुल्मी जिल्लाको भूगोल (२०१८)

२. सम्झना (उपन्यास २०४७)

---

३६ ऋषिराम भूसाल र अन्य, इतिहासका प्रयोजित मिथकहरू, **लोकतन्त्रको शङ्खनाद,** (बुटवल : नागरिक नागरण अभियान नेपाल रूपन्देही, २०६२), पृष्ठ ३४ ।

३७ कविराज अर्यालका कान्छा छोरा सुशिल अर्यालले फागुन मसान्तमा सुख्खानगर बुटवलमा दिएको जानकारीअनुसार ।

३. आशीर्वचन (संस्मरण तथा लेख सङ्ग्रह २०६०)

'सम्झना' उपन्यास कविराज अर्यालको दोस्रो प्रकाशित पुस्तकाकार कृति हो ।

देखेजानेका र सुनेबुझेका कुराहरूका तीतामीठा अनुभवहरूलाई प्रस्तुत गर्नु यस उपन्यासको मुख्य उद्देश्य देखिन्छ । समाजमा प्रचलित अन्धविश्वास, रुढिवाद, छोराछोरीमा देखिने भेदभावपूर्ण व्यवहार, टुनामुना र झारफुक आदिलाई यसमा चित्रित गरिएको छ । सामाजिक जीवनमा आइपर्ने विविध समस्याहरू, गाउँघरदेखि सहर-बजारसम्मका विकृतिहरू, भ्रष्टाचार, घुसखोरी र अन्याय अत्याचारका विरुद्धमा लड्दा भोग्नुपर्ने कठिनाइहरूलाई लेखकले यस उपन्यासका माध्यमवाट टड्कारो रूपमा प्रस्तुत गरेका छन् । [३८]

यस उपन्यासका पात्रहरू हाम्रै समाजका प्रतिमूर्ति मात्र होइनन्, वास्तविक रूप हुन् , जसलाई हामीले आफैले देखेभोगेका छौं । अन्यायका विरुद्ध आवाज उठाउनु र त्यसकै प्रतिफलस्वरूप अनेकौं मार खप्न पर्नु, सोर्सका आधारमा सरुवाबढुवा र निस्कासन हुनपर्ने स्थिति आउनु हाम्रा परम्परा बनिसकेका छन् । लुम्बिनी अञ्चलको सेरोफेरोका हिसाबले आञ्चलिक रूपमा देखिए पनि उपन्यास केही हदसम्म बाहिर नपुगेको छैन , तर केही शव्दहरू र ठाउँहरूले यसलाई आञ्चलिक रूपमा राख्न मद्दत गरेको कुरा पनि स्वीकार्नै पर्छ । सानैमा बिहे हुने प्रचलनको सूक्ष्म रूपरेखा ठाउँ-ठाउँका ऐतिहासिक, भौगोलिक र सामाजिक विविध चित्रणवाट व्यापक दृष्टिकोण अपनाइएको यस उपन्यासमा माया र सम्झनाजस्ता दुई परम्पराका नारीहरू मात्र होइनन् , घरबेटी बूढी, शकुन्तली, उसकी सासू र शोभाजस्ता सबैखाले नारीहरूको प्रतिनिधित्व भएको छ । मोती यस उपन्यासको मूल पात्र हो जो पीडित भएर पनि अन्यायका विरुद्ध लड्ने मानसिकता बोक्दा-बोक्दै परिस्थितिद्वारा विवश बनाइएको व्यक्तिको प्रतिनिधिका रूपमा छ । यसरी उपन्यासभित्र विविध पात्रहरूको विविध क्रियाकलाप, स्वभाव र चरित्रले उपन्यासमा आधुनिक तथा प्राचीन परम्पराको सम्मिश्रणलाई स्पष्ट सङ्केत गरेको छ । [३९]

उपन्यासमा प्रस्तुत भएका थुपै विषयवस्तु ऐतिहासिक, भौगोलिक वा सामाजिक दृष्टिले महत्त्व राख्ने खालका छन् । शैक्षिक एवम् प्रशासनिक फाँटमा भोगेका अनुभवस्वरूप निस्केका यस भित्रहका थुप्रै कुरामा ती क्षेत्रका विकृतिहरू हटाउन मिल्ने सुझावहरू समेत चित्रित भएका पाइन्छन् । सरल एवम् सरस शैलीमा उखान-टुक्कायुक्त भाषाको प्रयोग भएको यस उपन्यास विषयवस्तुका साथै

---

३८ बाबुहरि ज्ञवाली, एक दृष्टि-'सम्झना' बारे, **सम्झना** (बुटवल : उपन्यासकार स्वयम्, २०४७), पृष्ठ छैन ।

३९ ऐजन ।

प्रस्तुतिका दृष्टिले नयाँ भएको छ । प्रस्तुत उपन्यास आफ्नैपन लिएर आएको छ र यसले समाजलाई धेरै कुरा दिनेछन् । [४०]

यस उपन्यास कविराज अर्यालले समयसमयमा लेखेका अनुभव, अनुभूतिहरूको सँगालोका रूपमा देखापर्दछ , तर यसमा आख्यान**तत्त्व** दुर्बल छैन । यस उपन्यास कविराज अर्यालको बहुआयामिक जीवनका अनुभवहरूको आख्यानात्मक शैलीको प्रस्तुतिका रूपमा देखापर्दछ । कविराज अर्यालको वास्तविक जीवनकै स्मृतिहरूलाई काल्पनिक पात्रहरूको संयोजनद्वारा प्रदान गरिएको औपन्यासिक संरचना नै उनको 'सम्झना' उपन्यास हो । कथानक, चरित्र र चरित्रचित्रण, पर्यावरण, सारवस्तु, भाषा, प्रतीक र बिम्ब, गति र लय जस्ता औपन्यासिक **तत्त्व**हरूको संयोजनमा यस उपन्यासका उपन्यासकार सचेत देखिन्छन् र यी सबै **तत्त्व**हरू यस उपन्यासमा पूरै नेपालीमय भएर आएका छन् ।

यसमा उपन्यासकारका विचारहरू 'मोती' नामक पात्रका अनुभव र विचारमा लुप्त भएका छन् । 'मोती' यस उपन्यासको केन्द्रीय चरित्र हो र दृष्टिविन्दु पात्र पनि । 'मोती' गतिशील, यथार्थ र आदर्श चरित्र हो भने ऊ मौलिक र आञ्चलिक पात्र हो । ऊ लिङ्गका आधारमा पुरुष, कार्यका आधारमा प्रमुख, प्रवृत्तिका आधारमा अनुकूल, जीवनचेतनाका आधारमा वर्गीय हुन खोजेर पनि व्यक्तिगत जीवन बाँचिरहेको पात्र हो । मञ्चीय र बद्ध यस पात्र उपन्यासको सुरुदेखि अन्त्यसम्म आएको छ । यस उपन्यासमा एकातिर प्रत्यक्ष वा वर्णनात्मक पद्धतिवाट उपन्यासकारले चरित्रचित्रण गरेका छन् भने अर्कातिर घटना र दृश्यका माध्यमवाट पनि पात्रका चारित्रिक विशेषता देखाउन खोजेका छन् ।

समग्रमा 'सम्झना' उपन्यास कविराज अर्यालको एउटा प्रयोगवादी उपन्यास हो । आफूलाई मुख्य पात्रमा अन्तर्भूत गरेर उपन्यासकारले टिप्ने गरेका टिपनटापनहरूको सङ्ग्रहका रूपमा यस उपन्यास आएको छ । यसरी हेर्दा यस 'डायरी'हरूको सङ्ग्रह नै हो तर 'डायरी' शैलीको उपन्यास होइन । उपन्यासकार कविराज अर्याल एकजना प्रशासक र चिन्तक समेत भएकाले यस उपन्यासमा देशका विभिन्न क्षेत्रमा हुने विकृति, भ्रष्टाचार, घुसखोरी र अन्याय अत्याचारको तस्वीर भेट्न सकिन्छ ।

'आशीर्वचन' (संस्मरण तथा लेखसङ्ग्रह) कविराज अर्यालको तेस्रो तथा हालसम्म प्रकाशित अन्तिम पुस्तकाकार कृति हो । वि.सं. २०६० मा श्रीमती सावित्री अर्याल, बुटवलले प्रकाशित गरेको यस कृति रचनाकारको देहान्तको एकवर्षपछि प्रकाशित भएको हो ।

---

[४०] ऐजन ।

'मेरो पहिलो अफिस' निबन्धमा बुवाको मृत्युपछि दुर्गा कवच, चण्डी र रुद्री पढेको, केही दिन उपल्ला पोखराको स्कुलमा पढी चौध वर्षकै उमेर (२०१०) मा 'नेपाल सरकार शिक्षा विभाग पाल्पा' मा पियन पदमा सेवारत भएको स्मरण गरिएको छ ।

'मेरो पहिलो सरुवा' संस्मरणात्मक लेखमा २०१० कै माघमा पाल्पावाट पोखरा सरुवा भएको र थोरै दिन त्यहाँ बसी कपिलवस्तुमा सरुवा भएकोले म्याग्दी बागलुङ्ग र गुल्मीका केही विद्यालयहरूको निरीक्षण गर्दै दुई महिनामा कपिलवस्तु पुगेको स्मरण गरिएका छ ।

'तौलिहवा र म' संस्मरण-लेखमा तौलिहवामा बस्दा बुद्ध पद्म हाइस्कुलवाट प्राइभेट परीक्षा दिई एस.एल.सी उत्तीर्ण भएको, 'गुल्मी जिल्लाको भूगोल' भन्ने पुस्तक लेखेको, यू.पी. बोर्डवाट द्वितीय श्रेणीमा आई.ए. पास भएको र खरिदार पदमा नियुक्ति पाएको एवम् तौलिहवावाट विदा भएको कुरालाई निबन्धकारले उल्लेख गरेका छन् ।

'मोहनविक्रमको पोष्टकार्ड' निबन्धले कविराजद्वारा सेन्ट्रल जेलमा रहेका मोहन विक्रमले एउटा पोस्टकार्ड निबन्धकारलाई पठाएको मोहनविक्रम तौलिहवा जेलमा रहँदा निबन्धकारले मोहनविक्रमलाई पत्रपत्रिका पुऱ्याइदिएको कुरा उल्लेख गरिएको छ । 'भक्तलाई दक्षिणा मेरो एक ग्रेड' स्मृतिनिबन्धमा आफूलाई व्यवस्थाविरोधी उग्र कम्युनिस्ट भन्ने आरोप लाग्नाले शाखा अधिकृत पदमा नियुक्ति पाउन ढिलाइ हुन गई एक ग्रेड गायब भएको कुराको व्यङ्ग्यात्मक चित्रण गरिएको छ ।

'पर्चाको पर्चा' निबन्धमा पनि निबन्धकारले आफूले कम्युनिस्ट भएको आरोप खेप्नुपरेको कुराको स्मरण गरेका छन् । यस निबन्धमा अञ्चलाधीशले बुटवलका हेडमास्टर मोदनाथ प्रश्रित र शिक्षक गोविन्द ज्ञवालीलाई जेलमा थुन्ने सन्दर्भमा सहयोग मागेको तर आफूले उल्टै तिनीहरूलाई जोगाइदिएको कुराको स्मरण गरिएको छ । 'पहिलो अड्डा प्रमुख' निबन्धमा डा.के.आई. सिहको सम्झनासाथ २०२१ को दसैंपछि विद्यालय निरीक्षणार्थ डोटीको डुमाकोट पुगेको, डा.के.आई. सिंहको जन्मस्थल भूत गाउँमा पुग्दा ठूलो आदिर पाएको र त्यहीँ पहिलो अड्डा प्रमुख हुन पाएको स्मरण गरिएको छ । 'हुलाक सडक' निबन्ध तौलिहवामा सेवारत हुँदा २०१४ मा मधेसको हुलाकी सडकवाट त्रिवेणीसम्म पुगेको स्मृति हो । काठमाडौंमा असी रुपियाँमा किनेको अतिप्रिय रसियन घडी भारतको सोहरतगढमा भा.रु. चालीसमा बेच्न बाध्य भएको कुरा 'रसियन घडी' निबन्धमा उल्लेख छ । द्वितीय विश्वयुद्धका यसद्धा सु. मानबहादुर ज्ञवालीले २०३७ पछि अञ्चल पञ्चायत सदस्य छाडी खेतीतर्फ लागेको कुराको स्मृति हो, 'मानबहादुर दाइको सम्झना' । गाउँका तालुकदारहरूले घुस खाएर पतित मानिएका व्यक्तिलाई चोख्याउने चलनको वस्तुतथ्यात्मक चित्रण 'म र मेरो जात' निबन्धमा गरिएको छ । 'को थिए ती युवक' निबन्धमा कामको सिलसिलामा ट्रकमा चढेका निबन्धकारलाई ट्रक दुर्घटनाग्रस्त हुनु केही समयअघि एकजना युवकले आफू पछाडि आएर अगाडिको

स्मरण गरिएको छ । 'मेरो सर र कर्मको फल' निबन्धमा २०३७ मा आफ्नो जागीर खोसिएको कुराको मार्मिक चित्रण गरिएको छ । यसै कुराको स्मरण निबन्धकारले 'शुभकामना छ राज्यव्यवस्था समितिलाई' शीर्षकको निबन्धमा पनि गरेका छन् ।

यस सङ्ग्रहमा परेका "यात्रा मनकामनाको", "मानिस ईश्वर हो ईश्वर मानिस हो" आदि नियात्रा हुन् भने "छोरालाई चिठ्ठी" "छोरीलाई चिठ्ठी" आदि पत्रसाहित्य हुन् । "प्रेम विवाह हिजो र आज", "श्रमप्रतिको अनादरले शिक्षित बेरोजगारी बढेको छ" आदि विचारप्रधान निबन्ध हुन् भने "पाल्पाली भुसतिघ्रे", "जय नेपाल, लाल, सलाम", "भ्रष्टाचार निवारण पुराण" आदि हास्यव्यङ्ग्यात्मक निबन्धहरू हुन् । "यस प्रजातन्त्र कसको लागि", "भ्रष्टाचार हिजोदेखि आजसम्म", "हाम्रो प्रजातान्त्रिक अभ्यास कतातिर?" आदि विवरणात्मक प्रबन्धहरू हुन् ।

सरल, सरस, मर्मस्पर्शी र काव्यात्मक भाषाशैलीको प्रयोग गरिएको यस सङ्ग्रहका खण्ड 'क' का निबन्धहरू र खण्ड 'ख' का प्रबन्धात्मक लेखहरूमा अर्घाखाँचीका भाषिकाहरूको प्रयोग पनि पाइन्छ ।

यसरी एउटा उपन्यास र एउटा संस्मरणात्मक निबन्धकृति लिएर देखापरेका कविराज अर्याल बुटवलको साहित्ययात्राका सन्दर्भमा एक उल्लेखनीय सहयात्री हुन् । यहाँको साहित्यको विकासमा उनको योगदान अमूल्य छ र, उनको देहावसानले एउटा महत्त्वपूर्ण साहित्यसाधकको अभाव खट्किएको छ ।

### ४.१.१४. **कृष्णप्रसाद बस्याल**

कृष्णप्रसाद बस्यालको जन्म वि.स. २००३ मा माघ महिनामा राप्ती अञ्चलको दाङ जिल्लामा भएको हो । [४१] यिनका बाबुको नाम होमकान्त बस्याल र आमाको नाम द्रौपदी बस्याल हो । यिनले जनता माध्यमिक विद्यालयवाट एसएलसी उत्तीर्ण गरेपछि २०२३ मा बी.ए. र २०६० मा बी.एल. उत्तीर्ण गर्दै २०२८ मा नेपाली विषयमा त्रि.वि कीर्तिपुरवाट एम.ए. उत्तीर्ण गरेका छन् । यिनी वि.स. २०३२ देखि बुटवलमा बसोबास गर्दै आएका छन् । २०३५ मा प्रशासन सेवाको रा.प.तृतीय श्रेणीको अधिकृतमा नियुक्त भएपछि दुई वर्ष कार्यरत रही सो पदवाट सेवा परिवर्तन गरी २०२८ मा न्यायसेवाको अधिकृत भए । त्यसपछि बझाङको जिल्ला न्यायाधीशका रूपमा २०३०-३२ सम्म कार्यरत रहे । २०३२ मा द्वितीय श्रेणीमा पदोन्नति भई महोत्तरी, दार्चुला, सुनसरी र गुल्मीमा २०४० सम्म सेवा गरे । २०४० मै रा.प. प्रथम श्रेणीमा पदोन्नति भई बागलुङ, राजविराज, जुम्ला, आदि जिल्लामा न्यायाधीश भई कार्य गरे । हाल उनी अवकाशप्राप्त जीवन बिताइरहेका छन् । उनी 'शुभराज्याभिषेक

[४१] कृष्णप्रसाद बस्यालले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

पदक’ (२०३९), ‘राष्ट्रिय जनमत सङ्ग्रह पदक’ (२०३७), ‘जनपद सेवा पदक’ (२०४०), ‘सुप्रसिद्ध गोरखा दक्षिण वाहु तेस्रो’ (२०४३) बाट विभूषित भएका छन् ।

विभिन्न पत्रपत्रिकाहरूमा यिनका कविता, लेख, यात्रा संस्मरणहरू प्रकाशित छन्  । यिनका प्रकाशित पुस्तकाकार कृतिहरू हुन्-

१. ‘सुस्केरा’ (कवितासङ्ग्रह २०३४)

२. दण्ड सजाय र फैसला कार्यान्वयन कानुन (२०३९)

३. ‘परिणति’ (शोककाव्य २०४३)

‘सुस्केरा’ कवितासङ्ग्रह कवि स्वयम्ले नै पाल्पाबाट प्रकाशित गरेको कविको प्रथम प्रकाशित कृति हो । यसमा कृष्णप्रसाद बस्यालका ‘किसान’, ‘श्रीनगर’, ‘हाकीमप्रति’ लगायत ३६ वटा कविताहरू छन् । वि.सं. २०३३ देखि २०३४ सम्मको एकबर्षमा रचित कविताहरू यस सङ्ग्रहमा सङ्कलित छन् । मिश्रित लयविधानको प्रयोग गरिएको यस सङ्ग्रहका कविताहरूमा कविले लोकछन्द, शास्त्रीय छन्द र मुक्तलयको पनि प्रयोग गरेका छन् । अन्त्यानुप्रास र गेयात्मकता-लयात्मकता यस सङ्ग्रहका कवितामा पाइन्छन् । सरल सहज भाषाशैलीमा आफ्ना विचारलाई अभिव्यक्ति दिँदै कवि बस्यालले यस सङ्ग्रहका कविताहरूमा संस्कृत तत्सम, अङ्ग्रेजी र हिन्दी आगन्तुक शब्दको समेत छिटफुट प्रयोग गरेका छन् । समाजमा देखिएका विकृति, विसङ्गति र समस्याहरूलाई यथार्थपरक ढङ्गले यस सङ्ग्रहका कविताहरूले प्रस्तुत गरेका छन् । यसरी कृष्णप्रसाद बस्यालका काव्यकृतिमा सिंगार पटार नभएर आत्मानुभूतिको यथार्थ अभिव्यक्ति पाइन्छ । आफ्नै डाँडा, पाखा-पखेरामा चहार्ने कवि मानवजीवनमा आइपर्ने दुर्घटना, अकालको मरण र नारीको वैधव्य जीवनप्रति संवेदनशील र कारुणिक अभिव्यक्ति दिँदै दैवको विधानअनुसार जीवनको यात्रा चल्ने विश्वासमा देखिन्छन् । कोमल शब्दावलीमा आफ्नो मनमा उत्पन्न भएका भावनाहरूलाई सरस ढङ्गले इमानदारितापूर्वक व्यक्त गर्ने र ईश्वरको नियतिमा विश्वास राख्ने कविका रूपमा कृष्णप्रसाद बस्याल देखापर्दछन् । समाजभित्रका दुराचार, गरिबी र बेइमानीले कविको मन डढेको छ तर त्यस मन डढाल्ने आगो निभाउने उनको इच्छा होइन-

मुटुभरि चोट छिपाएर पनि बाँच्नु परेका मान्छे
दिलभरि दर्द लुकाएर पनि हाँस्न जानेका मान्छे
आऊ तिमीलाई पनि हामी बाँच्न सिकाउँछौं
हामी सहन जन्मेका मान्छे । [४२]

---

[४२] कृष्णप्रसाद बस्याल, सुस्केरा, (पाल्पा : कवि स्वयम्, २०३४), पृ. ११-१२ ।

'परिणति' (शोककाव्य २०४३) कवि बस्यालको दोस्रो प्रकाशित काव्यकृति हो । कविकी बहिनी सरिताले आफ्नो युवा पति सन्तोष बस दुर्घटनामा परी अकालमै अवसान हुँदा नै यस शोककाव्य लेखिएको पाइन्छ । सरिता अचानक विधवा भइन् भनेर कविले यसमा करुणा भाव व्यक्त गरेका छन् । सरिताको जन्म, बाल्यकाल र शिक्षा आदिलाई शीर्षकवद्ध गर्दै १० वटा शीर्षकमा यस शोककाव्य पूरा भएको छ । शार्दूलविक्रीडित छन्दका २१९ र अनुष्टुपका २ गरी जम्मा २२१ श्लोकमा यस शोककाव्य बनेको छ । सरिताको जीवनका सम्बन्धमा आउने उपर्युक्त १० खण्डमध्ये पहिलो खण्ड 'केही लेख्नु अघि' मा रहेका चार श्लोकमा घटना सुनेपछि कविलाई परेको मर्का र चिन्ताबाट उब्जेका भावतरेलीबाट अगाडि बढ्दै तेस्रो र चौथो खण्डमा सरिता र सन्तोषको जन्मसँगसँगै हुर्किएको घटनाक्रम र शिक्षादिका चर्चा गरिरहँदा कविले पाँचौं खण्डमा सरिता र सन्तोषको युवावस्थालाई चित्रण गर्न पनि बिर्सेका छैनन् । नवौं खण्डमा कविले असमयमै श्रीमान्को मृत्यु भई विधवा बनेकी सरिताको जस्तो नियति अरू कसैले भोग्न नपरोस् भनेर यसरी कवितामा भनेका छन्-

मान्छे हिँड्छ जिजीविषा लिई ठूलो प्यारो छ यै जीवन
मान्छेलाई अकाल मृत्यु जगमा कैल्यै नहोस् क्वै दिन[४३]

यस शोककाव्यमा आन्तरिक गीतिरमणीयता पाइन्छ भने सरल, सरस ढङ्गबाट कविमनका अनुभूतिहरू पोखिएका छन् । देशका विभिन्न भू-भाग र सामाजिक संरचनाका साथै दुई-तीन पुस्ता यताको नेपाली जनजीवनले बेहोरेका सङ्गति र असङ्गतिका भावचित्र पनि ठाउँ ठाउँमा चित्रित भएका छन् । यस काव्यमा कविको पहाडी नेपालको प्राकृतिक सौन्दर्यप्रति मोह, राष्ट्रियताको गौरव, नेपाली संस्कृतिप्रति श्रद्धा, सामाजिक दूषणप्रतिको यथार्थपरक व्यङ्ग्य-आलोचनमूलक आस्तिक र आध्यात्मिक चेतना आदिलाई ग्रहण गरिएको छ ।[४४]

प्रस्तुत काव्यको विषयवस्तु संवेदनशील जीवनजगतको व्यावहारिक मर्म भएकाले यस काव्य मानवीय संवेदनाहरूलाई व्युँझाउन र द्रवित बनाउन सफल देखिन्छ । यसै गरी भावमाधुर्य र श्रुतिमधुरताजस्ता कवितात्मक गुणहरू प्रयोग भएको प्रस्तुत काव्यले शैली, भावधारा र संरचनाका दृष्टिले माधव घिमिरेको "गौरी" शोककाव्यबाट प्रेरणा र मार्गदर्शन गरेको पाइन्छ ।[४५]

'परिणति' शोककाव्यका आधारमा कृष्णप्रसाद बस्याल स्वच्छन्दतावादी कवि हुन् । शास्त्रीय लयको प्रयोगले र करुण रसको प्रभावकारी प्रक्षेपणले बस्यालको कवित्वलाई भाव गाम्भीर्य तथा

---

४३ कृष्णप्रसाद बस्याल, परिणति, (काठमाडौं : द्रौपदी बस्याल, २०४३), पृष्ठ ४९ ।

४४ ऐजन, पृष्ठ घ ।

४५ सालिकराम पौड्याल, पूर्ववत्, पृष्ठ १२६ ।

श्रुतिरमणीय प्रदान गरेका छन् भने घटनाबाट प्रभावित भई तुरुन्तै लेख्ने उनको प्रवृत्तिले आसु कवित्वलाई पनि पुस्टि गर्दछ । समग्रमा बुटवलको साहित्यमार्फत सिङ्गो नेपाली साहित्यको श्रीवृद्धि गर्ने कार्यमा कृष्णप्रसाद बस्यालको योगदान अविस्मरणीय छ ।

### ४.१.१५. **कलाधर अर्याल**

कलाधर अर्यालको जन्म वि.सं. २०२३ जेठ १४ गते रूपन्देही जिल्लाको करहिया-८ दीपनगरमा पिता विद्याधर अर्याल र माता जैकला अर्यालका कोखबाट भएको हो ।[४६] वि.सं. २०४६ देखि बुटवलको सुख्खानगरमा बस्दै आएका कलाधर अर्यालले त्रि.वि. कीर्तिपुरबाट नेपाली विषयमा एम.ए. तथा बु.व.क्या. बाट बी.एड् सम्मको अध्ययन पूरा गरेका छन् भने हाल शिक्षण कार्यमा संलग्न छन् । वि.सं. २०४२ मा बु. ब. क्या. स्ववियुको मुखपत्रमा 'पश्चाताप' शीर्षकको कथा प्रकाशित गरी साहित्यिक क्षेत्रमा प्रवेश गरेका अर्यालका फुटकर कविताहरू 'अनुराग द्वैमासिक' र 'इन्द्रधनुष' मुखपत्रमा प्रकाशित छन् । 'रूपन्देही साहित्य संगम', 'द रेयुकाई बुटवल' तथा 'दीप वोर्डिङ्ग हाइस्कुल' जस्ता साहित्यिक, शैक्षिक र अन्य प्रकारका सङ्घसंस्थासँग सम्वद्ध अर्याल 'दीप स्मारिका २०६२' का प्रधानसम्पादक पनि भएका हुन् । जिल्ला शिक्षा कार्यालय रूपन्देहीद्वारा २०६१ र २०६२ मा जिल्ला शिक्षा पुरस्कार र प्रशंसापत्र पाएका अर्याल बुटवलको साहित्यिक वातावरणमा उल्लेखनीय प्रतिभाका रूपमा प्रस्तुत भएका देखिन्छन् ।

### ४.१.१६. **कमला कुँवर**

कमल कुँवरको जन्म वि.सं. २०३२ साउन ३ गते पिता रुकबहादुर कुँवर र माता देवीकला कुँवरको कोखबाट गुल्मी जिल्ला हर्दिनेटा गा.वि.स-३ मा भएको हो ।[४७] विगत १० बर्षदेखि बुटवलमा बस्दै आएकी कमला कुँवरको पेसा पत्रकारिता हो । 'ठूलो साइनबोर्ड टाँगेर महिला मुक्ति हुँदैन' शीर्षकको लेख वि.सं. २०५२ को 'दैनिक लुम्बिनी' मा प्रकाशित गरी लेखनमा प्रवेश गरेकी कमला कुँवर शिक्षाका हकमा स्नातक पूरा गर्न नसकेको बताउँछिन् । समाज परिवर्तनका लागि लेखरचनाहरूबाट योगदान दिन खोजमुलक प्रबन्ध लेख्ने कमला कुँवरको प्रकाशित कृति हो ।

१. मुक्तिको गोरेटो (लेखसङ्ग्रह २०६०)

रुकबहादुर कुँवर र देवीकला कुँवर प्रकाशक रहेको उनको उक्त लेखसंङ्ग्रहमा महिलाहरूमाथि गरिने अत्याचार र सामाजिक भेदभाव बारेका तथ्यपरक प्रबन्धहरू सङ्कलित छन् । कमला कुँवरका

---

[४६] कलाधर अर्यालले फाल्गुण १७ गते बुटवल सुख्खानगरमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[४७] कमला कुँवरले माघ ९ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

तीजका गीतहरू बुटवलबाट प्रकाशित हुने प्रायः सबै पत्रपत्रिकाहरूमा प्रकाशित छन् । 'नेपाल पत्रकार महासङ्घ', 'संविधानसभाका लागि नागरिक अभियान नेपाल रूपन्देही', 'महिला सुरक्षा दवाव समूह रूपन्देही', 'अस्मिता सञ्चार साक्षरता अभियान रूपन्देही' जस्ता सङ्घसंस्थाहरूमा आवद्ध रहेकी कमला कुँवर 'प्रकाश स्मृति पत्रकारिता पुरस्कार २०६२' द्वारा पुरस्कृत भएकी छन् भने विद्यार्थी जीवनमा वक्तृत्वकला, वादविवाद र अन्य प्रतियोगिताहरूमा पुरस्कृतसमेत भएकी हुन् । बुटवलबाट प्रकाशित सबै पत्रपत्रिकाहरूमा कमला कुँवरका महिला विषयक लेखरचनाहरू प्रकाशित छन् । बुटवलको खोजमूलक पत्रकारिता र अन्वेषणपरक प्रबन्ध रचनामा कमला कुँवरलाई एक सशक्त महिला हस्ताक्षर मान्न सकिन्छ ।

### ४.१.१७. **केशव सापकोटा**

केशव सापकोटाको जन्म २०४४ असोज ६ गते फोक्सिङ पाल्पामा माता विष्णुप्रसाद सापकोटा र माता देवी सापकोटाका कोखबाट भएको हो । [४८] यिनको प्रकाशित कृति हो-

१. वर्गीय खाडल (खण्डकाव्य २०५९)

सङ्गी प्रकाशनले प्रकाशित गरेको सो खण्डकाव्यको प्रथम संस्करण २०५९ वैशाख २५ गते छापिएको हो । न्यु होराइजन स्कुलमा कक्षा ९ मा अध्ययनरत रहँदा केशव सापकोटाको उक्त ३ सर्गहरूमा संरचित खण्डकाव्य प्रकाशित भएको हो । यस खण्डकाव्यमा झ्याउरे लोक छन्दको प्रयोग गरिएको छ ।

सरल र सहज भाषाशैलीमा लेखिएको जम्मा ५६ पृष्ठको यस खण्डकाव्यमा पहिलो सर्गले पृष्ठ संख्या एकदेखि अट्ठाइस, दोस्रो सर्गले अट्ठाइसदेखि पचास र तेस्रो सर्गले पचासदेखि छपन्न लिएको देखिन्छ । किसान र विपन्न वर्गको कथावस्तुलाई प्रयोग गरी लेखिएको यस खण्डकाव्यमा किसान, डाक्टर श्याम, बाबु, मास्टर, साहु, शङ्कर, मजदुरहरू आदिलाई पात्र बनाइएको छ ।

### **४.१.१८. के.वी. पुन**

के.वी. पुनको पूरा नाम कुलबहादुर पुन हो । के.वी. पुनको जन्म २००७ असोज ७ गते देहरादुन भारतमा पिता कर्णबहादुर पुन र माता मुक्तिमाया पुनका कोखबाट भएको हो । [४९] वि.सं. २०२१ देखि बुटवलमा बसोबास गर्दै आएका के.वी. पुनको कुनै एउटै पेसा छैन भने यिनले मजदुरी, कार्पेन्टरी र मास्टरीसमेत गरेका हुन् । सन् १९६७ मा भारतबाट विद्यालयस्तरको शिक्षा पूरा गरेका

---

[४८] केशव सापकोटाको खण्डकाव्य '**वर्गीय खाडल**' (२०५९) को पछिल्लो आवरणपृष्ठमा उल्लेख भएअनुसार ।

[४९] के.वी. पुनले फागुन १६ गते बुटवलको मिलनचौकमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

के.वी. पुन जनजागरण  मानवीय चेतनाको विस्तारका लागि कविता लेख्ने गरेको बताउँछन् । 'मानव अधिकार संरक्षण मञ्च रूपन्देही', 'प्रकृति मानव केन्द्र बुटवल' र 'नयाँ आधारशिला प्रकाशन बुटवल' जस्ता सङ्घसंस्थामा आवद्ध के.वी. पुनको प्रकाशित कृति हो-

१. 'औंसीको चित्कार' (कवितासङ्ग्रह २०५५)

नयाँ आधारशिला प्रकाशन तथा के.वी. पुनद्वारा प्रकाशित यस कवितासङ्ग्रहमा 'आफ्नै हुलिया', 'औंसीको चित्कार', 'नक्शा', हृदयको माझमा', 'गीत', डाँफे चरी' लगायतका २५ शीर्षकका कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहका कविताले समाजमा भएका विकृतिहरू हटाउन सबै पक्षबाट पहलकदमीहरू थालिनुपर्छ भन्ने कुराको जानकारी जनसमक्ष पुऱ्याउने जमर्को गरेका छन् ।[५०]

संवेदनशील, मर्मभेदी, आक्रोशित र क्रूर बनेर आफ्ना जीवनपथका उतारचढाउसँग वा आफैले देखीभोगी आएका समाजका कृतिविकृतिसँग प्रतिशोधी हुनुपर्ने बाध्यताको कारण विस्फोटित कविताहरू यस सङ्ग्रहमा सङ्गृहीत छन्-

हिजोका ती साँढेहरू
आज चुनाव जित्न भनेर
हिजो करोडौं
निमुखा जनताको
रगत पसिनाबाट शोषिएका
धन बोकेर
हुङ्कार्दै ललकारी रहेका छन् ।[५१]

यस कवितासङ्ग्रहमा राष्ट्र, समाज र जीवनप्रति सम्वेदनशील भएर कविले आफूलाई कवितामय रूपमा पस्कन खोजेका छन् । बुटवलको साहित्यमा एउटा कृतिका माध्यमद्वारा देखा परेको के.वी. पुनको उपस्थितिलाई महत्त्वपूर्ण मान्न सकिन्छ ।

### ४.१.१९. खेमराज आत्रेय गिरी

---

५० डलबहादुर वीरकट्टा मगर, 'दुई शब्द', **औंसीको चित्कार,** (बुटवल : नयाँ आधारशिला प्रकाशन, २०५५), पृष्ठ छैन ।

५१ के.वी. पुन मगर, '२०४६ जन आन्दोलनको दोस्रो वार्षिकको उपलक्ष्यमा', औंसीको चित्कार, पूर्ववत, पृष्ठ १२ ।

खेमराज आत्रेय गिरीको जन्म वि.सं. २००८ वैशाख १५ गते शनिबारका दिन पाल्पाको सिलुवा गा.वि.स. ७ मा पिता धातानन्द र माता सुमित्रादेवीका कोखबाट भएको हो ।[५२] यिनी पत्रकारिताका सन्दर्भमा वि.सं. २०२७ देखि बुटवलमा आवतजावत गर्न थालेका हुन् भने यिनको स्थायी ठेगाना रूपन्देही जिल्ला केरवानी गा.वि.स. हो । जनताको चेतनास्तरलाई अभिवृद्धि गर्नका लागि साहित्य लेख्ने खेमराज आत्रेय गिरीका पुस्तकाकार कृतिहरू प्रकाशित नभए पनि 'अलाइसजस्तो सहर' (अनूदित उपन्यास) र अग्निको उडान (अनूदित लेखसङ्ग्रह) प्रकाशनोन्मुख छ भने यिनले बालकथा, बालकविता, हिन्दी कथा, हिन्दी कविता, अङ्ग्रेजी कविता र समालोचनात्मक रचनाहरूसमेत लेखेका छन् । उनका रचनाहरू बुटवल र अन्य ठाउँबाट प्रकाशित हुने दैनिक, साप्ताहिक, मासिक, द्वैमासिक र त्रैमासिक पत्रिकाहरूमा प्रकाशित छन् । स्वाध्ययनबाटै आफ्नो ज्ञानक्षेत्रलाई विस्तार गरेका खेमराज आत्रेय गिरी 'बुटवल साहित्य कला संस्कृति प्रतिष्ठान' सँग सम्वद्ध छन् भने ४ वटा स्थानीय दैनिक र २ वटा स्थानीय साप्ताहिकमा स्तम्भकारका रूपमा समेत परिचित छन् । यिनलाई स्थानीय पत्रपत्रिकाहरूले उत्कृष्ट लेखकका रूपमा समय-समयमा पुरस्कृत र सम्मानित गर्दै आइरहेका छन् भने उद्योग वाणिज्य सङ्घ बुटवलले २०६१ मा उत्कृष्ट लेख लेखेवापत पुरस्कृत गरेको हो । यिनले वि.सं. २०२७ देखि २०४८ सम्म पाल्पा, नवलपरासी र रूपन्देहीका विभिन्न सरकारी विद्यालयहरूमा शिक्षक, संस्थापक सदस्य र संस्थापक अध्यक्ष भएर पनि काम गरेका हुन् । २०१५ मा निर्वाचनको सामान्य प्रचारक रहेका यिनी वि.सं. २०२२ मा नेकपामा प्रवेश गरेका हुन् । २०२८ मा अनेक्रान्तिकारी किसान संघ पाल्पाको उपाध्यक्ष रहेका खेमराज आत्रेय गिरीले २०३१ मा पाल्पामा जेलजीवन समेत भोगेका थिए । गिरीका रचनाहरूले बुटवलको समसामयिक साहित्यिक वातावरणलाई उल्लेखनीय ढङ्गले प्रभाव पारेको देखिन्छ । यिनी बुटवलका एक महत्त्वपूर्ण साहित्यिक प्रतिभा हुन् ।

### ४.१.२०. गङ्गा बस्याल 'निर्दोष'

गङ्ग बस्याल 'निर्दोष' को जन्म २०४३  असोज २७ गते रूपन्देही जिल्लाको दूधराक्ष-१ मा पिता टेकप्रसाद बस्याल र माता खुमा बस्यालका कोखबाट भएको हो ।[५३] नयाँदिशा दैनिक मा २०६० मा 'गजल' लेखेर साहित्ययात्रारम्भ गरेकी गङ्गा बस्याल 'निर्दोष' बी.एड. प्रथम बर्षमा अध्ययनरत छिन् भने उनी शिक्षण पेसामा पनि संलग्न छिन् । उनका गजल, कविता तथा लघुकथाहरू बुटवलबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् भने बुटवलमा सञ्चालन हुने साहित्यिक कार्यक्रमहरूमा उनको नियमित सहभागिता देखिन्छ ।

---

[५२] खेमराज आत्रेय गिरीले माघ ८ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[५३] गङ्गा बस्याल 'निर्दोष' ले माघ ८ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

### ४.१.२१. गीता पन्त

पिता बाबुराम पराजुली र माता प्रेमा पराजुलीका कोखबाट गीता पन्तको जन्म वि.सं. २०२६ बैशाख ३ गते पाल्पा रामपुरमा भएको हो ।[५४] वि.सं. २०४७ देखि बुटवलमा बस्दै आएकी गीता पन्तका फुटकर कविता र गजलहरू विभिन्न पत्रपत्रिकाहरू प्रकाशित देखिन्छन् । 'गजलसागर नेपाल', 'बुटवल साहित्य, कला, संस्कृति प्रतिष्ठान', 'गजल सागर त्रैमासिक' र 'शब्ददूत अर्धवार्षिक' सँग सम्बद्ध गीता पन्तले बुटवल एफ.एम. बाट प्रसारित 'शब्द र सृजना' साहित्यिक कार्यक्रमको सहसञ्चालन समेत गरेकी हुन् । विराटनगरबाट प्रकाशित हुने 'नागबेली' पत्रिकामा वि.सं. २०४६ मा 'आँपको आत्मकथा' शीर्षकको कविता प्रकाशित गरी साहित्यक्षेत्रमा प्रवेश गरेकी गीता पन्तका कविता र गजलहरूमा मानवीय प्रेमका भावनाहरू र शृङ्गारपरक अभिव्यक्तिहरू पाइन्छन् ।

### ४.१.२२. गिरि श्रीस मगर

गिरि श्रीस मगरको जन्म वि.सं. २०२९ मा बागलुङ राङ्खानीमा पिता बलबहादुर श्रीस र माता हरिकुमारी श्रीसका कोखबाट भएको हो ।[५५] वि.सं. २०३९ देखि बुटवलमा बस्दै आएका गिरि श्रीस नेपाल हाइड्रो एन्ड इलेक्ट्रिक प्रा.लि. बुटवलमा इलेक्ट्रिकल इन्जिनियरका रूपमा कार्यरत छन् । वि.सं. २०४४ मा गोरखापत्रमा 'यात्रा' शीर्षकको कविता प्रकाशित गरेर साहित्यलेखन सुरु गरेका श्रीसको ५२ वटा कविताहरू सङ्ग्रहीत सङ्ग्रह प्रकाशोन्मुख छ । 'विराट कविता महोत्सव २०५९' मा दोस्रो, बुटवल महोत्सव २०५५ मा कवितामा प्रथम भएका श्रीसले तीन बर्षजति 'दैनिक लुम्बिनी' पत्रिकाको सम्पादनसमेत गरेका हुन् । कुनै विषयले आफूलाई छुने बित्तिकै कविता लेख्ने श्रीस कवितालेखनको कुनै योजना बनाउन चाहन्नन् । गिरि श्रीस बुटवलका सक्रिय युवाकवि हुन् ।

### ४.१.२३. गुरुदत्त ज्ञवाली

पिता भक्तिराम र माता बालकुमारीका कोखबाट गुरुदत्त ज्ञवालीको जन्म वि.सं. २०१३ मा गुल्मी जिल्लाको ग्वादीमा भएको हो ।[५६] गुरुदत्त ज्ञवालीको बुटवलसँग बसोबासको सम्बन्ध नभए पनि सृजनाको सम्बन्ध रहेको देखिन्छ । हाल उनी रा.प. अनङ्कित द्वितीय श्रेणीका कर्मचारीका रूपमा रा.वा. बैङ्क बुटवलमा काम गर्दछन् । बुटवल नजिकैको शङ्करनगर गा.वि.स मा २०४८ देखि बसोबास गर्ने ज्ञवालीका कथा र फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित देखिन्छन् । वि.सं.

---

[५४] गीता पन्तले फागुन १७ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[५५] गिरि श्रीस मगरले माघ १५ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[५६] गुरुदत्त ज्ञवालीले फागुन २३ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

२०४२ मा 'मधुपर्क' मा लेख छपाएर लेखनकार्य सुरु गर्ने ज्ञवालीका प्रशस्त समसामयिक लेखहरू मधुपर्क, गोरखापत्र, सिद्धसन्देश एक्सरे, जनसङ्घर्ष, लुम्बिनी, चौतारी, नयाँदिशा, बुटवल टुडे, मेचीकाली, देउरालीलगायतका पत्रपत्रिकामा पनि प्रकाशित छन् । गुरुदत्तका रचनाहरूले समाजका समसामयिक अवस्थाहरूको आलोचनात्मक विश्लेषण गर्दछन् भने यथार्थवादी शैलीमा व्यङ्ग्यात्मकतासहित समाजका विकृति र विसङ्गतिहरूलाई प्रतिबिम्बनसमेत गर्दछन् । त्रि.वि. बाट आई.ए सम्मको अध्ययन पूरा गरेर ज्ञवाली श्री गङ्गालाल पुस्तकालयका सदस्य हुन् भने उनलाई पत्रपत्रिकाहरूले समयसमयमा स्तम्भ लेखका रूपमा पुरस्कृत गरेका छन् । सरल भाषामा लेख्ने गुरुदत्त ज्ञवालीले समाजमा देखापरेका विकृतिहरूलाई आफ्ना रचनाहरूमा देखाएर सामाजिक सुधारको सन्देश दिने गर्छन् ।

**४.१.२४. गोपीरमण उपाध्याय**

गोपीरमण उपाध्यायको जन्म वि.सं. २००३ जेठ महिनाको ११ गते स्याङ्जा जिल्लाको किचनास गा.वि.स. ५ दहपोखरीमा पिता हरिप्रसाद र माता उमादेवीका कोखबाट भएको हो ।[५७] वि.सं. २०५० देखि बुटवल वडा नं. ९ मा बसोबास गर्दै आएका उपाध्याय वि.सं. २०२७ मा तराई झरेका हुन् । शिक्षण र पत्रकारिता गर्ने उपाध्यायको पहिलो रचना 'राजनीतिक शब्द परिचय' (२०३८) हो । संस्कृत साहित्यमा बनारसबाट आचार्य गरेका उपाध्याय 'सिद्धार्थ साहित्य परिषद्' (२०३८) का संस्थापक सदस्य हुन् भने 'मार्क्सवादी अध्ययन मण्डल' (२०३६) भैरहवासँग पनि उनी सम्वद्ध रहेका देखिन्छन् । उनी २०६२ मा प्रगतिशील लेखक सङ्घ' (२००९) का रूपन्देही जिल्ला अध्यक्ष 'नेपाल बुद्धिजीवी परिषद्' (२०४७) का केन्द्रीय उपाध्यक्ष तथा बुटवलबाट प्रकाशित 'दैनिक लुम्बिनी' को पहिलो सम्पादक पनि रहेका हुन् । दैनिक निर्णयमा रही लामो समय पत्रकारिता गरेका गोपीरमण उपाध्याय 'जनसङ्घर्ष दैनिक' मा लामो समय लेखक भएका हुन् । १५/१६ वटा कृतिहरू प्रकाशनको तरखरमा रहेको बताउने उपाध्यायले 'विश्वप्रसिद्ध लोककथाहरू' (लेखन-सम्पादन २०६०/६१) कृतिका लागि सोही वर्षको 'सुकदेव सुकमाया लामिछाने बालसाहित्य पुरस्कार' पनि पाएका छन् । गोपीरमण उपाध्यायका प्रकाशित कृतिहरू हुन्-

१. हिन्दू धर्ममा मानव उत्पीडनका सन्दर्भहरू (हिन्दू धर्मशास्त्रको विश्लेषणात्मक अध्ययन २०४९)
२. प्रशान्तदोन (अनूदित उपन्यास )
३. पौराणिक कथा (२०५६)
४. प्रगतिशील साहित्य समालोचना ( २०५९ )

---

[५७] गोपीरमण उपाध्यायले फागुन १४ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

### ४.१.२५. गोविन्द भण्डारी

गोविन्द भण्डारीको जन्म वि.सं. २०२१ चैत्र १५ गते गुल्मी जिल्लामा भएको हो । उनी वि.सं. २०३० देखि बुटवल नजिकैको मणिग्राममा बस्न थालेका हुन् । विद्यालय जीवनमा नै काव्यरचनातर्फ आकृष्ट भएका भण्डारीका कवितासङ्ग्रह र खण्डकाव्यहरू प्रकाशित देखिन्छन् । यिनले वि.सं. २०३६ मा 'वीणा' पत्रिकामा 'उच्चता प्राप्त गर्न' शीर्षकको कविता प्रकाशित गरेर साहित्ययात्रा सुरु गरेका हुन् ।[५८] छन्दोवद्ध कविता लेख्ने भण्डारीको वि.सं. २०५० श्रावण १६ गते प्लेन दुर्घटनामा परी मृत्यु भयो ।[५९] स्व. कवि गोविन्द भण्डारीका प्रकाशित पुस्तकाकार कृतिहरू हुन्-

१. फिलिङ्गो (खण्डकाव्य २०३६)

२. दियालो (कवितासङ्ग्रह २०३९)

३. आगो पालेका पेट र शीत ओडेका बस्तीहरू (संयुक्त कवितासङ्ग्रह २०४६) ।

'फिलिङ्गो' खण्डकाव्य गोविन्द भण्डारीको पहिलो प्रकाशित कृति हो । पाँच झिल्कामा संरचित यस खण्डकाव्यमा जम्मा २०१ श्लोकहरू छन् भने शार्दूलविक्रीडित छन्दका ६४, अनुष्टुप, छन्दका ८२ र उपजाति छन्दका ४५ श्लोकहरू छन् । पहिलो र चौथो झिल्को शार्दूलविक्रीडित छन्दमा, पाँचौ झिल्को उपजाति छन्दमा र तेस्रो झिल्को अनुष्टुप छन्दमा रचित यस खण्डकाव्यले २०३६ पूर्वको नेपाली समाजलाई परिवेश बनाएको छ । चौध बर्षको उमेरमा नै लेखेको यस खण्डकाव्यमा त्यतिखेरको समयमा गाउँका फटाहाहरूले एकतावद्ध भएका गाउँलेहरूलाई फुटाएर आफ्नो स्वार्थपूर्ति गर्ने प्रयास गरेको तर नागरिकहरूले चेतनाशील भएर निरन्तर सङ्घर्ष गरेको देखाइएको छ । ग्रामीण नेपाली समाजमा विद्यमान सामन्ती संस्कारलाई सजीव रूपले चित्रण गरिएको यस खण्डकाव्यमा पुष्पपुर गाउँको परिवेश छ भने फटाहाहरूको प्रतिनिधित्व महेश नामको पात्रले गरेको छ । एउटा गाउँबाट लखेटिएर पुष्पपुर गाउँमा बस्न आइपुगेको उक्त पात्रले गाउँलेहरूमाथि अत्याचार गर्न थालेपछि गाउँलेहरूले प्रतिरोध गरेको तर स्थानीय प्रशासनहरूलाई किनेर महेशले गाउँलेहरूलाई पिटाएको कथावस्तु यस खण्डकाव्यमा छ । नागरिकहरूले निरन्तर महेशका अत्याचारहरूको प्रतिरोध गरिरहेपछि प्रशासनको हार भएर यस खण्डकाव्य सुखान्त हुन पुगेको छ ।

यस खण्डकाव्यले विद्रोही नागरिकहरूको विजयगान गर्दै महेशजस्ता शोषकहरूको समूल नाशका लागि न्याय, सत्य र आदर्शको हतियारले प्रहार गर्नुपर्ने सन्देश पनि दिएको छ । तत्कालीन

---

[५८] गोविन्द भण्डारी, 'उच्चता प्राप्त गर्न', **वीणा**, (बर्ष १, झङ्कार १२०३६), पृष्ठ १४-१६ ।

[५९] अजित खनाल, पूर्ववत्, पृष्ठ ६२ ।

प्रशासनिक भ्रष्टताको उद्घाटन गर्दै यस खण्डकाव्यले समाजमा व्याप्त गरिबी मान्छेकै श्रम र पसिनाको शोषणबाट उत्पन्न वैषम्यको परिणाम हो भन्ने तथ्यलाई समेत उजागर गरेको छ ।

यस काव्यले जनपक्षीय चिन्तनको प्रगतिवादी धरातल ग्रहण गर्न खोजेको छ । शोषित तथा सर्वहारा वर्गका वैचारिक धरातलमा स्वभावतः अङ्कुरित हुने विद्रोहात्मक प्रवृत्ति र जाग्रत चेतनाको प्रस्फुरणका रूपमा 'फिलिङ्गो' खण्डकाव्य आएको छ ।[६०] कवि मानवता र एकतामा जोड दिंदै भन्छन्-

बलोस् प्रत्येकमा प्रत्येकबाट मानवीयता

मबाट शुभकामना बढोस् जुझारु एकता ।[६१]

आदि, मध्य र अन्त्यानुप्रासको सचेत आयोजनाबाट उत्पन्न गीत्यात्मकता, सरल सरस भाषाशैलीबाट व्यञ्जित परिवर्तनको सन्देश एवम् छन्द आयोजनाबाट उत्पन्न श्रुतिरमणीयता यस खण्डकाव्यका विशिष्ट पक्षहरू हुन् ।

'दियालो' कवितासङ्ग्रह कवि गोविन्द भण्डारीको दोस्रो प्रकाशित पुस्तकाकार कविताकृति हो । यसमा 'म', 'क्रान्तिका अग्रदूत', 'नेपाली सेक्सपियर', 'फड्को', 'जनता' लगायतका एघारवटा कविताहरू सङ्गृहीत छन् । सामाजिक परिवर्तन गर्ने कविको उद्देश्य रहेको यस सङ्ग्रहका कविताहरूले विकृति, विसङ्गति, असमानता र अभावका विरुद्ध आक्रामक अभिव्यक्ति दिएका छन् । वि.सं. २०३९ मा साथीहरूबाट प्रकाशित यस कवितासङ्ग्रहका कविताहरूमा कविको प्रगतिवादी चेतनाले अझै विकसित हुने अवसर पाएको छ -

म भस्मिभूत पार्दछु उड्स विच्छिको बन

लडेर पाउँछु जित र नास्छु वर्ग दुस्मन ।[६२]

समाजमा परिवर्तन ल्याउने कवितको आकाङ्क्षा प्रकट भएको यस सङ्ग्रहमा जम्मा एघारवटा कविताहरू छन् भने तीमध्ये एउटा पञ्चचामर छन्दमा, दुईटा मन्दाक्रान्ता छन्दमा, दुईटा अनुष्टुप् छन्दमा र ६ वटा शार्दूलविक्रीडित छन्दमा रचिएका छन् ।

'आगो पालेका पेट र शीत ओडेका बस्तीहरू' (संयुक्त कवितासङ्ग्रह २०४६) गोविन्द भण्डारीको तेस्रो कविताकृति हो । 'कविजीको डायरी', 'अभ्यर्थना यौटा अर्को वैंसको', 'घिउ', 'म त नेपालआमा हुँ' समेत दशवटा गोविन्द भण्डारीका कविताहरू यस सङ्ग्रहमा सङ्कलित छन् ।

---

[६०] हीरामणि शर्मा, समालोचनाको बाटोमा, पूर्ववत्, पृष्ठ २५९ ।

[६१] गोविन्द भण्डारी, पाँचौ झिल्को, **फिलिङ्गो**, (काठमाडौं : ऋषिराम भूसाल २०३६), पृष्ठ ५६ ।

[६२] गोविन्द भण्डारी, **दियालो**, (रूपन्देही : साथीहरू, २०३९), पृष्ठ २ ।

नेपाली समाजमा विद्यमान आर्थिक असमानता र विषमता, वर्गीय र चरित्रगत असङ्गति, स्वाभिमानको किनवेच आदिलाई चित्रण गरिएका कविताहरूको यस सङ्ग्रहका पृष्ठ १ देखि १९ सम्म गोविन्द भण्डारीका कविताहरू अटाएका छन् । गरिबी, अभाव, देशभक्ति, पीडाग्रस्त-अन्यौलग्रस्त नेपाली समाजको निम्न वर्गको विवशता आदि गोविन्द भण्डारीको यस सङ्ग्रहभित्र परेका कविताहरूका उल्लेख्य पक्ष हुन् ।

कवि भण्डारीका कवितामा नेपालको राष्ट्रिय र सामाजिक जीवनका विसङ्गति, वर्गविषम, हरिकङ्गाल, मूल्यहीन, नक्कली र खोक्रो चरित्रले खर्लप्प ढाकिएको नेपाल चित्रित छ । पीडा, पक्षपात, धृष्टता, आक्रोश, अवज्ञा, आशा, आत्मसमर्पण, रोदन, पलायन, स्वाभिमान परस्परमा मिसिएको वर्तमान जीवनको विकृतिबोध यिनका कवितामा उद्घाटित छ ।[६३] कवि भण्डारीका सो सङ्ग्रहमा सङ्गृहित 'म त नेपाली हुँ' कवितामा उपरोक्त प्रकारका विषमताहरूलाई देखेर नेपालआमालाई असह्य भएको भाव प्रकट गर्दै समानता, स्वतन्त्रता र भ्रातृत्वको सन्देश सुनाइएको छ भने 'हिमालमुनिको बस्ती' कवितामा विदेशी पर्यटकहरूको नेपालप्रतिको चिन्तनशैलीप्रति असन्तुष्टि व्यक्त गरिएको छ । यसैगरी सोही सङ्ग्रहमा सङ्कलित 'अस्मिता' कवितामा विदेशिएका नेपालीहरूलाई स्वदेश फर्कन आह्वान गरिएको छ भने 'मर्ने अम्मल बनिसकेको छ' कवितामा रोग, भोक र शोकग्रस्त मनुष्य बाध्य भएर मरिरहेको भावाभिव्यक्ति पाइन्छ । वि.सं. २०४३ देखि २०४५ सम्ममा रचित यस सङ्ग्रहका कविताहरूले शैक्षिक जगत्मा देखिएको विकृतिमाथि यसरी व्यङ्ग्यात्मक प्रहार गरेको छ-

पौरखी छोराहरू
कलेज नगैदिएर पनि
प्रमाणपत्र आयात गर्दै
समाजसेवी बाबुको मान बढाएका छन् ।[६४]

अनुष्टुप र मुक्त लयको प्रयोग गरी लेखिएका यस सङ्ग्रहका गोविन्द भण्डारीका कविताहरूमा आदि, मध्य र अन्त्यानुप्रासको सचेत आयोजना पाइन्छ । प्रचलित, स्थानीय, एवम् पौराणिक बिम्बहरूको प्रयोग गर्दै तीनवटा अनुष्टुप र बाँकी गद्यलयमा रचिएका यस सङ्ग्रहका जम्मा एघारवटा कविताहरूमा थारो गाई, गोली, बन्दुक, लिलिपुट, शिवलिङ्ग, अभिमन्यू आदि बिम्बयोजना देखिन्छन् ।

---

६३ ऋषिराम भूसाल, 'त्रिवेणीको सुसेली', **आगो पालेका पेट र शीत ओढेका बस्तीहरू**, (रूपन्देही : ऋषिराम भूसाल, २०४६), पृष्ठ छैन ।

६४ गोविन्द भण्डारी र अन्य, आगो पालेका पेट र शीत ओडेका बस्तीहरू, (रूपन्देही : ऋषिराम भूसाल, २०४६) पृष्ठ छैन ।

उपमा, उत्प्रेक्षा आदि अर्थालङ्कार पनि यस सङ्ग्रहका कवितामा पाइन्छन् । पतिदेव, रक्षाकवच, घण्ट जस्ता तत्सम् र बुलेटप्रुफ, मेडम, डिप्लोमा, डिग्री, मनिब्याग जस्ता आगन्तुक तथा सरिदुनि, बराउनी, बजार हुँदी जस्ता कथ्य शब्दहरू र भाषिकाहरूको प्रयोग यस सङ्ग्रहका कवितामा भएका छन् । 'उहिले बाजेका पालामा रुपियाँ गन्थे डालामा' जस्ता लोक उक्तिहरूको प्रयोग पनि कविले गरेका छन् ।

शास्त्रीय तथा गद्य लयमा कविता सिर्जना गर्ने गोविन्द भण्डारी चौध बर्षकै उमेरमा प्रगतिवादी कथावस्तुयुक्त खण्डकाव्य लेख्न सक्ने तथा १४ बर्षको समयावधिमा ३ वटा पुस्तकाकार कृति प्रकाशित गर्ने बुटवलका उल्लेखनीय एवम् प्रतिभाशाली कवि हुन् । उनको असामयिक निधनले बुटवलको र सम्पूर्ण नेपाली भाषाकै साहित्यलाई अपूरणीय अति पुगेको मान्न सकिन्छ ।

### ४.१.२६. गोपाल विरही

गोपाल विरहीको जन्म वि.सं. २०३७ जेठ २७ गते बार भारतको सिलाङमा पिता चन्द्रमणि पौडेल र माता सीता पौडेलका जेठा सन्तानका रूपमा भएको हो । वि.सं. २०४६ देखि कविता कोर्न थालेका विरही वि.सं. २०४४ देखि बुटवलमा स्थायी रूपमा बसोबास गर्न थालेका हुन् । 'नेपाल पत्रकार महासङ्घ रूपन्देही' र 'जनसाहित्य परिषद्' मा संलग्न रहेका विरहीले 'मुना' पत्रिकामा वि.सं. २०५३ मा 'कलम' शीर्षकको बालकविता प्रकाशित गरी साहित्यको क्षेत्रमा प्रवेश गरेका हुन् ।[६५] उनका प्रशस्त फुटकर कविता, कथा, समालोचना र फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । विभिन्न विधाका र विशेषतः समसामयिक राजनीतिक र साहित्यिक घटनाक्रमहरूमाथि विश्लेषण गरिएका करिब पन्ध्र सय रचनाहरू उपर्युक्त पत्रपत्रिकाहरूमा प्रकाशित देखिन्छन् । बाल्यकालमा केही समय भारतमै अध्ययन गरेका विरहीले केरवानी मा.वि. देवदह, तिलोत्तमा मा.वि. बुटवल हुँदै वि.सं. २०५४ मा श्री कालिका मा.वि. बुटवलबाट एस.एल.सी. परीक्षा उत्तीर्ण गरी विद्यालय जीवनको शिक्षा पूरा गरेका हुन् हाल त्रि.वि. कीर्तिपुरबाट स्नातकोत्तर तहको अध्ययन पूरा गरी हाल शोधकार्य गर्दैछन् । आई.ए.मा अध्ययनरत रहँदा 'जनसाहित्य परिषद्' को संस्थापक अध्यक्ष रहेका विरहीले सिद्धार्थ साहित्य परिषद्द्वारा देवकोटा जयन्तीका अवसरमा वि.सं. २०५६ मा भैरहवामा आयोजित खुल्ला कविता प्रतियोगितामा प्रथम, सोह्रौं विश्व खाद्य दिवसका अवसरमा कृषि मन्त्रालयद्वारा वि.सं. २०५३ मा भैरहवामा आयोजित जिल्लाव्यापी मा.वि. स्तरको निबन्ध प्रतियोगितामा प्रथम र पाठ्यक्रम विकास केन्द्रको आयोजनामा वि.सं. २०५३ मा भैरहवामा आयोजित जिल्लाव्यापी मा.वि. स्तरीय वक्तृत्वकला प्रतियोगितामा प्रथम पुरस्कार प्राप्त गरेका हुन् ।

---

६५ सालिकाराम पौड्याल, पूर्ववत्, पृष्ठ १७३-१७४ ।

यसका साथै 'साहित्य सङ्गम बुटवल' ले वि.सं. २०५३ को लक्ष्मी जयन्तीमा 'नवप्रतिभा उत्कृष्ट पुरस्कार' द्वारा यिनलाई पुरस्कृत गरेको हो । गोपाल विरहीका पाण्डुलिपिका रूपमा रहेका अप्रकाशित कृतिहरू हुन्-

१. एउटा मानव-पशु (उपन्यास, रचनाकाल २०५८)

२. एकिलीजको आत्मकथा (उपन्यास, रचनाकाल २०५९)

३. बघेनीका सन्तानहरू (खण्डकाव्य, रचनाकाल २०६०)

४. रामबहादुरहरू (कथासङ्ग्रह, रचनाकाल २०६१)

५. प्राइभेट जागिर (कवितासङ्ग्रह, रचनाकाल २०६२)

उल्लिखित कृतिहरूमध्ये 'एउटा मानव-पशु' उपन्यासले वर्तमान समयमा मान्छेहरू पशुको स्तरमा ओर्लिरहेको विसङ्गत परिस्थितिप्रति व्यङ्ग्य गर्दै एउटा पशु कसरी मानवभन्दा उच्च छ भनी देखाएको छ भने 'एकिलीजको आत्मकथा' उपन्यासले होमरको महाकाव्य 'इलियाड' को एउटा पात्र एकिलीजको मनोवैज्ञानिक अध्ययन गरेको छ । 'बघेनीका सन्तानहरू' विभिन्न वर्णमात्रिक छन्दहरूको प्रयोग गरिएको जम्मा २४१ श्लोक भएको झीनो आख्यानयुक्त खण्डकाव्य हो । यस खण्डकाव्यमा द्रुतविलम्बित, तोटक, पञ्चचामर छन्दहरूको प्रयोग गरिएको देखिन्छ । यस खण्डकाव्यमा दोरम्बामा सानासानीको हत्यापछि बूढाबाको रोदन चल्दछ तर पछि बूढाबाले दोरम्बामा मारिएका सानासानीहरूलाई 'सहिद' घोषणा गर्छन् र सानासानीको हत्याको बदला लिन नागरिकहरूलाई आह्वान गर्छन्-

> भिडन्तका जपेर मन्त्र गर्छ नाश अन्यको
> किसानको पिउँछ रक्त पाप यस जघन्य हो ।
> स्वदेशभित्र हेर माग वर्ग-युद्धको भयो
> विनास वर्गदुष्टको विकास युद्धको भयो ।[६६]

विभिन्न पत्रपत्रिकामा प्रकाशित यिनका फुटकर कविताहरूमा जागिरे जीवनको तिक्तताबाट उत्पन्न व्यङ्ग्य-विद्रोही भाव र सामाजिक असमानता, व्यक्तिगत जीवन भोगाइका अप्ठ्याराहरू, निराशा, वैयक्तिक अन्यौलताका साथै सामाजिक असमानता, अन्याय, अत्याचार, शोषण, दमन, धार्मिक अन्धविश्वास-कुसंस्कार, सांस्कृतिक विकृति, जस्ता विषयमा विद्रोहात्मक अभिव्यक्ति प्रकट भएको पाइन्छ भने राष्ट्रियता, लोकतन्त्र र जनजीविका आदिका पक्षमा उभिने प्रगतिवादी प्रवृत्ति पाइन्छ ।

कवि भन्छन्-

---

[६६] गोपाल विरही, **बघेनीका सन्तानहरू**, अप्रकाशित खण्डकाव्यको पाण्डुलिपि, पृष्ठ १२ ।

तिम्रो पशुका तस्बिरहरू
तस्बिरमा भएका पशुहरू
मरिसकेका छन्, तागतहीन
गन्हाइरहेछन्, उपयोगहीन
दुर्गन्ध नबाँड तिमी मलाई । [६७]

देशको विषम परिस्थिति, वर्गीय, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र नैतिक विसङ्गति एवम् नागरिकहरूका पीडालाई विषयवस्तु बनाएर लेख्ने विरहीका कविताकृतिमा प्रगतिवादी सौन्दर्यचेत पाइन्छ भने आख्यानकृतिहरूमा मान्छेका अचेतन मनका रहस्यहरूको उद्घाटन गर्ने मनोवैज्ञानिक प्रवृत्ति पाइन्छ । 'रामबहादुर' यिनको मनोवैज्ञानिक कथाहरुको सङ्ग्रह हो । बुटवलको साहित्यमा यिनको उपस्थिति अग्रपङ्क्तिमा देखिन्छ ।

### ४.१.२७. **गोरखसागर खत्री**

गोरखसागर खत्रीको न्वारनको नाम गोर्खबहादुर खत्री हो । यिनको जन्म वि.सं. २०३७ वैशाख १० गते पिता भीमबहादुर खत्री र माता सरस्वतीदेवी खत्रीका कोखबाट धवलागिरी अञ्चल वागलुङ जिल्लाको हरिचौर-५ कौलेनीमा भएको हो । [६८] वि.सं. २०५६ बाट बुटवल-१० सुख्खानगरमा बसोबास गर्दै आएका गोरखसागर खत्रीले वि.सं. २०५४ असारको 'दैनिक लुम्बिनी' मा 'आह्वान' शीर्षकको कविता प्रकाशित गरी साहित्ययात्रा आरम्भ गरेका हुन् । हाल त्रि.वि. कीर्तिपुरमा अङ्ग्रजी विषयको स्नातकोत्तर तहमा अध्ययनरत खत्री सामाजिक सचेतना र वर्गीय उत्थानका लागि साहित्य लेख्ने गरेको बताउँछन् । 'गजलसागर नेपाल' का संस्थापक सहसचिव, 'बुटवल साहित्य,कला, संस्कृति प्रतिष्ठान' का साधारण सदस्य रहेका खत्री नवपरासीका समसामयिक गजल, 'गजलसागर' (अंक १ र २) तथा 'गोधुलि साहित्यिक पत्रिकासँग पनि सम्बद्ध छन् । सिद्धार्थ साहित्य परिषद् एवम् प्रलेस रूपन्देहीबाट पटकपटक गरी एक प्रथम र एक द्वितीय पुरस्कार तथा गजल प्रतियोगिताहरूमा एक प्रथम र एक द्वितीय पुरस्कारद्वारा पुरस्कृत गोरखासागर खत्रीका प्रकाशित कृतिहरू हुन्-

१. नवलपरासीका समसामयिक गजल (सहसम्पादन २०६१)

२. फूल मुस्कुराउँदा (गजलसङ्ग्रह २०६२)

गोरखासागर खत्रीको 'फूल मुस्कुराउँदा' गजलसङ्ग्रहभित्र प्रेम, जीवनजगत्, सामाजिक यथार्थता समेटिएका छन् । जीवनका शाश्वत सत्य पनि यी गजलमा समाविष्ट भएका छन् ।

---

[६७] गोपाल विरही, 'याद गर', **'प्राइभेट जागिर'**, अप्र. कवितासङ्ग्रहको पाण्डुलिपीमा उल्लेख भएअनुसार ।

[६८] गोरखसागर खत्रीले फागुन ५ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

शिल्पसंरचनाका दृष्टिले अधिकांश गजल मन लोभ्याउने खालका लाग्दछन् । सामाजिक मनोविज्ञानको नक्सा गजलमा उतार्न खप्पिस गोरखले जादुमय संरचना दिनतर्फ बढी समय खर्चिनु पर्ने आवश्यकतालाई भने नकार्न सकिँदैन ।[६९]

गोरखसागर खत्रीको 'फूल मुस्कुराउँदा' गजलसङ्ग्रहभित्र जम्मा ६० वटा गजलहरू सङ्कलित छन् । उनको यस कृतिभित्र रहेका गजलहरू हेर्दा शब्दहरू स्पर्शमुखी, सारगाम्भीर्यता, प्रतीकात्मकता, बिम्बको प्रयोग, कोमलता, सूक्ष्मता, सौन्दर्यप्रधान, कथ्यगत विविधता आदिका नजिक देखिन्छन् ।[७०]

गोरखसागरका गजलमा काफिया-रदिफ आदिको प्रयोग सन्तुलित ढङ्गले भएको पाइन्छ । लय पक्षमा पनि यी सचेत हुन खोजेका देखिन्छन् । शास्त्रीय बहरहरूमा समेत गजल रचना गर्ने यिनको प्रयास उत्साहबर्द्धनयोग्य छ । त्यसो त शास्त्रीय बहरहरूलाई अङ्गीकार गरेर लेखिएका यिनका कतिपय गजलमा कला र भाव दुवै पक्षमाथि असर परेको पनि प्रतीत हुन्छ ।[७१]

यस सङ्ग्रहका अधिकांश गजलमा प्रणयजन्य कथ्यका विविध अनुभूतिको अभिव्यक्ति पाइन्छ । युवा हृदयमा प्रणय चेतनाको उद्धीपन हुनु स्वाभाविकै हो । प्रणय सुख, संयसग तथा वियोगको पीडा, प्रेमिकाबाट प्राप्त हुने धोका, हीनताबोध, न्यूनताबोध, निराशाजस्ता अनुभूतिमा रचिएका गजलको व्याप्ति छ यस सङ्ग्रहमा । यसका साथै उत्साह, उमङ्ग, आशा, साहस, कर्तव्यबोध जस्ता अनुभूतिले पनि यी गजलमा अभिव्यक्ति पाएका छन् ।[७२]

उनले अन्तर्दिृष्टले देखेको दृश्य शब्दमा यसरी चित्रण गरेका छन्-

ढाल तरवार लिई उभिएको बुद्ध देखें
बुद्ध-बुद्ध लडेको त्यस घमासान युद्ध देखें ।[७३]

यसरी नेपाली लयमा आधारित र प्रचलित सूत्रहरूमा गजल लेख्ने गोरखसागर खत्रीको योगदान बुटवलको साहित्यिक विकासमा अग्रस्थानमा देखिन्छ ।

---

६९ खगेन्द्रप्रसाद बस्याल, 'शुभकामना', **फूल मुस्कुराउँदा**, (नवलपरासी : नवलपरासी साहित्य परिषद्, २०६२), पृष्ठ ट ।

७० ऐजन, पृष्ठ त्र ।

७१ डा.घनश्याम न्यौपाने 'परिश्रमी', 'फूल मुस्कुराउँदाको पाण्डुलिपिमा चक्रदृष्टि प्रक्षेपण', फूल मुस्कुराउँदा, पूर्ववत्, पृष्ठ ६ ।

७२ ऐजन ।

७३ गोरखसागर खत्री, फूल मुस्कुराउँदा, पूर्ववत्  पृष्ठ ४९ ।

### ४.१.२८. **गोकर्णप्रसाद गौतम 'अविरल'**

गोकर्णप्रसाद गौतम 'अविरल' को न्वारनको नाम लक्ष्मी गौतम हो । यिनको जन्म वि.सं. २०३९ कार्तिक १५ गते पिता महाशर्मा गौतम र माता नन्दकला गौतमका कोखबाट गुल्मीको शान्तिपुरमा भएको हो ।[७४] वि.सं. २०५० देखि अस्थायी रूपमा बुटवलमा बसोबास गर्दै आएका गोकर्णप्रसाद गौतम 'अविरल'ले वि.सं. २०५५ मा 'देशभक्ति' शीर्षकको कविता लेखेर साहित्ययात्रा आरम्भ गरेका हुन् । देशलाई नयाँ दिशामा हिंडाउन प्रयत्न गर्ने उद्देश्यले साहित्यलेखनमा प्रवेश गरेको बताउने गोकर्णप्रसाद 'अविरल'ले स्नातक तहको परीक्षा पूरा गरेका छन् । 'बुटवल साहित्य, कला, संस्कृति प्रतिष्ठान' र 'साहित्य सङ्गम बुटवल' सँग सम्बद्ध गोकर्णप्रसाद गौतम 'अविरल' 'साहित्य सङ्गम बुटवल' द्वारा आयोजित कविता प्रतियोगितामा २ पटक द्वितीय भएका हुन् भने साहित्य सङ्गम बुटवल तथा ट्रान्स्प्यसरन्सी इन्टरनेसनलद्वारा संयुक्त रूपमा आयोजित कविता प्रतियोगिता ( २०६१) मा द्वितीय भएका हुन् । यिनको प्रकाशित कृति हो-

१. देश दुखेको बेला (कवितासङ्ग्रह २०६१)

कवि गोकर्ण 'अविरल' अराजक परिवेश र युगको द्वन्द्वबाट छट्पटाउँदै प्रकट भएका सर्जक देखिन्छन् । शान्ति, सुव्यवस्था, मुक्ति, प्रगति, मानवीयता, राष्ट्रप्रेम र जीवनको आशावादी आग्रह उनका कवितामा पाइने झङ्कार हुन् । देशमा विद्यमान अशान्ति, विसङ्गति, पराधीनता, विनाश, अमानवीयता र नैराश्यबाट उनको कवि मन शोकाकुल छ । समग्रमा समाजको सुस्थितिका निम्ति उनी चिन्तामग्न छन् र यसका लागि आह्वान गर्ने मुद्रामा उभिएका छन् ।[७५]

यस सङ्ग्रहमा कविले देशको चित्रलाई राम्ररी ठम्याएका छन् । हत्याहिंसाबाट जर्जर देश उनको हृदयमा आएर दुःखिरहेको छ । परिवर्तनका निम्ति द्वन्द्व र निरन्तर सङ्घर्षको औचित्य देख्छन् ।[७६] देश बारम्बार घाइते भइरहेको प्रसङ्गमा उनी बोल्छन् -

वर्षौंदेखि सुगन्ध सञ्चार गर्ने
मेरो सानो फूलबारी आज
अनायासै उजाडिएको देखें
र अझै भित्र नियालेर हेर्दा

---

[७४] गोकर्णप्रसाद गौतम 'अविरल' ले फागुन ६ गते शोधार्थीलाई बुटवलमा दिएको जानकारीअनुसार ।

[७५] मुरारि पराजुली, 'देश दुखेको बेला' मा गोकर्णको काव्ययात्रा, देश दुखेको बेला, (बुटवल : कवि स्वयम्, २०६१), पृष्ठ छैन ।

[७६] ऐजन ।

देखें अनगिन्ती घाउ-चोटहरू ।[७७]

देशप्रेम गोकर्णको कविता यात्राको अर्को विषय हो । अभावका कुरा हुन् या अशान्तिका, असमानताका कुरा हुन् या अकर्मण्यताका, यी सबैबाट आक्रान्त हुने विषय देश भएकाले हरेक विसङ्गति र असङ्गतिहरूले पीडाग्रस्त देशको वर्तमानले कविको मर्मलाई छोएको छ ।

समग्रमा बुटवलकै स्थानीय वासिन्दा नभए पनि गोकर्ण 'अविरल' को उपस्थिति बुटवलको साहित्ययात्रामा महत्त्वपूर्ण प्राप्तिका रूपमा देखापर्दछ ।

### ४.१.२९. **चन्द्रप्रसाद अधिकारी**

चन्द्रप्रसाद अधिकारीको जन्म वि.सं. १९८८ पुष ५ गते शनिवार पिता हिरण्यलाल अधिकारी र माता चन्द्रकुमारी अधिकारीका कोखबाट पाल्पा जिल्लाको खारीपानी-२ मा भएको हो ।[७८] वि.सं. २०३६ देखि स्थायी रूपमा नवलपरासीमा बसोबास गर्ने चन्द्रप्रसाद अधिकारी आज पनि साहित्यिक कार्यक्रमहरूका सन्दर्भमा बुटवल आवतजावत गरिरहने प्रतिभा हुन् । वि.सं. २००४ मा बनारसबाट प्रकाशित हुने पत्रिकामा 'स्वदेशमै बसौं' शीर्षकको कविता प्रकाशित गरी साहित्ययात्रा आरम्भ गरेका चन्द्रप्रसाद अधिकारीले विभिन्न पाठशालाहरूमा अध्ययन गर्दै संस्कृतमा प्रथमासम्मको शिक्षा प्राप्त गरेका छन् । सामाजिक यथार्थको चित्रण गर्नुलाई आफ्नो साहित्यलेखनको उद्देश्य भन्न रुचाउने अधिकारीले प्रज्ञा प्रतिष्ठानको लोकसाहित्य विभागमा पनि काम गरेका (२०२६-२०२९) हुन् भने साहित्य सङ्गम बुटवललाई क्रियाशील तुल्याउनमा उनको उल्लेख्य योगदान रहेको छ । उनी साहित्य समाज काठमाडौंद्वारा पुरस्कृत र 'बुटवल साहित्य, कला, संस्कृति प्रतिष्ठान'द्वारा सम्मानित भएका हुन् भने उनका 'जुरेली चरी', 'छत्रे ढाकर बोकीबोकी', 'कालीपारे दाइ कति राम्रो ढाकाटोपी' लगायतका गीतहरू रेडियस नेपालबाट प्रसारित छन् । लोकसाहित्यिक भावना र अनुभूतिबाट प्रभावित चन्द्रप्रसाद अधिकारी मूलतः गीतकार हुन् । उनका रचनाहरू 'प्रज्ञा परिचर्चा' -काठमाडौं), 'झङ्कार' (रेडियस नेपाल) तथा स्थानीय एवम् राष्ट्रिय स्तरका थुप्रै पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् भने उनका धेरै प्रकाशित कृतिहरू हराएकामा उनी दुःखी छन् । उनको स्मृतिमा रहेका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू हुन्-

१. स्वदेशमै बसौं (कवितासङ्ग्रह २००४)

२. गीतमाला (गीतसङ्ग्रह ?)

३. बनमुनिको झुपडी (कवितासङ्ग्रह २००८/०९)

---

[७७] ऐजन ।

[७८] चन्द्रप्रसाद अधिकारीले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

४.	'चार सहर'	(गीतमाला ? )

५.	तिर्खा (गीतसङ्ग्रह ?)

७४ बर्षका वयोवृद्ध चन्द्रप्रसाद अधिकारी यस उमेरमा पनि निकै सक्रियताका साथ बुटवलको साहित्ययात्रामा यात्राशील देखिन्छन् भने स्वास्थ्य र उमेरका कारण उनी आफै आफ्ना कृतिहरूका विषयमा पूरै जानकारी दिन असमर्थ देखिन्छन् । उनको कृतित्वबारे शोधखोज गर्नु आवश्यक देखिन्छ ।

### ४.१.३०. **चतुर्भुज आत्रेय**

चतुर्भुज आत्रेयको जन्म वि.सं. २०१३ चैत्र ६ गते पिता तारानाथ उपाध्याय र माता नीलादेवी उपाध्यायका कोखबाट गुल्मी जिल्लाको हर्दिनेटा गा.वि.स-३ मा भएको हो ।[७९] विभिन्न समयमा 'सुवास', 'चतुर' र 'विद्रोह'का उपनामले समेत आफ्ना साहित्यका रचना प्रकाशित गरेका चतुर्भुज आत्रेय वि.सं. २०५३ देखि बुटवलको सुख्खानगरमा बसोबास गर्दै आइरहेका छन् । उनले वि.सं. २०२८ तिर सिलाङ्बाट छापिने 'मादल' त्रैमासिकमा प्रकाशित कविताबाट औपचारिक रूपमा साहित्ययात्रा आरम्भ गरेका हुन् । शास्त्रीसम्मको अध्ययन पूरा गरेका आत्रेय समाज परिवर्तनका लागि साहित्यक्षेत्रमा प्रवेश गरेको बताउँछन् । बनारसमा छँदा नेकपाको सक्रिय कार्यकर्ता, छात्र सङ्घ पत्रिकाको प्रकाशनमा संलग्न (२०२८) रहेका आत्रेय नेप्रवियुको संस्थापक सदस्य (२०३८) र नेपाल पत्रकार महासङ्घका साधारण सदस्यसमेत हुन् । चतुर्भुज आत्रेयले थुप्रै पत्रिकाहरूको सम्पादनसमेत गरेका छन् । गोविन्द वियोगी सम्पादक रहेको 'मातृभूमि' पत्रिकासँग सम्वद्ध रहेका बखत युगकवि सिद्धिचरण श्रेष्ठसँग बसउठ गरेका तथा बनारसमा पुष्पलालसँग सँगै काम गरेका आत्रेय 'मातृभूमि' साप्ताहिक काठमाडौंका सहसम्पादक भएका हुन् । चतुर्भुज आत्रेयले 'मुक्तिमोर्चा' हाते पत्रिकाको सम्पादन (२०३२) पनि गरेका हुन् भने सोही गिरफ्तारी र जरिवानामा पनि परेका हुन् ।

राष्ट्रिय औद्योगिक प्रदर्शनी बुटवलद्वारा उत्कृष्ट उद्योग पत्रकारिता पुरस्कार पाएर सम्मानित भएका आत्रेयका थुप्रै रचनाहरू 'सुस्केरा', 'छात्रप्रभा', 'मूलप्रवाह', 'नयाँ सिर्जना', 'मुक्तिमोर्चा', लगायतका नेपाल र भारतबाट प्रकाशित हुने दैनिक, साप्ताहिक, मासिक र त्रैमासिक पत्रिकाहरूमा छरिएर रहेका छन् भने उनका 'तीन दशक जे देखें जे भोगें', (संस्मरणसङ्ग्रह) र 'पुतली' -खण्डकाव्य) प्रकाशोन्मुख छन् । उनको प्रकाशोन्मुख खण्डकाव्यमा वियोगान्त कथावस्तु छ भने शोषण र सामन्ती व्यवस्थाका विकृतिहरूबाट युवावर्गमा आएको वितृष्णालाई विषयवस्तुको आधार बनाइएको छ । उनको हालसम्म प्रकाशित पुस्तकाकार कृति हो -

---

[७९] चतुर्भुज आत्रेयले माघ १५ गते बुटवलका शाधार्थीलाई दिएको जानकारीअनुसार ।

१.　समर्पण (कवितासङ्ग्रह २०६२)

'समर्पण' कवितासङ्ग्रह चतुर्भुज आत्रेयको प्रथम प्रकाशित पुस्तकाकार कृति हो । 'स्यावास,' 'नेता वन्दना', 'हुन्न क्यारे बिहानी', 'केरा', 'पत्रकार' 'देशै डुब्यो' लगायतका ६५ वटा लामाछोटा कविताहरू तथा 'राष्ट्र गीत', 'कल्ले भन्यो', 'छामी हेर मायालु', 'आज मलाई के भयो राजै', 'वर्वादी' लगायतका बाह्रवटा गीतहरू सङ्गृहीत यस कवितासङ्ग्रह वि.सं २०६२ को माघ महिनामा सहिद सप्ताहको अवसर पारेर विवेक सिर्जनशील प्रकाशन प्रा.लि. काठमाडौंले प्रकाशित गरेको हो । यस सङ्ग्रहमा चतुर्भुज आत्रेयका २०३८ मा काठमाडौंको डिल्लीबजार खोरमा थुनिँदादेखि यताका कविताहरू सङ्कलित देखिन्छन् । यस सङ्ग्रहका गीत तथा कविताहरूमा राष्ट्रियता, मानवसभ्यता, राजनीतिक विसङ्गति, गरिबीको पीडा, स्वार्थ, पत्रकारिता क्षेत्रमा देखापरेका समस्या, देशको अधोगति, किसानको परिश्रम, वेश्यावृत्ति, घुसखोरी, युवासुलभ प्रणयभावना, प्रकृति, विधवा हुनाको पीडा आदिलाई विषयवस्तुका रूपमा प्रयोग गरिएको छ । कविले आफ्ना कविताहरूमा भुर्जुङ खोला, पोखराको लामाचौर, फेवाताल, बिहानी, स्टेसन आदि प्राकृतिक एवम् मानवनिर्मित परिवेशको बिम्बात्मक-प्रतीकात्मक प्रस्तुति पनि गरेका छन्।

जम्माजम्मी ८९ पृष्ठको यस कवितासङ्ग्रहमा मुक्तलय तथा शास्त्रीय वर्णमात्रिक लयको प्रयोग गरिएका साथै लोकलयको प्रयोग गरिएका गीतहरू सङ्ग्रहीत छन् । वर्णमात्रिक छन्दमध्ये शार्दुलविक्रीडित छन्दको प्रयोगमा कवि आत्रेयको कलमले ज्यादा झुकाव राखेको देखिन्छ । प्रायः कविताहरू मुक्तलय र मात्रिक छन्दढाँचाको दोसाँधमा रचना गरिएका देखिन्छन् भने कतिपय कविताहरू जापानी हाइकु भन्न सकिने खालका छोटा पनि देखिन्छन्, जस्तोः

न तिमी
न म
द्वन्द्व ! अन्तर्द्वन्द्व ! अनि द्वन्द्व
द्वन्द्व द्वन्द्वभित्रको निर्द्वन्द्व

(टुङ्गो) [८०]

चतुर्भुज आत्रेयले आफ्नो जीवनका विभिन्न उकालीओराली र हन्डरठक्करका बीच यी रचनाहरूलाई जन्माएका हुन् ।

सबै रचनाको अध्ययन गर्दा उहाँको लेखनी अन्याय-अतिचारको विरुद्ध निरन्तर क्रियाशील रहेको देखिन्छ । छन्दोवद्ध कवितामा छन्दविधानका केही समस्याहरू देखिए पनि गद्यलेखन र विशेष

[८०] चतुर्भुज आत्रेय, **समर्पण**, (काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६२) पृष्ठ ७५ ।

गरी गीतमा उहाँको प्रतिभा पूर्णरूपले प्रस्फुरित भएको भेटाएँ । धेरै पटकका हार-प्रहारले थकित भएर, अल्मलिँदा पनि कल्पना र प्रस्तुतिको दृष्टिले यी शब्दहरू माझिएका छन् ।[८१]

कवि भन्छन्- जसरी राजनीतिलाई निश्चित मापदण्ड र सीमामा बाँध्नु पर्छ, साहित्य त्यति कडा बन्धनमा रहन सक्दैन भन्ने मेरो मान्यता छ । यसको अर्थ साहित्य जीवन र जगतदेखि अलग हुनुपर्छ भन्ने मेरो मान्यता पनि होइन ।[८२]

कविको लामो राजनीतिक जीवनले बोकेका सपनाहरू वर्तमानमा साकार हुन सकेनन् । यस कुराले कविको मन कुँडिएको छ, कवि भन्छन् -

थुक्क ! थुक्क !! थुक्क !!
सबै नेताहरू पुष्पलाल, वी.पी.
गणेशमान, मदन भण्डारी हुन्छन् भनेको त
बल्ल पो थाहा पाएँ मौका पाउँदाको बखत त सालेहरू
लिङ्कन र गान्धीजी होइन
पजेरे पाजी पो बन्दा रहेछन् ।[८३]

वामपन्थी राजनीतिक कार्यकर्ताका रूपमा पञ्चायतकालमा पटकपटक गरी करिब तीन बर्ष राजवन्दीका रूपमा विभिन्न कारागारमा बसेका चतुर्भुज आत्रेयका यस सङ्ग्रहका कविताहरूमा राजनीतिक विकृति र विसङ्गतिहरूप्रति व्यङ्ग्यभाव पाइनाका साथै निराशाका स्वरहरू पनि प्रशस्तै उरालिएका छन् ।

तत्सम, हिन्दी आगन्तुक र कथ्य नेपाली सरल, सरस शब्दहरूको प्रयोगका कारण यस कविताकृति दुर्बोध्यताको दोषबाट मुक्त देखिन्छ भने यसमा सङ्गृहीत गीतहरूमा लोकभावनाका प्रचलित बिम्वहरू र व्यङ्ग्यात्मकताको प्रयोग गरिएको पाइन्छ ।

चतुर्भुज आत्रेय मुख्यतः प्रगतिवादी कवि हुन् । उनी नेपाली राजनीतिका क्षेत्रमा पनि ऐतिहासिक महत्त्व राख्ने व्यक्ति हुन् । चतुर्भुजका कविताहरू उनको जीवनको बहुआयामिक अनुभव अनुभूतिहरूका व्यञ्जनाद्वारा वर्तमानका विसङ्गतिहरूप्रति तीक्ष्ण प्रहार गर्ने र वर्णमात्रिक, मात्रिक र गद्यलयात्मक श्रुतिरमणीयताका माध्यमद्वारा सङ्गीतमय कवित्वचेत प्रकट गर्ने गर्दछन् । यदाकदा

---

[८१] चतुर्भुज आत्रेय, 'आफ्नै गन्थन', समर्पण, पूर्ववत, पृष्ठ ७-८ ।

[८२] लेखनाथ ज्ञवाली, 'चतुर्भुजको 'समर्पण' लाई नियालेर हेर्दा, '**समर्पण**' , पूर्ववत्, पृष्ठ छैन ।

[८३] चतुर्भुज आत्रेय 'समर्पण', पूर्ववत्, पृष्ठ ७७ ।

वर्णविन्यासगत भाषिक त्रुटि फेला पर्नु उनको कवित्वका सीमा हुन् । बुटवलको साहित्ययात्रामा चतुर्भुज आत्रेयको कवितायात्राले उल्लेखनीय भूमिका निर्वाह गरेको देखिन्छ ।

### ४.१.३१. जगत्बहादुर जोशी

जगत्बहादुर जोशीले न्वारनको नाम भोलानाथ हो । उनको जन्म वि.सं. १९८३ असार २५ गते शनिबारका दिन पिता मिनबहादुर र माता बुद्धलक्ष्मीका कोखबाट पाल्पाको तानसेन-२ मा भएको हो ।[८४] करिब ४२ वर्ष तानसेनमा शिक्षण गरी वि.सं. २०६० देखि बुनपा-५ पुलचोकमा बसोबास गर्दै आइरहेका छन् । बनारस हिन्दु युनिभर्सिटीबाट बी.ए. सम्मको अध्ययन गरेका जोशीले 'युगबाणी' पत्रिकामा 'गुलाफको फूल' चम्पूकविता प्रकाशित गरी औपचारिक रूपमा साहित्ययात्राको आरम्भ गरेका छन् । उनी वि.सं. २००३ मा स्थापित तानसेनको 'धवल पुस्तकालय' का संस्थापक सदस्य हुन् भने उनले वि.सं. २००६ मा पद्मोदय हाइस्कुलमा पढाउँदा 'पथप्रदर्शक' (हस्तलिखित पत्रिका) को सञ्चालन गरेका हुन् । जोशी हस्तलिखित पत्रिका चलाउने सन्दर्भमा प्रशासनद्वारा पटकपटक बोलाउने, तर्साइने र हप्काइने गरेको कुरालाई स्मरण गर्छन् । वि.सं.२०१२ तिर प्रजातन्त्र आइसकेपछि पनि काठमाडौंलाई सम्पूर्ण ठान्ने प्रवृत्तिबिरुद्ध तानसेनमा 'पश्चिम नेपाल युवक सङ्गठन' नामक संस्थामा समेत आवद्ध रहेका जगतबहादुर जोशी सोही सङ्गठनले बुटवलबाट 'बुटवल साप्ताहिक' को प्रकाशन गरेको बताउँछन्, जसका सम्पादक सूर्यलाल थिए । कुलमणि देवकोटाद्वारा सम्पादित 'सिर्जना' साहित्यप्रधान पत्रिकामा सम्पादक (२०१५) समेत रहेका जोशीले बनारसमा रहँदा हिन्दी र अङ्ग्रेजी भाषामा समेत आफ्ना रचनाहरू लेखेका थिए । सेन मा.वि. पाल्पाका संस्थापक सदस्य र प्र.अ. समेत भएका जोशी बुटवलको ज्ञानोदय रात्रि मा.वि.मा पनि एक वर्ष प्र.अ. भएका (२०२४) हुन् । उनले 'धवलागिरि' र 'उपहार' जस्ता पत्रपत्रिकाहरूको पनि सम्पादन गरेका छन् । वि.सं. २०१८ मा आयोजित अधिराज्यव्यापी बृहत् साहित्य सम्मेलनमा 'वर्षातको रात' शीर्षकको जोशीको कविता सर्वप्रथम भएको थियो ।[८५] उनी वि.स. २०२० मा तानसेनमा आयोजित अञ्चलस्तरीय कविता प्रतियोगितामा प्रथम भएका हुन् । 'नूरगङ्गा पुरस्कार' (२०५०), नेपाल साहित्य निकेतन गुवाहाटी तथा वृहत् गुवाहाटी साहित्यिक अतिथि अभ्यर्थना समितिबाट अभिनन्दन (२०५२) 'धौलागिरि साहित्य प्रतिष्ठान' द्वारा सम्मान (२०५५), 'गणेश पाल्पा प्रतिभा पुरस्कार' (२०५९), 'धवलागिरि साहित्य प्रतिष्ठानबाट पुरस्कार (२०६०) र 'काजी रोशन पुरस्कार' (२०६०) आदिबाट उनी सम्मानित-पुरस्कृत भएका छन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू हुन् -

---

[८४] जगत्बहादुर जोशीले माघ १५ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[८५] ऐजन ।

१. बौद्धदर्शनका मौलिक सिद्धान्त (अनुवाद ?)

२. भाषा दुई थरिका (बौद्धदर्शनसम्बन्धी प्रबन्ध ?)

३. नेपालका निर्माताहरू भाग १ र २ (इतिहास २०१४)

४. नेपाल दर्शन भाग १ र २ (इतिहास २०१४)

५. जसवन्ते (खण्डकाव्य २०२८)

६. आज सूर्य विरामी छ (कवितासङ्ग्रह २०५१)

७. डम्बरेको टालो (उपन्यास २०६०)

'जसवन्ते' खण्डकाव्य जगतबहादुर जोशीको प्रथम प्रकाशित साहित्य कृति हो । गद्य कवितात्मक मुक्तलयको प्रयोग गरी लेखिएको यस काव्यमा संस्मरणात्मक शैलीबाट कारागारको जीवन र दर्दनाक यातना भोगेको एउटा पात्रको आत्माभिव्यञ्जनालाई प्रस्तुत गरिएको छ ।

इतिहास र दर्शनलाई काव्यात्मकताका साथ प्रस्तुत गरिएको यस खण्डकाव्यका नायक जसवन्ते शारीरिक र मानसिक यातना भोग्नुपरे पनि मान्छेको स्वतन्त्रता र समानताका पक्षमा क्रान्तिकारी स्वर उराल्ने पात्र हो ।

कवि भन्छन् - "जसवन्ते प्युठानको व्यक्ति हो । केन्द्रीय कारागारमा बस्दा मैले उसको बानीव्यहोरा नजिकैबाट बुझ्ने अवसर पाएँ र उसलाई नै नायक बनाएर यस खण्डकाव्यको रचना गरेको हुँ ।"[८६] यस खण्डकाव्यमा जसवन्ते मानवताको र उसलाई कारागारमा लगेर राख्नेहरू निरङ्कुशता, अत्याचार, बर्बरता र सामन्तहरूका प्रतीक हुन् ।

वास्तबमा 'जसवन्ते' खण्डकाव्य इतिहास, दर्शन र काव्यको सङ्गम हो । यति भएर पनि प्रस्तुत काव्यलाई दर्शनले किचेको छ र दर्शनलाई इतिहासले उछिनेको छ । यदि यस काव्यमा तीन **तत्त्व**को समायोजन हुन सकेको भए आधुनिक खण्डकाव्यको उत्कर्षलाई छुन सक्थ्यो ।[८७]

मानव इतिहासमा भएका भूलहरूबाट मानवजातिले भोग्नु परेका यातना र सास्तीहरूको बास्तविक मर्मबोध नै , 'जसवन्ते' का कविको सफलता हो । सुकरात, ब्रुनो, ग्यालिलियस आदि क्रान्तिकारीहरूलाई कडा सजाय दिइनु, प्रेम र सेवाको सन्देश दिन खोज्ने क्राइस्टलाई फाँसी दिइनु , ज्ञानी बनेको अभियोगमा एकलव्यले औला काटेर गुरु दक्षिणा चढाउन बाध्य हुनुजस्ता प्राचीन दासयुगदेखि आजसम्मका अपराधहरूको नालीबेली लाउँदै आणविक आयुधहरूको ताण्डवनृत्यको समेत

---

[८६] जगत्बहादुर जोशीले शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[८७] गोपीकृष्ण शर्मा, 'पाल्पाको साहितियिक जगत्, एक सर्वेक्षण', **पाल्पा दर्पण**, अङ्क १, (काठमाडौं : पाल्पाली सङ्गम, २०३९), पृष्ठ ४७ ।

भ्रर्त्सना गर्न पुग्छ । मान्छेको सुकुमार स्वप्निल चाहनाहरूलाई ध्वंश गर्दै मानव अस्तित्वलाई नै कुल्चन खोज्ने निरङ्कुश शासकहरूका दमन, शोषण, उत्पीडन र बर्बरतापूर्ण दानवीय व्यवहारहरू मानवताविराधी कार्यहरू हुन् भन्दै जसवन्ते तिनको खुलेर विरोध गर्दछ । [८८]

संस्कृत तत्सम् , हिन्दी तथा अङ्ग्रेजी आगन्तुक शब्द तथा पूर्व र पश्चिमका ऐतिहासिक घटना र व्यक्तिका नामहरू यस खण्डकाव्यमा प्रयोग गरिएका छन् । कवि भन्छन् - "प्राचीन युनान र मिश्रका चलनदेखि लिएर युरोपको पुनरुत्थानको युग, फ्रान्सको क्रान्ति, दोस्रो विश्वयुद्ध, आणविक अस्त्रहरूको परीक्षणको होडवाजी आदिको सन्दर्भमा 'जसवन्ते' लाई उभ्याएको छ । प्रस्तुत पुस्तक शुद्ध इतिहासको पुस्तक होइन, अपितु विश्वइतिहासको परम्परागत धाराको उथलपुथलका चोटपटक, टक्कर र ठक्कर खाँदै आएर वर्तमान युगमा आई टक्क उभिएर अगाडिको क्षितिजमा आफ्नो नजर अड्याइरहेको मानिसको इतिहास अवश्य हो । [८९]

वि.स. २०२८ मा पाल्पा तानसेनवाट कवि स्वयम्ले प्रकाशित गरेको यस खण्डकाव्यमा आदि, मध्य र अन्त्यानुप्रासको शब्दालङ्कारका साथै मुसोलिनी, चार्ल्स, बुद्ध जस्ता ऐतिहासिक पात्रहरू, टेबुल, खैंजडी आदि प्रचलित बिम्बहरू र उपमा , रूपक, उत्प्रेक्षा जस्ता अर्थालङ्कारको प्रयोग गरिएको छ । यस खण्डकाव्यमा व्यङ्ग्यात्मकता पनि पाइन्छ, कवि भन्छन् -

"मुसोलिनीको खप्पर झन माथि,
सबभन्दा माथि हिटलरको ।"

यसरी इतिहासलाई काव्यात्मकता दिइएको यस खण्डकाव्यमा आख्यान**तत्त्व** झीनो रूपमा मात्र आएको छ । ऐतिहासिक विषयवस्तुको अल्पज्ञान, अज्ञान वा अरूचि भएका पाठकहरूका लागि यस काव्य सरस र सरल हुन सक्ने छैन । यस खण्डकाव्यले इतिहासजस्तो जटिल विषयलाई काव्यको विषयवस्तु बनाएका हुनाले यसमा ऐतिहासिक-भौतिकवादी-प्रगतिवादी कवित्वचेत झल्कन्छ ।

'आज सूर्य बिरामी छ' कवितासङ्ग्रह जगत्बहादुर जोशीको दोस्रो प्रकाशित साहित्यिक कृति हो । 'सिरक', 'बिरामी मानिस', 'बादल हो कि चिल', 'हराएका आँखाहरू' लगायतका पैंतालीसवटा कविताहरू सङगृहीत यस कवितासङ्ग्रहमा अन्याय, अत्याचार, रुढिवाद, अन्धविश्वास आदिका विरुद्धको कविको आक्रोश हावा, वर्षा, आकाश, घोडा आदि बिम्बभाषाका माध्यमद्वारा प्रकट हुन आएका छन् ।

---

[८८] हीरामणि शर्मा पौड्याल, रचना विवेचना, पूर्ववत्, पृष्ठ २२-३२ ।

[८९] जगत्बहादुर जोशी, प्राक्कथन, **'जसवन्ते'**, (पाल्पा : लेखक स्वयम्,२०२८), पृष्ठ iii ।

संस्कृत तत्सम् र अङ्ग्रेजी आगन्तुक स्रोतका शव्दहरूको प्रयोगाधिक्य र दर्शनको चापले गर्दा कतिपय अवस्थामा दुर्वोध्यसमेत बन्न पुगेका यस सङ्ग्रहका कविताहरू कविले वि.स. २०१७-२०४३ का वीचमा रचना गरेका हुन् ।

जेलभित्र र जेलबाहिर लेखिएका रचनाहरू यस सङग्रहमा सङ्कलित छन् । जेलबाहिर लेखिएका कविताहरू भन्दा जेलभित्र बन्दी भएर लेखिएका कविताहरू बढी मार्मिक छन् । जेलमा बन्दी रहँदा लेखिएका कवितामा कविले वस्तुस्थितिलाई मार्मिक ढङ्गले उपस्थापन गर्दै विश्ववन्धुत्व, समानता र न्यायको अभिव्यञ्जना गरेका छन् । 'वर्षाको रातमा' कविता उत्कृष्ट र कलात्मक छ । यसमा जीवनयात्राको राम्रो अभिव्यक्ति पाइन्छ । यसै कवितामा कविले राष्ट्रिय तहको स्वर्णपदक प्राप्त गरेका छन् । [९०]

समग्रमा यस कवितासङग्रहका कविताहरूले जीवनविरोधी मान्यता र अन्धपरम्पराका विपक्षमा पूरै धावा बोलेकाले यसमा जनपक्षीयता मुखरित भएको छ ।

वि.स. २०५० मा साझा प्रकाशनले प्रकाशित गरेको यस कवितासङग्रहका कविताहरूमा निर्मम शोषण, प्रतिकूल परिस्थिति, अन्यायको दवावप्रति व्यथा र स्वच्छ समाज सृजनाको व्यग्रता, यथार्थ निर्माणको पुकार र अन्यायप्रतिको हुङ्कार छ । [९१]

यसरी हेर्दा यस कविता सङग्रह एकातिर सामन्तवाद र साम्राज्यवाद विरुद्धको कलात्मक-कवितात्मक-कवितात्मक विद्रोह हो भने अर्कातिर देशको नेतृत्ववर्गको भ्रष्टतालाई देखेका कवि जोशीको असन्तुष्टि र निराशा पनि हो ।

'डम्वरेको टालो' उपन्यास जगत्‌बहादुर जोशीको तेस्रो प्रकाशित पुस्तकाकार साहित्यिक कृति हो । वि. स. २०६० मा धवलागिरी साहित्य प्रतिष्ठान (वागलुङ) ले प्रकाशित गरेको यस उपन्यास जम्माजम्मी ६४ पृष्ठको पृष्ठगत संरचनामा विस्तारित देखिन्छ ।

जुन बेला नेपाल अधिराज्य भित्रका सम्पूर्ण राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाइएको थियो र तिनका सिद्धान्तलाई विदेशवाट आयातित भनेर तिरस्कार गरिन्थ्यो, त्यस्तो परिवेशमा २००९ मा 'डम्वरेको टाला' उपन्यासको जन्म भएको थियो । पञ्चायती व्यवस्थाको त्यस्तो परिवेशमा यस

---

[९०] गोपीकृष्ण शर्मा, आज सूर्य विरामी छ : एक दृष्टि, **आज सूर्य विरामी छ**, (काठमाडौं : साझा प्रकाशन, २०५०) पृष्ठ ग र म ।

[९१] ऐजन, पृष्ठ म ।

कृतिलाई प्रकाशमा ल्याउन असम्भव नभए पनि कष्टसाध्य हुने थियो । शासन सत्ताका ठेकेदारहरूका लागि ठूलो चुनौती हुने थियो ।[९२]

प्रस्तुत उपन्यासको मुख्य पात्र पाल्पाको शीतलपाटीको मसलाको रुखमुनि एउटा सानो जुत्ता पसल राखेर बस्ने डम्वरे सार्की छ । उसैको सेरोफेरो, उसैको अनुभूतिको धरातलमा निर्मित प्रस्तुत उपन्यास विभिन्न युग, विभिन्न समयको राजनीतिक इतिहासलाई बोकेर हिँडेको राजनीतिक वस्तुको विश्लेषण प्रतीत हुन्छ ।[९३]

पाल्पाको शीतलपाटीको मसलाको रुखको छहारीमा ग्राहकहरूको जुत्ता मर्मत गर्ने प्रतीक्षामा बसेको डम्वरे सार्कीलाई एकपल्ट एउटा बटुवाले आफ्नो थोत्रो जुत्ता र एउटा थैलो दिन्छ । थैलोभित्र रहेको विभिन्न थरिको बोतलबन्द मदिराहरूले विभिन्न युगका राजनीतिक सिद्धान्त र वादको प्रतिनिधित्व गरेका छन् । यिनै बोतलहरूका पेय र जुत्ता टाल्ने छालाका टुक्राहरूको माध्यमबाट डम्वरे सार्की शीतलपाटीको आफ्नै त्यस सानो कार्यशालामा विभिन्न युग, विभिन्न विश्वका नेतृत्व-पङ्क्तिका मानिसहरू - राजा, महाराजा, नेता, उपनेता, पण्डित, पुजारी, लेखक, दार्शनिकहरूका जुत्ताहरू मर्मत गरेर उनीहरूलाई गन्तव्यतिर पाइला चाल्न सहयोग गर्छ ऊ । अनि यसै माध्यमबाट प्रत्येकका डम्फूको स्वर बजेको ऊ सुन्छ ।[९४]

उसको शीतलपाटीको सानो कारखानामा ३१८ ई.पू. को चीनको राजा हुई ची देखि लिएर ( १९७७-२०२८) का नेपालका राजा महेन्द्रसम्म डम्वरेका पसलमा जुत्ता मर्मत गराउन आइपुग्छन् । त्यहाँ ईसु खिस्ट पनि आउँछन् , त्यहाँ असुरनरसिरपाल पनि आउँछन् , इदीआमिन पनि, कन्फ्युसियस पनि आइपुग्छन् र बुद्ध, गान्धी पनि । कार्लमार्क्स, माओत्सतुङ् अनि निक्सन र पृथ्वीनारायण शाह, रणबहादुर शाह अनि भीमसेन थापा पनि आइपुग्छन् । सबै आफ्नाआफ्ना समयका राजनीतिक, सामाजिक इतिहासचित्रहरू प्रस्तुत गर्छन् । डम्वरेको शीतलपाटीको जुत्ता मर्मत केन्द्रमा बडे-बडे सामन्तवादका पृष्ठपोषकहरू आउँछन् । लुथरजस्ता सामन्तवादका चरम प्रवक्ता आएर राजा सर्वशाक्तिमान हो र प्रजा (किसान, श्रमिक, जनता) उसको हुकुम मान्न अनि दशनङ्ग्रा खियाएर पनि भोकभोकै मर्न जन्मेको हो , यस नै ईश्वरीय न्याय हो भन्ने मत प्रवर्तन गर्दै यस ईश्वरीय न्यायको प्रचारप्रसारको जिम्मा पुरोहित (पोप, पादरी, मुल्ला, पण्डित) वर्गमा सुम्पिन्छन् । यिनीहरूका मतमा

---

[९२] जगत्बहादुर जोशी, 'काजी रोशन साहित्य पुरस्कार २०६० समारोहमा पुरस्कृत लेखक श्री जगत्बहादुर जोशीद्वारा अभिव्यक्त उद्‌गार', **डम्वरेको टालो** (बागलुङ : धवलागिरी साहित्य प्रतिष्ठान, २०६०),पृष्ठ ख-घ ।
[९३] रमेश विकल, शीतलपाटीको डम्वरेसँग इतिहास यात्रा, डम्वरेको टालो, पूर्ववत् पृष्ठ ङ-झ ।
[९४] ऐजन ।

यस ईश्वरीय व्यवस्था-विधान नमान्नेहरू पापी हुन् र यिनले बडेबडे भूकम्प (लिस्वनको तीस हजार मानिसको संहार गर्ने कोटिको) र बडेबडे (हिरोसिमा भियतनामी जस्ता) नरसंहारक भीषण युद्धको ज्वालामुखीमा भस्म हुने नियति भोग्नुपर्ने जस्ता मतको प्रतिपादन गरेर जान्छन् ।[९५]

उपन्यासको जीवन्तता र रोचकता कायम राख्न लेखकले स्वैरकल्पनालाई पनि कतिपय अवस्थामा उपयोग गरेको पाइन्छ । डम्बरे सार्कीका शीतलपाटीको जुत्ता पसलमा अपरिचित मानिस आएर थोत्रो जुत्ता र विभिन्न युगका विभिन्न कारखाना (राजनीतिक स्कुल) मा निर्माण गरिएका विभिन्न वादस्वादका रक्सी दिएर तिनको गुणको बयान गर्नु यस्तै यथार्थलाई उपन्यास तुल्याउने कल्पनागत शैली हो । अनि इतिहास दर्शन र राजनीतिक परम्परा विवादास्पद चिन्तन, मान्यता र सिद्धान्तलाई औपन्यासिक रोचकतामा प्रस्तुत गर्न उपन्यासकार जोशीले अरू पनि काल्पनिक पात्रहरू र स्वैरकल्पनागत प्रतीक बिम्बहरूको प्रयोग गरेका छन् ।[९६]

वर्णनात्मक र सम्वादको अतीतका झलकहरू (पूर्वदीप्ति) शैलीमा प्रस्तुत गरिएको यस उपन्यासले एउटा मार्मिक अन्त्यलाई बोकेको छ ।

आठकुने ढोका भएको शीतलपाटीको आफ्नो जुत्ता पसलमा गएर काम गर्दागर्दै शीतलपाटीको आकाशमा पौडिइरहेको सेतासेता बादलसँगै उड्न थालेको डम्बरे सार्की त्यहाँको दृश्यमा आफ्ना छातीभरि सुगौली सन्धिका बडेबडे धाजाले चिराचिरा परेर टुक्रिएको देश देख्छ । अङ्ग्रेजको तीखो तरवारले छेड्न नसकेको मुटु, उसका ठूलाठूला प्रलोभनले डगाउन नसकेको देश र राष्ट्रप्रतिको प्रवल आस्था बोकेको अमरसिंह थापा जस्ता राष्ट्रभक्त, राजभक्त योद्धाले आफूमाथि लागेको देशद्रोही, राजद्रोही र कुलङ्गार जस्ता कलङ्क धुन गोसाईकुण्डमा गएर आत्महत्या गरेको अनि गण्डकीदेखि यमुनासम्मको भूभाग विजय गरेर आफ्नो देशको सीमाविस्तार गराउने बहादुर शाहजस्ता सपुतले राजद्रोहको कलङ्क बोकेर जेलभित्र षड्यन्त्रपूर्ण मृत्युवरण गरेको दृश्य देख्छ अनि तीनपुस्ता लगाएर जोडेको भूभागलाई आफ्नो लालच र कायरताले विदेशी (अङग्रेज) को पाउमा लागेर अर्पण गर्ने भीमसेन थापाजस्ताले राष्ट्रिय विभूतिको सम्मान पाएको स्मृति जागेर उसको मुटु दुख्छ तर पनि कतैकतै यसमा रहेका कुराहरूले मनमा एउटा खुट्को छाडेर जान्छ ।[९७]

---

[९५] ऐजन ।

[९६] ऐजन ।

[९७] ऐजन ।

उपन्यासकार भन्छन् - "भूतको खाडल र भविष्यको ओडारबीचको अस्तित्व बोकेर वर्तमानको बिझ्ने साह्रो ढुङ्गामा बस्छ यस डम्बरे सार्की, बाटामा हिँड्ने बटुवाहरूका थोत्रा जुत्ता टालूँ भनेर । [९८]

हेरेर ल्याउँदा के देखिन्छ भने 'डम्बरेको टालो' एउटा प्रयोगात्मक उपन्यास हो । ऐतिहासिक विषयबस्तुको स्वैरकाल्पनिक औपन्यासिकीकरण भएर पनि इतिहाससँगको उपन्यासकारको इमानदारिता यसको प्राप्ति हो । नागरिकहरूको इतिहास आजसम्म नलेखिएको कुरा सत्य हो , तर त्यस जिम्मेवारी  उपन्यासकारको होइन, इतिहासकारहरूको हो । त्यसैले यस उपन्यासले सामन्त र साम्राज्यवादीहरूलाई आलोचनात्मक यथार्थवादी शैलीबाट व्यङ्ग्य प्रहार गरेको छ भन्न सकिन्छ । यस उपन्यासका डम्बरेजस्तो निम्नवर्गीय श्रमजीवी पात्रले ठूलाठूला ऐतिहासिक महासामन्त र साधुहरूसँग जुन संवाद गरेको छ , त्यस त्यति स्वाभाविक लाग्दैन तर स्वैरकल्पनाद्वारा उपन्यासकारले त्यसलाई सम्भव र रोचक तुल्याएका छन् ।

कवि तथा आख्यानकार जगतबहादुर जोशी मूलतः पाल्पामा बसेर साहित्य-साधना गर्ने साधक हुन् तर पनि बुटवलसँगको उनको सम्बन्ध २०१२ देखिकै देखिन्छ ।  उनी पुरानो पुस्ताका वयसवृद्ध स्रष्टा हुन् । उनका रचनाहरूमा इतिहास, बुद्धदर्शन, काव्यात्मकता र आख्यानात्मकताको सम्मिश्रण पाइन्छ । उनका कविताहरूमा र उपन्यासहरूमा उनको जेलजीवन, शिक्षणपेसा र प्रजातन्त्रप्राप्तिपछिका आशा-निराशाहरू प्रतिबिम्वित भएका छन् । बुटवलको साहित्ययात्रामा जगत्बहादुर जोशीको उपस्थिति उल्लेखनीय देखापर्छ ।

### ४.१.३२. जङ्गबहादुर शाह

जङ्गबहादुर शाहको जन्म वि.स. १९९३ माघ १२ गते पिता घनश्यामविक्रम शाह र माता यसगमाया शाहका कोखवाट प्युठान जिल्लाको खलङ्गा गा.वि.स.को गुठकसेरी भन्ने ठाउँमा भएको हो ।[९९] वि.स. २०२२ देखि बुटवलको सिद्धनगरमा बसोवास गर्दै आएका शाहले विक्टोरिया रेलवे स्कुल बरेली उत्तरप्रदेशमा कक्षा ६ मा अध्ययनरत रहँदा अन्ताक्षरी प्रतियोगितामा 'ण' वर्णवाट सुरु हुने 'दोहा' को तुरुन्त रचना गरी साहित्ययात्रारम्भ गरेका हुन् , जुन यसप्रकार छ -

'ण' कि नित पूजा करो, शैवधर्मका सार
इसकी पूजा से हो जाते सब भवसागर पार ।[१००]

---

[९८] जगत्बहादुर जोशी, प्राक्कथन, डम्बरेको टालो, पूर्ववत् , पृष्ठ ट ।

[९९] जगत्बहादुर जोशीले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[१००] ऐजन ।

यसरी साहित्यमा प्रवेश गरेका शाहका रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । यी पत्रपत्रिकाहरूमा कथा, कविता, निबन्ध, प्रबन्ध विधाका रचनाहरू प्रकाशित गर्ने जङ्गबहादुर शाह मात्रिक छन्दमा कविता लेख्न रुचाउँछन् । उनका 'वेदायन' (वैदिक कथासङग्रह), 'बुद्धायन' (कथासङग्रह), 'पाश्चात्य पुराणकथा' (कथासङग्रह), 'शेक्सपियरका नाटक' (कथा रूपान्तरण) र 'उदयन' (उपन्यास) जस्ता कृतिहरू प्रकाशोन्मुख छन् । मूलतः वैदिक साहित्यमा आफ्नो कलम चलाउन रुचाउने जङ्गबहादुर शाह 'बुटवल साहित्य, कला, संस्कृति प्रतिष्ठान'का सल्लाहकार हुन् ।

लखनउ विश्वविद्यालयअन्तर्गतको डी.ए.बी. कलेजबाट बी.ए.र हिन्दी साहित्य सम्मेलन प्रयोगबाट विशारद्सम्मको अध्ययन पूरा गरेका जङ्गबहादुर शाहको हालसम्म प्रकाशित पुस्तकाकार कृति हो -

**१. विश्वामित्र (उपन्यास २०५८)**

'विश्वामित्र' उपन्यास जङ्गबहादुर शाहको प्रथम प्रकाशित पुस्तकाकार कृति हो । 'रण-अम्बिका शाह ग्रन्थ माला-१' भनेर निस्किएको यस उपन्यास वि.स. २०५८ मा सेफाली शाह सिद्धनगर बुटवलद्वारा प्रकाशित भएको हो । जम्मा ४८ अध्ययन र ५०७ पृष्ठको पृष्ठगत संरचनामा संरचित यस उपन्यासका बारे मदनमणि दीक्षित भन्छन्- "परिश्रमसाथ विद्वतापूर्ण कृति यस देशलाई दिनुभयो ।"[१०१]

वैदिक साहित्यलाई बुझ्ने गरेर प्रस्तुत गर्नु यस ग्रन्थको सबभन्दा सबल पक्ष हो ।[१०२] यस उपन्यासको कथावस्तुको मूल आधार ऋषि विश्वामित्रको जीवनयात्राको अभिव्यक्ति भएता पनि यसले एउटा ठूलै युगको र ठूलो समयको परिवेशलाई चित्रण गरेको छ । फरक-फरक घट्नाक्रमलाई एउटै कथ्यमा ढालेर यस उपन्यासको कथावस्तु निर्माण भएको छ ।

उपन्यासकार भन्छन्- " मैले आफ्नो अध्ययन वसिष्ठ र विश्वामित्रमा सीमित राख्ने विचार गरें । तर एक्लो वसिष्ठ वा विश्वामित्र वा कुनै अन्यको के महत्त्व ? सो, वसिष्ठ र विश्वामित्रसँगसँगै तिनका आसेपासे पनि छन् मेरा यस अध्ययनमा ।' [१०३]

जम्मा अड्तालीस अध्यायमा संरचित यस उपन्यासमा एकापट्टि विश्वामित्रको गणसमुदाय छ भने अर्कापट्टि वशिष्ठको गणसमुदाय छ । सिङ्गो उपन्यासमा यिनै दुईवटा गणहरूका

---

[१०१] २०५९ मदनमणि दीक्षितले जङ्गबहादुर शाहलाई लेखेको पत्रमा उल्लेख भएअनुसार ।

[१०२] २०५९ गोपीरमण उपाध्याय, जङ्गबहादुर शाहको कृति विश्वामित्र : एक विवेचना, **मेचीकाली सन्देश**, ( बुटवल : मेचीकाली बहुउद्देश्यीय सहकारी संस्था लि., २०५९ साउन), पृष्ठ २ ।

[१०३] जङ्गबहादुर शाह, 'उपोद्घात्', '**विश्वामित्र**',(बुटवल : सेफाली शाह,२०५८), पृष्ठ २ ।

वीचमा चर्को अन्तर्विरोध वा द्वन्द्व छ र, त्यस द्वन्द्वको अभिव्यक्ति यस उपन्यासको अड्तीसौं अध्याय "दाशराज युद्ध" मा भएको छ। यस उपन्यासका अन्य अध्यायहरू यिनै दुई मुख्य पात्रका वरिपरि घुम्ने अन्य पात्र र परिवेशमा आधारित छन् । यस उपन्यासको अन्त्यमा उत्तरवैदिककालको पनि अवसान हुने बेलाको परिवेशको चित्रण गरिएको छ ।

जङ्गबहादुर शाहको "विश्वामित्र" उपन्यासले वैदिककालीन पात्र, परिवेश र घट्नाहरूलाई आधार बनाएको छ। विश्वामित्र नै यस उपन्यासका मुख्य पात्र वा नायक हुन्। वैदिककालीन विषयवस्तु परिवेश र घट्नाको प्रयोगका दृष्टिले "विश्वामित्र" उपन्यास मदनमणि दीक्षितको "माधवी" उपन्याससँग तुलनीय भए पनि विषयवस्तुको प्रस्तुति, शैलीपक्ष र अन्य दृष्टिले यस्तो तुलना गर्न सकिन्न। माधवीमा घटेका कतिपय घटनाहरू यस उपन्यासमा फरक ढङ्गले घटेका छन्। बरुणबलीका बेला शुनशेपलाई काट्न थालिएको घटना "माधवी" मा पाइन्न। "माधवी" नारीप्रधान उपन्यास हो भने "विश्वामित्र" पुरुषप्रधान उपन्यास हो। वेदकालीन शब्दहरूलाई उपन्यासकार शाहले उपन्यासको अन्तिममा "शब्दकोष" नामक अलग्गै परिच्छेदमा अर्थसहित उल्लेख गरेका छन्।

जन्मनाक्षत्रिय, ब्रह्मर्षि पदप्राप्तिका लागि कठिन प्रयास गर्ने, गोत्र-प्रवर्तन र सप्तर्षिमध्ये एक भनेर कहलिएका विश्वामित्र वास्तवमा असाधारण प्रतिभा हुन् । उनले घोर तपश्चर्यापछि ब्राह्मणत्वउपर अधिकार गरेका थिए । यस्ता ऋषिको नामबाट र तिनका जीवनवाट उत्प्रेरित जङ्गबहादुर शाहको उपन्यास "विश्वामित्र" वास्तवमै नेपाली साहित्यको एक आधुनिकतम् प्राप्ति हो ।

जङ्गबहादुर शाह मूलतः वैदिक साहित्यका अध्येता हुन् र वैदिक साहित्यमै आधारित रहेर सिर्जनाकर्ममा लीन रहने स्रष्टा हुन् । उनको मुख्य सिर्जना क्षेत्र आख्यान हो र उनले पाश्चात्य पुराणकथा एवम् पूर्वीय वैदिक इतिहासमा सीमित रहेर तिनको गहन र सूक्ष्म अध्ययय गरी रचना गरिएका आफ्ना कृतिहरू नेपाली साहित्यलाई दिएका छन् । बुटवलले यस्तो प्रतिभा पाउनु वास्तवमै गौरवको विषय हो ।

### ४.१.३३. **जनकलाल श्रेष्ठ**

जनकलाल श्रेष्ठको जन्म वि.स. १९९२ फागुन २६ गते पिता गजबहादर श्रेष्ठ र माता कृष्णदेवी श्रेष्ठका कोखवाट भएको हो।[१०४] जनकपुरधामवाट वि.स. २००२ मा बसाइँसरी बुटवलमा स्थायी बसोबास गर्न थालेका श्रेष्ठको मृत्यु २०५६ असार १४ गते भएको हो । उनी विविध सङ्घसंस्थामा आवद्ध रहेका पाइन्छ । स्थानीय पत्रपत्रिकाहरूमा जनकलाल श्रेष्ठका लेख, अनुवाद, कविता, गीत, नाटक आदि छरिएर रहेका छन् । वि.स. २०१६ मा महावीर पुस्तकालयमा गाइने

[१०४] 'बुटवलको सौगात' पुस्तकमा उल्लेख भएअनुसार ।

कौवालीका रचनाकार एवम् गायक समेत रहेका श्रेष्ठले सोही पुस्तकालयको सहयोगार्थ २०१६ मा प्रदर्शित “बहुविवाह” नाटक पनि लेखेका थिए भने नायकको भूमिका पनि उनले नै गरेका थिए । सो पुस्तकालयले वार्षिकोत्सवका अवसरमा गर्ने ‘प्रभातफेरि’ मा गाइने गीतको रचना पनि जनकलाल श्रेष्ठले नै गरेका थिए । उनी वि.स. २०२७ मा सो पुस्तकालयद्वारा प्रकाशित ‘जुनकिरी’ साहित्यिक पत्रिकाको पहिलो अङ्कका सम्पादक पनि थिए । जनकलाल श्रेष्ठको हालसम्म प्रकाशित पुस्तकाकार कृति हो ।

१. बुटवलको सौगात (लेख, अनुवाद, कविता, गीत, नाटक आदिको सङ्ग्रह २०५७)

‘श्रेष्ठ परिवार बुटवल’ प्रकाशक रहेको यस कृतिमा जनकलाल श्रेष्ठले रचना गरेका कविता, गीत, नाटक आदि सङ्गृहीत छन् । श्रेष्ठको मरणोपरान्त प्रकाशित यस कृतिमा सामाजिक रचनाहरूले राष्ट्रप्रेम, जातिप्रेम, जीवनका व्यथा, अशान्ति, आतङ्क, उच्चपदस्थ व्यक्तिहरूको भ्रष्ट प्रवृति, राजनीतिक विकृति, जीवनको नैराश्यता, देशको बिग्रदो अर्थव्यवस्था प्रजातन्त्रले ल्याएको विकृति देशमा देखिएको सङ्कटको अवस्था, युद्धले निम्त्याएको पीडा, सामाजिक क्षेत्रमा देखापरेका विसङ्गति जस्ता पक्षलाई विषयवस्तु बनाएका छन् । बुटवलको साहित्ययात्रामा जनकलाल श्रेष्ठको ऐतिहासिक योगदान अविस्मरणीय छ ।

### ४.१.३४. **जीवलाल सापकोटा**

जीवलाल सापकोटाको जन्म वि.स. २०२२ मा गुल्मी जिल्लाको वामीमा भएको हो । अ. वि. सं. २०३७ मा ‘जन्मभूमि’ शीर्षकको कविता प्रकाशित गरी साहित्ययात्रा आरम्भ गरेका जीवलाल सापकोटा अङ्ग्रेजी विषयमा स्नातकोत्तर तहको अध्ययन पूरा गरी प्राध्यापन पेसामा संलग्न छन् । उनी सिर्जनशील युवा मञ्च भैरहवाका संस्थापक अध्यक्ष हुन् भने उनका कविता, निबन्ध, र समालोचनाहरू विभिन्न स्मारिका, मुखपत्र तथा पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । एघारौं राष्ट्रव्यापी खुल्ला वक्तृत्वकला प्रतियोगितामा प्रथम भई स्वर्णपदक प्राप्त गरेका सापकोटाका रचनाहरूमा राष्ट्रिय, अन्तर्राष्ट्रिय सामाजिक घटना तथा परिस्थितिका साथै नेपाली समाजको चित्रण भएको पाइन्छ ।

### ४.१.३५. **जे.वी.क्षेत्री**

जे.वी.क्षेत्रीको न्वारनको नाम जीतबहादुर के.सी. हो । उनको जन्म वि.सं. २०३८ असार २९ गते पिता कुलबहादुर खत्री क्षेत्री र माता नमाकुमारी के.सी. का कोखवाट प्युठान जिल्लाको

बादिकोट-२ मा भएको हो ।[१०५] 'बुटवल एक्सप्रेस' पत्रिकामा 'आक्रान्त रात' शीर्षकको कविता प्रकाशित गरी औपचारिक रूपमा साहित्ययात्रारम्भ गरेका क्षेत्रीले स्नातक तहसम्मको शिक्षा प्राप्त गरेका छन् । आत्मसन्तुष्टि र सुसंस्कृत समाज निर्माणका लागि साहित्य लेख्ने गरेको बताउने क्षेत्री गजलसागर नेपालका अध्यक्ष तथा 'बुटवल साहित्य, कला, संस्कृति प्रतिष्ठान'का साधारण सदस्य हुन् । बुटवल साहित्य सङ्गमद्वारा वि.सं. २०६० मा आयोजित खुल्ला कथा प्रतियोगितामा प्रथम भएका क्षेत्रीका कथा, कविता, गीत र गजलहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएका रहेका छन् भने उनी 'गौमुखी सौरभ' साहित्यिक त्रैमासिकका प्रधान सम्पादक पनि हुन् । जे.वी. क्षेत्रीका रचनाहरूमा देशको विषम परिस्थिति, राजनीतिक, विकृति र नागरिकहरूका पीडाका साथै प्रेमप्रणयका भावनाहरूलाई विषयवस्तु बनाउने प्रवृत्ति पाइन्छ ।

### ४.१.३६. **झपेन्द्रराज पन्त क्षेत्री**

झपेन्द्रराज पन्त क्षेत्रीको जन्म वि.सं. २००२ चैत्र २० गते पिता बाबुराम पन्त क्षेत्री र आमा कृष्णकुमारी पन्त क्षेत्रीका कोखबाट बागलुङ् जिल्लाको गहते भन्ने ठाउँमा भएको हो ।[१०६] वि.सं २०२४ देखि बुटवलको आदर्शनगरमा बसोबास गर्न थालेका क्षेत्रीले वि.सं. २०५३ मा 'श्रीमती चाहियस' गीतिकविताको रचना गरी साहित्ययात्रामा प्रवेश गरेका हुन् । वि.सं. २०२० मा एसएलसीसम्मको पढाइ गरेका क्षेत्री गजलसागर नेपालका संस्थापक सदस्य हुन् ।

मूलतः गीतहरूको रचना गर्ने झपेन्द्र क्षेत्रीका कतिपय गीतहरू रेकर्ड भएका छन् भने उनका गीतमा नारीमाथिको असमान व्यवहार, वात्सल्य र प्रेमप्रणयका भावनाहरूलाई विषयवस्तु बनाउने प्रवृति भए पनि साहित्यिक सौन्दर्यचेतको अभावमा उनको साहित्यिक भावना सशक्त बन्न सकेको छैन । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू हुन-

---

[१०५] जे.वी.क्षेत्रीले माघ ८ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[१०६] झपेन्द्रराज पन्त क्षेत्रीले माघ १४ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार

१.श्रीमती चाहियो (गीतसङ्ग्रह २०५३)

२. प्रेमको निशानी (गीतसङ्ग्रह २०५३)

३. सानो भँगेरी (गीतसङ्ग्रह २०५४)

४. सोल्टिनी (गीतसङ्ग्रह २०५४)

५. देवी (गीतसङ्ग्रह २०५४)

६. मेरो अनु (गीतसङ्ग्रह २०५४)

७. मुसुक्क हाँसिदेऊ (गीतसङ्ग्रह २०५५)

८. हाम्रो ज्योतिनगर (गीतसङ्ग्रह २०५५)

९. चुहुने ताउली (गीतसङ्ग्रह २०५६)

१०. श्रीदेवी (गीतसङ्ग्रह २०५९)

११. जोख्न मिल्ने भए माया (गीतसङ्ग्रह २०५९)

१२. भेल (गीतगजल सङ्ग्रह २०६०)

१३. म पनि नाच्छु दिदी (तीज र गीत २०६०)

१४. कर्कलाको पातको पानी (गीतगजल सङ्ग्रह २०६०)

यसरी कृतिहरूको सङ्ख्या बढी भए पनि साहित्यिक मूल्यका दृष्टिले यी रचनाहरूको विश्लेषण गर्नु यहाँ आवश्यक ठानिएको छैन ।

### ४.१.३७. **दामोदर पौडेल**

दामोदर पौडेलको जन्म वि.सं. २०२३ जेठ २ गते पिता खेमराज पौडेल र माता थानीश्वरा पौडेलका कोखबाट गुल्मी जिल्लाको बम्घामा भएको हो ।[१४०] साहित्यिक क्षेत्रबाट मानवीय चेतना उठाउँदै प्रगतिवादी समाज निर्माणमा इँटा थप्न चाहने पौडेलले त्रि.वि. कीर्तिपुरबाट इतिहास विषयमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेका छन् । हाल शिक्षण पेसामा संलग्न दामोदर पौडेल वि.सं. २०५५ देखि अस्थायी रूपमा बुटवलमा बस्दै आएका हुन् । विद्यालयस्तरीय प्रतियोगिताहरूमा नियमित रूपमा पुरस्कृत हुने गरेका पौडेल गुल्मी जिल्लाका विभिन्न मा.वि. मा शिक्षण पेसामा रहँदा समसामयिक कविता लेखन र वाचनमा संलग्न रहेका हुन् । वि.सं. २०३५ देखि छन्दोवद्ध कविता लेख्न प्रारम्भ गरेको बताउने पौडेलका अप्रकाशित पाण्डुलिपिका रूपमा रहेका कृति हुन्-

१. ‘बल्नेछ राँको यहाँ’ (काव्य, रचनाकाल २०३९)

२. फुटकर कवितासङ्ग्रह ( ? )

---

[१४०] दामोदर पौडेलले फागुन १५ गते शोधार्थीलाई बुटवलमा दिएको जानकारीअनुसार ।

३.	'आमा' (काव्य, रचनाकाल २०४०)

प्रगतिवादी सौन्दर्यचिन्तनबाट प्रभावित दामोदर पौडेलका लेख रचनाहरू 'दैनिक लुम्बिनी', 'दैनिक जनसङ्घर्ष' लगायतका पत्रपत्रिकाहरूमा प्रकाशित देखिन्छन् ।

### ४.१.३८. **दिल साहनी**

दिल साहनीको जन्म पिता रविलाल साहनी र माता पवित्रा साहनीका कोखबाट वि.सं. २००२ मा बागलुङ जिल्लाको गलकोटमा भएको हो ।[१४१] स्थानीय विद्यालयमा प्राथमिक शिक्षा प्राप्त गरेका दिल साहनी अध्ययनका क्रममा वि.सं. २०१३ तिर भारतको उत्तर प्रदेश र त्यसपछि आसाम, मेघालय हुँदै गुवाहाटी पुगे । सन् १९६५ मा मेघालयबाट विद्यालयस्तरको शिक्षा पूरा गरेका साहनीले भारतको गुवाहाटी विश्वविद्यालयबाट सन् १९६७ मा पी.यू. (आई.ए) र सन् १९७० मा बी.ए. तहको शिक्षा प्राप्त गरेका हुन् । सन् १९७८ र सन् १९८४ मा क्रमशः अङ्ग्रजी विषयमा एम.ए. र एल.एल.बी. तहको अध्ययन पूरा गरेका साहनीले वि.सं. २०४१ मा त्रि.वि. बाट राजनीतिशास्त्रमा पनि एम.ए. उत्तीर्ण गरेका हुन् । वि.सं. २०३५ मा भारतबाट नेपाल फर्किएका र हाल बुटवल-१० मा बसोबास गर्ने साहनीले वि.सं. २०३९ मा गण्डकी र धवलागिरिका विभिन्न विद्यालयमा, वि.सं. २०३६-२०३७ तिर पृथ्वीनारायण क्याम्पसमा र वि.सं. २०४७ देखि हालसम्म बुटवल बहुमुखी क्याम्पसमा अध्यापन-प्राध्यापन गरेको देखिन्छ । भारतमा रहँदा मेघालय नेपाली भाषा सङ्घर्ष समितिका मुख्यमन्त्री ( १९७२), पूर्वाञ्चल नेपाली छात्र सङ्घका सचिव, अखिल सिलाङ नेपाल विद्यार्थी सङ्घका अध्यक्ष, नेपाली साहित्य परिषद् सिलाङका मूलसचिव (सन् १९६९-७१) भएका हुन् । हिन्दी साहित्यका कविरदास, तुलसीदास, रहिम, प्रेमचन्द्र, पाश्चात्य साहित्यका सेली, किट्स, वर्डस्वर्थ र नेपाली साहित्यका भानुभक्त, देवकोटा, लेखनाथ र नेपाली लोकगीतबाट प्रभावित दिल साहनीले वि.सं. २०१८ देखि कविता कोर्न थालेका हुन् । वि.सं. २०२२ मा आसाममा अध्ययनरत रहँदा दिल्लीबाट प्रकाशित 'सैनिक समाचार' पत्रिकामा छापिएको 'ओइलाएका फूल' उनको पहिलो प्रकाशित रचना हो । आसाममा पढ्दा कथामञ्च, नयाँ चेतना, अभियान, मादल, पसिना, जनमुक्ति आदि पत्रिकाहरूको सम्पादन गरेका साहनीले बुटवलबाट प्रकाशित 'युगज्योति' र 'अणु' को पनि सम्पादन गरेका हुन् । कथाबाट सुरु भएको साहनीको साहित्ययात्रा कविता, एकाङ्की, जीवनी, नियात्रा र समालोचनासम्म विस्तारित छ ।

दिल साहनीका विभिन्न पत्र-पत्रिकामा १३०० जति फुटकर, रचनाहरू प्रकाशित छन् भने उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू हुन्-

---

[१४१] दिल साहनीले फागुन १७ गते शोधार्थीलाई बुटवलमा दिएको जानकारीअनुसार ।

१. नौला माटो चाहिएको छ (कवितासङ्ग्रह २०२७)

२. युग पुरुष (कथा सङ्ग्रह २०२८)

३. चेतना (एकाङ्की २०२९)

४. अन्तर्वार्ता ( पारसमणि प्रधानसँग) (सम्पादन २०३०)

५. नौला मान्छे (कवितासङ्ग्रह २०३९)

६. ज्याला (एकाङ्की २०४०)

७. बन्दी प्रमिथस (कवितासङ्ग्रह २०४१)

८. पुष १ गते (एकाङ्की- २०४४)

९. आसामदेखि मणिपुरसम्म (यात्रासंस्मरण २०४५)

१०. सृजनाका स्वरहरू (संयुक्त कवितासङ्ग्रह २०४५)

११. यमको अदालत (एकाङ्की २०४६)

१२. मट्याङ्ग्रा (संयुक्त अणु कवितासङ्ग्रह २०४६)

१३. जनताको सत्रु (एकाङ्की २०४७)

१४. कवि युद्धप्रसाद मिश्र (समालोचना २०४७)

१५. एमाले र महाकाली सन्धि (समसामयिक लेखहरूको सङ्ग्रह २०५३)

१६. खरानी गाउँ (कथासङ्ग्रह २०५७)

१७. फिलिङ्गा (अणु कवितासङ्ग्रह २०५७)

१८. निर्विकल्प (एकाङ्की २०६२)

१९. लोकतन्त्रको शङ्खनाद (संयुक्त कवितासङ्ग्रह २०६२)

उपर्युक्त कृतिहरू प्रकाशित गर्ने दिल साहनीको कवित्व, कथाकारिता, नाट्यकारिता आदिको अलगअलग चर्चा गर्नु उपयुक्त हुनेछ ।

**४.१.३.८.१ कविता**

दिल साहनीको प्रथम प्रकाशित कवितासङ्ग्रह 'नौला माटो चाहिएको छ' (२०२७) हो । साहनी प्रकाशन सिलाङ्गबाट प्रकाशित यस कविताकृतिमा साहनीमा 'नौलो माटो चाहिएको छ', 'चोइटिएका पालुवाहरू', 'एक पात भुइँमा झर्दा', 'यहाँको रुखो माटोमा', 'जीवन यात्रामा', 'धमिलो क्षितिज र आकृतिहीन अनुहारहरू' लगायत बयालीसवटा कविताहरू सङ्गृहीत छन् । प्रस्तुत कवितासङ्ग्रहका कविताहरू आभ्यासिक कालका रचना भएका हुनाले काव्यकला, काव्यचेतना, भाव र भाषाको

संयोजनमा कसरमसर रहे पनि आत्मानुभूतिको इमानदारिता झल्किएको छ [१४२] भने 'नयाँ सडकबाट', 'दिशाहीन पथमा', 'यहाँको रुखो माटोमा' आदि कविताहरू उत्कृष्ट छन् । प्रकृति, नैराश्यता, मानवजीवनका विसङ्गति, परम्परागत सङ्कीर्ण विचारजस्ता विभिन्न भाव र विषयका कविताहरू यस सङ्ग्रहमा सङ्कलित छन् ।

युवक कविका अन्तर्हृदयका वेदना र उच्छ्वासका सुस्केराहरू र भोलिका आशाहरू यसमा प्रतिबिम्वित छन् । आशा र निराशा, प्रगति र पलायन सबैको छ्यासमिसेपन यसमा देखिएकाले कविको समाजप्रतिको स्पष्ट धारणा बनिसकेझैँ लाग्दैन तापनि भावधारा छर्लङ्ग्याउने पक्षमा भने कवि सफल देखिन्छन् ।[१४३] गद्यलयमा संरचित यस सङ्ग्रहका कुनैकुनै कवितामा आदि, मध्य र अन्त्यानुप्रासजस्ता शब्दालङ्कारको आयोजना देखिन्छ भने चिहान, आँखा, सागर कानजस्ता प्रचलित बिम्बहरू तथा उपमा र उत्प्रेक्षाजस्ता अर्थालङ्कारको प्रयोग भएको छ । राग, अनुराग, परितापजस्ता तत्सम र फुटपाथ, पोस्टर, प्वाइन्ट (अङ्ग्रेजी), तख्ता (फारसी), मौजुद (हिन्दी) जस्ता आगन्तुक शब्दहरूको प्रयोग भए पनि कविताहरू दुर्बोध्य छैनन् ।

लगाम नभएको घोडा झैं
म दशैं दिशा चक्कर लगाउँदै दौडिन्छु
छिनेको पतङ्ग झैं
म कहाँ कहाँ भौतारिन्छु
म यहाँ एउटा विवश जिन्दगी जीउँदैछु
बनाउँदै-भत्काउँदै
म यहाँ एउटा 'मैप' तयार नभएको बाटो हिँड्दैछु ।[१४४]

'नौला मान्छे' (२०३९) कवि दिल साहनीको दोस्रो प्रकाशित कवितासङ्ग्रह हो । नयाँ चेतना प्रकाशन रूपन्देहीले प्रकाशन गरेको यस सङ्ग्रहमा दिल साहनीले सिलाङमा रहँदा सन् १९७०-१९७७ सम्म रचना गरेका 'अधिकारका निम्ति', 'आमालाई विन्ति,' 'सङ्घर्ष', 'सहिदहरूको सपना साकार पार्दछौं हामी' लगायतका उनन्तीसवटा कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहमा परेको 'सहिदहरूको सपना साकार पार्दछौं हामी' र 'नौला मान्छे' कविताहरू क्रमशः हिन्दी र अङ्ग्रेजीमा लेखिएका र सिलाङ र गुवाहाटीका पत्रिकामा प्रकाशित कविताहरूका नेपाली अनुवाद हुन् । 'भियतनामीलाई

---

[१४२] अजित खनाल, पूर्ववत्, पृष्ठ ९३ ।

[१४३] कलाधर अर्याल, पूर्ववत्, पृष्ठ ९३ ।

[१४४] दिल साहनी, **नौलो माटो चाहिएको छ**, ( सिलाङ : साहनी प्रकाशन, २०२७), पृष्ठ ५५-५६ ।

लालसलाम' र 'स्वतन्त्रताको लागि शपथ' अङग्रेजीबाट नेपालीमा रूपान्तर गरिएका कविता हुन् ।[१४५] विद्यमान समाजको गलत कुराप्रतिको विद्रोह र सबै सही कुराको स्थापनाका निम्ति मभित्र चलेको द्वन्द्वबाट उकुसमुकुस भई उठेका भावना र विचारहरू मेरा कविताका विषयवस्तु हुन गएका छन् [१४६] भन्ने कवि दिल साहनीको यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा कविले बुद्ध, क्राइस्ट, कुरु क्षेत्र र मुसोलिनी, हिटलर एवम् बोको, बम जस्ता पौराणिक, ऐतिहासिक, मिथकीय तथा प्रचलित बिम्बहरूका साथै उपमा, रूपक, उत्प्रेक्षाजस्ता अर्थालङ्कारहरूको प्रयोग गरेको देखिन्छ । सरल, सहज भाषाशैलीको प्रयोग गरिएका यस सङ्ग्रहका कविताहरूमा कटुता, जीवन, सङ्कटजस्ता तत्सम् र बारम्बार, टक्कर, मुकाबिला (हिन्दी), फल्स्, एलिफेन्ट (अङ्ग्रेजी) जस्ता आगन्तुक शब्दहरू पनि प्रयुक्त देखिन्छन् । यी तत्सम र आगन्तुक शब्दहरू पनि सरल र प्रचलित नै रहेकाले यस सङ्ग्रहमा सुबोध्य नै छन् ।

यस सङ्ग्रहका कवितामा कविले मानव समाज र सभ्यताको इतिहासलाई नितान्त वर्गीय धरातलमा उभिएर वर्गीय कोणबाटै हेरेका छन् । वर्गहरूको उदय भएदेखिको मानवसमाजको विकास वर्गसङ्घर्षको इतिहास हो । मार्क्सवादको यस प्रस्थापनालाई कवि स्वीकार्छन र सामन्तवाद तथा पुँजीवाद दुवैलाई उत्पीडक घोषणा गर्दछन् । यही विश्वासलाई केन्द्रमा राखेर उनी आफ्ना कवितामा यस्ता नौलो मान्छे (हरू) लाई आलम्वन बनाउँछ जो उत्पीडक वर्ग र उत्पीडनका संरचनाहरूका खिलाफमा सङघर्षमा होमिएको छ ।

कवि दिल साहनीले आफ्ना कवितामा आफ्नो देश नेपाल र आफ्नो जाति नेपालीप्रतिको प्रेमलाई चित्रण गरेका छन् । कविले आफ्नो देश र जातिलाई तुच्छ ठान्ने देशद्रोही, जातिविरोधी नेपाली भनाउँदा कुपुत्रहरूलाई घृणा गरी जन्म नदिन मातृभूमिलाई आग्रह गर्दै देशप्रेमी पुत्रलाई स्नेह गरेका छन् ।[१४७]

मार्क्सवादी वैचारिक दृष्टिकोणको प्रचार गर्दै प्रगतिवादी स्वर उरालिएको यस सङ्ग्रहका कविताहरूलाई 'कलापक्षले चाहिँदो मात्रामा चम्काउन सकिएको पाइँदैन ।'[१४८]

---

१४५ दिल साहनी, 'कविताबारे केही कुरा,', **नौला मान्छे**, (रूपन्देही : नयाँ चेतना प्रकाशन, २०३९), पृष्ठ क ।

१४६ ऐजन, पृष्ठ छ ।

१४७ कलाधर अर्याल, पूर्ववत्, पृष्ठ ५६ ।

१४८ दिल साहनी, कविताबारे केही कुरा, **नौला मान्छे**, पूर्ववत्, पृष्ठ छ ।

'बन्दी प्रमिथस' (२०४१) कवितासङ्ग्रह कवि दिल साहनीको तेस्रो प्रकाशित कविताकृति हो । चेतना प्रकाशन भैरहवाले प्रकाशित गरेको यस कवितासङ्ग्रहमा 'विस्थापित नेपाली', 'बन्दी प्रमिथस', 'घाइते बाघले घुँडा टेक्न खोज्दा', 'माटो बिराउनु बाटो बिराउनु', 'लाहुरेका नाममा तीन पत्र,' 'अग्नी परीक्षा' लगायतका चौधवटा कविताहरू सङ्गृहीत छन् । दिल साहनीले सन् १९७९ देखि सन् १९८३ सम्मको समयावधिमा यी कविताहरूको रचना गरेका हुन् । कवि दिल साहनी विद्रोह, क्रान्ति, देशप्रम, जातिप्रेम जस्ता विविध विषयवस्तु अँगाली सरल, वर्णनात्मक गद्य भाषाशैलीमा कविता लेख्ने नेपाली प्रगतिवादी काव्यसाहित्यका आशालाग्दा प्रतिभा हुन् ।[१४९] कवि दिल साहनीले गाउँ, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय सामाजिक, राजनीतिक, साहित्यिक आदि क्षेत्रमा देखिएका विकृति, विसङ्गति र कुप्रथालाई हटाई स्वच्छ, स्वस्थ र सत्य समाजको स्थापनाका लागि मनमा उठेका विचारलाई समेटेर कविताको सृजना गरेका छन् ।[१५०] कवि भन्छन्- 'मेरा कविता मेरा फेरबदल, परिवर्तन वा क्रान्तिको स्वर बोलेको भावना र विचारलाई जनसमक्ष पुऱ्याउने मञ्च बन्दछन् ।[१५१] यसमा परेका कविताहरू विचार पक्षले धेरै मात्रामा सही भए पनि कला पक्षले हेर्दा त्यति सफल हुन सकेका छैनन् । कवि स्वयम् भन्छन्- 'यस मेरो कला पक्ष वा सीपको कमजोरी हो, जसलाई मैले आफूमा सन्तोषजनक रूपमा विकसित गर्न सकेको छैन ।'[१५२]

कवि भन्छन्-
दु:ख कष्टमा दिन काटिरहेका
हाम्रा प्यारा सहयोद्धा बन्दी प्रमिथस
हामी सारा बैरीहरूलाई हाँक दिँदै भन्छौं ।
क्रूर र निष्ठुर जुपिटरले जनताको मागप्रति वेवास्ता गरेर के हुन्छ ।[१५३]

कवि दिल साहनीको 'बन्दी प्रमिथस' कवितासङ्ग्रहका अधिकाङ्श कविताहरूले सर्वहारा वर्गको हितका लागि विद्रोह र क्रान्तिको स्वर घन्काएका छन् ।[१५४] कवि साहनीले आफ्ना कवितामा

---

[१४९] कलाधर अर्याल, पूर्ववत्, पृष्ठ ६६ ।

[१५०] ऐजन, पृष्ठ ६१ ।

[१५१] दिल साहनी, 'कविताका सम्बन्धमा केही कुरा', **बन्दी प्रमिथस**, (भैरहवा : नयाँ चेतना प्रकाशन, २०४१), पृष्ठ च ।

[१५२] ऐजन, पृष्ठ ग ।

[१५३] दिल साहनी, बन्दी प्रमिथस, पूर्ववत्, पृष्ठ १९ ।

[१५४] सालिकराम पौड्याल, पूर्ववत् पृष्ठ १११ ।

देश र जातिप्रतिको गहिरो प्रेमलाई व्यक्त गर्दै आफ्नो स्वतन्त्रता र सार्वभौमिकताको रक्षाका निम्ति सजग रहनुपर्ने भाव र विचार प्रकट गरेका छन् । कतिपय कवितामा अनुप्रासयुक्त लयविधानलाई पनि आत्मसात् गरिएको यस सङ्ग्रहमा गिद्ध, ब्वाँसा, फ्याउरा, बाघजस्ता बिम्बालङ्कारहरूको सीमित प्रयोग पाइन्छ भने उपमाधिक्य र जुपिटर, प्रमिथस, आदि मिथकीय-प्रतीकात्मक पात्रको प्रयोगका साथै आदि, मध्य र अन्त्यानुप्रासको शब्दचमत्कार पनि पातलोसँग आएका देखिन्छन् ।

'सृजनाका स्वरहरू' (संयुक्त कवितासङ्ग्रह २०४५) कवि दिल साहनीलगायत आठजना कविहरूका कविताहरू सङ्कलित कविताकृति हो भने यसमा दिल साहनीका 'बकपत्र', 'देशमा शान्ति', 'बेला आएको छ', 'भित्ता', 'देश कसको हातमा छ ?' गरी पाँचवटा कविताहरू रहेका देखिन्छन् । यस सङ्ग्रहका कविताहरूका आधारमा दिल साहनी 'विद्रोह, क्रान्ति, देशप्रेम आदि विविध विषय र प्रवृत्ति अँगाली सरल, वर्णनात्मक र गद्यात्मक भाषाशैलीमा कविता लेख्न अगाडि बढेका प्रगतिवादी यथार्थवादी गद्यकवि हुन् ।'[१५५] दिल साहनीका कवितामा वर्गीय माया, धार्मिक, सामाजिक राजनीतिक विसङ्गतिहरू, निम्नवर्गीय नागरिकहरूका पीडा, विद्रोहका भावना इत्यादि विषयवस्तुका रूपमा आएका छन् ।

विशेष गरी नेपाली किसान, श्रमजीवी तथा निम्नवर्गीय जीवनका जनतालाई हरेक दृष्टिले कुल्चने र पिल्स्याउने अवस्था र जिम्मेवार नरअसुरहरूप्रति कविको चर्को आक्रोश व्यक्त हुन गएको पाइन्छ ।[१५६] यस सङ्ग्रहका कवितामा कविले सामाजिक विषमता, अन्याय, अत्याचार जस्ता कुराहरूले वास्तविक जीवनलाई सहज रूपमा बाँच्न दिएका छैनन् भन्ने कुरालाई व्यक्त गरेका छन् । उनका कवितामा स्थिरतावादीहरूले ल्याएका विषमता, अन्याय र मिथ्याचारका विविध रूपबाट सिर्जित जीवनका वास्तविकताहरू प्रकट भएका छन् । यिनले नमिल्दो जिन्दगानी बाँच्न विवश पार्ने यथास्थितिवादीहरूको विरोध पनि गरेका छन् ।[१५७] कवि भन्छन्-

जो देश हो
उसको हातमा देश छैन
जो देश होइन

---

१५५ कलाधर अर्याल, पूर्ववत्, पृष्ठ ७१ ।

१५६ आनन्ददेव भट्ट, 'सृजनाका स्वरहरूभित्र प्रवेश गर्दा', **सृजनाका स्वरहरू**, (सिद्धार्थनगर : सिद्धार्थ साहित्य परिषद् २०४५), पृष्ठ छ ।

१५७ कलाधर अर्याल, पूर्ववत्, पृष्ठ ६९ ।

उसको हातमा देश छ ।[१५८]

मुक्तलयमा संरचित यस सङ्ग्रहका साहनीका कविताहरूमा शान्ति, ताण्डव, नृत्यजस्ता तत्सम्, गेट, कर्फ्यु (अङ्ग्रेजी), वारदात, गवाही (उर्दू-फारसी) जस्ता आगन्तुक शब्दहरूको प्रयोगका साथै सेतो परेवा, गिद्ध जस्ता बिम्ब, आदि, मध्य र अन्त्यानुप्रासबाट उत्पन्न शब्दालङ्कार तथा उपमा, रूपक आदि अर्थालङ्कारको प्रयोग गरिएका छन् ।

समग्रमा यस सङ्ग्रहका कविताहरू कलामान्यतामा खरो नउत्रिए पनि भाव र विचार पक्षका दृष्टिले सशक्त छन् ।

'मट्याङ्ग्रा' (संयुक्त अणु कवितासङ्ग्रह २०४६) कवि दिल साहनी, ऋषिराम भूसाल र बुँद रानाका कविताहरू सङ्कलित काव्यकृति हो भने कवि दिल साहनीको पाँचौं प्रकाशित पुस्तकाकार कृति पनि हो ।

कवि दिल साहनी तत्कालीन शासन व्यवस्थाले सृजना गरेका विकृति, विसङ्गति र वेथितिहरूप्रति व्यङ्ग्य र विद्रोह गर्दै छोटा आयामका अणु कविता लेख्ने गद्यकवि हुन् ।[१५९] जीवनचन्द्र शर्माले बनारसबाट प्रकाशित गरेको संयुक्त कवितासङ्ग्रह 'मट्याङ्ग्रा; मा दिल साहनीका 'पेन्ट गर्दैछन्', 'विश्वसनीयता', 'खुलामञ्च' आदि अठारवटा अणु कविताहरू प्रकाशित छन् । कवि भन्छन्-'समाजको बेथिति विडम्वना र विकृतिप्रति चोटिलो प्रहार गर्ने हाम्रो लक्ष्य रहेको छ ।'[१६०] कविले छोटामा सिङ्गो देशको, समाजको र नेपालीहरूको अवस्थाको चित्रण गरेका छन् । प्रतीकात्मक ढङ्गले व्यङ्ग्य गर्दै विद्रोहको भावना मुखरित भएका अणु कविताको उद्देश्य सर्वसाधारणलाई वास्तविकताको परिचय दिंदै मुक्तिका निम्ति आक्रोशित तुल्याउनु रहेको छ ।[१६१] गद्यकवितात्मक मुक्तलयमा रचिएको यस सङ्ग्रहका अणु कवितामा कविले प्रतीकात्मक भाषाशैलीका माध्यमद्वारा चोटिलो र तीक्ष्ण व्यङ्ग्य प्रहार गरेका छन् ।[१६२] कवि भन्छन्-

कतै मट्टितेल र पेट्रोलको लाइन
कतै दाल र चामलको लाइन

---

१५८ दिल साहनी, देश कसको हातमा छ ?, सृजनाका स्वरहरू, पूर्ववत्, पृष्ठ.........।

१५९ कलाधर अर्याल, पूर्ववत्, पृष्ठ ७६ ।

१६० मट्याङ्ग्रा पार्नेहरू, 'दुई शब्द', **मट्याङ्ग्रा**, (वाराणसी : जीवनचन्द्र शर्मा, २०४६), पृष्ठ ... ।

१६१ अजित खनाल, पूर्ववत्, पृष्ठ ९६ ।

१६२ सालिकराम पौड्याल, पूर्ववत्, पृष्ठ ११४ ।

कतै नुन र मेडिसिनको लाइन

कतै गरिबीको लाइन [१६३]

नेपाली राजनीतिक शासन व्यवस्थाले निम्त्याएका खराब पक्षमाथि दिल साहनीका अणु कविताले व्यङ्ग्य गरेका छन् ।

'फिलिङ्गा' (अणु कवितासङ्ग्रह २०५७) कवि दिल साहनीको छैटौं प्रकाशित पुस्तकाकार कविताकृति हो । साहनी छोटा (अणु), सरल तथा गद्यात्मक भाषाशैली अँगाल्दै कविता लेख्ने गद्यकवि हुन्[१६४] र यस अणु कवितासङ्ग्रहमा साहनीका वि.सं. २०४२-२०५६ समयावधिका अणु कविताहरू सङ्ग्रहीत छन् । जम्मा ५६ वटा अणु कविताहरू ५६ पृष्ठमा अटाएको यस पुस्तिकाकार कविताकृतिमा 'फिलिङ्गा', 'सर्वश्रेष्ठ', 'विकासका नारा', 'यन्त्र', 'आगो र फिलिङ्गा', 'के हुन्छ ?', 'हाँगा हल्लाएर मात्र के हुन्छ ?' 'स्थिति' जस्ता 'मट्याङ्ग्रा अणुकवितासङ्ग्रह' (२०४६)मा नपरेका अणुकविता एवम् 'स्थिति', वरदान', 'बाघलाई पालेर राख्न हुन्न' आदि 'अणु' पत्रिकामा छापिएका र मट्याङ्ग्रा अणु कविताभित्र परेका गरी तीन प्रकारका अणुकविताहरू सङ्कलित देखिन्छन् । हिन्दीका प्रसिद्ध सन्त कवि रहिम दासले सानो चीजले गर्ने काम ठूलो चीजले गर्न सक्दैन भनेको कुरालाई स्मरण गर्दै कवि भन्छन्- 'सानो चीजको पनि विशिष्ट प्रकारको महत्त्व तथा भूमिका हुन्छ । निश्चित छ, अणु कविताले खेल्ने भूमिका लामो कविताले खेल्न सक्दैन ।[१६५]

न्यायकर्ताले

स्वर प्रतियोगिताको परिणाम सुनाए

गधा सर्वश्रेष्ठ

स्मरण रहोस्

त्यसमा प्रतियोगी बन्ने

अर्को कुनै गधा थिएन ।[१६६]

---

[१६३] दिल साहनी र अन्य, मट्याङ्ग्रा, पूर्ववत्, पृष्ठ ३१ ।

[१६४] कलाधर अर्याल, पूर्ववत्, पृष्ठ ८२ ।

[१६५] दिल साहनी, 'रहिमन बड्हनको देखि लघु न दीजिए डारी, जहाँ काम आवै सुई का करे तरवारी', फिलिङ्गा, (बुटवल : कवि स्वयम्, २०५७), पृष्ठ छैन ।

[१६६] दिल साहनी, फिलिङ्ग्रा, पूर्ववत्, पृष्ठ ४ ।

प्रतीकात्मक र व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोगाधिक्य रहेका दिल साहनीका अणु कविताहरू गद्यलयात्मक छन् भने तिनले अन्याय, असमानता, विसङ्गति र कुसंस्कारहरू माथि चोटिलो, प्रभावकारी र विद्रोहात्मक प्रहार गरेका छन् ।

यस सङ्ग्रहका अणु कवितामा कविले मूलतः नेपालको तत्कालीन राजनीतिमा देखिएका विकृति, विसङ्गति एवम् असमानतालाई देखाउँदै सत्ताधारी शासकहरूमाथि व्यङ्ग्यवाण छाडेका छन् ।

लोकतन्त्रको शङ्खनाद' (संयुक्त कवितासङ्ग्रह २०६२) कवि दिल साहनीको हालसम्म प्रकाशित अन्तिम कविताकृति हो । यस कवितासङ्ग्रहमा दिल साहनी लगायत छ जना कविप्रतिभाहरूका कविता प्रकाशित देखिन्छन् । यस सङ्ग्रहमा दिल साहनीका 'अपहरण', 'लडाइँ वारपारकै हुने भयो', 'रोम जलिरहेछ', 'तिम्रो भविष्य के होला ?' र 'यहाँ जे पनि हुन सक्छ' गरी जम्मा पाँचवटा कविताहरू सङ्कलित छन् । यी कविताहरूले एकातिर जीवनका सुखद, आनन्दमय, सुकोमल र सुमधुर पक्षहरूलाई विषयवस्तु बनाएका छन् भने अर्कातिर भीषण, क्रूर, जुझारु र कठोर बनाएका छन् । वर्तमान समयका कष्ट, कठोरता र कहरहरूसँग यी कविताहरू गाँसिएका छन् । यस सङ्ग्रहका दिल साहनीका कविताहरू नागरिकहरूका साथसाथै लोकतन्त्रको जीत र हितप्रति प्रतिवद्ध छन् भने क्षितिजपारिको भविष्यप्रति आस्थावान् र समर्पित पनि छन् । दिल साहनीका यी कविताहरूले नागरिकहरूका आवजलाई अजेय र ओजस्वी बनाएका छन् । मुलुकको विषम परिस्थितिमा स्रष्टाले यस्तो पहिचान कायम राख्नै पर्दछ ।

नागरिक जागरण अभियान नेपाल रूपन्देहीले प्रकाशित गरेको यस सङ्ग्रहमा सङ्कलित साहनीका कविताहरू गद्यलयात्मक भएर पनि आदि, मध्य र अन्त्यानुप्रासको शब्द चमत्कार तथा उपमा, रूपक, उत्प्रेक्षा आदि अर्थचमत्कारले युक्त देखिन्छन् । ती कविताहरूमा 'नरहे बाँस नबजे बाँसुरी' जस्ता लोकोक्तिहरूका साथै 'कवाफमा हड्डी', 'हातमा दही जमाउनु', 'जुनेलाका फुलो' जस्ता टुक्काहरूको प्रयोग एकातिर पाइन्छ भने अर्कातिर निरोको बाँसुरी, बाघ, मैदान, पहाड, हात्ती, मयुर, देवता, दानव, शकुनीजस्ता पौराणिक र प्रचलित बिम्बालङ्कारहरूको प्रयोग देखिन्छ । विराट्, निषेध, सभा, गृह, वशीभूत, संवाद, अलङ्कार जस्ता तत्सम् र बाल्टी, बुट, कौवा, पेट्रोल जस्ता विभिन्न भाषाका आगन्तुक शब्दहरूको प्रयोग साहनीका यी कविताहरूमा गरिएको छ भने देशाटन, थाङ्नो जस्ता ठेट नेपाली शब्दहरू पनि प्रयुक्त छन् ।

लोकतान्त्रिक शक्तिहरू र राजसंस्था आम्नेसाम्ने भएर राजनीतिक भिडन्तमा उत्रेको देखेका कवि दिल साहनीले आफ्ना कविताहरूमा नागरिकहरूका सत्रुहरूलाई चुनौती दिएका छन् । कवि भन्छन्-

गर्दै बन्दुकको खुला प्रदर्शन

तिमी मलाई यति धेरै आतङ्कित नपार कि
म कतै तिनलाई केवल काठका छेस्का ठान्न नथालूँ
गर्दै गोलीको अनवरत वर्षा
तिमी मलाई यति धेरै घाइते नपार कि
म कतै तिनलाई जुनेलाका फुला ठान्न नथालूँ ।[१६७]

समग्रमा दिल साहनी भारतीय भूमिमा बीजाङ्कुरित भएका र आलोचनात्मक यथार्थवादी धरातलमा कविता लेख्न सुरु गरी प्रगतिवादी धारामा सशक्त बन्न पुगेका प्रतिभाशाली कवि हुन् । प्रतीकात्मकता र प्रखर व्यङ्ग्यात्मकताको सम्मिश्रण उनका धेरै कविताहरूमा पाइन्छन् ।

**४.१.३.८.२ नाटक**

दिल साहनीको साहित्यिक व्यक्तित्व सर्वप्रथमः कवि र त्यसपछि नाटककारका रूपमा रहेको छ । दिल साहनीका 'चेतना' (एकाङ्की २०२९) 'ज्याला' (एकाङ्की २०४०), 'यमको अदालत' ( एकाङ्की २०४६), 'जनताको सत्रु' (एकाङ्की २०४७) र 'निर्विकल्प' (एकाङ्की २०६२) प्रकाशित छन् ।

'चेतना' (२०२९) दिल साहनीको पहिलो प्रकाशित तथा मञ्चित सात दृश्यको एकाङ्की नाटक हो ।[१६८] यस नाटक अखिल सिलाङ नेपाली विद्यार्थी सङ्घद्वारा ओपेरा हल पुलिस बजार ( सिलाङ) मा ६-५ सन् १९७२ को साँझ प्रदर्शित 'विविध प्रदर्शनी' मा प्रस्तुत गरिएको थियो । यस नाटकका पात्रपात्राहरू हुन्- सुवदार जङ्गबहादुर थापा, मोहन थापा, लक्ष्मी मास्टर, रमेश, शङ्कर, मदन, हरिहर आदि । साथमा पुलिस अफिसर, पुलिसहरू, शिक्षिका आदि पनि यस नाटकमा पात्रपात्राका रूपमा रहेका छन् । यस नाटकमा सेनामा रहेका सुबदार जङ्गबहादुर थापाको छोरा मोहन थापा युद्ध मोर्चामा मारिन्छन् । त्यसले गर्दा उनकी श्रीमती लक्ष्मी र बुबा सुब्दार जङ्गबहादुरमाथि ठूलो बज्रपात पर्दछ तैपनि उनीहरूले आफ्नो पीडालाई सहँदै अघि बढ्छन् । मास्टर रमेश, शङ्कर, लक्ष्मी आदि भारतीय नेपाली समाजका अगुवा सचेत युवकयुवतीको रूपमा प्रस्तुत गरिएका छन् । मदनले पनि सङ्घर्षशील युवाहरूलाई साथ दिन्छन् । उनीहरू भारतीय नेपालीहरूका लागि जीवनमरणको सङ्घर्ष गरिरहेका हुन्छन् । यस नाटकमा भारतीय नेपालीहरूले त्यस भूमिको रक्षाको निम्ति आफ्नो जीवनउत्सर्ग गरेका छन् । तैपनि भारत सरकारले उनीहरूलाई त्यस मुलुकमा सच्चा नागरिकको रूपमा स्वीकार गर्दै उनीहरूलाई उनीहरूको हक अधिकार प्रदान गरिरहेको छैन भन्ने कुरा प्रष्ट

---

१६७ दिल साहनी र अन्य, **लोकतन्त्रको शङ्खनाद,** (बुटवल : नागरिक जागरण अभियान नेपाल रूपन्देही, २०६२), पृष्ठ १३ ।

१६८ दिल साहनीले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

पार्नाका साथै त्यसको निमित्त उनीहरूले सशक्त सङ्घर्ष गर्नुपर्ने कुराको जिकिर गरेको छ । नाटकमा प्रहरीले उनीहरूको जुलुसमाथि हस्तक्षेप गर्दै लाठिचार्ज गरेको देखाइएको छ । पछि गोली चलाउँदा सङ्घर्षशील युवक शङ्करको मृत्यु भएको देखाइएको छ । 'चेतना' भारतीय नेपालीहरूको पूर्वाञ्चल भारत मुख्यतः आसामको स्थितिको एउटा चित्रण हो । यस नाटकले सुगौली सन्धिको प्रसङ्गसमेत उठाउँदै भारतीय नेपालीलाई भारत सरकारले त्यस मुलुकको सच्चा नागरिकको रूपमा व्यवहार गर्नेमात्र होइन, नागरिक हक अधिकारबाट पनि सुसज्जित गराउनुपर्दछ भन्ने आवाज उठाएको छ । यस नाटकले भारतीय नेपालीलाई हक अधिकारको निम्ति ठूलो सङ्घर्षको बाटो रोज्नुपर्ने सन्देश दिएको छ ।

'ज्याला' (२०४०) दिल साहनीको दोस्रो प्रकाशित एकाङ्की हो । सन् १९७५-७६ तिर सिलाङमा प्रस्तुत गरिएको सांस्कृतिक कार्यक्रममा मञ्चन गरिएको चार दृश्यमा संरचित यस एकाङ्कीमा सेठ गोविन्द, मखनलाल, वीरबहादुर आदि ९ जना प्रमुख पात्रहरू छन् ।

'ज्याला' एकाङ्की नाटक नाटककारको सुरुसुरुको नाट्यकृति भएको हुनाले. सामान्य नेपाली पाठकका निम्ति भने सहज संवेद्य नहुनु कमजोरी देखिन्छ, तापनि नाटककारले दिन खोजेको उद्देश्यमा भने एकाङ्की नाटक सफल छ ।[१६९] एउटा काठ मिलमा काम गर्ने मजदुर र मालिकबीच ज्यालाको विषयबाट उत्पन्न भएको विवाद, ज्यालाको अभावमा रोगीले ज्यान गुमाउनु परेको झोकमा मालिकमाथि आक्रमण र पछि मालिकबाट गुन्डा परिचालन गरी मजदुरमाथि गोली प्रहार भएपछि मजदुरहरू रगतको कसम खाँदै सत्रुसँग बदला लिन तत्पर भएको देखाइएको छ ।[१७०] मञ्चनीय यस नाटक संवाद, घटना-संयोजन तथा द्वन्द्वको हिसाबले सशक्त छ । अन्याय र अत्याचारका विरुद्ध निम्नवर्गलाई एकगोल हुन आह्वान गर्ने यस नाटक उद्देश्यमा पनि सफल छ ।[१७१] एकोन्मुखता, आख्यानपरकता, अभिनेयता, संवादात्मकता र लघु संरचनाजस्ता एकाङ्की नाटकसम्बन्धी अवधारणाहरूलाई पूर्णतः पालना गरिएको ज्याला नाट्यकृतिका आधारमा दिल साहनी आफ्नो नाट्ययात्राको यथार्थवादी-प्रगतिवादी धाराको शङ्खघोष गर्दछन् ।

---

[१६९] कलाधर अर्याल, पूर्ववत्, पृष्ठ ९३ ।

[१७०] दिल साहनी, नाटकबारे केही कुरा, **ज्याला** (भैरहवा : नयाँ चेतना प्रकाशन २०४०), पृष्ठ क ।

[१७१] अजित खनाल, पूर्ववत्, पृष्ठ ९६ ।

दिल साहनीको तेस्रो नाट्यकृति हो 'पुष १ ते' (२०४४) । जम्माजम्मी १७४ शब्द र दुई दृश्यको एकाङ्की नाटक हो । यस अणु नाटक हो ।[१७२] यसमा पञ्चायतकालका राजनीतिक शक्ति पञ्च, नेपाली काङ्ग्रेस, जनपक्ष र वामपन्थीका मानसिक द्वन्द्वलाई चित्रण गरिएको छ । पञ्चलाई यथास्थितिवादी, जनपक्षलाई उपयोगवादी, काङ्ग्रेसलाई न सङ्घर्ष न समर्पणवादी र वामपन्थीलाई काङ्ग्रेस मुखापेक्षीको रूपमा चित्रित गरिएको छ । यस नाटकले व्यङ्ग्यात्मक स्वर बोकेको छ ।

'यमको अदालत' (२०४६) दिल साहनीको चौथो प्रकाशित नाट्यकृति हो । पहिलो पटक 'युगज्योति' (वर्ष ९, अङ्क २, २०४६) पत्रिकाको पृष्ठ १०-१५ मा छापिएपछि पुस्तिकाका रूपमा निस्किएको यस एकाङ्कीको परिवेश यमराजको अदालत हो ।

यमराज, चित्रगुप्त, गार्ड नं. १ र २ र एउटा बूढो यस एकाङ्कीका प्रमुख पात्र हुन् । समय नपुग्दै यमलोक पुऱ्याइएको दुब्लो, खिन्याउरो, बूढो तर टाठो मान्छे र यमराजबीचको सम्वादबाट सुरु भएको यस एकाङ्कीमा राजबन्दीका रूपमा कठोर यातना भोगिरहेको बूढो एक दिनका लागि पुनः आफ्नै पृथ्वीलोकमा फर्कन चाहेको र यमदूतहरूले फर्काइदिएको कुरा नै कथावस्तुका रूपमा आएको छ ।

यस नाटकमा सरल र सङ्क्षिप्तमा नेपालको राजनीतिक, सामााजिक , धार्मिक दूरावस्थाको चित्रण गर्दै एउटा राजबन्दीको देशप्रेम, जनप्रेम र राजनीतिक प्रतिवद्धतालाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । पूर्णतः काल्पनिक यस एकाङ्की मञ्चनीय छ ।[१७३] सम्वादात्मकता, कथावस्तुमा कौतुहलता र घटना संयोजनको रोचकता दिल साहनीको 'यमको अदालत' एकाङ्कीका विशेषता हुन् भने यस एकाङ्कीमा पनि उनी प्रगतिवादी नाटककारकै लस्करमा उभिएका छन् । यस एकाङ्कीमा एकाङ्कीकारले अधिकार मागेर होइन खोसेर ल्याउनुपर्छ भन्ने सन्देश समेत दिएका छन् ।[१७४]

'जनताको सत्रु' (२०४७) दिल साहनीको पाँचौं प्रकाशित नाट्यकृति हो । यस पनि एकाङ्की नै हो र तीनवटा दृश्यमा संरचित छ । पुस्तिकाकारमा **दैनिक लुम्बिनी** प्रकाशनबाट प्रकाशित यस एकाङ्की धेरै ठाउँमा मञ्चित देखिन्छ ।

---

[१७२] दिल साहनीले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[१७३] अजित खनाल, पूर्ववत्, पृष्ठ ९६-९७ ।

[१७४] कलाधर अर्याल, पूर्ववत्, पृष्ठ १०१ ।

यस नाटकले सिधासाधा जनतालाई ठग्न पल्केका बदमास नेताहरूलाई जनताको एकताले परास्त गर्न सक्छ भन्ने मूल भाव बोकेको छ ।[१७५] नेपालको पृष्ठभूमिमा जनताको निम्ति लेखिएको जनपक्षीय प्रस्तुत एकाङ्की नाटकमा सामन्ती समाजको भण्डाफोर गर्दै गाउँले निमुखा, गरिब तथा असहाय जनताको मुक्तिका लागि क्रान्तिको शङ्खघोष गर्ने उद्देश्य रहेको छ ।[१७६] सामाजिक विषयवस्तु रहेको यस एकाङ्की नारायणप्रसाद, हरिलाल, उदय, चन्द्रबहादुर, कर्णबहादुरलगायत दशजना पात्रको क्रियाकलापबाट सुरु भएको छ । चुनाव जित्ने र ठूलाठूला योजनाबाट प्रशस्त सम्पत्ति हात पार्ने नारायणप्रसादको फेरि चुनाव लड्ने विचारबाट प्रारम्भ भएको यस एकाङ्कीमा नारायणप्रसाद भोट किन्नसमेत पछि नपर्ने प्रतिकूल पुरुष पात्र हो । ऋणी चन्द्रबहादुरसँग भनाभन र पिटापिट भएपछि नारायणले गुन्डा लगाएर चन्द्रबहादुरमाथि आक्रमण गर्दछ । पछि नागरिकहरूले नारायणको घर घेर्छन्, उसलाई समातेर केरकार गर्दै पिट्छन् । उत्पीडितहरूबाट उत्पीडकहरू यसरी नै पिटिनुपर्नेछ भन्ने सन्देश दिँदै नागरिकहरूले विजयसत्सव मनाएको देखाएर यस एकाङ्की सकिएको छ ।

सम्वाद**तत्त्व**, कौतुहल**तत्त्व**, द्वन्द्व र शैलीशिल्प आदिको यथोचित प्रयोग 'जनताको सत्रु' एकाङ्कीमा भएको देखिन्छ ।

'निर्विकल्प' (२०६२) दिल साहनीको हालसम्म प्रकाशित अन्तिम नाट्यकृति हो । देवदह साहित्य समाज नेपालद्वारा प्रकाशित '**हाम्रो देवदह** साहित्यिक त्रैमासिक' को बर्ष १, अङ्क १ को पृष्ठ १२-१५ मा यस एकाङ्की प्रकाशित देखिन्छ ।[१७७] दिउँसोको समयमा प्रधानपञ्च ठाकुरसिंहको घरमा उसका भरौटेहरू विक्रम र ठेकेदार गणेशका बीचमा कुराकानी भएको पहिलो दृश्यबाट यस एकाङ्की अगाडि बढेको छ । जम्मा पाँचवटा दृश्यमा संरचित यस एकाङ्कीमा प्रधानपञ्च ठाकुरसिंह र पञ्चायती व्यवस्थाका विरुद्ध सडकमा दिउँसै नाराबाजी भएको कुरा दोस्रो दृश्यमा देखाइएको छ । तेस्रो दृश्यमा शान्तिले पञ्चायतविरोधी जुलुसलाई सम्बोधन गरेकी छ भने कैयौं सहिदहरूको बलिदानीले देशमा प्रजातन्त्र आएको तर पूर्ण प्रजातन्त्र आइनसकेको बताएकी छ । चौथो दृश्यमा ठाकुरसिंहका कालाकर्तुतहरूलाई सघाउने कालेलाई जनताले कालोमोसो दलेर बजार परिक्रम गराएको कथावस्तु छ भने पाँचौ तथा अन्तिम दृश्यमा ठाकुरसिंहलाई सभापति बनाइएको कार्यक्रम बिथोल्न

---

[१७५] ऐजन, पृष्ठ ९७ ।

[१७६] कलाधर अर्याल, पूर्ववत्, पृष्ठ ९७ ।

[१७७] दिल साहनी, निर्विकल्प, पृष्ठ १२-१५ , **देवदह** साहित्यिक त्रैमासिक, (देवदह : देवदह साहित्य समाज नेपाल, २०६२), पृष्ठ ? ।

खोज्नेहरूका विरुद्ध प्रशासनले हस्तक्षेप गरेको देखाइएको छ । प्रजातन्त्र आएपछि पनि ठाकुर सिंहहरूकै हालीमुहाली रहेको देखाउनु यस एकाङ्कीको मुख्य उद्देश्य हो ।

यस एकाङ्कीमा निकै लामालामा संवादहरू प्रयोग भएका हुनाले मञ्चीयताका दृष्टिले दुरुह देखिन्छ तर सरल भाषाशैलीको प्रयोगका कारण र सशक्त द्वन्द्वविधानले गर्दा दिल साहनीको प्रगतिवादी नाट्ययात्रालाई यस एकाङ्कीले निरन्तरता भने दिएकै छ । प्रधानपञ्चको घर, सडक, बजार र खुलामञ्चका परिवेशहरूमा यस एकाङ्कीमा घटनाहरू दृश्यमा उनिएका छन् भने कौतुहल**तत्त्व**का दृष्टिले भने यस उति सशक्त छैन । दिल साहनीका अघिल्ला एकाङ्कीहरूमा जस्तो सीमित परिवेशको प्रयोग नगरी व्यापक परिवेशको प्रयोग गरिएको यस एकाङ्कीको भाषाशैलीले कथावस्तुगत विश्वसनीयता र सम्प्रेषणीयतालाई प्रभावकारी तुल्याएका छन् ।

यसरी सबै नाट्यकृतिमा प्रगतिवादी जीवनदृष्टिलाई अँगाल्नु र नागरिकहरूा समस्याप्रति चिन्तित र चिन्तनशील देखिनु दिल साहनीको नाट्यकारिताको वैशिष्टय हो ।

### ४.१.३.८.३. कथा

'युगपुरुष' (कथासङ्ग्रह २०२८) प्रकाशनका दृष्टिले साहनीको दोस्रो पुस्तकाकार कृति हो भने यही नै उनको पहिलो प्रकाशित कथासङ्ग्रह पनि हो । १६ वटा कथाहरू सङ्कलित यस कथासङ्ग्रहका कथाहरूले पनि उनको प्रगतिवादी साहित्यसृजनागत प्रवृत्तिलाई नै आत्मसात् गरेका छन् ।

मार्क्सवादी चेतनाको ज्ञान नहुँदै लेखिएका ती कथाहरूमा समसामयिक विषयवस्तु रहेको छ । विचार र साहित्यसाधनाका दृष्टिले कमजोर छ ।[१७८] कथाकार साहनीमा सैद्धान्तिक मान्यता बनिसकेको अवस्थामा लेखिएका कथाहरू भएका हुनाले यसमा प्रणयप्रेम, जीवनप्रतिको निस्सारता, आर्थिक समस्याले पीडित जीवन, शान्ति सुरक्षाको वेवास्ता, पीडित नारीजीवन आदि विषयवस्तुहरू रहेका छन् ।[१७९] यस कथासग्रहका कथाहरूबाट कथाकार स्वयम् भने सन्तुष्ट देखिन्नन् ।[१८०] समग्रमा यस सङ्ग्रहका कथाहरूले दिल साहनीको कथाकार व्यक्तित्वलाई माथि उठाउन भने सकेका छैनन् ।

'खरानी गाउँ' (कथासङ्ग्रह २०५७) दिल साहनीको दोस्रो प्रकाशित कथाकृति हो । यस सङ्ग्रहमा 'वर्मेली', दुर्घटना', 'हाङ्कङ्ग', 'कालिपारे सुबदार्नी', 'इण्डियन सर्टिफिकेट,' 'कोपिला', 'सहयात्री'

---

[१७८] अजित खनाल, पूर्ववत् पृष्ठ ९७ ।

[१७९] कलाधर अर्याल, पूर्ववत, पृष्ठ ११५ ।

[१८०] दिल साहनीले फागुन १८ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

लगायतका २५ वटा कथाहरू सङ्कलित छन् । बुटवलबाट प्रकाशित यस कथासङ्ग्रहले दिल साहनीको कथाकार व्यक्तित्वलाई अघिल्लो कथासङ्ग्रहले भन्दा केही माथि उकास्ने काम गरेका छन् ।

दिल साहनीले यस 'खरानी गाउँ' कथासङ्ग्रहमा रहेका कथाहरूमा प्रेम-प्रणय, सामाजिक, आर्थिक, राजनीतिक विषमता आदि विषयवस्तुको प्रयोग गरेका छन् ।[१८१]

प्रवासी नेपालीहरूका पीडा, गाउँले जीवनको कष्ट, शैक्षिक क्षेत्रमा देखिएका विकृति आदिलाई कथामा उन्ने काम दिल साहनीको 'खरानीगाउँ' कथासङ्ग्रहका कथाहरूले गरेका छन् ।

### ४.१.३.८.४. यात्रासंस्मरण

'आसामदेखि मणिपुरसम्म' (२०४) दिल साहनीको यात्रासंस्मरणात्मक कृति हो । 'कुराकानी भीमकान्त उपाध्यायसित', लीलाबहादुर क्षेत्रीसित', 'अनुराग प्रधानसित' आदि १२ वटा शीर्षकमा आसामदेखि मणिपुरसम्मका विभिन्न ठाउँमा विभिन्न व्यक्तिसँगको भेटघाट र भाषिक-साहित्यिक गतिविधिलाई संस्मरण गर्ने काम साहनीको यस कृतिमा भएको छ ।

सरल भाषामा लेखिएको यस कृति प्रवासमा भएको नेपाली भाषा र साहित्यको विकासका बारेमा जानकारी राख्नेहरूका साथै संस्मरणसाहित्य लेखनमा कलम चलाउनेहरूका लागि उदाहरणीय छ ।[१८२] दिल साहनी प्रवासमा रहँदा केकस्ता साहित्यिक गतिविधिमा संलग्न थिए भन्ने कुराको जानकारी लिई उनको जीवनीका थप पक्षहरूका बारेमा जान्न चाहनेहरूका लागि उनको 'आसामदेखि मणिपुरसम्म' नियात्राकृति उपयोगी देखिन्छ ।

### ४.१.३.८.५. समालोचना

'कवि युद्धप्रसाद मिश्र' (२०४७) दिल साहनीको समालोचनात्मक कृति हो र यसमा युद्धप्रसाद मिश्रको जीवनी, कवि व्यक्तित्व र प्रवृत्तिहरूका बारेमा अलगअलग शीर्षकमा समीक्षा गरिएको छ । 'अरूका दृष्टिमा मिश्र', 'मित्रको अभिनन्दन', 'कविको स्थान र महत्त्व', 'मिश्रको जीवनदर्शन' आदि शीर्षकमा यस कृतिले युद्धप्रसाद मिश्रलाई समेटेको छ ।

दिल साहनीले यस कृतिको रचना गरेर नेपाली साहित्य साधनामा लागिरहेका प्रतिभाहरूलाई समाजका सामुन्नेमा चिनाउँदै उनीहरूले नेपाली भाषासाहित्यमा देखाएको सेवाभावको कदर गर्ने

---

[१८१] कलाकार, अर्याल, पूर्ववत्, पृष्ठ १३१ ।

[१८२] अजित खनाल, पूर्ववत्, पृष्ठ ९७ ।

परम्परामा महत्त्वपूर्ण योगदान दिएका छन् ।[१८३] सिद्धार्थ साहित्य परिषद् भैरहवाले प्रकाशित गरेको ४४ पृष्ठको यस कृतिले दिल साहनीको समालोचक व्यक्तित्वलाई र त्यसमाथि पनि प्रगतिवादी समालोचनागत प्रवृत्तिलाई स्थापित गरेको छ । त्यसो त उनका फुटकर समालोचनात्मक रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा समेत छरिएर रहेका देखिन्छन् ।

**४.१.३.८.६. अन्तर्वार्ता**

'अन्तर्वार्ता (पारसमणि प्रधानसित)' (२०३०) दिल साहनीको अन्तर्वार्ताकार व्यक्तित्वको परिचय दिने कृति हो । यस कृतिमा दिल साहनीले नेपाली भाषा र साहित्यसँग सम्बन्धित तेत्तीसवटा प्रश्न पारसमणि प्रधानलाई सोधेका छन् भने प्राप्त भएका उत्तरहरूको सम्पादनसमेत गरेका छन् । पुस्तिकाकारको १७ पृष्ठको यस कृतिले पारसमणि प्रधानलाई नेपाली नागरिकसमक्ष पुऱ्याएर साहित्य र भाषाको गतिलो प्रचार समेत गरेको छ ।

नेपाली भाषा र साहित्यमा लामो समय बिताएका प्रधानजस्ता पुराना विद्वान्सँग जिज्ञासा राखी प्राप्त भएको उत्तर ज्ञानवर्द्धक तथा पठनीय छ । विद्वान्वर्गको ज्ञान र अनुभवलाई पाठकसमक्ष पुऱ्याउने यस अन्तर्वार्ताले पारसमणि प्रधानको सम्मानलाई चिरस्थायी पनि बनाएको छ ।[१८४] दिल साहनीको अन्तर्वार्ता लिने प्रवृत्ति शङ्कर लामिछानेका अन्तर्वार्ताकार व्यक्तित्वसँग तुलनीय नभए पनि अन्तर्वार्ता साहित्यमा आफ्नो नाम लेखाउन यसै कृतिद्वारा उनी सफल भएका छन् । यस कृतिले भने दिल साहनीको प्रगतिवादी लेखन मान्यतालाई निरन्तरता दिएको छैन । खोजपरकता र शोधमूलकता यस अन्तर्वार्ताको विशेषता हो भन्न सकिन्छ ।

समग्रमा दिल साहनी प्रवासीभूमिबाट कविता, कथा कोर्दै अगाडि बढेका नेपाली साहित्यसाधकका रूपमा प्रतिष्ठित व्यक्तित्व हुन् । हालसम्म प्रकाशित कृतिहरूका आधारमा हेर्दा मूलतः साहनी कवि हुन् । प्रवासबाट आफ्नो काव्ययात्रा आरम्भ गरेका साहनीका हालसम्म चारवटा कवितासङ्ग्रह, तीनवटा संयुक्त कवितासङ्ग्रह, दुई वटा कथासङ्ग्रह, चारवटा एकाङ्कीनाटक, एउटा नियात्राकृति, एउटा अन्तर्वार्ता साहित्य र एउटा समालोचनात्मक कृति प्रकाशित देखिन्छन् । उनले समसामयिक-साहित्येतर लेखहरूको सङ्ग्रह 'एमाले र महाकाली सन्धि' (२०५३) पनि प्रकाशित गरेका छन् । निष्कर्षमा दिल साहनी नेपाली साहित्यको प्रगतिवादी धाराका बहुमुखी व्यक्तित्व हुन् । यस धारालाई समृद्ध र सम्पन्न तुल्याउन अथक साधना गर्ने दिल साहनीले बुटवलको साहित्यिक विकासका लागि महत्त्वपूर्ण योगदान दिएका छन् ।

---

[१८३] ऐजन, पृष्ठ ९८ ।

[१८४] ऐजन ।

### ४.१.३९. **दिवा भूसाल**

दिवा भूसालको जन्म वि.सं. २०३८ मङ्सिर २ गते पिता ऋषिराम भूसाल र माता भगवती भूसालका कोखबाट रूपन्देहीको मणिग्राममा भएको हो ।[१८५] इन्जिनियरिङ विषयमा स्नातक पूरा गरेकी भूका फुटकर कविता, र कथाहरू स्थानीय पत्रपत्रिकाहरूमा प्रकाशित छन् । बुटवल साहित्य सङ्गमद्वारा विभिन्न अवसरमा पुरस्कृत भएकी भूसालका पुस्तकाकार कृतिहरू प्रकाशित नभए पनि यहाँका साहित्यगोष्ठीहरूमा उनको उपस्थिति देखिन्छ ।

### ४.१.३९. **दीपक न्यौपाने विरही**

दीपक न्यौपानेको जन्म वि.सं. २०३४ मा शङ्करनगर रूपन्देहीमा बाबु भीमप्रसाद न्यौपाने र आमा विष्णुमाया न्यौपानेको कोखबाट भएको हो ।[१८६] बुटवल बहुमुखी क्याम्पसमा स्नातकोत्तर तहमा अध्ययनरत न्यौपानेले कविता, कथा, नाटक र निबन्धहरू लेखेका छन् । वि.सं. २०४७ मा 'निरङ्कुश ढली छाड्यो' कविता छपाएर साहित्यक्षेत्रमा प्रवेश गरेका न्यौपानेका फुटकर कविता, कथाहरू स्थानीय पत्रपत्रिकामा प्रकाशित भए पनि पुस्तकाकार कृतिहरू प्रकाशित छैनन् । मुक्त तथा शास्त्रीय दुवै लयपद्धतिमा कविता लेख्ने दीपक न्यौपाने 'विरही' का साहित्यिक रचनाहरूमा राजनीतिक असङ्गति र भ्रष्टताका कारण जन्मिएका समस्याहरूलाई विषयवस्तु बनाइएको हुन्छ ।

### ४.१.४०. **दुर्गाप्रसाद अधिकारी**

दुर्गाप्रसाद अधिकारीको जन्म वि.सं. २००२ कार्तिक ३० गते बाङ्ला गा.वि.स डाँडा अर्घाखाचीमा पिता मनिलाल र माता हिमकलाका कोखबाट भएको हो ।[१८७] वि.सं २०१२ मा भारतको सिलाङ गएका अधिकारी वि.सं. २०४५ देखि पारिजातपथ, सुख्खानगर बुटवल-१० मा स्थायी बसोबास गर्न थालेका हुन् । नेपाली छात्र सङ्घ गोरखपुरको बार्षिक पत्रिका 'छात्रसन्देश' मा वि.सं. २०२३/२४ मा 'धरती फेरि हाँसिन्' शीर्षकको कविता प्रकाशित गरेर औपचारिक रूपमा साहित्ययात्रा आरम्भ गरेका दुर्गाप्रसाद अधिकारीले गुवाहाटी विश्वविद्यालयबाट एम.ए. र नर्थ इस्टर्न हिल युनिभर्सिटी सिलाङबाट एल.एल.बी गरेका हुन् । समाजमा देखिएका विकृतिहरूलाई रचनाका माध्यमबाट अभिव्यक्त गर्ने र मनमा जन्मिएका भावनालाई अभिव्यक्त गर्दै समाजलाई अग्रगतिमा लैजान प्रयास गर्ने उद्देश्यले साहित्य लेख्ने गरेको बताउने अधिकारी 'बुटवल साहित्य, कला, संस्कृति

---

[१८५] दिवा भूसालका पिता ऋषिराम भूसालले फागुन १४ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[१८६] सालिकराम पौड्याल, पूर्ववत्, पृष्ठ १७१ ।

[१८७] दुर्गाप्रसाद अधिकारीले फागुन १९ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

प्रतिष्ठान'का साधारण सदस्य, 'मेघालय नेपाली विद्यार्थी सङ्गठन' को उपसभापति (सन् १९६७/६८) समेत रहेका हुन् । विद्यालय जीवनमा विभिन्न जयन्ती र गोष्ठीहरूमा पुरस्कृत भएका अधिकारी मूलतः कथाकार हुन् भने उनको पहिलो कथा २०२६ तिर 'फुटेको पुर्पुरो' शीर्षकमा **गोरखापत्र**मा प्रकाशित भएको हो । हाल बुटवल बहुमुखी क्याम्पसको कानुन सङ्कायमा प्राध्यापन गर्ने अधिकारीले सुरुमा हिन्दीमा लेखेर भारतको दिल्लीस्थित कन्ट्रोलर एन्ड अडिटर जनरलको कार्यालयको मुखपत्र 'लेखापरीक्षा प्रकाश'मा प्रकाशित गराएको र पछि नेपालीमा रूपान्तरण गरेको 'निशा' शीर्षकको कथा मेघालयमा नवौं र दसौं श्रेणीका निम्ति 'नेपाली नवीन पाठसङ्ग्रह' मा समावेश गरिएको छ ।

दुर्गाप्रसाद अधिकारीका कथा, कविता, निबन्ध र शोधमूलक रचनाहरू विविध पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । प्रवासमा रहँदा दिल साहनीलगायतका साहित्यस्रष्टाहरूका समकालीनसमेत रहेका दुर्गाप्रसाद अधिकारीका प्रकाशित कृतिहरू हुन्-

१. रातो पानी (कथासङ्ग्रह २०३०)

२. मौन बसेको मेरो गाउँ (कथासङ्ग्रह, २०५७)

३. कर्मवीर मणिसिंह गुरुङ् : जीवनी र योगदान (शोधमूलकग्रन्थ, २०६०)

'रातो पानी' (२०३०) दुर्गाप्रसाद अधिकारीको प्रथम प्रकाशित पुस्तकाकार कथाकृति हो । 'रातोपानी', 'एक भूल', 'साँघुरो भेट', 'अवकाश', 'बेलाइतको हावा लागेको मान्छे', 'फुटेको पुर्पुरो', 'गाँठो', 'घाँडो', 'सुन्न नपाएको कथा', 'टुहुराको एक दिन', र 'तिरस्कार' गरी जम्मा एघारवटा कथाहरू यस कथासङ्ग्रहमा सङ्गृहीत देखिन्छन् । रत्न पुस्तक भण्डारले प्रकाशित गरेको ७१ पृष्ठको यस सङ्ग्रहमा समाविष्ट 'फुटेको पुर्पुरो' कथा कथाकार अधिकारीको पहिलो कथा हो । 'रातो पानी' कथासङ्ग्रहको सोही शीर्षकको कथामा ब्रिटिसको समयदेखि चलेको भर्ति हुने परम्पराको विरोधमा कथाकार उभिएका छन् । नेपाली युवाका रगतले विदेशी भूमिमा बग्ने नदीलाई रङाएको र पानी रातो भएको देखाउँदै भविष्यको पुस्ताले यस दृश्य देख्न नपरोस् भन्ने आकाङ्क्षा यस कथाले व्यक्त गरेको छ । 'एक भूल' कथाले बालविवाहको विरोध र अन्तर्जातीय विवाहको समर्थन गरेको छ । 'साँघुरो भेट' कथाले आर्थिक असमानताका कारण विघटित प्रेमको चित्रण गरेको छ । 'अवकाश' कथामा न्यून ज्याला पाउने जागिरेले अवकाशपछि भोग्नुपरेको पीडालाई कथावस्तु बनाइएको छ । 'बेलायतको हावा लागेको मान्छे' कथाले शिक्षाआर्जन गर्न वा अन्य उद्देश्यले गाउँघरबाट विदेशिने युवाहरू त्यहाँ पुगेर बरालिएको सामाजिक विषयवस्तुमाथि सूक्ष्मनिरीक्षण गरेको छ । 'फुटेको पुर्परो' कथाले साइँला र सानीले ढुङ्गा फोरेर जीवन धान्ने क्रममा आइपरेका समस्याहरूलाई देखाएर उनीहरूको फुटेको पुर्परोलाई नजिकबाट नियाल्ने काम गरेको छ । 'गाँठो' कथाले बालविवाह र विदेश जाने परम्परामा लुकेको गाँठो फुकाएको छ । 'घाँडो' कथाले नेपाली रक्सीभट्टिको परिवेशलाई घाँडोका रूपमा प्रस्तुत

गरेको छ भने 'सुन्न नपाएको कथा' मा कथाकारले एउटा पागल पात्रका समस्या र उसको मृत्युलाई हेरेका छन् । 'टुहुराको एक दिन' कथाले टुहुरो खाते बालकको बालमनोविज्ञानको अध्ययन गरेको छ र उसलाई आत्महत्या गर्नेसम्मका कुराहरू सोच्न लगाई अन्त्यमा सङ्घर्ष गरी बाँच्ने निर्णय लिन लगाएको छ । 'तिरस्कार' कथाले श्रीमतीलाई तिरस्कार गर्ने एक निःसन्तान पुरुष १६ बर्षपछि पहिलेकी श्रीमतीसमक्ष पुगेको र तिरस्कृत भएको देखाएर नारीको कठोरतालाई प्रस्तुत गरेको छ ।

दुर्गाप्रसाद अधिकारीले नेपाली समाजका घरपरिवारमा देखिने प्रेमप्रणय, जातीय असमानता, आर्थिक असमानताका साथै प्रवासी नेपालीले भोग्नुपरेका समस्या, विदेशमा रगत बगाउने नेपाली युवाहरूको दुरावस्थाजस्ता विषयको यथार्थ चित्रण गरेका छन् । उनका कथामा कतै आदर्शको छनक पाइएता पनि मूलतः दुर्गाप्रसाद अधिकारी सामाजिक यथार्थवादी कथाकार हुन् ।[१८८]

दुर्गाप्रसाद अधिकारीका कथा नेपाली घरपरिवारकै परिवेशमा प्रंस्तुत भएका छन् । समाजमा घट्ने घटनाहरू र निम्नवर्गीय पात्रहरूलाई प्रयोग गरी सरल संवेद्य भाषाशिल्पमा सामाजिक यथार्थको चित्रण गर्दै कौतुहल**तत्त्व** र द्वन्द्वको उचित निर्वाहसहित कथा लेख्ने दुर्गाप्रसाद अधिकारीका कथामा कतै-कतै आदिर्शोन्मुखताको गन्ध रहे पनि मूलतः उनी सामाजिक यथार्थवादी कथाकार हुन् ।

कथाका सम्बन्धमा दुर्गाप्रसाद अधिकारी भन्छन्- 'कथा साहित्यको त्यस आँखीभ्याल हो, जसबाट कथाकारले समाजमा घटेका घटनाको प्रतिबिम्ब गद्यात्मक शैलीमा अभिव्यक्त गर्दछ । कथाकार जुन परिवेशमा हुर्केको हुन्छ, त्यसको प्रभाव मनमा तरङ्गित भएर कथाको रूपमा प्रतिबिम्बित हुन्छ ।'[१८९]

'मौन बसेको मेरो गाउँ' (२०५७) कथाकार दुर्गाप्रसाद अधिकारीको दोस्रो प्रकाशित कथाकृति हो । जम्मा ८१ पृष्ठहरूमा संरचित यस सङ्ग्रहमा 'आलुबखडाको रुख', 'निशा', 'मौन बसेको मेरो गाउँ', 'वरपीपलको छहारी', 'एउटा हर्केको कथा', 'सुनसान बगर', 'माटोको माया', 'संयसग', 'मजबुरी', 'पेमेको भैंसी', 'आकाशको शून्य आकाश', 'चट्याङ्', 'गुलेली', 'बन्दूक' र 'घाम-छायाँ' गरी पन्ध्रवटा कथाहरू सङ्कलित छन् । वि.सं. २०५६ मा कथाकार स्वयम्ले प्रकाशित गरेको यस कथासङ्ग्रहका कथाहरू नेपाली र प्रवासी दुवै परिवेशका वरिपरि घुमेका छन् । कथाकार भन्छन्- "समयचक्रमा लेखक जहाँजहाँ जस्तो परिवेश र अवस्थामा पुग्यस, त्यहाँका पीरमर्काहरूलाई कथाको

---

१८८ अजित खनाल, पूर्ववत्, पृष्ठ ६५ ।

१८९ दुर्गाप्रसाद अधिकारी, स्रष्टा विशेषाङ्क, **भारतीय नेपाली कथा विशेषाङ्क**, (असम : बर्ष १३, १९९१, जुलाई), पृष्ठ ? ।

माध्यमबाट पाठकहरू समक्ष प्रस्तुत गर्ने प्रयास गरेको छु ।"[१९०] यस सङ्ग्रहमा सङ्कलित कथाकार अधिकारीको 'निशा' कथा मेघालयको 'नवीन पाठ्यसङ्ग्रह' (कक्षा ९ र १०) मा समावेश छ ।

यस सङ्ग्रहमा परेको 'आलुबखडाको रुख' पहिलो कथा हो भने प्रथम पुरुष शैलीमा लेखिएको यस कथाको रचनाकाल २०५० हो र यस कथा **मिर्मिरे** पूर्णाङ्क १४९, माघ २०५४ मा प्रकाशित देखिन्छ ।[१९१] यस कथाले नेपालीहरूमाथि प्राकृतिक प्रकोपको केकस्तो प्रभाव पर्छ भन्ने कुरालाई चित्रण गरेको छ । 'निशा' कथाले नेपाली नारीलाई हेर्ने परिवार र समाजको परम्परागत दृष्टिकोण, अशिक्षा, बालविवाह र तिनको परिणामलाई देखाएको छ । 'मौन बसेको मेरो गाउँ' कथाले प्रजातन्त्र प्राप्तिपछि पनि गाउँघरमा अशिक्षा, विदेशिने प्रवृत्ति, विधवा नारीलाई हेर्ने परम्परागत दृष्टिकोण र फटाहाहरूको बिगबिगी कायमै रहेको देखाएको छ । 'वरपीपलको छहारी' कथाले ग्रामीण प्रकृतिप्रतिको कथाकारको मोहलाई प्रष्ट गरेको छ । 'एउटा हर्केको कथा' ले खराब सङ्गतका कारण असामाजिक बन्न पुगेको एउटा पात्रका कारण उसको परिवारमाथि पर्न गएको बज्रप्रहारलाई विषयवस्तु बनाएको छ । पितृसत्तात्मक नेपाली समाजको यथार्थ दृश्य यस कथाले प्रस्तुत गरेको छ । 'सुनसान बगर' कथाले गाउँमा सम्पत्तिवाला भनेर कहलिएपछि ज्यादा आधुनिक बन्न खोजेको पात्र रामहरिले छोरालाई आदर्श संस्कार दिन नसक्दा छोराको मृत्यु हुन पुगेको कथावस्तुलाई प्रस्तुत गरेको छ । 'माटाको माया' कथाले प्रवासी भूमिमा हुने साम्प्रदायिक दङ्गाका कारण त्यहाँका नेपालीहरूले भोग्नुपरेको पीडालाई प्रस्तुत गरेको छ । 'संयोग' कथामा आदर्श गुणलाई पछ्याएर हिंडेमा संयोगहरू परिरहन्छन् भन्ने देखाइएको छ । 'मजबुरी' कथाले चाहिँ मजबुरीले मुग्लान पस्ने नेपालीहरूका पीडालाई घटनामा उनेको छ । 'पेमेको भैंसी' कथाले ग्रामीण सामन्ती संस्कारको सिकार भएका लाखौं पेमे कुमालहरूको कारुणिक अवस्थाको उद्घाटन गरेको छ । 'आकाशको शून्य आकाश' कथाले आकाशनामक पात्रको प्रवासिनु पर्दाको पीडालाई प्रस्तुत गरेको छ । 'चट्याङ' कथाले कर्फ्यु, युद्ध आदिलाई परिवेश बनाएर त्यसबाट उत्पन्न समस्यालाई प्रस्तुत गरेको छ । 'गुलेली' कथाले गाउँका जिम्मालविरुद्ध आन्दोलन गरेर सहिद हुने एक युवाको सङ्घर्षलाई विषयवस्तु बनाएको छ । 'बन्दुक' कथाले युद्धविरोधी सन्देश दिएको छ । 'घाम छायाँ ' कथाले बहुविवाह गरिबी र अन्य प्रकारका विकृतिहरूको यथार्थ तस्बीर प्रस्तुत गर्दै विदेशी केटी ल्याउने लोग्नेका विरुद्ध प्रतिभाले गरेको विद्रोहलाई देखाइएको छ ।

दुर्गाप्रसाद अधिकारीको 'मौन बसेको मेरो गाउँ' कथासङ्ग्रहका कतिपय कथाहरूमा हाम्रै नेपाली समाजमा भेटिने पात्रहरू छन् भने केही कथाहरू देशबाहिरको परिवेशमा पनि लेखिएका छन् ।

---

१९० दुर्गाप्रसाद अधिकारी, मेरा दुई शब्द, **मौन बसेको मेरो गाउँ**, (बुटवल : कथाकार स्वयम्, २०५७), पृष्ठ ६ ।

१९१ दुर्गाप्रसाद अधिकारी, आलुबखडाको रुख, मौन बसेको मेरो गाउँ, पूर्ववत्, पृष्ठ ५ ।

कथाकार भन्छन्- "यसमा समावेश गरिएका कथाहरू मेरै कल्पना र सीपले तानाबाना बुनेर हाम्रो वरिपरि भएका या हुने सामाजिक परिवेशकै अन्तर्कथाका रूपमा प्रस्तुत गरेको छु ।'[१९२]

कथाकार अधिकारीले यस सङ्ग्रहका कथाहरूमा नेपालभित्रका र प्रवासमा रहेका नेपाली समाजमा देखिने समस्याहरू, प्रेम, घृणा, मिलन, सम्पन्नता, विपन्नता, विछोड, वाध्यताहरूलाई विषयवस्तु बनाएका छन् । बालविवाह, बहुविवाह, प्रेमविवाह, पितृसत्तात्मकता, विद्रोह आदिलाई पनि कथाकारले यी कथाहरूमा प्रयोग गरेका छन् । युद्ध, साम्प्रदायिकता, प्राकृतिक प्रकोप, दैवी घटना, कुसङ्गतको परिणाम, अशिक्षा आदि पनि यस सङ्ग्रहका कथाहरूका विषयवस्तुका रूपमा रहेका छन् ।

'कर्मवीर मणिसिंह गुरुङ जीवनी र योगदान' (शोधमूलकग्रन्थ २०६०) दुर्गाप्रसाद अधिकारीको तेस्रो र हालसम्म प्रकाशित अन्तिम पुस्तकाकार कृति हो । साझा प्रकाशनले वि.सं. २०६० मा प्रकाशित गरेको यस शोधखोजपरक कृतिले दुर्गाप्रसाद अधिकारीको अन्वेषक व्यक्तित्वलाई बाहिर ल्याएको छ । वि.सं. २०१२ बाट सिलाङमा नोकरी गर्ने आफ्ना बाबुसँगै भारत बस्न थालेका अधिकारी वि.सं. २०४५ मा नेपाल आएका हुन् । नेपालमा आएपछि उनी बुटवलमा बस्न थालेका हुन् । जागिरबाट स्वेच्छिक अवकाश नलिउन्जेल दुर्गाप्रसाद अधिकारी भारतमै बसिरहे । यसरी लामो समय प्रवासमा रहँदा उनको थुप्रै प्रवासी नेपाली साहित्यकारहरूसँग सङ्गत गरेको देखिन्छ । दिल साहनी र अन्य प्रवासी नेपाली स्रष्टाहरूका समकालीन दुर्गाप्रसाद अधिकारी नेपालमा फर्किएपछि पनि नेपाली साहित्यको श्रीवृद्धिका लागि निकै चिन्तनशील व्यक्तित्व हुन् ।

दुर्गाप्रसाद अधिकारीको 'कर्मवीर मणिसिंह गुरुङः जीवनी र योगदान' कृतिमा ऐतिहासिक पृष्ठभूमि, 'पुर्ख्यौली', 'जन्म र शिक्षा', 'पारिवारिक जीवन', 'प्रेरणा', 'शैक्षिक क्षेत्रमा योगदान', 'सामाजिक सेवा' लगायतका जम्मा १८ वटा मूल शीर्षकहरू छन् भने यस कृतिले मणिसिंह गुरुङको जीवनी तथा साहित्यिक, शैक्षिक र सामाजिक क्षेत्रमा उनले दिएको योगदानको शोधखोजमूलक ढङ्गले गरिएको विवेचनालाई प्रस्तुत गरेको छ ।

समग्रमा कविता, कथा, निबन्ध, प्रबन्ध, समालोचना र अन्वेषणजस्ता विभिन्न विधामा कलम चलाए पनि दुर्गाप्रसाद अधिकारी मूलतः कथाकार हुन् । नेपालभित्र र बाहिरको नेपाली जनजीवनको सेरोफेरोमा कथा लेख्ने दुर्गाप्रसाद अधिकारीका कथाहरूमा प्रयोग भएको विषयवस्तु, कथावस्तु, पात्रचयनगत प्रवृत्ति, जीवनदृष्टि, उद्देश्य आदिलाई हेर्दा उनी मूलतः सामाजिक यथार्थवादी कथाकार हुन् । बुटवलको साहित्यिक विकासमा दुईवटा कथा सङ्ग्रह र एउटा शोधसमालोचना लिएर देखापरेका दुर्गाप्रसाद अधिकारीको उपस्थितिले दिएको योगदान गौरव गर्न योग्य छ ।

---

[१९२] दुर्गाप्रसाद अधिकारी, मेरा दुई शब्द, पूर्ववत्, पृष्ठ ग ।

### ४.१.४१. **देवेन्द्रराज शाक्य**

देवेन्द्रराज शाक्यको जन्म वि.सं. २००६ माघ १ गते पिता चिनियाकाजी शाक्य र माता पुतलीदेवी शाक्यका कोखबाट भएको हो ।[१९३] हाल बु.ब. क्या.मा सहायक प्रशासकको पदमा कार्यरत शाक्यले वी.ए. सम्मको शिक्षा पूरा गरेका छन् । दीर्घसेवा पदक (२०५७) र राष्ट्रिय शिक्षा दिवस पुरस्कार (२०५७) बाट सम्मानित भएका शाक्यका समसामयिक लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । त्रि.वि. केन्द्रीय पुस्तकालयबाट पुस्तकालय विज्ञान सेवाकालीन तालीम लिएका देवेन्द्रराज शाक्य 'लुम्बिनी अन्तर्राष्ट्रिय अनुसन्धान संस्था' का पूर्व लाइब्रेरियन हुन् भने हाल 'महावीर पुस्तकालय बुटवल' का सभापतिसमेत हुन् । उनका प्रकाशित कृतिहरू हुन्-

१. बैशाख पूर्णिमा : पाँच संयसगको पूणित दिवस (बुद्धदर्शन २०६१)

२. यस बटौली हो (बुटवलको परिचयात्मक पुस्तिका २०६१)

खोजअनुसन्धानपरक लेखनकार्यमा सक्रिय देखिएका देवेन्द्रराज शाक्यले बुद्धदर्शनसम्बन्धी विभिन्न रचनाहरूका माध्यमद्वारा बुटवलको सृजनाक्षेत्रमा आफ्नो उपस्थिति जनाएका छन् र ऐतिहासिक तथ्यहरू खोजेर उनले बुटवलको साहित्यिक विकासमा योगदान दिएका छन् ।

### ४.१.४२.**ध्रुवराज पन्थी**

ध्रुवराज पन्थीको न्वारनको नाम डिल्लीराज हो । ध्रुवराज पन्थीको जन्म वि.सं. २०२१ असार २६ गते धुर्कोट रजस्थल-४ पण्डितटोल गुल्मीमा पिता पं. टीकाराम पन्थी र माता मानकुमारी पन्थीका कोखबाट भएको हो । वि.सं. २०५० देखि मधवलिया गा.वि.स वडा नं. १ सखुवानी रूपन्देहीमा बसोबास गर्न थालेका ध्रुवराज पन्थी हाल अस्थायी रूपमा बुटवल-१३ मा बस्दछन् । कक्षा ३ मा पढ्दा वि.सं. २०३४ मा 'खून चुस्ने फटाहा' शीर्षकको कविता लेखेर साहित्यसृजनातर्फ प्रवृत्त भएका पन्थीको पहिलो रचना वि.सं. २०४३ मा काठमाडौंबाट निस्किने **विज्ञान** पत्रिका बर्ष १ अङ्क १ मा प्रकाशित देखिन्छ । बी.एस्सी.सम्मको अध्ययन पूरा गरेका ध्रुवराज पन्थी आत्मसन्तुष्टि र जनजागरणका लागि कविता कोर्न गरेको बताउँछन् । साहित्य सङ्गम बुटवलका कार्यक्रमहरूमा सहभागी हुँदै आएका पन्थीका कविताहरू लुम्बिनी, बुटवल टुडे, मेचीकाली लगायतका पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । उनको प्रकशित पुस्तकाकार कृति हो-

१. 'बाँसुरी' (कवितासङ्ग्रह २०६०)

---

[१९३] देवेन्द्रराज शाक्यले माघ २ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

यस कवितासङ्ग्रहका कविताहरूमा पन्थीले समसामयिक परिस्थिति र राजनीतिक विषयवस्तुलाई अङ्गीकार गरेका छन् । छन्दोवद्ध कविता लेख्ने पन्थीका कविताहरूमा मानवीय मूल्य, देशप्रेम र मानवजीवनका दुःखका क्षण र दुःखका कारणलाई पनि विषयवस्तु बनाइएका छन् भने बुटवलको साहित्यिक विकासमा ध्रुवराज पन्थीको पनि योगदान रहेको देखिन्छ ।

### ४.१.४३. **नरु थापा**

उद्बहादुर काला र हस्तकलाका पुत्र नरु थापाको वास्तविक नाम नरबहादुर काला हो ।[१९४] विभिन्न पत्रपत्रिकामा कथा, कविता र गीतहरू छपाएका नरु थापा पेन्टिङ पनि गर्छन् भने फुटबल र बक्सिङका राम्रा खेलाडी पनि हुन् । बी.ए. सम्मको शिक्षा पूरा गरेका थापा प्र.गो.द.वा.चौथा, रणबहादुर आले पुरस्कार आदिबाट सम्मानित भएका छन् । उनका प्रकाशित कृतिहरू हुन् -

१. मान्छे बोल्छ- मान्छे बोल्छ (कथासङ्ग्रह २०४७)

२. सीमारेखा (उपन्यास २०५१)

३. आतङ्कवादी (उपन्यास ?)

नरु थापाको उपन्यास 'सीमारेखा' ऐतिहासिक विषयवस्तुमा आधारित छ । वि.सं. १६०६ मा नेपाल अधिराज्यमा बाइसे चौबीसे मङ्गोल वंशजका राजाहरूको राज्य थियो । 'सीमा रेखा' तीनै स-साना थुम्के सरदारहरूका बीचमा भएको सीमासम्बन्धी विवादको कथावस्तुमा आधारित उपन्यास हो । नेपाल अधिराज्यको गण्डकी अञ्चल अन्तर्गत गोर्खा जिल्लाको लिग-लिग क्षेत्रमा यस उपन्यासको परिवेश निर्माण भएको छ । मातृप्रधान त्यस समाजमा ढुङ्गाको ठेलो, मल्लयुद्ध, घोडचढी, पाङ्ग्राको खेल र भकुन्डोजस्ता विभिन्न वाधाहरूलाई दगुर्दै पार गरी जसले विजय प्राप्त गर्दथ्यो त्यही एक बर्षको लिगलिगको राजा हुन्थ्यो भन्ने कुरालाई यस उपन्यासमा देखाइएको छ । त्यही लिगलिग राज्यका मगरहरूको समाजमा भएका घटनाहरूलाई यस उपन्यासमा कथावस्तु बनाइएको छ । ऐतिहासिक विषयवस्तुमा आधारित यस उपन्यासको कथावस्तुमा सोही शीर्षकको चलचित्रसमेत निर्माण भइसकेको छ ।

नयाँ आधारशिला प्रकाशन, बुटवलले दोस्रो संस्करण वि.सं. २०५५ मा प्रकाशित गरेको यस उपन्यास जम्मा १०५ पृष्ठमा संरचित छ भने यसको मूल्य रु. ४०/- रहेको छ । यस उपन्यासको वाह्य संरचनालाई हेर्दा 'एक', 'दुई' गर्दै तेइससम्म पुगेको परिच्छेद योजना देखिन्छ भने यसमा 'ट्याँ के भई र' छ ?, 'झाँक्री बाजे डुब्यको के खबर छ ?' जस्ता संवादमा मगर भाषिकाका शब्दहरू प्रयोग भएका देखिन्छन् भने 'हाङ', 'बाङ' जस्ता मगर भाषा कै शब्दहरू पनि

[१९४] प्रकाशक के.वी. पुनले फागुन १४ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

प्रयोग भएको देखिन्छ । संवादात्मक शैलीको बाहुल्य रहेको यस उपन्यासका पात्रहरू पनि ऐतिहासिक नै देखिन्छन् । तत्कालीन राजा र जनताहरूबीचको अन्तरविरोधलाई यथार्थपरक ढङ्गले औपन्यासिक कलेवर दिइएको यस उपन्यासका प्रमुख पात्रहरू मनवीर घले मगर, चन्द्रे, बम झाँक्री, मनवीर झाँक्री, राङ्कोटे खान, भुने आले मगर, टुने राना, राजा यशोब्रह्म, नारायणदास, द्रव्य, नारायण दास अर्याल, गणेस पाँडे, मुरली खवास, गङ्गाराम राना, केशव बोहोरा आदि हुन् । पात्रबहुल यस उपन्यास मगर जातिहरूको गौरवगाथा गाउने आख्यानकृति हो ।

नरु थापाको अर्को उपन्यास 'आतङ्कवादी पनि मूलतः चलचित्र निर्माण गर्ने उद्देश्यले लेखिएको राजनीतिक विषयवस्तुमा आधारित स्क्रीन प्ले नै हो । समग्रंमा बुटवलको साहित्यिक विकासमा नरु थापाको आफ्नै प्रकारको योगदान छ भन्न सकिन्छ ।

### ४.१.४४. **निलम कार्की 'निहारिका'**

निलम कार्की 'निहारिका' को जन्म वि.सं. २०३१ चैत्र २७ गते पाल्पा जिल्लाको गोठादी-५ जगातमा पिता भद्रबहादुर कार्की र माता मीनाकुमारी कार्कीको कोखबाट भएको हो ।[१९५] वि.सं. २०५२-५३ देखि रूपन्देहीको मणिग्राममा बस्दै आएकी निहारिकाले नेपालगन्जको स्टाफ नर्स कलेजबाट स्टाफ नर्स शिक्षा पूरा गरेकी छन् भने हाल उनी नेपाल टेलिभिजनको स्वास्थ्यसम्बन्धी कार्यक्रमकी सञ्चालिका हुन् । किसान मा.वि. पाल्पाको स्मारिकामा वि.सं. २०४३ मा 'उठ जाग नेपाली' कविता प्रकाशित गरी साहित्ययात्रा प्रारम्भ गरेकी निहारिकाका रचनाहरू विविध पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । नरनारीमा दखिने प्रणयभाव, बासना र त्यसले जन्माउने समस्याहरूलाई विषयवस्तु बनाएर सृजना गर्न रुचाउने निहारिकाका प्रकाशित कृतिहरू हुन्-

१. मौन जीनव (उपन्यास २०५१)

२. नियतिको खेल (उपन्यास २०५३)

निहारिकाका यी उपन्यासहरूमा जीवन भोगाइका क्रममा देखिने विभिन्न खालका घटनाक्रमहरू विषयवस्तुका रूपमा आएका छन् । घटनाक्रममा विश्वसनीयता, कौतुहल**तत्त्व**, एवम् पात्रहरूको कार्यकलापजस्ता उपन्यासका आधारभूत शरीररचनाका दृष्टिले यी उपन्यासहरू उपन्यासकारका आभ्यासिक चरणकै रचना प्रतीत हुन्छन् ।

---

[१९५] निलम कार्की 'निहारिका' ले शोधार्थीलाई दिएको जानकारीअनुसार ।

### ४.१.४५. **पन्नालाल शाक्य**

पन्नालाल शाक्यको जन्म वि.सं. २००७ मा तानसेन भगवती टोलमा पिता माणिकलाल शाक्य र माता शुक्रमाया शाक्यका कोखबाट भएको हो ।[१९६]

वि.सं. २०२० मा बुटवल गणेश मन्दिर पुलचोकमा बसोबास गर्न थालेका शाक्यको घर पहिराले पुरेपछि बुटवलकै लक्ष्मीनगरमा बसाइँ सरेका हुन् । गणेश साहित्यिक मण्डल (बुटवल २०२१) का संस्थापक सदस्य भएका, श्री ५ कान्ति आवासीय मा.वि. बुटवलका शिक्षकसमेत रहेका र वि.सं. २०१४ देखि गीत, कविता लेख्न थालेका शाक्यका रचनाहरू जुनेली, रूपरेखा, लुम्बिनी सन्देश, गोरखापत्र आदि पत्रपत्रिकामा प्रकाशित छन् । उनका गीतहरू रेडियस नेपाल र खर्साङ रेडियसबाट पनि प्रसारित छन् । आई.ए.सम्मको शिक्षा पूरा गरेका पन्नालाल शाक्यको वि.सं. २०६१ मङ्सिर १८ गते देहावसान भयो । उनका गीत र कविताहरूमा आफ्नै जीवन भोगाइका मीठानमीठा अनुभव, सामाजिक विसङ्गति र विषमता, सांस्कृतिक तथा धार्मिक आस्था र सामाजिक सुधारको सन्देश आदिलाई विषयवस्तु बनाउने प्रवृत्ति पाइन्छ । उनका कुनै पनि पुस्तकाकार कृतिहरू प्रकाशित छैनन् ।

### ४.१.४६. **पृथ्वी शेरचन**

पृथ्वी शेरचनको जन्म वि.सं. १९९५ मङ्सिर २३ गते मुस्ताङ जिल्लाको थाकटुकुचे बजारमा पिता भक्तिप्रसाद शेरचन र माता इन्दिरादेवी शेरचनका कोखबाट भएको हो ।[१९७] प्रारम्भिक शिक्षा बुटवल र भैरहवाबाट लिएका पृथ्वी शेरचनले नेपाली विषयमा एम.ए. पूरा गरेका छन् । वि.सं. २०१४ देखि सक्रिय राजनीतिसमेत गरेका पृथ्वी शेरचन वि.सं. २०३३ मा पञ्चायती व्यवस्थामा प्रवेश गरी वि.सं. २०४९ देखि २०६१ सम्म राजपरिषद् स्थायी समितिका सदस्य भएका थिए ।

वि.सं. २०२३ तिर बुटवलबाट प्रकाशित 'गुराँस' पत्रिकामा 'नयाँ बर्षको शुभकमना' शीर्षकको कविता प्रकाशित गरेर साहित्यको क्षेत्रमा प्रवेश गरेका शेरचनका प्रकाशित कृतिहरू हुन्-

१. दुई खुट्टाले टेकेर (कवितासङ्ग्रह २०२४)
२. दुई कप्टेराको माझमा (कवितासङ्ग्रह २०२६)
३. कुहेको कुभिण्डो विषमताको (कवितासङ्ग्रह (२०४०)

'वाणी' र 'सङ्गम' पत्रिकामा पृथ्वी शेरचनले आफ्नो चीन भ्रमणका केही अंश र 'चे' को क्रान्ति र युद्धका केही अनूदित अंशहरू पनि छपाएका छन् । पृथ्वी शेरचनले बुटवलको साहित्ययात्राको प्रथम

---

१९६ पन्नालाल शाक्यकी धर्मपत्नी श्रीमती नानु शाक्यले फागुन २१ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

१९७ पृथ्वी शेरचनले फागुन २० गते भैरहवामा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

चरणमै कविता लेखेर एवम् सोही चरणमा पुस्तकाकार कृति समेत प्रकाशित गरेर यहाँको साहित्यिक इतिहासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् भने हाल उनी भैरहवामा बसोबास गर्दछन् ।

### ४.१.४७. **प्रदीप प्रधान**

प्रदीप प्रधानको जन्म वि.सं. २०१४ भदौं ६ गते पिता ज्योतिमान प्रधान र माता बुद्धिकुमारी प्रधानका कोखबाट मलेसियामा भएको हो ।[१९८] वि.सं. २०३२ देखि बुटवलमा बसोबास गर्न थालेका प्रधान हाल बुटवलमै फेन्सी पसलमा व्यापार गर्दछन् । वि.सं. २०३९ मा भैरहवा क्यम्पसबाट स्नातक गरेका प्रदीप प्रधानले वि.सं. २०३१ मा वागलुङ क्याम्पसको मुखपत्रमा 'उषाका किरण' शीर्षकको कविता प्रकाशित गरेर साहित्यको क्षेत्रमा प्रवेश गरेका हुन् । बालसाहित्य समाज काठमाडौंका आजीवन सदस्य, प्रगतिशील लेखक सङ्घ रूपन्देहीका कोषाध्यक्ष र 'बुटवल साहित्य, कला, संस्कृति प्रतिष्ठान'का कार्यकारिणी सदस्य रहेका प्रधान मूलतः कथाकार हुन् । उनका कथाकृतिहरू हुन्-

१. मौन रात (कथासङ्ग्रह २०५९)

२. जङ्गलका रमाइला कथा (बाल कथासङ्ग्रह २०६१)

३. बन्द बाकस (लघु कथासङ्ग्रह, प्रकाशोन्मुख)

मौन रात प्रदीप प्रधानको पहिलो प्रकाशित पुस्तकाकार कृति एवम् कथासङ्ग्रह हो । यस कथासङ्ग्रहमा 'हारेको रन', 'मुगलान', 'युगकी निशा', 'विवेकको कम्प्युटर', 'छापामार नीता', 'मैले नचाहेको छोरो', 'अब म किरिया बसिनँ', 'बस्ती बस्तीबाट हराएका मान्छेहरू' 'उसको आत्मबिलौना', 'मौन रात', 'मेरो जेलका साथी कुनानान्', 'साइपनको हर्के', 'ओझेल प्रेम', 'बिदाइ', 'अभागिनी छोरी ग्लेनिश', 'लिन्डा', 'तुषारापात जिन्दगी' र 'असह्य वेदना' गरी अठार कथाहरू सङ्कलित छन् । यीमध्ये अधिकांश कथाहरू यसअघि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका हुन् । राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा लेखिएका प्रायः कथा यथार्थ र वास्तविक घटनामा आधारित छन् ।

सर्सर्ती हेर्दा बालमनोविज्ञान, समसामयिक राजनीति र अन्तर्राष्ट्रिय अनुभवका पृष्ठभूमिमा कथाहरूको गुम्फन गरिएको छ ।[१९९] यसमा सङ्कलित कथाहरूमध्ये साइपनको हर्के, अभागिनी छोरी ग्लेनिस, लिन्डा, मेरो जेलको साथी कुनानान्-यथार्थको धरातल र बाहिरी परिवेशमा लेखिएका कथा हुन् भने छापामार नीता, युगकी निशा, विवेकको कम्प्युटर, म किरिया बसिनँलगायतका कथाहरू नेपाली परिस्थिति र परिवेशबाट सृजित कथाहरू हुन् । त्यसै गरी 'मुगलान' र 'उसको आत्म विलौना'

---

[१९८] प्रदीप प्रधानले फागुन २० गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[१९९] बालकृष्ण भट्टराई, प्रदीप प्रधानको एक सफल प्रयासः मौन रात, **मौन रात**, (बुटवल : कृतिकार स्वयम्, २०५९), पृष्ठ छैन ।

मा बालमनोविज्ञान छ भने 'ओझेल प्रेम', 'विदाइ' वास्तविकतामा आधारित सामाजिक कथाहरू हुन् । यसरी यस सङ्ग्रहका धेरैजसो कथामा वर्तमानका यथार्थहरूलाई नै प्रस्तुत गर्न खोजिएको छ ।

'हारेको रने' मा घान्द्रुक गाउँमा विपन्न परिवारमा जन्मेको रनेले भागेर भारतीय सेनामा भर्ती भएको र एघार वर्षपछि घर फर्कदा रेलमा नै सर्वस्व लुटिएर पराजयको पीडा भोगेको छ । 'मुगलान' केटाकेटीहरू पैसाभन्दा पनि बाबुआमाको न्यानो मायाका भोका हुन्छन् भन्ने यथार्थलाई उद्घाटन गर्ने कथा हो । बाबुआमाबाट टाढा रहेकी एक अबोध बालिकालाई बोर्डिङ स्कुलको शिक्षा र अकुत दौलतले कति प्रभाव नपारी अन्ततः वेश्यालयमा बेचिन बाध्य तुल्याएको कुरा मार्मिक ढङ्गाबाट प्रस्तुत गरिएको छ । 'छापामार नीता' मा प्रहरी ज्यादतीबाट द्रवित नीता माओवादी मोर्चामा आवद्ध हुन बाध्य भएको देखाइएको छ । 'बस्ती बस्तीबाट हराएका मान्छेहरू' माओवादी र सुरक्षाकर्मी दुवैको चेपुवामा परेको ग्रामीण जनमानसको प्रतिबिम्ब हो । 'असह्य वेदना' मा सुकुमवासी बस्तीमा सरकारले आगो लगाउँदा आगोमा परी अकालमै जीवन गुमाएकी शोभाको विधुर पति जगत्सिंहको करुण कहानी पाइन्छ । 'मौन रात' यस सङ्ग्रहको केन्द्रीय कथा बनेको छ । प्रहरी हवल्दार हर्षबहादुर क्षेत्री माओवादीहरूसँगको भिडन्तमा मारिएको छ । जागिरे पति घर आउँदा आवश्यकता परिपूर्ति हुने सुखद् कल्पनामा बसेकी पार्वतीलाई राज्यले पठाएको पच्चीस हजार र लोग्नेको लास बुझ्नुपर्दाको मार्मिक क्षण यस कथामा देखाइएको छ भने कर्फ्यु लागेर लोग्नेको लास उठाउन नपाउँदाको अँधेरी रात निस्तब्ध र मौन बनेको प्रतीकात्मक चित्रण गरिएको छ । 'अब म किरिया बसिनँ' कथामा अदूरदर्शी नेताको आलोचना छ भने आर्थिक विपन्नताबाट विदेशिन बाध्य रोल्पा खारा गाउँको दलमान पुन अरबको रियादमा अरिबियन महिलाबाट बलात्कृत हुन पुगेको मार्मिक चित्रण गरिएको छ । आमाको मृत्युको खबर सुनेर घर फर्कदा गृहयुद्धको मारमा परेको र परदेशको दुःखको कमाइ सबै लुटिएपछि किरियै नगरी मुगलान फर्कन विवश बनेको चित्रण छ । 'मैले नचाहेको छोरो' मा गृहयुद्धका कारण सुर्खेत तातोपानी मूलकी गङ्गा विदेशिन बाध्य हुनुपरेको र अनिच्छापूर्वक विदेशीको गर्भधारण गर्नुपरेको घटना प्रस्तुत गरिएको छ । 'विवेकको कम्प्युटर' कथामा भ्रष्टाचारको वस्तुगत अनुसन्धान गर्ने वैज्ञानिकलाई माओवादीको आरोप लगाएर जेल चलान गरिएको घटना छ । 'आत्मविलौना' कथामा बालबालिकाहरूको मनोविज्ञान नबुझी ताडना दिंदा उनीहरूमा पर्ने प्रतिकूल प्रभावलाई देखाइएको छ । 'ओझेल प्रेम' र 'विदाइ' कथाले मातृवात्सल्यको महत्त्व र नारीसमस्याको उद्घाटन गरेका छन् । 'अगाभी छोरी ग्लेनिस' चिनियाँ र फिलिपिनोको प्रेमकथा हो भने 'लिन्डा' अरबियन मुलुकमा परपुरुषबाट बलात्कृत नारीको मार्मिक रहस्यसद्घाटन हो । 'मेरो जेलका साथी कुनानान्' मा कथाकारले साइपनको जेलजीवनको एक अनुभवलाई संस्मरणात्मक शैलीमा प्रस्तुत गरेका छन् । 'साइपनको हर्के' कथामा परिवारलाई त्यागी मुगलान पसेर चिनियाँ युवतीसँग प्रेममा फसेको हर्के अन्ततः एड्स रोगको सिकार भएको देखाइएको छ ।

समग्रमा प्रदीप प्रधानको मौन रात कथासङ्ग्रहमा विपन्नता, बेरोजगारी, पुरुषप्रधान समाज, नारीको शोषण, लाहुरेप्रथा, भ्रस्टाचार, नेपाली ग्राम्यजीवन, माओवादी जनयुद्ध, दुर्वल राजनीतिक नेतृत्व, चेलीबेटी बेचबिखन, बोर्डिङको महङ्गो शिक्षा, राज्यसंयन्त्रका ज्यादती, सामाजिक अन्धविश्वास, बालमनोविज्ञान, प्रेम र प्रणय, सामन्ती शोषण, जातिप्रथा, सामाजिक अशान्ति आदिलाई कथ्य बनाइएको छ ।

नेपाली मध्यपहाडी भूभाग र तराईका गाउँहरू दाङ, घान्द्रुक, सुर्खेत, म्याग्दी, बागलुङ, बुटवल, रोल्पा खारा, राजधानी तथा साइपन, रियाद आदि विदेशी परिवेशहरू यस सङ्ग्रहका कथाहरूमा आएका छन् ।

अधिकाङ्श निम्नवर्गीय पात्रहरूको प्रयोग भएको यस कथासङ्ग्रहका कथाहरूमा पुरुष पात्रहरूले वर्गीय चिन्तन बोकेका छन् । यदाकदा सम्वाद र घटनाक्रमको विस्तारका सन्दर्भमा अभिव्यक्तिगत अस्पष्टता र भाषिक एवम् व्याकरणगत त्रुटि दोहोरिएका पाइन्छन् । भाषाशैलीमा दृष्टिविन्दुको समरूप प्रयोगमा र समग्र प्रस्तुतिमै लेखकले अझै मिहिनेत गर्न आवश्यक देखिन्छ । [२००]

जङ्गलका रमाइला कथाहरू प्रदीप प्रधानको दोस्रो प्रकाशित कृति एवम् बालकथा सङ्ग्रह हो । 'प्यारा हाँसहरू', 'चलाख मुसा', 'विवेकी बाँदर, 'उहिले उहिले तेरो बाको तालु खुइले', 'बाँदर विद्यालय', 'बुद्धिमान हात्ती' र 'सिकारी रवि र मयूर' गरी सातवटा बालकथा सङ्कलित यस सङ्ग्रहले अन्धरुढिवादी, अवैज्ञानिक दर्शन र मिथ्या दृष्टिकोणका सट्टा वैज्ञानिक, तथ्यसङ्गत, यथार्थ दर्शन र दृष्टिकोण प्रदान गरेको छ ।

प्रदीप प्रधानका बालकथा छोटा, सरल, सुबोध र बालरुचि अनुरूपका छन् ।

ड्याडी, मम्मी बर्थ-डे, गेट, छतजस्ता पराई शब्द प्रयोग गर्ने दोषबाट आफूलाई मुक्त राख्नु आफै भाषाप्रतिको उनको अर्को राम्रो पक्ष हो । [२०१] कथाकार भन्छन्-'यस जङ्गलका रमाइला कथाहरू पुस्तक उनीहरूकै मनमा खुसी पार्न लेखेको हुँ । उनीहरूलाई असल नागरिक बनाउन उपदेशात्मक

---

२०० ऐजन ।

२०१ जनकप्रसाद हुमागाई, हुने विरुवाको चिल्लो पात जस्तै राम्रो प्रयास, **जङ्गलका रमाइला कथाहरू**, (बुटवल : कृतिकार स्वयम्, २०६१), पृष्ठ छैन ।

कथाहरू राखेको छ । निश्चय पनि यी कथाहरूले उनीहरूका दिमागलाई सदा गोरेटामा डोऱ्याउने छ र नेपाली भाषामा ध्यान जानेछ । [२०२]

प्रदीप प्रधान एउटा राम्रो सम्भावना भएका कथाकार हुन् । उनको कथाकारिता कथाकार स्वयम्को राजनीतिक जीवनका अनुभव, देशको विसङ्गति र विडम्बनापूर्ण परिस्थिति, अशान्ति, अस्थिरता, विश्वासको सङ्कट, शक्ति र शस्त्रास्त्रको अन्धाधुन्द प्रयोग, शोषण , उत्पीडन, अत्याचार, अनाचार, बेरोजगारी, परमुखापेक्षी परम्परा, सदा शोषित निम्नवर्गीय समाज,, जातीय विभेदजन्य सामाजिक विषमताको दैनन्दिन बोधबाट निर्मित देखिन्छ । अधिकांश कथाहरूमा कथाकार गरिब, निमुखा, शोषित र अपहेलित निम्नवर्गीय जनताका मार्मिक वेदनाप्रति सहानुभूति प्रकट गर्दै उनीहरूको मुक्तिका लागि सङ्घर्षरत रहन प्रेरणासमेत प्रदान गर्दछन् । यस दृष्टिले प्रदीप प्रधान प्रगतिवादी धाराका कथाकार हुन् ।

### ४.१.४८. पं. बाबुराम भट्टराई

पं. बाबुराम भट्टराईको न्वारनको नाम यज्ञप्रसाद भट्टराई हो । पं. बाबुराम भट्टराईको जन्म वि.सं. २००७ आषाढ १५ गते पिता टीकाराम र माता हेमकलाका कोखबाट अर्घाखाँची जिल्लाको पोखराथोक गा.वि.स. १ मा भएको हो । [२०३] वि.सं. २०२५ मा तौलिहवाबाट प्रकाशित 'सिद्धार्थ वार्षिक' मा 'एक आदर्श जगत् नेपाल' शीर्षकको कविता प्रकाशित गरी साहित्यको क्षेत्रमा प्रवेश गरेका पं. भट्टराईले बनारसको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट संस्कृत व्याकरणमा शास्त्रीसम्मको अध्ययन पूरा गरेका छन् । सामाजिक स्वास्थ्य र समुन्नतिका लागि साहित्य लेख्ने गरेको बताउने पं. भट्टराई नेपाल पत्रकार महासङ्घका राष्ट्रिय पार्षद् हुन् भने उनले सम्पादन गरेका पत्रपत्रिका र उनको कार्यकाल निम्नानुसार छन्- दैनिक समालोचना (बुटवल २०४२-४३), दैनिक लुम्बिनी (बुटवल २०४८-५१), 'दैनिक जनसङ्घर्ष' (बुटवल २०५१-२०५३) र 'दैनिक लुम्बिनी' (बुटवल २०५९ देखि हालसम्म । वि.सं. २०४२ देखि बुटवलमा बसोबास गर्दै आएका पं. भट्टराई नेपाल पत्रकार महासङ्घ रूपन्देहीद्वारा उत्कृष्ट पत्रकारिता पुरस्कार (२०५९), चक्रपाणि स्मृति प्रतिष्ठान मणिग्रामद्वारा चक्रपाणि स्मृति पुरस्कार (२०६२) द्वारा सम्मानित भएका छन् भने राजयसग प्रशिक्षण केन्द्र बुटवलले पनि उनलाई पुरस्कृत-सम्मानित गरेको छ । पं. बाबुराम भट्टराई बहुमुखी प्रतिभा सम्पन्न व्यक्तित्व हुन् । यिनी कवि, कथाकार, निबन्धकार, उपन्यासकार, अनुवादक, पत्रकार, सम्पादक, चित्रकार, मूर्तिकार हुनाका साथै यिनीसँग प्रशासकीय र सामाजिक कामहरूको अनुभव पनि छ । बुटवलको

[२०२] प्रदीप प्रधान, भन्नुपर्दा, जङ्गलका रमाइला कथाहरू, पूर्ववत्, पृष्ठ छैन ।

[२०३] पं. बाबुराम भट्टराईले माघ १५ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

दैनिक लुम्बिनीमा 'पण्डितजीको थनथन' (हास्यव्यङ्ग्यमूलक स्तम्भ) लेखेर चर्चामा रहेका पं. बाबुराम भट्टराईका प्रकाशित कृतिहरू हुन्-

१. शहीदको आहवान (लघुकाव्य २०३५)

२. हाम्रा राष्ट्रिय चिन्तक कहाँ छन् (निबन्ध २०४४)

३. सङ्घर्ष (कथासङ्ग्रह २०४५)

४. रोमेल (उपन्यास २०५६)

**अनुवाद**

१. आइमाईको हकमा (उपन्यास २०५४)

२. बिग्रेकी केटी (उपन्यास २०५५)

३. बौद्धदर्शन (२०५८)

४. धर्म, कर्म र विज्ञान (२०६०)

**अप्रकाशित अनुवाद**

१. परावर्तन (उपन्यास)

एघार बर्षको उमेरमा शिखरिणी छन्दमा 'कति राम्रो मेरो देश' कविता लेखेका पं. बाबुराम भट्टराईका धेरै कविता, निबन्ध, हास्यव्यङ्ग्य लेखहरू युगधारा, समीक्षा, लुम्बिनी, सप्तगण्डकी, खलिहान, समालोचना, हाम्रो पुरुषार्थ, लुम्बिनी, जनसङ्घर्ष आदि पत्रपत्रिकामा पनि छरिएर रहेका छन 'शहीदको आह्वान' पं. बाबुराम भट्टराईको प्रथम प्रकाशित पुस्तकाकार कृति एवम् लघुकाव्य हो ।

यिनले आफू जागिरे अवस्थामा राष्ट्रिय राजनीतिको भाव बोकी राष्ट्रका सुपुत्र सहिदहरूको सपना पूरा गर्न निभाउनु पर्ने भूमिका र गर्नुपर्ने दायित्वका साथमा उनीहरूको भनाइलाई उल्लेख गर्दै 'शहीदको आह्वान' नामक लघुकाव्य सिर्जना गरी प्रकाशित गरेका थिए ।[२०४] तर कालको पन्जाबाट सो काव्य बचाउन नसकेको कुरा पं. बाबुराम भट्टराई बताउँछन् ।

'हाम्रा राष्ट्रियचिन्तक कहाँ छन् ?' पण्डित बाबुराम भट्टराईको दोस्रो प्रकाशित कृति एवम् निबन्धसङ्ग्रह हो ।

राष्ट्र र राष्ट्रियताप्रति वफादारीमा धमिरो लागेर खोक्रिएको, समाजका परिवर्तकहरूमा पनि आलस्यता, सङ्कुचित धारणा रहेको र सर्जकहरूमा यथार्थभन्दा भाटप्रवृत्ति हावी भएकाले सबै

[२०४] शेषनारायण चालिसे, **पण्डित बाबुराम भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (अप्र. स्नातकोत्तर शोधपत्र,त्रि.वि.पाल्पा, २०६१), पृष्ठ १२ ।

आआफ्नो स्वार्थले गर्दा राष्ट्रप्रति चिन्तन गर्नेहरूको खडेरीमा राष्ट्र रुमलिएकाले त्यस्ता राष्ट्रिय चिन्तकको खोजीमा चिन्तित रहेको विषयवस्तु यस निबन्धमा पाइन्छ । [२०५]

राष्ट्रनिर्माणका औजार स्वरूप बाल, युवा र वृद्धावस्था गरी मानिसमा पाखुराका तीन अवस्था हुन्छन् तर यी औजारहरूलाई अपाङ्ग बनाइएको छ र बालकसँग भविष्य भए पनि सपना छैन, युवासँग उमेर भए पनि काम छैन र बृद्धसँग अनुभव भए पनि अवस्था छैन भनी चिन्तन गर्ने काम पं. भट्टराईले यस निबन्धमा गरेका छन् ।

'सङ्घर्ष' पं. बाबुराम भट्टराईको तेस्रो प्रकाशित पुस्तकाकार कृति एवम् कथासङ्ग्रह हो । यस कथासङ्ग्रहभित्र सातवटा कथाहरू सङ्गृहीत छन् ।

भट्टराई छोटो कथामा सिङ्गो नेपाली समाजलाई अटाउन सक्ने आधुनिक कथाकार हुन् । उनले सामाजिक विषयवस्तु लिई यथार्थको धरातलमा उभिएर मनोविश्लेषक र व्यङ्ग्यकार बनी नेपाली समाजका पाठकहरूलाई कथा पस्किरहेका छन् । [२०६]

'सङ्घर्ष' कथासङ्ग्रहमा धर्पाने कान्छो, राहत्, सङ्घर्ष, नौली, भण्डारी बाजेको चिया पसल, के त्यस बत्ती बलेकै होला ?, र फूलमतीको कालो चस्मा शीर्षकका कथाहरू सङ्कलित छन् । धार्पाने कान्छो कथामा समाजमा मै हुँ भन्ने सुब्बा र मुखियाहरू पनि लाटासीधा गाउँलेमाथि हैकम जमाउने मात्र हुन्, नयाँ कुराबाट तिनीहरू पनि अनभिज्ञ नै हुन्छन् भन्ने देखाउँदै अन्त्यमा त्यस्तै तिरस्कृत धार्पाने कान्छाले सिङ्गो समाजको इज्जत जोगाइदिएको कथावस्तु छ । यस कथामा मुख्य रूपमा वाह्य दृष्टिविन्दुको प्रयोग छ ।

'राहत' कथाले देश र जनताभन्दा आफ्नो दुनो सोझ्याउनतर्फ लाग्ने मन्त्रीहरूलाई व्यङ्ग्य प्रहार गर्दै राजनीतिक र प्राकृतिक परिवेशलाई अङ्गीकार गरेको छ । यस कथा उत्तमपुरुष शैलीको दृष्टिविन्दुमा लेखिएको छ । 'सङ्घर्ष' कथाले मानिसको जीवनमा आरोहअवरोह आउँछन् र जन्मपछि मृत्यु अवश्यम्भावी छ, त्यसैले कहिल्यै निराश हुनुहुँदैन र रोमाञ्चित हुनुहुँदैन भन्ने सन्देश दिएको छ । यस कथामा प्रथम र तृतीय पुरुष दृष्टिविन्दुको मिश्रित प्रयोग पाइन्छ । 'नौली' कथाले समाजमा विद्यमान जातीय विभेदको खाडललाई कतिले मलजल पुऱ्याउँछन् भने कतिपय साहसी व्यक्तिहरूले यस्तो विभेदलाई सहजताका साथ हटाउनका लागि प्रयास गर्छन् भन्ने सन्देश दिंदै जातिप्रथाविरोधी घटनालाई प्रस्तुत गरेको छ । भण्डारी बाजेको चिया पसल कथामा मूलतः नेपालीहरू जसरी भए पनि आफ्नो बाँच्ने उपाय खोज्दछन् र जसरीतसरी जीविकोपार्जन गर्नुपर्दोरहेछ भन्ने देखाउँदै युवाहरूका

[२०५] ऐजन, पृष्ठ १३

[२०६] ऐजन, पृष्ठ १२ ।

प्रवृत्तिलाई पनि झीनो रूपमा उतारिएको छ । हास्यप्रधान यस कथा प्रथम पुरुष शैलीमा लेखिएको छ । के त्यस बत्ती बलेकै होला ? कथाले एउटा आमाले आफ्ना बालबच्चाका लागि आफ्नो ज्यानको समेत पर्वाह नगरी माया र ममताको आलोक छरेर कसरी हुर्काउँछिन र आफ्नो सन्ततिको खातिर आफू कतिसम्म रित्तिन तयार हुन्छिन् भन्ने देखाएको छ । यस कथा प्रथम पुरुष शैलीमा लेखिएको छ । 'फूलमतीको कालो चस्मा' कथाले कालो चस्मा लगाउने छद्मभेषीहरूको चरित्र व्यङ्ग्यात्मक पाराले उदाङ्गो पारेको छ । यस कथा उत्तमपुरुष शैलीमा लेखिएको छ । यस कथाले आँखा कानो भएकी कालो चस्मा लगाउने एक युवतीको करुण व्यथालाई प्रस्तुत गरेको छ ।

'रोमेल' पं. बाबुराम भट्टराईको चौथो प्रकाशित कृति एवम् उपन्यास हो । तर पं. भट्टराईद्वारा लिखित पहिलो औपन्यासिक कृति भने 'रक्तबीज' (कास्कीबाट प्रकाशित हुने सप्तगण्डकी पत्रिकामा धारावाहिक रूपमा प्रकाशित) हो । उनको पहिलो प्रकाशित 'रोमेल' शैक्षिक उपन्यास हो । श्रीमती गीता राणाद्वारा प्रकाशित यस उपन्यासमा उपन्यासकारले आफूले साधारण विद्यालय र बोर्डिङ स्कुलमा केही समय पढाउँदाका अनुभव-अनुभूतिलाई सँगालेर किशोरावस्थाका विद्यार्थीहरूको सूक्ष्म मनोविज्ञानलाई नियालेका छन् ।

खासगरी यस उपन्यासमा शास्त्रीय जटिलता, चामत्कारिक विद्वता, तार्किक जञ्जाल र राजनीतिक वाक्चातुर्य केही पनि नराखेर विद्यार्थी र स्कुलका आदर्श पक्ष, खेलकुद, घोडचढी, सङ्गीत, शैक्षिक भ्रमण, विद्यार्थीमा रहेको प्रतिभालाई स्वनिर्णयद्वारा प्रकट गरिएको छ ।[२०७] शिक्षा क्षेत्रमा सहयोग दिनु यस उपन्यासको उद्देश्य हो ।

'प्रचण्ड' पं. बाबुराम भट्टराईको लेखनका दृष्टिले तेस्रो र प्रकाशनका दृष्टिले दोस्रो उपन्यास हो भने यस उनको पाँचौ पुस्तकाकार (अनुवादबाहेक) कृति पनि हो । यस उपन्यास 'रोमेल'कै परिमार्जित एवम् विस्तारित रूप हो । स्वयम् उपन्यासकारले 'रोमेल' शब्दको अर्थ स्पष्ट नहुँदा र त्यसमा रहेका केही कमीकमजोरीहरूलाई परिमार्जन गरी सत्र अध्यायमा रहेको 'रोमेल' मा एक अध्याय थपेर अठार अध्यायमा संरचित गरी यस उपन्यासको कथावस्तुको संयोजन गरेका छन् । त्यसैले 'रोमेल' को विस्तृत चर्चा नगरी यहाँ 'प्रचण्ड' उपन्यासको संक्षिप्त विश्लेषण गरिन्छ ।

सिद्धार्थ पब्लिकेसन प्रा.लि. बुटवलले प्रकाशित गरेको 'प्रचण्ड' एक शैक्षिक उपन्यास हो । जीवनका टुक्राटुक्रा अनुभव, भोगाइ, देखेका दृश्यहरू कल्पनाका धागाले उनेर इतिहासका जीवित पात्रहरूलाई उपन्यासमा उपस्थित गराउनु उपन्यासकार भट्टराईको ती पात्रहरूप्रतिको आदर, सद्भाव

[२०७] ऐजन, पृष्ठ ५३ ।

र वैयक्तिक विशेषता देखिन्छ ।[२०८] किशोरावस्थाको उट्पटाङ् स्वभावले कुमार्गतर्फ अभिप्रेरित हुन लागेको किशोरलाई लामो परिश्रमपछि सुमार्गमा ल्याइएको कथावस्तु यस उपन्यासको उल्लेख्य पक्ष हो । प्रचण्ड, प्राचार्य, विवेक, रम्भा आदि यस उपन्यासका प्रमुख पात्रहरू हुन् । यस उपन्यासको नायक प्रचण्डलाई नै उपन्यासको शीर्षक बनाइएको छ । ६ वर्षकै उमेरमा कक्षा ३ पढ्दै गरेको प्रचण्ड सानैदेखि उद्दण्ड स्वभावको छ । उसलाई घरमै पढाउनका लागि राखिएकी विद्याबाट उसलाई पढाउन असम्भव भएको हुँदा निजी विद्यालयमा प्रवेश गराउँदा पनि उसको स्वभावमा परिवर्तन आउन लामो समय कुर्नुपर्छ । उसले नयाँ ठाउँ, नयाँ परिवेशमा पनि आफ्नो उट्पट्याङ स्वभाव र उद्दण्डतामा परिवर्तन गर्दैन । विद्यालय र स्वयम् विद्यार्थीहरूको प्रयासबाट ऊ एक ऊर्जावन र नमुना विद्यार्थीको रूपमा परिवर्तन हुन पुगेको र समग्र विषयवस्तु प्रचण्डको चरित्रमा आधारित भएको हुँदा यसको शीर्षक सार्थक र उपयुक्त देखिन्छ ।

१०९ पृष्ठमा संरचित प्रस्तुत उपन्यास जम्मा अठार अध्यायमा विभक्त छ । यी अध्यायहरू कुनै छोटा छन् भने कुनै १९ पृष्ठसम्मका छन् । काठमाडौंको ज्योति-कुसुम आदर्श विद्यालयको मुख्य परिवेश रहेको यस उपन्यासमा वागमती परिसर, पाल्पा तानसेनको श्रीनगर, राजापुर, बुटवल आदि परिवेशका साथै उपन्यासको अन्त्यतिर अर्घाखाँचीको पणेना, मुक्तिनाथ, बनारस आदिको पनि साङ्केतिक चित्रण गरिएको छ भने बीस-बाईस बर्षको समयावधिमा यसभित्रका घटनाहरू घटेका छन् । सामान्य बोलचालमा आधारित भाषाशैलीको प्रयोग गरिएको यस उपन्यासमा सरल र सुबोध्य संवादको प्रयोग गरिएको छ । विस्फारित, हतप्रभ, स्तब्ध, सार्थक आदि तत्सम, स्पेलिङ्ग, टेबुलवेट, ड्रेस, यूरेनियम जस्ता आगन्तुक शब्द एवम् 'थुइयsss ! छेरुवाई !' 'के नाप्छस् ?' 'यस त जैलै भो गाँठे' जस्ता ठेट नेपाली वाक्यहरूको प्रयोगसमेत गरिएको यस उपन्यासमा वर्णनात्मक, संवादात्मक तथा मनोवादात्मक शैलीको सम्मिश्रण पाइन्छ । एउटा आदर्श विद्यालयमा पढाउने र पढ्ने दुवै पक्षको अनुशासन र कर्तव्यपरायणताको चित्रण गर्नु यस उपन्यासको उद्देश्य हो भने मानिस जन्मदैमा बद्मास र उद्दण्ड हुँदैन, परिवेशले उसलाई आफ्नो अनुकूल बनाउँछ भन्ने जीवनदर्शनमा यस उपन्यास अडिएको छ । निष्कर्षमा यस उपन्यास बालमनोविज्ञानमा आधारित छ ।

पढ्दा, जागिरे अवस्थामा, पत्रकारिता क्षेत्रमा रहँदा वा जुनसुकै अवस्थामा नेपाली साहित्यको विकासमा आफ्नो समय खर्चेका पं. भट्टराईका मौलिक, अनूदित कृतिहरू, कार्टुन चित्रहरू आदिलाई हेर्दा उनी मूलतः सामाजिक र राजनीतिक व्यङ्ग्यकारका रूपमा रहेका देखिन्छन् । बुटवलको साहित्यिक विकासमा यिनको ठूलो योगदान छ ।

---

[२०८] ऐजन, पृष्ठ ५३ ।

### ४.१.४९. **पार्वती ज्ञवाली**

पार्वती ज्ञवालीको जन्म वि.सं. २०३६ मा पिता लक्ष्मीप्रसाद ज्ञवाली र माता फणिकला ज्ञवालीका कोखबाट बुटवलमा भएको हो । [२०९] वि.सं. २०५५ मा स्थानीय पत्रिकामा 'अब के गर्ने?' कविता प्रकाशित गरी साहित्ययात्रा आरम्भ गर्ने ज्ञवालीका फुटकर कविता र गजलहरू पत्रपत्रिकामा छरिएर रहेका छन् । 'जनसङ्घर्ष दैनिक' को 'महिला आवाज' स्तम्भमा उनका लेखहरू छापिएका छन् । गजल सागर नेपालसँग सम्वद्ध ज्ञवालीका रचनामा समसामयिक विषयवस्तु पाइन्छन् ।

### ४.१.५०. **पुण्यभक्त प्रधानाङ्ग 'दिक्दार'**

पुण्यभक्त प्रधानाङ्ग 'दिक्दार' को प्रचलित नाम दिक्दार हो । दिक्दारको जन्म वि.सं. २००१ असार ९ गते पिता तुलसीभक्त र माता सुनमायाका कोखबाट भक्तपुरमा भएको हो । [२१०] बुटवल मा.वि.बाट एस.एल.सी उत्तीर्ण गरी लुम्बिनी कलेज .(हालको बुटवल बहुमुखी क्याम्पस) बाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेका दिक्दार २०३६ को जनमत सङ्ग्रहमा र अन्य आन्दोलनहरूमा कम्युनिस्ट विचारधाराको प्रचार गर्दै सहभागी भएका हुन् भने प्रजातन्त्र प्राप्तिपछिको भ्रष्टता, विषमता आदिलाई विषयवस्तु बनाएर कविता लेख्न थालेका हुन् । वि.सं. २०१६ देखि बुटवलमा बसोबास गर्न थालेका दिक्दार २०३६ देखि बुटवलमै साइकल पसल खोलेर व्यवसाय गर्ने गर्दथे । दम र  एलर्जीबाट पीडित कवि दिक्दारको वि.सं. २०६०  पौष १६ गते वीर अस्पतालमा देहान्त भएको हो ।

उनी नौजवान हुँदाताका बुटवलमा भारतीय पैसा चल्थ्यस । नेपाली भूमिमा भारतीय पैसाबाट मात्र कारोवार हुनु उनलाई चित्त बुझ्नेन । उनी र उनका सहपाठीहरू मिलेर नेपाली पैसा चलाउने अभियान थाले । चिया पसलदेखि ठूला पसलहरूमा भारतीय पैसा पक्की भनी सोही पैसाको आधारमा मूल्य भनिन्थ्यो तर उनीहरूले कच्ची भनिने नेपाली पैसाको आधारमा मात्र पैसा भुक्तानी गरी व्यापारीहरूलाई आच्छु-आच्छु पारे । [२११] यसरी हेर्दा दिक्दार एक राष्ट्रभक्त नागरिक देखिन्छन् भने उनका कविताहरूमा त्यसैको झल्को पाइन्छ ।

---

२०९ पार्वती ज्ञवालीले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

२१० ? , 'बुटवलको साहित्यिक धरोहरका एक योद्धा जनपक्षीय कवि दिक्दार', **जितगढी** त्रैमासिक,( बुटवल : नेपाली साहित्य अध्ययन समाज, वर्ष २ पूर्णाङ्क ४ र ५, २०६०/०६२) पृष्ठ ३ ।

२११ ऐजन ।

समग्रमा दिक्दार नेपाली जीवन र नेपाल राष्ट्रसँग सम्बन्धित कवि हुन् जसका कवितामा प्रेम, युद्ध, वीरता, त्याग, राष्ट्रियता, पुर्खा-अग्रजप्रति श्रद्धाभाव, सहिदप्रति श्रद्धाभाव आदि विविध विषयवस्तु र प्रवृत्ति पाइन्छन् । कवि दिक्दारको प्रकाशित कृति हो-

१. दिक्दारका चोक्टक (चोक्टक सङ्गह-२०६१)

'दिक्दारका चोक्टक' मा उनका १५० वटा मुक्तकहरू छापिएका छन् ।

यीससाना टुक्राटुक्रा परेका रचना कुनै चार पङ्क्तिका छन् भने कुनै पाँच पङ्क्तिका छन् । यिनलाई चल्तीको शब्दमा 'मुक्तक' भने पनि फरक पर्दैन । एक प्रकारले जापानी छोटा कविता 'हाइकु' जस्तैजस्तै पनि छन् ।'[२१२]

उनका सबै कविता र लेखहरू प्रष्ट र यथार्थवादी शैलीमा रचिएका छन् । समाजभित्र गुम्सिएर, उकुसमुकुस भएका कुरालाई उनले तीव्र वेदनाको सुस्केराको शैलीमा उकेलेका छन् । हत्या, हिंसाको चरम पीडामा डुबेको देश र तेल सिद्धिन लागेको आफ्नो क्षीण जीवनको बीचमा पनि उनमा समय-समयमा सशक्त जीवन र सङ्घर्षको भावना व्यक्त भएको छ । [२१३] कवि भन्छन्-

दश चिरा परेर पनि
सधै एकढिक्का हुन्छन् कोही
एक सिद्धान्त जपेर पनि
बाह्र चिरा पर्छन् कोही[२१४]

समग्रमा शासकहरूले गरेको अत्याचारलाई खप्न नसकेर पीडित भएका नागरिकहरूलाई स्वतन्त्रताका लागि शासकहरूले जतिसुकै दमन गरे पनि क्रान्ति गर्न पछि हट्नु हुँदैन भन्ने सन्देश यस सङ्ग्रहका चोक्टकहरूले दिएको पाइन्छ । बुटवलको साहित्यिका विकासमा कवि दिक्दारको योगदान अविस्मरणीय छ ।

### ४.१.५१. **बाबुराम मल्ल सेवक**

बावुराम मल्ल 'सेवक' को जन्म वि.सं. २०१६ पुष १ गते पिता रघुनाथ मल्ल र माता देवीमाया मल्लका कोखबाट सुर्खेत जिल्लाको चारकुलेमा भएको हो । [२१५] बुटवल मा.वि. बाट

---

२१२ मोदनाथ प्रश्रित, एउटा साहित्यिक तारा चम्कन नपाउँदै अस्तायो, **दिक्दारका चोक्टकहरू**, (काठमाडौं : विवेक सिर्जनशील प्रकाशन, २०६१), पृष्ठ ३-६ ।

२१३ ऐजन ।

२१४ पुण्यभक्त प्रधानाङ्ग 'दिक्दार', 'दिक्दारका चोक्टकहरू', (काठमाडौं : पूर्ववत्), पृष्ठ १३ ।

एस.एल.सी सम्मको अध्ययन पूरा गरेका 'सेवक' विद्यालयमा हुने साहित्यिक तथा सांस्कृतिक कार्यक्रमबाट रचनात्मक काममा प्रवेश गरेका हुन् भने वि.सं. २०४० देखि उनका रचनाहरू पत्रपत्रिकामा छापिन थालेका हुन् । वि.सं. २०२५ देखि बुटवलमा बस्न थालेका मल्लका गीत, कविता र नाटकहरू पत्रपत्रिकामा प्रकाशित छन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू हुन्-

१. देशको सत्रु (नाटक २०४२)

२. सत्य साई अवतार (खण्डकाव्य २०४४)

३. नेपाली चलचित्रको उत्थान (प्रबन्ध २००७)

४. मुक्तक माला भाग १, २ र ३ (२०५४)

बाबुराम मल्ल 'सेवक' को नाटक 'देशको सत्रु' मा धन भयो भन्दैमा अराजक हुने र असामाजिक संस्कारमा बाँच्ने धनाढ्य वर्गको हैकम र धनलोलुपताले चेलीबेटी बेचविखनको समस्या निम्तिएको हो भन्ने देखाइएको छ भने नागरिकहरू सङ्गठित हुने हो भने अपराधीलाई सजाय दिन पनि सकिन्छ भन्ने देखाएर चेलीबेटी बेचविखनको निन्दनीय कार्यप्रति रोष प्रकट गर्ने काम गरिएको छ । यथार्थ घटना, नेपाली सामाजिक परिवेश, संवाद, कौतुहल**तत्त्व** एवम् मञ्चनीयताजस्ता नाट्य**तत्त्व**का दृष्टिले बाबुराम मल्ल 'सेवक' को यस नाटक सफल देखिन्छ ।

'सेवक' को खण्डकाव्य 'सत्य साई अवतार' उनको दोस्रो प्रकाशित पुस्तकाकार कृति हो । धार्मिक-आध्यात्मिक आत्मशुद्धिका लागि ईश्वरको स्तुतिगान गर्नु यस खण्डकाव्यको उद्देश्य एवम् जीवनदृष्टि हो । समग्रमा यस स्तुतिपरक खण्डकाव्य हो । यसमा सगुण भक्तिधाराको साहित्यपरम्पराको वा माध्यमिककालीन कविताको प्रभाव भेटिन्छ ।

'मुक्तक माला' बाबुराम मल्ल 'सेवक' को हालसम्म प्रकाशित अन्तिम कृति हो । यसका ३ वटा भागहरू पुस्तिकाकारमा (गोजी पात्रका आकारमा) प्रकाशित देखिन्छन् भने तिनमा विज्ञापनहरू पनि छापिएका छन् । यी मुक्तकहरूमा उनले प्रेम, विदेश पलायन हुने प्रवृत्ति, विकृत मानसिकताले कुण्ठित युवापुस्ता, युवायुवतीको फेसन, शिक्षा पद्धतिमा रहेको निरर्थकता, रोगव्याधिको त्रास आदिलाई विष्यवस्तु बनाएका छन् । कवि भन्छन्-

प्रेम कुनै बन्धन होइन
विवेकपूर्ण त्याग हो ।
सत्य-प्रेम धोखा होइन

---

[२१५] बाबुराम मल्ल 'सेवक' ले फागुन २३ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

न त्यो अपराध हो ।[२१६]

मात्रिक छन्दका नजिक रहेका देखिने अन्त्यानुप्रासयुक्त मुक्तकहरू लेख्ने बाबुराम मल्ल 'सेवक' का मुक्तकहरूमा आदि, मध्य र अन्त्यानुप्रासको शब्दचमत्कृति पाइन्छ भने अर्थालङ्कारको प्रयोगमा भने उनी त्यति सचेत छैनन् । कतैकतै बिम्बप्रतीक आइहाले पनि उनका मुक्तकहरू प्रायः कलात्मकताका दृष्टिले रहित नै छन् । समग्रमा बाबुराम मल्ल 'सेवक' बुटवलको साहित्यिक विकासका लागि प्रयासरत देखिन्छन् ।

### ४.१.५२. भुवन **कार्की 'उजाड'**

भुवन कार्की 'उजाड' को जन्म वि.सं. २०३७ मा पिता जीतवहादुर कार्की र माता कृष्ण कार्कीका कोखबाट पाल्पामा भएको हो ।[२१७] वि.सं. २०५५ देखि बुटवलको कालिकानगरमा बसोबास गर्न थालेका 'उजाड' ले वि.सं. २०५५ मा 'जनसङ्घर्ष दैनिक' मा 'बादल' शीर्षकको कविता प्रकाशित गरी साहित्यक्षेत्रमा प्रवेश गरेका हुन् । विशेषत गजल विधामा कलम चलाउने 'उजाड' 'शब्ददीप साहित्यिक त्रैमासिकका सम्पादक र 'गजलसागर नेपाल' का सदस्यसमेत छन् । उनका गजल तथा कविताहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् ।

### ५४.१.५२ मधुसूदन पन्थी

मधुसूदन पन्थीको जन्म वि.सं. २०३९ मा पिता हरिप्रसाद पन्थी र माता मीना पन्थीका कोखबाट गुल्मी धुर्कोट भन्भने गाविस-२ बडाचौरमा भएको हो ।[२१८] हाल नेपाली विषयमा स्नातकोत्तर तहमा अध्ययन गर्दै गरेका पन्थीका कविता र लेखरचनाहरू स्थानीय पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । विभिन्न प्रतियोगितात्मक कार्यक्रमहरूमा पुरस्कृत भएका मधुसूदन पन्थी वि.सं. २०५९ देखि अस्थायी रूपमा बुटवलमा बसोबास गर्दैछन् । यिनले 'नयाँ पाइलो' (तीज गीत सङ्ग्रह २०६१) पनि प्रकाशित गराएका छन् ।

### ४.१.५३. **महेश पाल्पाली**

महेश पाल्पालीको न्वारनको नाम दौलतविक्रम शाह हो । महेश पाल्पालीको जन्म वि.सं. १९९६ मा पिता घनश्यामविक्रम शाह र माता ऋद्धिकुमारी देवी शाहका कोखबाट पाल्पाको सिरखान

---

[२१६] बाबुराम मल्ल 'सेवक', 'सत्य प्रेम', मुक्तक माला भाग १, (बुटवल : कवि स्वयम्, २०५४), पृष्ठ ९ ।

[२१७] भुवन कार्की 'उजाड' ले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[२१८] मधुसूदन पन्थीका भाइ कृष्ण पन्थीले फागुन १७ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

टोलमा भएको हो ।[२१९] वि.सं. २०३४ देखि बुटवलका साहित्यिक क्रियाकलापमा संलग्न रहँदै आएका पाल्पालीले बीस बर्षसम्म रेडियस नेपालमा करार सेवामा गीतकारका रूपमा काम गरेका हुन् । उनका धेरै गीतहरू उनी आफैले सुमधुर स्वरमा गाएका छन् । उनले गाएको रेडियस नेपालद्वारा आज पनि उत्तिकै महत्त्वका साथ प्रसारित हुने गीत हो-

हे आमा नेपाल तिमीलाई

संसारकी राम्री बनाउँछौं ।[२२०]

वि.सं. २०१५ तिरबाट महेश पाल्पालीको गीत लेखन प्रारम्भ भएको हो भने उनका गीतहरूमा नेपाली संस्कृति, राष्ट्रिय भावना, लोकसंस्कृति र राजसंस्थाप्रतिको भक्तिभावलाई विषयवस्तु बनाइएको पाइन्छ । उनका प्रकाशित पुस्तकाकार कृतिहरू हुन्-

१. अतीतको सम्झना (गीतसङ्ग्रह २०२२)

२. कुखुरीकाँ (गीतसङ्ग्रह २०२८)

३. मेरो शान (गीतसङ्ग्रह २०३०)

४. युगबोध (कथासङ्ग्रह २०३०)

मूलतः गीतकारकै रूपमा ख्याति कमाएका महेश पाल्पालीको योगदान बुटवलको साहित्यिक विकासमा महत्त्वपूर्ण छ ।

### ४.१.५४. माणिकलाल श्रेष्ठ

माणिकलाल श्रेष्ठको जन्म वि.सं. २००३ मा सगरमाथा अञ्चलको सप्तरी जिल्ला जोगिनीया गाविसमा भएको हो । वि.सं. २०१६ तिर महावीर पुस्तकालय बुटवलमा हुने साहित्यिक एवम् सांस्कृतिक कार्यक्रमहरूमा वाद्यवादन गर्ने, अभिनय गर्ने जस्ता क्रियाकलापमा संलग्न माणिकलाल श्रेष्ठले 'एसियाली आवाज' (काठमाडौं) पत्रिकामा वि.सं. २०२०/२१ तिर 'रहु माछाभन्दा सस्तो मेरो जीवन' कविता प्रकाशित गरी साहित्ययात्रा आरम्भ गरेका हुन् ।[२२१] गाईजात्रे निर्गुण भजन, गीत तथा लेखरचनाहरू लेखेका श्रेष्ठ 'बुटवल साहित्य, कला, संस्कृति प्रतिष्ठान का संस्कृति विभागका उपाध्यक्ष रहेका हुन् भने उनका फुटकर रचनाहरू पत्रपत्रिकामा छरिएर रहेका छन् । उनका रचनामा राजनीतिक विसङ्गति र मजदुरहरूका समस्यालाई विषयवस्तु बनाएको पाइन्छ ।

---

[२१९] महेश पाल्पालीले फागुन २२ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[२२०] रेडियो नेपालद्वारा प्रसारित जानकारीअनुसार ।

[२२१] माणिकलाल श्रेष्ठले फागुन २२ गते शङ्करनगरमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

### ४.१.५५. **माधवप्रसाद पन्थी**

माधवप्रसाद पन्थीको जन्म वि.सं. १९९८ मा छत्रगञ्ज गाविस-२ डिही अर्घाखाँचीमा पिता ऋषिराम पन्थी र माता रुन्धता पन्थीका कोखबाट भएको हो ।[२२२] शिक्षण सेवामा संलग्न पन्थी हाल करहिया गाविसमा स्थायी बसोबास गर्दछन् । बी.ए. र डिप्.इन.एड. सम्मको शिक्षा पूरा गरेका माधवप्रसाद पन्थीका रचनाहरू दैनिक निर्णय, **सुस्केरा, हाम्रो पुरुषार्थ** आदि पत्रपत्रिकामा छरिएर रहेका छन् ।

अञ्चल पञ्चायतद्वारा वि.सं. २०२४/०२५ तिर आयोजित निबन्ध प्रतियोगितामा पुरस्कृत भएका पन्थीका प्रकाशित कृतिहरू हुन्-

१. सङ्घर्षका पाइला (उपन्यास २०५४)

२. गण्डकी फर्काऔं (कवितासङ्ग्रह २०६०)

'सङ्घर्षका पाइला' उपन्यास श्रीमती सावित्री पन्थीद्वारा प्रकाशित देखिन्छ भने यसमा उपन्यासकारले समाजको विकृति, विसङ्गति, अन्यसल, छटपटी, अशान्ति, अनास्था, वितृष्णा, अभाव, दरिद्रता, कुण्ठा आदिलाई विषयवस्तु बनाएका छन् । 'गण्डकी फर्काऔं', कवितासङ्ग्रहमा 'गण्डकी फर्काऔं, कलम, घुम्ती, वर्तमान, गन्थनको मन्थन, जनपथमा दीप, युवा बोध, विश्वबोध, उठौं, दिशा निर्देश, जंगको बहादुर, कृति वैभव, गोलीको होली र आत्मविश्वास शीर्षकका पन्ध्रवटा कविता सङ्कलित देखिन्छन् । माधवप्रसाद पन्थी कविताका सम्बन्धमा भन्छन्- साहित्य, सङ्गीत तत्कालीन राज अर्थ, धर्म, गुण अवगुणका घटनावलीको अनुभूतिको सुन्दर शान्त, विशाल दर्पणका रूपमा स्थापित हुन्छ । साहित्य कला, सङ्गीतले वर्तमान सामाजिक परिवेशलाई घच्घच्याउँछ नै, जगाउँछ, उठाउँछ र गति पनि दिन्छ ।[२२३]

समग्रमा माधवप्रसाद पन्थी आफ्ना व्यक्तिगत अनुभूतिलाई शब्द र भावधारामा व्यक्त गर्ने कवि हुन् ।

### ४.१.५६. **माधव पन्त**

माधव पन्तको न्वारनको नाम माधवप्रसाद पन्थ हो । माधव पन्तको जन्म वि.सं. २०३७ चैत्र ९ गते पिता शिवलाल पन्त र माता पार्वता पन्तका कोखबाट गुल्मी जिल्लाको दिगाम-४ मा भएको

---

२२२ माधवप्रसाद पन्थीले फागुन २१ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

२२३ माधवप्रसाद पन्थी, कविता पाठ गर्नु अगाडि, **गण्डकी फर्काऔं** (बुटवल : माधव ज्ञवाली, २०५९), पृष्ठ छैन ।

हो ।[२२४] जनसङ्घर्ष दैनिकमा 'रिक्सावालको जिन्दगी' कविता प्रकाशित गराएर साहित्यको क्षेत्रमा प्रवेश गरेका पन्तले स्नातक तहको शिक्षा पूरा गरेका छन् भने उनी २०५४ देखि बुटवलमा बसोबास गर्दै आएका छन् । 'गजल सागर नेपाल'सँग सम्वद्ध पन्तका बुटवल तथा विभिन्न स्थानबाट छापिने पत्रपत्रिकाहरूमा लघुकथा, गजल, गीत आदि प्रकाशित देखिन्छन् ।

### ४.१.५७.. **मुरारि पराजुली**

मुरारि पराजुलीको जन्म वि.सं. २०२३ जेठ २२ गते पिता हेमन्तराज पराजुली र माता ओमकुमारी पराजुलीका कोखबाट पाल्पा तानसेनमा भएको हो ।[२२५] वि.सं. २०३० देखि बुटवलमा अध्ययन र वि.सं. २०५७ देखि अध्यापन गर्दै आएका पराजुलीले वि.सं. २०३६ को 'वीणा' पत्रिकाको अङ्क १ मा 'जाली तमसुक' (एकाङ्की) प्रकाशित गरी औपचारिक रूपमा साहित्ययात्राको थालनी गरेका हुन् । त्रि.वि. कीर्तिपुरबाट नेपाली विषयमा एम.ए. सम्मको अध्ययन पूरा गरेका मुरारि पराजुली 'शब्ददूत' अर्धवार्षिकका सम्पादक, 'नवक्षितिज' वार्षिक मुखपत्रका प्रधानसम्पादक तथा 'सङ्गम' अर्धवार्षिकका प्रमुख सल्लाहकार हुन् । अटेसमटेस भावको प्रकटीकरण, समाजको मुक्ति र विकासको सन्देशलाई साहित्य लेखनको उद्देश्य बनाएको बताउने पराजुलीका हालसम्म प्रकाशित कृतिहरू हुन्-

१. सृजनाका स्वरहरू (संयुक्त कवितासङ्ग्रह २०४५)
२. आगो पालेका पेट र शीत ओढेका बस्तीहरू (संयुक्त कवितासङ्ग्रह २०४६)
३. हाँसेर उसका ओठले (कवितासङ्ग्रह २०६१)
४. लोकतन्त्रको शङ्खनाद (संयुक्त कवितासङ्ग्रह २०६२)

'सृजनाका स्वरहरू' कवि मुरारिप्रसाद पराजुलीको प्रथम प्रकाशित कवितासङ्ग्रह हो । 'निरर्थक महावर्षहरू', 'चुनाव वर्तमानको गर्भमा', 'प्रमिथससँग' गरी तीनवटा र दुईवटा मुक्तकसमेत पाँचवटा पराजुलीका रचनाहरू यस संयुक्त कवितासङ्ग्रहमा सङ्कलित देखिन्छन् भने यसमा जम्मा आठजना कविका तेत्तीस कविताहरू सङ्गृहीत छन् ।

यस सङ्ग्रहका कवितामा कविले प्रगतिवादी विचार व्यक्त गरेका छन् । नेपाल शान्ति क्षेत्र घोषित भए पनि देशमा कहिल्यै शान्ति नछाएको, देशद्रोहीले सधैं शान्ति खलबल्याइदिएका, किसान र मजदुर वर्गको हकहित हुन नसकेको कुरालाई देखाएका छन् ।[२२६]

---

[२२४] माधव पन्तले माघ ८ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[२२५] मुरारि पराजुलीले फागुन १७ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[२२६] सालिकराम पौड्याल, पूर्ववत्, पृष्ठ १५२ ।

गद्यकवितात्मक मुक्तलयमा लेखिएका यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा युवावर्गमा देखिएको दुर्व्यसनी, मजदुर हितविरोधी सामन्तहरू सत्तामा पुग्नु, सडक बालकहरू, अपाङ्ग, नारीहरू र बेरोजगार युवाहरूको बाँच्नुको नियति आदिलाई देखाउँदै प्रमिथसको आगो सामन्तहरूले लुकाएको एवम् तिनीहरूबाटै स्वतन्त्रता र समानताको नारा लगाएकोप्रति रोष प्रकट गर्ने काम कवि मुरारि पराजुलीबाट भएको छ । आदि, मध्य र अन्त्यानुप्रासको प्रयोगबाट श्रुतिरमणीयता उत्पन्न गर्ने एवम् मानसिक तस्बिरका रूपमा स्याल, गिद्ध, प्रमिथस आदि बिम्बको प्रस्तुतितर्फ सचेत यस सङ्ग्रहका कविताहरू सरल शब्दप्रयोगको आधिक्यका कारण बोधगम्य छन् ।

'आगो पालेका पेट र शीत ओढेका बस्तीहरू' मुरारि पराजुली लगायत तीनजना कविहरूको संयुक्त कवितासङ्ग्रह हो । वि.सं. २०४६ मा ऋषिराम भूसालसाल मणिग्रामद्वारा प्रकाशित यस कवितासङ्ग्रहमा कवि पराजुलीका 'दिनचर्या', 'नेल्सन मन्डेला', 'मृत्यु एक अपसगुनको', 'महाभारत', 'सन्देह भविष्यको निम्ति', 'आज पनि', 'मन' लगायत दसवटा कविताहरू सङ्गृहीत छन् ।

यस सङ्ग्रहका कवितामा गरिबी, अभाव, राजनीतिक, विकृति, स्वतन्त्रता, परिवर्तन, नारीका पीडा, आदिवासी थारुजातिका नारीहरूले भोग्नुपरेको समस्या, अन्याय, अत्याचारका विरुद्धको सङ्घर्षजस्ता कुराहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । [२२७] 'सृजनाका स्वरहरू' ( सामूहिक कवितासङ्कलन (२०४५) बाट उदीयमान प्रतिभाका रूपमा उभिएका युगीन द्वन्द्वका कवि मुरारि पराजुलीका कवितामा न त जनताले मुक्तिको सास फेर्न पाएका छन्, न त जनविरोधी वर्गका मोजमस्ती नै सन्देहरहित छ दुवै वेचैन छन् । यति मात्र होइन, व्यक्ति जीवनका व्यथा, विवशता, र मूल्यहीनता, सामाजिक वीभत्सस्थिति तथा क्षीण हुँदै गएको राष्ट्रियताको दर्दनाक स्वरमा उनी बोलेका छन् । [२२८] शैलीपक्षमा परिष्कार परिमार्जनको अझै बढी अपेक्षा गर्न सकिने कवि मुरारि पराजुलीका यस सङ्ग्रहमा कविताहरूमा विद्रोहको स्वर पाइन्छ । समाज सुधारका लागि प्रगतिवादी कवितामान्यतामा हिँड्नु उनको प्रवृत्ति हो । मुक्तलयमा संरचित यस सङ्ग्रहका कवितामा कविले आदि, मध्य र अन्त्यनुप्रासको लयात्मक प्रयोग, सूर्य, चिसो चूल्हो, स्याल, फूल, सेता बाघ आदि स्थानीय बिम्ब, उपमा, रूपकादि अर्थालङ्कार, सूर्य, पृथक आदि तत्सम् शब्द तथा हैप्पी, पोस्टकार्ड जस्ता अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग गरेका छन् ।

---

२२७ ऐजन, पृष्ठ १५३ ।

२२८ ऋषिराम भूसाल, त्रिवेणीको सुसेली, आगो पालेका पेट र शीत ओढेका बस्तीहरू, (मणिग्राम : ऋषिराम भूसाल, २०५६), पृष्ठ छैन ।

'हाँसेर उसका ओठले' कवि मुरारि पराजुलीको स्नातकोत्तर सिर्जनापत्र (२०५५) हो भने यस वि.सं. २०६१ मा पुस्तकाकारमा प्रकाशित भएको छ । यस सिर्जनापत्रमा कवि पराजुलीका 'मेरो युगनायक', 'हामी', 'गाउँमा', 'इमान', 'हैसियत', 'मान्छे र सिंढी' 'अभिमान', 'मन्दी बजारमा, 'संवेदनहीनता', 'नकच्चराहरूको वर्जित शब्द', 'प्रश्न', 'घर फर्किदा अचेल', 'माटो', 'राष्ट्रवाद', 'सर्प', 'बताऊ कहाँ छ मेरो राष्ट्र', 'आमामाथि उठेको प्रश्न', 'नतान पैतालाहरूको देश', 'सर्पको कल्ली बेरेर गोडामा', 'तरवार', 'महाराज निस्किने मर्जी नहोस्', 'हिजडाहरू र प्रजातन्त्र', 'माग्नेहरूको इतिहास र तातेको भात', 'प्यारा प्रजाहरू हो', 'कविजी', 'बास छाडेका छन् चराहरू', 'कसाइ सपनाको साम्राज्यमा', 'विद्रोह', 'मृत्यु महोत्सव', 'यतिखेर', 'अचेल नारीहरू' शीर्षकका कविताहरू सङ्कलित छन् ।

'लोकतन्त्रको शङ्खनाद' कवि मुरारि पराजुलीसहित छ जना कविहरूको संयुक्त कवितासङ्ग्रह हो । यस कवितासङ्ग्रह कवि पराजुलीको हालसम्म प्रकाशित अन्तिम कविताकृति हो । यस सङ्ग्रहमा पराजुलीका 'मैले प्रष्टै भनिदिएको छु', 'खबरदार', मेरी आमाको दाइजो', 'खेदे हुन्छ त्यसलाई', '... र अन्त्यमा' गरी पाँचवटा कविताहरू सङ्गृहीत छन् ।

यस सङ्ग्रहका कविताहरूमा प्रायः राजनीतिक विषयवस्तु पाइन्छ भने राजसंस्थालाई मध्ययुगीन संस्कारको एक राजनीतिक दलका रूपमा चित्रण गरिएको छ । राजाले जनतालाई प्रजा तथा रैतीका तहमा ओराल्न चाहेको गुनासो गर्दै यस सङ्ग्रहका कवि पराजुलीका कविताहरूले लोकतान्त्रिक शक्तिहरूलाई सक्रिय राजतन्त्रका विरुद्ध सङ्घर्ष गर्न आह्वान गरेका छन् । कवि भन्छन्-

टुटेफुटेका मेरा दुई शब्द टुङ्ग्याउनुअघि
म
के भन्न चाहन्छु भने
मध्ययुग
कुमारी देशका फिलामा
अवैध सम्भोगको दाँत गाडेर
हिजडा सपनाहरू कोरल्दै छ । [२२९]

गद्यलयात्मक लयसंरचनामा लेखिएका यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा नवीकृत, प्राक्, युग, अभीष्टजस्ता तत्सम स्रोतका शब्दहरू, बेमौसमी, कोरस, बरबादी, टाँगा जस्ता विभिन्न भाषाबाट आएका आगन्तुक शब्दहरू र टुङ्ग्याउनी, अँगेना, धारेहात, आँख्ला, बार्दलीजस्ता नेपाली ठेट

[२२९] मुरारि पराजुली, '.... र अन्त्यमा', 'लोकतन्त्रको शङ्खनाद', पूर्ववत्, पृष्ठ ५२ ।

शब्दहरूको प्रयोग गरिएको पाइन्छ र समग्रमा सरलसहज भाषाशैलीका कारण ती कविताहरू सुबोध्य नै छन् । रोमका दासहरू, सेतो हात्ती, स्पार्टाकस आदि स्थानीय एवम् मिथकीय बिम्बहरूको प्रयोग, उपमा, रूपक आदि अर्थालङ्कार, आदि, मध्य र अन्त्यानुप्रासद्वारा सिर्जित शब्दालङ्कारको प्रयोग यी कविताहरूमा भएका देखिन्छन् ।

: समग्रमा चारवटा कविताकृतिहरूद्वारा बुटवलको साहित्यिक क्षितिजमा देखापरेका मुरारि पराजुली एक उदीयमान प्रतिभा हुन् । बुटवलको साहित्ययात्राको समसामयिक सन्दर्भमा मुरारि पराजुलीको उपस्थिति उल्लेखनीय देखिन्छ ।

### ४.१.५८. **मोदनाथ प्रश्रित**

मोदनाथ प्रश्रितको जन्म वि.सं. १९९९ असार ६ गते पिता घनश्याम पौडेल र माता बालिकादेवी पौडेलका कोखबाट अर्घाखाँची जिल्लाको खिदिम हर्राबोटमा भएको हो ।[२३०] बुटवलको गणेश जनता नि.मा.वि. (हालको कान्ति मा.वि.) मा वि.सं. २०२० तिर शिक्षक भएर आएका प्रश्रितले वि.सं. २००४ तिर हरिहर संस्कृत पाठशाला खिदिम अर्घाखाँचीबाट औपचारिक शिक्षारम्भ गरेका हुन् । उनले वि.सं. २०१६ मा हरिहर संस्कृत पाठशालाबाट स्व. गुरु महापण्डित दधिराम मरासिनी (१९३१-२०२०) का समीपमा रही वि.सं. २०१६ मा पूर्वमध्यमा र वि.सं. २०१८ मा उत्तरमध्यमासम्मको अध्ययन पूरा गरे । वि.सं. २०२० मा वाराणसेय संस्कृत विश्वविद्यालयबाट संस्कृत साहित्यमा शास्त्री उत्तीर्ण गरेका मोदनाथ प्रश्रितले त्यसपछि वि.सं. २०२१ मा निखिल भारतवर्षीय आयुर्वेद विद्यापीठसँग सम्वद्ध सन्यासी संस्कृत महाविद्यालयबाट आयुर्वेद विषयमा आचार्य उत्तीर्ण गरे । वि.सं. २०२४ मा प्राइभेट परीक्षार्थीका रूपमा त्रि.वि. बाट द्वितीय श्रेणीमा नेपाली विषयमा स्नातकोत्तर उत्तीर्ण गरे भने वि.सं. २०३१ मा बनारसको वाराणसेय संस्कृत विश्वविद्यालयबाट संस्कृत साहित्यमा आचार्य उत्तीर्ण गरे ।

वि.सं. २०१४ देखि राजनीतिमा लागेका प्रश्रित २०१४ देखि २०१९ सम्म नेपाली काग्रेससँग आवद्ध रहे भने २०१९ देखि २०२३ सम्म साहित्यसृजनातर्फ लागी वि.सं. २०२४ देखि मार्क्सवादी राजनीति र साहित्यतिर आकृष्ट भएर वि.सं. २०२६ देखि नेकपा एमालेमा संलग्न रहे । वि.सं. २०४८ को संसदीय निर्वाचनमा अर्घाखाँचीबाट सांसद पदमा उम्मेदवारी दिई पराजित भएका प्रश्रित वि.सं. २०५१ को माध्यावधि चुनावमा रूपन्देहीको क्षेत्र नं. ३ बाट नेकपा एमालेका सांसदका रूपमा निर्वाचित भए । एमालेको नौ महिने कार्यकालमा शिक्षा तथा संस्कृतिमन्त्री भएका प्रश्रितले राजनीतिक यात्राका क्रममा धेरैपटक गिरफ्तारी र जेल जीवनलाई भोगेका छन् ।

---

[२३०] मोदनाथ प्रश्रितले फागुन २० गते काठमाडौंमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

वि.सं. २०२१ देखि शिक्षण पेसा अँगालेका प्रश्रितले वि.सं. २०२४ देखि २०२६ सम्म लुम्बिनी कलेज (बुटवल), २०३० देखि २०३३ सम्म नेपाली संस्कृत महाविद्यालय बनारसमा पढाएका हुन् । 'किरण' (अर्घाखाँची २०१५), 'छात्रप्रभा' (वनारस २०१९), 'गुराँस' (भैरहवा २०२२), 'मुक्तिमोर्चा सामयिक राजनीतिक पत्रिका' (२०२९) आदि पत्रपत्रिकाको सम्पादन गरेका प्रश्रित रेलिमै सांस्कृतिक मण्डल (२०२४), मिर्मिरे मिलन केन्द्र (२०२४) आदिसँग सम्वद्ध थिए भने प्रलेसका केन्द्रीय महासचिव (२०४४), राष्ट्रिय जनसांस्कृतिक मञ्चका सल्लाहकार तथा प्रगतिशील लेखक कलाकार सङ्घका सल्लाहकारसमेत भएका छन् ।

स्व. महापण्डित दधिराम मरासिनी मोदनाथ प्रश्रितका हजुरवुबा थिए । उनका समीपमा रहन पाएकाले प्रश्रित प्रभावित भए र उनकै प्रेरणाले साहित्यतर्फ आकृष्ट भए । बाल्यावस्थामा नै विद्वान् हजुरबुवाको सामीप्य पाएका प्रश्रितले पछि मार्क्सवादी द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको अध्ययन गरे र यसैलाई मन पराए । वि.सं. २००९ देखि नै कविता लेख्न थालेका प्रश्रितको पहिलो रचना 'किरण' पत्रिकामा 'दशअवतार स्तुति' (कविता २००९) शीर्षकमा छापिएको हो ।

उनले वि.सं. २०१३ तिर 'हितोपदेश मित्रलाभ' खण्डको नेपालीमा छायानुवाद गरेका थिए । यस वि.सं. २०१५ मा छापिएको थियो । त्यसपछि 'आमाको आँसु' शीर्षकको कवितासङ्ग्रह वि.सं. २०१९ मा प्रकाशित भएपछि उनी नेपाली साहित्यमा परिचित हुन पुग्छन् ।[२३१]

मोदनाथ प्रश्रितका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरूको संख्या दुई दर्जनभन्दा बढी छ । ती हुन्-

१. हितोपदेश मित्रलाभ (कथाअनुवाद २००५)
२. आमाको आँसु (कवितासङ्ग्रह २०१९)
३. बुवा खै ? (शोककाव्य २०२०)
४. मानव (महाकाव्य २०२३)
५. पचास रुपियाँको तमसुक (सहलेखन नाटक २०२७)
६. देवासुर सङ्ग्राम (ऐतिहासिक काव्य २०३०)
७. जीवाणुदेखि मानवसम्म (जीवशास्त्रीय प्रबन्ध २०३२)
८. आमाको काखमा (एकाङ्की २०३२)

---

२३१ शिवप्रसाद उप्रेती, **मोदनाथ प्रश्रितको जीवनी, व्यक्तित्व र कृतित्व**, (अप्र. एम्.ए. शोधपत्र, त्रि.वि. कीर्तिपुर, २०५८) पृष्ठ ४६-४७ ।

९. नारी बन्धन र मुक्ति (समाजशास्त्रीय प्रबन्ध २०३३)

१०. देशभक्त लक्ष्मीबाई (उपन्यास २०३३)

११. वैचारिक विकासको सन्दर्भमा देवकोटा (समालोचना २०३५)

१२. गोलघरको सन्देश (लामो कविता २०४०)

१३. भूतप्रेतको कथा (निबन्ध २०४२)

१४. अतीतका पाइलाहरू (संस्मरण २०४३)

१६. सहिदको रगत (कवितासङ्ग्रह २०४०)

१७. अतीतका पाइलाहरू (२०४१)

१८. चोर (नानी उपन्यास २०४४)

१९. आस्था र प्रथा (निबन्धसङ्ग्रह २०४४)

२०. हिन्दू धर्म र नारी (निबन्ध २०४६)

२१. केही ठट्टा केही मर्का (२०४७)

२२. केही सांस्कृतिक निबन्धहरू (निबन्ध २०४७)

२३. जब हुरी चल्छ (गीत सङ्ग्रह २०४९)

२४. सपनाहरू उपहार देशलाई (नाटक २०४९)

२५. मन्त्री जी (नाटक २०५१)

२६. मानसपटलका तस्वीरहरू (संस्मरण २०४९)

२७. नयाँ जनवादी संस्कृति (निबन्ध .. ?)

२८. जनसंस्कृतिको नयाँ दिशा (२०४८)

२९. जातपात र छुवाछुतको इतिहास (२०४७)

३०. गुटफुट विरुद्ध कम्युनिस्ट आन्दोलन र पार्टी एकताको पक्षमा (राजनीतिक लेखसङ्ग्रह २०५४)

३१. बुद्ध र चण्डाल युवती (गीति नाटक-२०५७)

३२. विचार अन्तर्संवन्ध (२०६१)

मोदनाथ प्रश्रितले नेपाली साहित्यका धेरै विधामा कलम चलाए पनि उनी मूलतः कवि हुन् । उनका कविता, निबन्ध, नाटक, एकाङ्की, उपन्यास संस्मरण र समालोचना कृतिको क्रमशः चर्चा गर्नु उपयुक्त हुनेछ ।

### ४.१.५८.१. **कविता**

'आमाको आँसु' कवितासङ्ग्रह वि.सं. २०१९ मा प्रकाशित मोदनाथ प्रश्रितको पहिलो पुस्तकाकार कृति हो । छब्बीसवटा प्रगीतात्मक कविताहरू सङ्गृहीत यस कवितासङ्ग्रहले आध्यात्मिक, सामाजिक, सांस्कृतिक विषयवस्तुभित्र राष्ट्रप्रेम वा देशप्रेमलाई प्रकट गरेको छ । यस कवितासङ्ग्रहको शीर्षक 'आमाको आँसु' ले नै यसभित्र आमा, धर्ती, राष्ट्र वा माटोका आँसु वा पीडाको अभिव्यक्ति भएको छ भन्ने बोध हुन्छ । कवि भन्छन्-

जो जो भुल भए तँबाट सब ती सोचेर मात्र हिँडेस्

आमाका आँसु, हेरेर मात्र हिंडेस् । [२३२]

मानव अधिकार, स्वतन्त्रता, देशप्रेम, रुढिवाढी तथा भाग्यवादी चिन्तन, जातीय भेदभाव, छुवाछुत आदिको विरोध, आर्थिक न्याय, समानता, स्वतन्त्रता र भ्रातृत्व, विश्वशान्तिका साथै प्रजातान्त्रिक दृष्टिकोणको अभिव्यक्ति यस सङ्ग्रहका कविताका प्रमुख विशेषता हुन् । [२३३]

२०१९ मा 'आमाको आँसु' कविता-सङ्गालो, प्रकाशित गर्नुपूर्व प्रश्रितले पाँचवटा फुटकर कविता प्रकाशनमा ल्याएका थिए । 'आमाको आँसु' मा संस्कृत छन्दका उपजाति, बसन्ततिलका, शालिनी, मालिनी, वंशस्थ, इन्दिरा, अनुष्टुप, शार्दूलविक्रीडित, शिखरिणी, स्वागता र स्रग्धरा नामका लयहरू रहेका कतिपय कविताहरू पनि छन् । यसका साथै गद्यकविताको थालनी पनि उनले यसै संगालाका कविताबाट गरेका छन् । पहिले संस्कृत परम्पराबाटै विकसित भएका र दधिराम मरासिनीका निर्देशनमा रहेका प्रश्रितलाई संस्कृत छन्द र धार्मिक कथाको प्रभाव पर्नु स्वाभाविक हो । [२३४]

---

[२३२] मोदनाथ प्रश्रित, **आमाको आँसु**, (गुल्मी : शोभा पुस्तकालय, २०१९), पृष्ठ ३० ।

[२३३] शिवप्रसाद उप्रेती, पूर्ववत्, पृष्ठ ७१ ।

[२३४] रविलाल अधिकारी, काव्यसाधनामा मोदनाथ प्रश्रित, **यथार्थवादी नेपाली समालोचना** (पोखरा : गण्डकी साहित्य सङ्गम, २०६१), पृष्ठ ६६-८८ ।

मिश्रित लयविधानको प्रयोग, सामान्यतया सरल र सुबोध्य शब्दहरूको भाषिक प्रयोग, छोटो आयामको संरचना, विषयवस्तुगत अनेकता एवम् जीवनदृष्टिगत एकता आदि यस सङ्ग्रहको विशेषता हो ।

'बुवा खै?' लघुकाव्य मोदनाथ प्रश्रितको दोस्रो काव्यकृति हो । आफ्ना मावलीतर्फका हजुरबुवा महापण्डित दधिराम मरासिनीको निधनबाट शोकाकूल भई मोदनाथले यस शोककाव्य लेखेका हुन् । ६ घण्टाभित्रै तीस पृष्ठको यस काव्य लेखिएको हो ।

यस काव्यमा कवि प्रश्रितले पं. दधिराम मरासिनीप्रति आफ्नो अगाध स्नेह र श्रद्धाभावहरूलाई व्यक्त गर्नाका साथै उनको सङ्क्षिप्त जीवनवृत्त र शिक्षा, संस्कृति, समाजसेवा र साहित्यक्षेत्रमा उनले दिएका योगदानको समेत चर्चा गरी तिनलाई चिरस्मरणीय रूप दिएका छन् । करुणा र शोकका भावसंवेदनाहरू सजीव रूपमा व्यक्त भएकाले प्रस्तुत शोककाव्य मर्मस्पर्शी बनेको छ । [२३५]

'बुवा खै?' मा सबैजसो अनुष्टुप छन्दका पद्यहरू छन् र पूर्वार्द्ध र उत्तरार्द्ध गरी यस काव्य दुई भागमा बाँडिएको छ । पूर्वार्द्ध भागमा पण्डित दधिराम मरासिनीले शिक्षा, शास्त्रार्थ आदिका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ । उत्तरार्द्ध भागमा दधिराम मरासिनीको जन्मस्थल, उहाँको वंश, उहाँले गरेका सङ्घर्षजस्ता कुराहरू बयानमा आएका छन् । पण्डित दधिरामजी मावलीपट्टिका हजुरबा भए पनि उहाँसँगै बसेर शिक्षा लिने र मामाहरूले 'बुवा' भनेर उहाँलाई बोलाउने हुँदा प्रश्रितले पनि बुवा भन्नुहुन्थ्यो । यसैले हजुरबा भए पनि 'बुबा' भनेर उहाँद्वारा काव्यको नामकरण गरिएको हो । [२३६] कवि भन्छन्-

मेटिन्थ्यो कलिको ध्वाँसो बुवाको सामुमा हुँदा
जस्तै सुवर्णको मैला जान्छ तेजाबले धुँदा । [२३७]

हजुरबुवालाई भेट्न भनी रामघाट आश्रममा पुगेका कविले अकस्मात् हजुरबुवा बितिसकेको सुन्न पुग्छन् र शोककाव्य 'बुवा खैं ?' जन्मन्छ । मोदनाथ प्रश्रितका विचारमा पं. दधिराम मरासिनीको मृत्यु नेपाली आध्यात्मदर्शनका विद्यार्थीहरूका लागि अपूरणीय क्षति थियो र यस क्षतिको पूर्ति अरू कसैले गर्न सक्ने छैन ।

---

२३५ हीरामणि शर्मा पौड्याल, **रचना विवेचना**, पूर्ववत्, पृष्ठ ३६ ।

२३६ ऐजन ।

२३७ मोदनाथ प्रश्रित, **'बुवा खै?'** (अर्घाखाँची : श्रीमती कोपिला देवी), पृष्ठ ? ।

'मानव' मोदनाथ प्रश्रितको प्रंथम महाकाव्य हो । यो महाकाव्य प्रश्रितको चौथो प्रकाशित पुस्तकाकार कृति पनि हो । पहिलो संस्करण वि.सं. २०२३ मा पसिना प्रकाशन लुम्बिनीबाट र दोस्रो संस्करण लुम्बिनी प्रकाशन काठमाडौंबाट वि.सं. २०४७ मा छापिएको यो महाकाव्य वि.सं. २०२३ को मदन पुरस्कारद्वारा पुरस्कृतसमेत भएको हो । 'उद्बोधन', 'सङ्कल्प', 'साहुको ब्याज', 'देउता', 'चिहान बोल्दैन ?', 'एक भूत एक वर्तमान', 'उनकै सपना, उनकै विपना' जस्ता अट्ठाईसवटा शीर्षकमा संरचित यस महाकाव्यमा कवि प्रश्रितले आफ्नै युगको, आफ्नै धर्तीको, आफ्नै माटोको, आफ्नै इष्टमित्रको गीतलाई आफ्नै युगको लयमा गाउने काम गरेका छन् ।

मोहन, काले, सरिता, शम्भु, पुतली, कृषक, लाहुरे, कान्छी, गजानन, बेलपाटे, भारी बोकाउने साहु आदि यस महाकाव्यका प्रमुख पात्र हुन् भने यसमा सामन्ती र निम्नवर्गीय पात्रका साथै नारी पात्रहरू पनि उभिएका छन् ।

'मानव' महाकाव्य कवि मोदनाथ प्रश्रित गान्धीवादी विचारधाराबाट प्रभावित भएका समयमा लेखिएको महाकाव्य हो । संस्कृत परम्पराबाट आएका र नयाँ चिन्तनलाई अँगाल्न लागेका कवि प्रश्रितको शिल्पशैली र विचारधारा यस महाकाव्यमा देखापर्छ । यसको कथावस्तु नेपालको परिवेशलाई समेटेर बुनिएको छ । [२३८]

गजानन पण्डितले काले कामीकी बहिनी पुतलीलाई पेट बोकाएपछि पण्डितको विरोध गर्दा काले कामी मारिन्छ र उसको गर्भ देखाउने पुतली पनि मारिन्छे । पुतलीले पाएको शिशु जङ्गलमा फालिन्छ, तर छोराको रहर भएको गजाननकै श्रीमती सरिताले जङ्गलमा त्यस बच्चा फेला पार्छे र घरमा ल्याउँछे । लोग्नेले त्यस बच्चा घरमा राख्न नदिएपछि सरिता घरै छाडेर निस्कन्छे र बुटवलमा गई चियाको पसल चलाएर त्यस शिशुलाई बढाउने पढाउने गर्छे । सामान्य रूपमा पढे पनि भारी नबोकी आयको बाटो नदेखेर ऊ भरियाको काम गर्छ । भारी बोकेर जीवन निर्वाह गर्ने क्रममा त्यस शिशु मोहन नाम गरेको भरिया बन्छ । यतिबेलासम्म उसकी आमा सरिताको पनि मृत्यु भइसकेको हुन्छ । यसै क्रममा भारी बोक्दै जाँदा एकपटक बनारसमा पढेर आएका शम्भु नाम गरेका विद्यार्थीको भारी बोक्न पुग्छ । बाटामा कुराकानी र शोधखोज हुँदा गजननकै छोरो शम्भुको दाजु मोहन भरिया भएको रहस्य खुल्छ र शम्भुले आफ्ना बद्मास बाबु गजाननको आफैले हत्या गर्ने अठोट गर्छ । यस परिवेशमा शम्भुलाई सम्झाएर बाबुलाई मार्नुभन्दा बाबुभित्रका दानवी प्रवृत्तिलाई मार्नुपर्छ भनेर शम्भुलाई बाबुको हत्या गर्न रोकेकाले मोहन मानव ठहरिन्छ । यसरी मोहनका उदारवादी रूपलाई काव्यमा मानव बनाइएको छ ।

---

[२३८] रविलाल अधिकारी, पूर्ववत् ।

यस काव्यमा कवि मोदनाथ प्रश्रितको समाजका निरीहवर्गको उत्पीडन र शोषणको चित्कारमा आफ्नो सहानुभूति, अज्ञानता र यातना जस्ता पीडाहरू देखाई निम्नवर्गको कारुणिक जीवनको सुधारको पक्षमा आफ्नो मत प्रकट गरेका छन् ।[२३९] मानवले मान्छेका व्यक्तिवादी, पुँजीवादी र सामान्ती संस्कारका विरुद्ध सङ्घर्षको हाँक दिंदै शोषणग्रस्त, युद्धत्रस्त, जर्जराक्रान्त एवं पीडित मानवताका पक्षमा गाढा सहानुभूति र सम्वेदनाका मार्मिक स्वरहरू अलाप्छ ।[२४०] कवि भन्छन्-

सास झुँडाउने तिर्सनाहरू
गास जुटाउने विवशताहरू
ओइरिएका छन्, ताँती लागेका छन् ।
असंख्य संख्यामा यस ठाऊँमा
तै पनि रमाइलो छ बटौली
तै पनि बसौं बसौं जस्तो छ बटौली [२४१]

काव्यको कथावस्तुबारे कवि स्वयम् भन्छन् "प्रस्तुत काव्यका कथा-वस्तुको मुख्य मुख्य हिस्सा हाम्रै जनजीवनमा घटित घटना, जसलाई मैले प्रत्यक्ष देखेको छु-बाट उद्धृत गरिएको छ । म यसलाई बढी काव्यात्मकता दिनको निम्ति अलिकति परिवर्तित गर्न चाहन्थें । तर यसलाई यथार्थ रूपमा ज्यौंका त्यौं दिएमा आफ्नै जीवनले यस काव्यको जीवित अभिनय गर्नेहरूका आँखा खुल्ने आसा राखी त्यसै गरेको छु ।"[२४२]

यस महाकाव्यको परिवेश मुख्यतः बुटवल हो । बुटवललाई यसमा 'बटौली' भनिएको छ । बटौली, दोभान, सुनौली, मस्याम, कुहिरे भीर, रेसुङ्गा, तम्घास, लुम्बिनी, बोटे गाऊँ र रानीबास आदि ठाउँहरू यसमा परेका छन् ।

मानव महाकाव्यको दोस्रो संस्करण प्रकाशित हुनुअघि नै कवि प्रश्रित कम्युनिस्ट पार्टीका सदस्य भएका थिए । उनी भन्छन्- "समयको दृष्टिले पाँच बर्ष लामो नभए तापनि बैचारिक दृष्टिकोणले 'मानव' र मेरा बीचमा निकै लामो फासला बढेको पाएँ । यद्यपि 'मानव' को बैचारिक दिशा र आजका सोचाइको दिशा पूर्व  पश्चिमझैं ठ्याम्मै विपरीत त हैनन् तर त्यस बेलाको हिँडाइमा स्पष्ट मूल बाटामा, निश्चित लक्ष्य लिई निर्भीकतासाथ हिँडेको गति मैले भेटाइनँ, बरु एउटा

[२३९] श्रीराम न्यौपाने, पूर्ववत्, पृष्ठ ७१ ।
[२४०] हीरामणि शर्मा पौड्याल, पूर्ववत्, पृष्ठ २९ ।
[२४१] मोदनाथ प्रश्रित, **मानव**, दोस्रो संस्करण (काठमाडौं : लुम्बिनी प्रकाशन, २०४७), पृष्ठ १६३-१६४ ।
[२४२] पूर्ववत्, पृष्ठ १३ ।

अनुमानित गोरेटामा, धरमर लक्ष्य लिई सशंकित हुँदै आलस्यले गह्रुँगिएका पाइला चलाउँदै हिँडेको पाएँ । [२४३]

श्रमिकवर्गले स्वतन्त्रताको लागि सङ्घर्ष नगरी बुद्ध, ईसाई, महम्मद र गान्धीको पछि लाग्नु र दयावादी र अहिंसावादीलाई एवम् शोषक र शोषितलाई मान्छेकै रूपमा हेरी उदारतावादी अहिंसावादी मानवतावादलाई व्यक्त गर्नु यस महाकाव्यको उल्लेख्य पक्ष हो, यस दृष्टिले 'मानव' महाकाव्यमा मार्क्सवादी सौन्दर्यदर्शनको अनुपस्थिति देखिन्छ । अनुष्टुप, शार्दूलविक्रीडित, मन्दाक्रान्ता, वियोगिनी जस्ता शास्त्रीय छन्दका साथै लोकछन्द र गद्यलयको समेत प्रयोग गरिएको यस महाकाव्यमा गिद्ध, कौवाजस्ता प्राकृतिक बिम्ब, दुर्वासाको सराप, रुद्रका आँखाजस्ता मिथकीय बिम्ब तथा उपमा, दृष्टान्त, रूपक, उत्प्रेक्षा आदि अर्थालङ्कार पनि प्रयुक्त छन् । आदि, मध्य र अन्त्यानुप्रासको श्रुतिमधुरता, रमणीय अर्थ प्रदान गर्ने सरल, सुबोध्य र सलल बग्ने शब्दहरूको प्रयोग पाइने 'मानव' महाकाव्यमा तत्सम्, तद्भव, अनुकरणात्मक र झर्रा शब्दहरूमध्ये झर्रा नेपाली शब्दहरूकै आधिक्य देखिन्छ । चित्रात्मक, प्रतीकात्मक र बिम्बात्मक भाषाको प्रयोग भएको यस महाकाव्यमा सहिष्णुता र उदारतायुक्त मानवतावादी आदर्शलाई जीवनदृष्टि बनाइएको छ ।

गीतिकविताको सङ्गीतात्मकता, गद्यकविताको उन्मुक्तता, वार्णिक छन्दको सफल निर्वाह र लयात्मकताले 'मानव' को सरसता र रोचकता बढ्न गएको देखिन्छ । [२४४] वर्ग समन्वयवादी-मानवतावादी आदर्शबाट मुक्त हुन नसके पनि व्यङ्ग्यविद्रोह र यथार्थवादी प्रवृत्तिको प्रमुखता छ । [२४५] पूर्व र पश्चिमका लाक्षणिक मान्यतालाई बामपृष्ठमा राखी नयाँ काव्यगत् परिपाटीको आरम्भ गर्न खोज्ने प्रश्रित कतैका पनि महाकाव्यीय सिद्धान्तमा आश्रित छैनन् । [२४६] प्रश्रितले महाकाव्यमा उपन्यासलाई बोलाएका छन्, उपन्यासको माझमा महाकाव्यको भव्य मन्दिर खडा गरिदिएका छन् । [२४७]

'देवासुर सङ्ग्राम' मोदनाथ प्रश्रितको छैटौं प्रकाशित पुस्तकाकार कृति र दोस्रो महाकाव्य हो । वि.सं. २०३० मा प्रकाशित यस महाकाव्यको दोस्रो संस्करण वि.सं. २०४४ मा प्रगतिशील अध्ययन

---

[२४३] मोदनाथ प्रश्रित, दोस्रो संस्करणबारे, **मानव**, पूर्ववत्, पृष्ठ छैन ।

[२४५] राममणि रिसाल, **नेपाली काव्य र कवि**, पाँचौ संस्करण, (काठमाडौं : साझा प्रकाशन, २०५८), पृष्ठ १३७ ।

[२४६] हीरामणि शर्मा पौड्याल, **रचना विवेचना**, (पर्वत : इन्दिरा शर्मा पौड्याल, २०४६), पृष्ठ ३३ ।

[२४७] राममणि रिसाल, नेपाली काव्य र कवि, चौथो सं. (पूर्ववत्, २०५०) पृ. १६६ ।

केन्द्र काठमाडौंद्वारा प्रकाशित छ । 'सत्ययुग', मातृतन्त्र', 'ढुङ्गे हतियार' आदि अठार सर्गमा संरचित यस महाकाव्यले वैदिक-औपनिषदिक एवम् पौराणिक-पूर्वीय युगलाई द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी ढङ्गले बुझ्ने र व्याख्या गर्ने चेष्टा गरेको छ ।

यसमा कविले 'वैदिक युगदेखि पौराणिक-सामन्ती युगसममको ऐतिहासिक समाज-विकासक्रममा आधारित' भनेर काव्यको पाठ्यविषयको सङ्केत गरेका छन् । पौराणिक विषयमा आधारित काव्य भएकाले पुराणमा जस्तै यसमा पनि अनुष्टुप छन्दको प्रयोग गरिएको छ । संस्कृत भाषामा लेख्दा संस्कृत छन्दमा अन्त्यानुप्रास मिलाउने परम्परा थिएन । नेपालीमा संस्कृत छन्द लेख्दा अन्त्यानुप्रास मिलाउने परम्परा बस्यो । नाटककार बालकृष्ण समले अुनष्टुप छन्दलाई अन्त्यानुप्रासविहीन बनाएर आफ्ना कविता नाटकहरूमा प्रयोग गरे । यसमा यसै परम्परालाई प्रश्रितले पछ्याएका छन् । 'जनवादी साहित्यको सेवामा जीवन अर्पेका साथी हृदयन्द्रसिंह प्रधान र गोकुलप्रसाद जोशीको सम्झनामा' भनेर समर्पण गरिएको प्रस्तुत कृति संवादात्मक शैलीमा लेखिएको छ । रोपाइँको काम सकेर साँझ घर फर्केका खेतालाहरूले मास्टरसँग गरिबीको दिग्दारी बताउँदा र 'पहिले सत्ययुग थियो रे' भनेर पुराणको पण्डितजीहरूको कुरो सोद्धा बाटाका चौतारामै मास्टरले खेतालाहरूलाई दिएको उत्तर प्रस्तुत महाकाव्य हो । यस ललित महाकाव्य नभएर विकासात्मक महाकाव्य हो ।

यहाँ प्राग्वैदिककालीन आदिम साम्यवादी सत्ययुग, मातृयुग, पितृयुग, प्रजापति युग हुँदै देवासुर वा आर्यअनार्यका सङ्ग्राम र अनार्यको पराजयका साथै दास-मालिक प्रथाको आरम्भ, सामन्तीयुगको अभ्युदय र सामन्ती निरङ्कुश राजतन्त्रात्मक पद्धतिका विरुद्ध नेपाली गरिब किसानहरू पनि सचेत हुँदै सङ्गठित समेत बन्न लागेको समयसान्दर्भमा आधारित करिब चारहजार वर्षभन्दा बढीको समयावधिलाई ढाक्ने विषयवस्तुगत सन्दर्भ प्रकट भएको छ । [२४८] द्वन्द्वात्मक भौतिकवादी मानवसभ्यताको विकासलाई देखाउन अनुकूल वर्गीय पात्रहरूको संयोजनले यस महाकाव्य सफल देखिन्छ । [२४९] ऐतिहासिक मोडहरूबाट समाजमा क्रमिक रूपले कसरी पौरोहित्यावाद जन्म्यस भन्ने कुराहरूको विषद् चर्चा यस महाकाव्यमा भएको छ । [२५०]

'देवासुर सङ्ग्राम' महाकाव्यमा अनुष्टुप, वंशस्थ र उपजातिजस्ता वर्णमात्रिक छन्दका साथै संस्कृत स्रोतको गद्य छन्द 'दण्डक' को पनि प्रयोग गरिएको छ । यसको मूल छन्द ढाँचा अनुष्टुप छन्द नै

---

२४८ महादेव अवस्थी, 'देवासुर-संग्रामको विषयवस्तुगत सेरोफेरो र विधागत स्वरूप', **कुञ्जिनी**, ( बर्ष ८, अङ्क ५, २०५७), पृष्ठ ५१ ।

२४९ श्रीराम न्यौपाने, पूर्ववत्, पृष्ठ ९७ ।

२५० हीरामणि शर्मा, **समालोचनाको बाटोमा**, पूर्ववत् पृष्ठ २४८ ।

रहेको छ ।[२५१] उपमा, रूपक, अर्थान्तरन्यास, प्रश्न, समानान्तरता, उत्प्रेक्षा आदि अर्थालङ्कार, तत्सम्, आगन्तुक र झर्रा शब्दहरूको समानान्तर मिश्रित प्रयोग, वैदिक, औपनिषदिक र पुराणकालीन पद र पदावलीको समेत प्रयोग, समासबहुल शब्दको प्रचुर प्रयोग, अनुकरणात्मक, द्वित्व, विस्मयवोधक आदि निपात शब्दका साथै उखान, टुक्काको समेत प्रयोगले यस महाकाव्य वैविध्यपूर्ण-सौन्दर्यपूर्ण हुन पुगेको छ । समग्रमा समाजविकासको सम्बन्धमा प्रचलित पौराणिक-ऐतिहासिक अवधारणाको द्वन्द्वात्मक-भौतिकवादी इतिहासदर्शनमा आधारित व्याख्या नै 'देवासुर सङ्ग्राम' महाकाव्यको विषयवस्तु हो । मानव-मानव, समूह-समूह, स्त्री-पुरुष, देव-दानव, दास-मालिक आदि द्वन्द्वशील पक्षहरूबीचको वर्गीय सम्बन्धको उद्घाटन यस महाकाव्यले गरेको छ । कवि भन्छन्-

बस्दैनौं पुर्पुरो ठोकी भाग्यको नाममा अब
गरिबहरू भै एक लड्नको निम्ति आउँछौं ।[२५२]

एउटै वेगमय रमणीय छन्द र वीर रसको निरन्तर समायोजनले यस महाकाव्यको सौन्दर्य पक्षलाई थप उच्चता प्रदान गरेको छ ।

'गोलघरको सन्देश' वि.सं. २०४० मा पैरवी प्रकाशनबाट प्रकाशित मोदनाथ प्रश्रितको पाँचौं काव्यरचना हो । जेलभित्र जे-जस्ता दारुण दुःख वा शारीरिक मानसिक प्रताडना खप्नु परे पनि मुक्तिसङघर्षमा आफूलाई समर्पित गरिसकेको एउटा क्रान्तिकारी राजबन्दीका आस्था र विश्वासको सगरमाथा विरोधी शक्तिको सामु कहिल्यै झुक्दैन भन्ने कुराको घोषणा यस काव्यले गरेको छ ।[२५३] 'म' पात्रलाई दृष्टिविन्दु बनाएर आत्मकथनात्मक शिल्पपद्धतिमा रचिएको यस लघुकाव्य राजनीतिक प्रपञ्चमा परी थुनिएका कवि मोदनाथ प्रश्रितकै आत्म-जीवनको प्रतिच्छाया हो । कविले यसमा आफ्ना अन्तपीडा, आक्रोश, रोष र विद्रोहका अग्नी बीज पोखेका छन् ।[२५४]

'गोलघरको' सन्देश मा कविको सन्देश यस्तो छ -
काटे शरीर ढल्छ तर विश्वास ढल्दैन मेरो
मारे हाडखोर गल्छ तर विचार गल्दैन मेरो[२५५]

---

२५१ महादेव अवस्थी, पूर्ववत, पृष्ठ ५७ ।

२५२ मोदनाथ प्रश्रित, **देवासुर सङ्ग्राम**, दो.सं. (काठमाडौं : प्रगतिशील अध्ययन केन्द्र, २०४४) पृष्ठ २२१ ।

२५३ हीरामणि शर्मा पौड्याल, **रचना विवेचना**, पूर्ववत्, पृष्ठ २४ ।

२५४ ऐजन, पृष्ठ ५२ ।

२५५ मोदनाथ प्रश्रित, **गोलघरको सन्देश**, (काठमाडौं : पैरवी प्रकाशन, २०४०), पृष्ठ २ ।

जेलभित्र राजवन्दीलाई दिइने कठोर यातनाको त्रासद-करुण चित्र उपस्थित गराइएकाले एकातिर काव्य संवेदनात्मक भएको छ भने अर्कातिर व्यापक प्रशासनिक धरपकड र दमनका विरुद्ध पनि देशका न्यायप्रेमी जनतामा उर्लेर आएको उत्साहवर्द्धक क्षमताको झझल्को समेत प्रस्तुत गरेकोले काव्य विचारोत्तेजक पनि छ ।[२५६] समग्रमा मुक्तलयमा रचित यस काव्य भाषाशैलीगत सरलता र सहजताका कारण सुबोध्य र संवेद्य देखिन्छ । यसले कविको राजनीतिक जीवनका सङ्घर्षका क्षणहरूलाई प्रतिबिम्बित गरेको छ ।

'सहिदको रगत' वि.सं. २०४० मा गुराँस पब्लिकेशन, काठमाडौंले प्रकाशित गरेको कवि मोदनाथ प्रश्रितको छैटौं कविताकृति हो । 'पानी थोपा', 'सङ्कल्प', 'क्यै काम गर्न सक्दैन मर्न डराउने लाछीले', 'बादल र हामी' लगायतका सातवटा कविताहरू सङ्कलित यस कवितासङ्ग्रह जम्मा चौध पृष्ठको रहेको छ । आफूले जनतामाथि नै आस्था र विश्वास गरेको देखाउँदै कवि प्रश्रितको यस कवितासङ्ग्रहका कविताहरूमा सर्वसाधारणमा जागरण फैलाउने र मार्क्सवादी चिन्तनलाई अभिव्यक्त गर्ने उद्देश्य निहित रहेको देखिन्छ । कवि भन्छन्-

क्यै काम गर्न सक्दैन मर्न डराउने लाछीले
हाँक्दछ युग तोपको मुख जो ढाक्छ छातीले[२५७]

यस सङ्ग्रहका सर्वसाधारणका लागि सुबोध्य भाषामा लेखिएका विद्रोहको सन्देश दिने कविताहरूले कविको सामाजिक मुक्तिको आकाङ्क्षा, विभिन्न क्षेत्रमा देखिएका भ्रष्टाचारसँगको असहमति र परिवर्तनको चेतनाको उद्घोष गरेका छन् ।

'जब चल्छ हुरी' वि.सं.. २०४९ मा पसिना प्रकाशन काठमाडौंबाट प्रकाशित कवि मोदनाथ प्रश्रितको सातौं कृति एवम् गीतसङ्ग्रह हो । 'कसैले मेरो....', 'फर्केर हेर साथी' लगायतका जम्मा चौवन्नवटा गीतहरू सङ्गृहीत यस गीतसङ्गृहमा वि.सं. २०१७ देखि २०४८ सम्म लेखिएका प्रश्रितका राजनीतिक विचार र आकाङ्क्षाहरू प्रकट हुने रचनाहरू समाविष्ट छन् । गीतकार भन्छन् ।

बहिनी : गरीबको बुकुरीमा सधै भरी छायाँ
तिमीलाई यस देशको लाग्दैन के माया ?
दाजु : यस देशको माया लाग्छ तर कस्तो गरुँ ?
ढुङ्गा हैन मानिसै हुँ कहाँ गई मरुँ ।[२५८]

---

२५६ हीरामणि शर्मा, रचना विवेचना, पूर्ववत, पृष्ठ ५३ ।

२५७ मोदनाथ प्रश्रित, क्यै काम गर्न सक्दैन मर्न डराउने लाछीले, **सहिदको रगत** (काठमाडौं : गुराँस पब्लिकेशन, २०४०), पृष्ठ ६ ।

मोदनाथ प्रश्रितका गीतहरूमा समाज, व्यक्तिमन र आर्थिक खराबीको तस्वीर खिँचिएको हुन्छ । यी गीतहरूले नेपालीहरूको भर्ति हुन विदेश जाने प्रवृत्ति, महल र झुपडीका बीचको खाडल, किसान, श्रमिक र असहायहरूको दारुण दिनचर्या एवम् विदेशी भूमिमा विदेशीकै सीमारक्षा गर्दागर्दै मर्नुपर्ने अवस्था आदिलाई विषयवस्तु बनाएका छन् । कलात्मकता, श्रुतिमाधुर्य तथा रमणीय अर्थ आदिको समुच्चय नै वास्तवमा मोदनाथका गीतहरू हुन् ।

समग्रमा मोदनाथ प्रश्रित सातवटा पुस्तकाकार काव्यकृतिहरूमा देखापर्ने मूलतः प्रगतिवादी सौन्दर्यदर्शनका कवि हुन् । उनको कवित्व महाकाव्यदेखि लिएर लोकगीतसम्म फैलिएको छ । मार्क्सवादी राजनीतिक दर्शनको प्रभावलाई साहित्यमा प्रतीकात्मक प्रयोग गर्ने कवि मोदनाथ प्रश्रितका कवितामा क्रान्तिकारी मानवतावादी स्वर पाइन्छ । उनका प्रायः रचनाहरू सरल छन्, सुबोध्य छन् र काव्यका औजारहरूले सुसज्जित छन् ।

### ४.१.५८.२. **निबन्ध/ प्रबन्ध**

'जीवाणुदेखि मानवसम्म' मोदनाथ प्रश्रितको सातौं प्रंकाशित कृति र पहिलो प्रबन्धात्मक गद्यकृति हो । श्रीमती मङ्गलदीप बस्नेतले वि.सं. २०३१ मा प्रकाशित गरेको जम्मा ११४ पृष्ठको यस कृतिमा जीवविकासको भौतिकवादी-विकासवादी शास्त्रीय अवधारणालाई विभिन्न सत्र शीर्षक र अन्य उपशीर्षकहरूमा व्याख्या गरिएको छ ।

पृथ्वीको स्थिति जीवन अनुकूल भएपछि जीवहरू पानीबाट जमिनमा सङ्क्रमण, क्रमशः जीवबाट अण्डज, स्तनधारी, चारखुट्टे हुँदै करोडौं युगको विभिन्न अवस्था पार गरी मानिसमा विकसित भएको हो भन्ने कृतिको मूल कथ्य रहेको छ ।[२५९] यस कृतिले मोदनाथ प्रश्रितको द्वन्द्वात्मक र ऐतिहासिक-भौतिकवादी जीवनदृष्टिकोणप्रतिको आस्थालाई प्रकट गर्दछ भने चार्ल्स डार्बिनको विकासवादको सरल र सुबोध्य भाषामा गरिएको वस्तुपरक वर्णनका कारण निबन्धभन्दा प्रबन्ध विधाको नजिक रहेको देखिन्छ ।

'नारी बन्धन र मुक्ति' प्रश्रितको नवौं प्रकाशित कृति हो भने दोस्रो निबन्धकृति पनि हो । कल्पवृक्ष प्रकाशन काठमाडौंले वि.सं. २०३३ मा प्रकाशित गरेको यस कृतिमा 'चिट्ठीको प्रसङ्ग', 'जङ्गली अवस्थामा नारीको स्थिति' लगायतका आठवटा शीर्षक र विभिन्न मूल शीर्षकहरू छन् ।

यसमा प्रश्रितले आदिम साम्यवादी युगदेखि समसामयिक युगका नारीहरूको अवस्था केलाउँदै मातृसत्तात्मक समाजमा नारीहरू सम्मानित र पुजित थिए भन्ने उल्लेख गरेका छन् । नेपाली

---

[२५८] मोदनाथ प्रश्रित, **जब चल्छ हुरी**, (काठमाडौं : पसिना प्रकाशन, २०४९), पृष्ठ ४ ।

[२५९] केदारनाथ रिमाल, **मोदनाथ प्रश्रितको निबन्धकारिता**, (अप्र एम.ए.शोधपत्र, त्रि.वि.,२०५४), पृष्ठ ८७ ।

सामाजिक सन्दर्भमा नारीहरू आदिम युगदेखि नै शोषित अवस्थामा नै थिए र आज पनि अन्याय अत्याचारका सिकार भएका छन् भन्ने विचार व्यक्त गर्दै यस्तो समाज र व्यवस्था मिल्काएर समाजवादी व्यवस्था स्थापना गर्न प्रश्रितले यस निबन्धसङ्ग्रहका माध्यमबाट आग्रह गरेका छन् । [२६०] यस कृति पनि प्रश्रितको अघिल्लो कृतिजस्तै प्रबन्ध विधाअन्तर्गत नै पर्दछ । फरक के छ भने अघिल्लो प्रबन्धसङ्ग्रह जीवशास्त्र थियो भने यस समाजशास्त्र हो ।

'आस्था र प्रथा एक विवेचना' ज्योति प्रकाशन बुटवलले वि.सं. २०४४ मा प्रकाशित गरेको प्रबन्धपरक कृति हो । 'के वेदहरू ईश्वरवाणी हुन् ?', 'ईश्वरसम्बन्धी धारणा कसरी जन्म्यो ?' आदि बाह्रवटा प्रश्नहरूको उत्तर नै यस प्रबन्धकृतिको समष्टि संरचना हो ।

प्रश्नोत्तरको शैलीमा देवीदेवता, परलोक, पूर्वजन्म, पुनर्जन्म, अलौकिक संसार, नरबली, बहुपति प्रथा, जातपातको प्रथा, चाडवाडको परम्परा, सृष्टि, वेद आदिका विषयमा वस्तुतथ्यात्मक तार्किक बहस गरिएको 'आस्था र प्रथा एक विवेचना प्रबन्ध कृति मार्क्सवादी विकासवादी अवधारणाको प्रश्रितद्वारा गरिएको वैज्ञानिक विवेचना हो ।

'केही सांस्कृतिक निबन्धहरू' पाठ्यसामग्री प्रकाशन, काठमाडौंले वि.सं. २०४७ मा प्रकाशित गरेको मोदनाथ प्रश्रितका सोह्रवटा निबन्धहरूको सङ्ग्रह हो । 'विज्ञानको अध्ययन र वैज्ञानिक दृष्टिकोण', 'प्राचीन नेपालको इतिहासमा मिथिला छोटकरी चर्चा' जस्ता विभिन्न शीर्षकका प्रबन्धहरू सङ्कलित यस सङ्ग्रहका प्रबन्धहरूले पनि मोदनाथ प्रश्रितका अघिल्ला प्रबन्धकृतिहरूले जस्तै द्वन्द्वात्मक भौतिकवादी जीवनदृष्टिलाई नै निरन्तरता दिएका छन् । व्याख्या,विश्लेषणपरक यी निबन्धहरूले समाजसुधारको सन्देश पनि दिएका छन् ।

नयाँ संस्कृतिका विविध पक्षमा सैद्धान्तिक मात्र होइन, व्यवहारका सानातिना र सूक्ष्म प्रश्नले पनि संस्कृतिका निर्माताहरूको ध्यान तान्ने र सांस्कृतिक परिष्कारमा थोरै भए पनि सहयोग पुऱ्याउने ध्येयले यी निबन्धहरू लेखिएका हुन । [२६१]

प्रश्रितले आफ्नै जीवनमा बाल्यकालदेखि वर्तमान अवस्थासम्म भोगेका विभिन्न घटनाहरू उनका निबन्धमा रूपान्तरित भएका छन् । उनको जेलभित्र र जेलबाहिरको संसारलाई यिनमा नियाल्न

---

[२६०] ऐजन, पृष्ठ ९० ।

[२६१] मोदनाथ, 'लेखकका केही शब्द', '**केही सांस्कृतिक निबन्धहरू**, दोस्रो सं. (काठमाडौं : पाठ्यसामग्री पसल,२०४७), पृष्ठ घ ।

सकिन्छ । उनको जीवनीका आरोहअवरोहबाट शिक्षा लिन चाहनेहरूका निमित्त पनि उनका निबन्ध गतिला खुराक बन्न सक्दछन् ।[२६२]

'जीवाणुदेखि मानवसम्म' (जीवशास्त्र २०३१), 'नारी बन्धन र मुक्ति' (प्रबन्ध २०३३), 'अतीतका पाइलाहरू' (२०४१) ''भूत प्रेतको कथा' (निबन्ध २०४२),'नानीलाई कसरी असल बनाउने' (निबन्ध २०४४), 'आस्था र प्रथा एक विवेचना' (निबन्ध २०४४), 'हिन्दूधर्म र नारी' (निबन्ध २०४६), 'केही सांस्कृतिक निबन्धहरू' (२०४७), 'केही ठट्टा केही मर्का' (२०४७), 'जातपात र छुवाछुतको सङ्क्षिप्त इतिहास' (२०४७), 'जनसंस्कृतिको नयाँ दिशा' (२०४८), 'जीवनको बाटोमा' (लेखसङ्ग्रह २०४८), 'गुटफुट विरुद्ध कम्युनिस्ट आन्दोलन र पार्टी एकताको पक्षमा' (राजनीतिक लेख सङ्ग्रह २०५०), विचार अन्तर्सम्वन्ध (२०६०) गरी करिब एक दर्जन भन्दा बढी निबन्ध तथा प्रबन्ध सङ्ग्रह प्रकाशित गर्ने मोदनाथ प्रश्रितको मुख्य रुचिको विषयवस्तुका रूपमा विकासवाद र त्यसमा पनि पूर्वीय वैदिक, औपनिषदिक र पौराणिक युगको विकासवादी व्याख्या नै रहेको देखिन्छ भने यसमा उनको शैक्षिक पृष्ठभूमिको प्रभाव पनि प्रतिबिम्बित हुन पुगेको छ ।

### ४.१.५८.३. **नाटक/एकाङ्की**

मोदनाथ प्रश्रितले नाट्यकृतिहरूको रचना पनि गरेका छन् । 'पचास रुपियाँको तमसुक' ( २०२७), 'आमाको काखमा' (२०३२), 'सपनाहरू उपहार देशलाई' (२०४९) र 'मन्त्री जी' (२०५१) मोदनाथ प्रश्रितका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू हुन् ।

'पचास रुपियाँको तमसुक' (नाटक- २०२७) मोदनाथ प्रश्रित, रामप्रसाद प्रदीप र बुद्धिबहादुर थकालीको सहलेखन हो भने यसलाई पैरवी प्रकाशन काठमाडौंले प्रकाशित गरेको हो ।

चौध दृश्यमा आधारित यस नाटकलाई एकाङ्कीको रूपमा प्रस्तुत गरिएको छ तापनि यसको घटना योजनाले गर्दा नाटक नै बन्न पुगेको छ ।[२६३] गाउँका सोझासाझा नागरिकहरूलाई छलेर, शोषण गरेर मोटाउन पल्केका सामान्तहरूविरुद्ध एकतावद्ध हुँदै वर्गीय मुक्तिको स्वर गुञ्जाउने यस एकाङ्कीमा नेपाली विषयवस्तु, नेपाली पात्र, नेपाली परिवेश र नेपाली मञ्चको प्रयोग गरिएको छ ।

यस एकाङ्कीको नायक साहिँला गाउँले सामान्त मानसिंहको तीनपुस्ते नोकर हो । पचास रुपियाँ साहिँला बाजेले ऋण लगेकामा बाबुले मानसिंहकोमा आजीवन काम गर्दा पनि ऋण तिर्न

---

[२६२] जीवेन्द्रदेव गिरी, निबन्धकारका रूपमा मोदनाथ प्रश्रित, **यथार्थवादी नेपाली समालोचना**, पूर्ववत्, पृष्ठ ५९९-६११ ।

[२६३] खेम कोइराला 'बन्धु', 'पचास रुपियाँको तमसुकः सर्सरी हेर्दा', '**सुस्केरा**', (काठमाडौं : बर्ष २, अङ्क ७, २०२८), पृष्ठ २७ ।

सकेनन् । साहिँलाले पनि काम गर्दैछ तर ऋण झन् बढेको छ । यस एकाङ्कीलाई उत्कर्षमा पुऱ्याउने घटना हो-बाबु बिरामी भएकामा साहिंलाले उपचारका लागि साहुसँग बीस रुपियाँ माग्नु र उल्टै पिटाइ खानु । साहुको क्रुरता र घटिया क्रियाकलापबाट दुःखित बनेको साहिँलाले आफ्नी छोरीप्रति समेत गिद्धेदृष्टि लगाउने मानसिंहलाई लछारपछार गरेपछि मानसिंह साहिँलालाई पिट्न एवम् उसको घरबासमाथि आक्रमण गर्न आइपुग्छ । चेतनशील गाउँलेहरूले मानसिंहलाई केरकार गरेपछि मानसिंहले माफी माग्छ तर जाली तमसुक नच्यात्ने मानसिंहले साहिंलाको हातको पिटाइ खाएपछि मात्र एकाङ्की सकिन्छ ।

नेपथ्यको आवाजको बाहुल्यतालाई नाटकको कमजोरी पक्ष मान्नु पर्दछ । प्रभावकारिताका दृष्टिले यस उचित वा आवश्यक देखिए पनि स्वाभाविकताका दृष्टिले खल्लो हुन पुगेको छ । [२६४]

नाटकमा समावेश गीतहरूको चेतना र नाटकका पात्र-पात्राहरूको चेतनामा धेरै फरक देखापर्दछ । यस अर्थमा नाटकमा परेका गीतहरू चाडपर्वमा मागेर ल्याएका गहना हुन् कि जस्ता पनि देखिन्छन् । उसरी यिनै गीतले पनि नाटकलाई सशक्त पारेका छन् । [२६५]

'आमाको काखमा' मोदनाथ प्रश्रितको आठौं पुस्तकाकार कृति हो । वि.सं. २०३२ मा सूर्योदय प्रकाशन वारणसीले छापेको यस कृति प्रश्रितको दोस्रो नाट्यकृति हो । यस एकाङ्कीका प्रमुख पात्रहरू हुन्-कान्छा, लल्लु, सभापति, प्रधानपञ्च, डी्एस.पी. काहिँला, डाँका, ५-७ जना किसान, पुलिस, हाकिम, पियन, होटलवाली, केही आइमाईहरू । यसरी यस एकाङ्कीका पुरुष तथा स्त्री दुवै प्रकारका पात्रहरू देखिन्छन् । होटलमा जुठा भाडा माझ्ने लल्लुका साथै कान्छा र भूमिहीनहरूका व्यथाका व्यतिरेकमा प्रहरी प्रशासन तथा सम्पत्तिवालहरूको साँठगाँठलाई प्रस्तुत गरिएको यस एकाङ्कीले भूमिहीन र भूमिपतिहरूबीचको द्वन्द्वात्मक सम्बन्धलाई उजागर गरेको छ ।

नेपालको वर्तमान राज्यसंरचना, भूमिसमस्या र फटाहाहरूद्वारा उठाइने साम्प्रदायिक विद्वेष आदि कुरालाई सचेत रूपमा बुझ्नका निम्ति नाटकको सर्सरी पाठ मात्र पनि प्रशस्त छ भने प्रदर्शनको सरलताले यसलाई अरू बढी जनप्रिय बनाएको छ । [२६६] प्रस्तुत नाटक के कुरामा अझ सफल छ भने किसान आन्दोलनको समस्या पूर्णतः वर्गीय समस्या भएकाले यसको अन्त्य तब मात्र

---

[२६४] दिल साहनी, 'पश्चिमाञ्चलका केही प्रगतिवादी नाटक', **यथार्थवादी नेपाली समालोचना**, पूर्ववत, पृष्ठ ४२१-४५८ ।

[२६५] ऐजन ।

[२६६] मोदनाथ प्रश्रित, **आमाको काखमा**, 'प्रकाशकीय', (वाराणसी : सूर्योदय प्रकाशन, २०३२), पृष्ठ छैन ।

गर्न सकिन्छ, जब किसान तथा शोषितपीडित वर्गहरू वर्गीय रूपमा सङ्गठित भएर आन्दोलनमा उत्रन्छन् । अन्यथा छिटफुट ससाना असङ्गठित सङ्घर्षले समस्याको छेउपुच्छर हल्लिँदैन । [२६७]

'आमाको काखमा' नाटकको अन्त्यमा सङ्गठित सुकुमवासी किसानहरूले जाली फटाहा र शोषकको रूपमा मात्र होइन, सुकुमवासी कस्ती बने कुरामा सक्रिय भूमिका खेलेका कान्छा र लल्लुलाई पाँच बर्ष जेल सजाय दिलाउनमा मुख्य भूमिका खेल्ने सभापति र प्रधानपञ्चलाई घेरा हाली समात्दछन् र बाँधेर जनसमूहको अगाडि खडा गर्दछन् । जनआक्रोश उनीहरूलाई भौतिक रूपले नै समाप्त पार्नेछ तर लेखकले यसलाई टिन ठटाएर गाउँ घुमाएपछि जनअदालतको फैसला कमोजिम सजाय दिने कुरालाई सीमित राख्दछन् । जनअदालतले अत्याचारी प्रधानपञ्च र सभापतिलाई जनआक्रोशले माग गरेअनुसार मृत्युदण्ड नै दिन्छ वा सामान्य कारवाही गरेर छाडिदिन्छ त्यसबारे आमाको काख मौन छ । [२६८]

'सपनाहरू उपहार देशलाई' मोदनाथ प्रश्रित र साथीहरूको सहलेखन हो । वि.सं. २०४९ मा पसिना, प्रकाशन काठमाडौंले प्रकाशित गरेको यस कृति प्रश्रितको बाईसौं पुस्तकाकार कृति र तेस्रो नाट्यकृति हो । यस नाटकका प्रमुख पात्रहरू हुन्-अर्जुन, अर्जुनका बाबु, अञ्चलाधीश, डी.एस.पी., हवल्दार, ५-७ प्रहरी, अर्जुनकी आमा, बहिनी सरिता, श्रीमती सङ्गीता, भाषण सुन्ने नरनारी जस्ता पुरुष र महिला पात्रहरू ।

नाटकले अर्जुनलाई अद्वितीय साहस, अतुलनीय दृढता र उच्च दर्जाको बलिदान र आफ्नो आस्थाप्रति सदैव अटल एकजना अनुकरणीय क्रान्तिकारी यसद्धाको रूपमा पेस गर्दछ । यसले मुलुकको एउटा क्रान्तिकारी सङ्घर्ष तथा महान् बलिदानीको परम्परालाई स्थापित गर्दछ । नाटकले मुलुकमा एउटा सम्झौताहीन क्रान्तिकारी धारलाई प्रतिनिधित्व गर्दछ । [२६९]

प्रजातन्त्रप्राप्तिको उत्कट इच्छा, नागरिक स्वतन्त्रता बहालीको आकाङ्क्षा र आर्थिक श्रीवृद्धिका सपनाहरू देख्दै आमूल परिवर्तनका लागि आह्वान गर्ने राजनीतिक कार्यकर्ताहरूको सहादत यस नाटकको प्रमुख विषय हो । त्यस्तो राजनीतिक कार्यकर्ताको भूमिका यस नाटकमा अर्जुनले निर्वाह गरेको छ र उसैले सहादत प्राप्त गरेको छ । सरल, सहज र सुवोध भाषाशैलीमा सशक्त वर्गीय द्वन्द्वको समायोजनका साथै प्रभावकारी मञ्चनपक्ष यस नाट्यरचनाको महत्त्वपूर्ण प्राप्ति हो । यस नाटक धेरै

---

[२६७] ऐजन ।

[२६८] ऐजन ।

[२६९] दिल साहनी, पश्चिमाञ्चलका केही प्रगतिवादी नाटक, '**यथार्थवादी नेपाली समालोचना**, पूर्ववत् ।

ठाउँमा मञ्चन गरिएको पनि हो । प्रश्रितले आफ्नो मार्क्सवादी चिन्तनलाई अभिव्यक्त गर्न यस नाटकमा पनि चुकेका छैनन् ।

'मन्त्रीजी' मोदनाथ प्रश्रितको हालसम्म प्रकाशित अन्तिम नाट्यकृति हो । यसलाई 'राजनीतिक लघुनाटक' भनिएको छ । वि.सं. २०५१ मा पसिना प्रकाशन, काठमाडौंले प्रकाशित गरेको यस नाटक प्रश्रितको तेईसौं पुस्तकाकार कृति हो ।

नातावाद, भ्रष्टाचार, कमिसनखोरीको त के कुरा विदेशीहरूको हैकम बढेर देशको अस्तित्व खतरामा पर्न थाल्यो । यसै समग्र वर्वादीको एउटा सानो हिस्सालाई लघुनाटकको रूपमा दिइएको छ ।[२७०] नाटकको प्रारम्भ झण्डैझण्डै प्रहसनको रूपमा धनीरामको अन्जुसितको अनैतिक सम्बन्ध, अवैध गर्भ, मन्त्रीको गर्भपतनमा जोर, अन्जुको घोाषित पत्नीको रूपमा रहने आग्रह, अन्जुकै सवाललाई लिएर कमलाको आफ्ना पतिसितको द्वन्द्व, अन्जु र कमलाबीच चर्को भनाभन आदिजस्ता विषयलाई प्रस्तुत गर्दै भएको छ भने त्यसको अन्त्य पनि मन्त्री निवासतिर बढिरहेको जुलुसबाट आतङ्कित भएका भारतीय र अमेरिकीको घर पछाडिबाट भागाभागका साथसाथै स्वयम् धनीरामको पनि आलमिरा र दराजमा थन्काएका नोटका बिटा र सुनका थैलाहरू बोक्दै कुलेलम ठोक्न खोजेको अवस्थाको उस्तै-उस्तै प्रहसनका दृश्यबाट नै ।[२७१]

'बुद्ध र चण्डाल युवती' (२०५७) मोदनाथ प्रश्रितको सानो गीतिनाटक हो । यसलाई हामी एक अर्थमा ऐतिहासिक नाटक पनि भन्न सक्दछौं । यसले बुद्धकालको स्थितिलाई इङ्गित गर्दछ । लेखककै शब्दमा यस गीतिनाटिका बुद्धको जीवन, दर्शन, आचरण र घटना मधेशको कुनै एउटा गाउँको हो । यस गीतिनाटिकाका पात्रपात्राहरू गौतम बुद्ध, चण्डाल युवती, एउटा धनाढ्य साहू, केही पदेर्नीहरू, केही बौद्ध भिक्षु, साहु, भरिया र भान्सेलाई बनाइएको छ । नाटिकाले केही दर्शकहरूको उपस्थिति पनि बताउँछ । नाटिकाले साहुको चण्डाल युवतीप्रतिको उपेक्षा र भेदभावपूर्ण व्यवहारका साथसाथै गौतम बुद्धको जातीय प्रेम र समानताको आचरणलाई प्रदर्शित गर्दछ । गौतम बुद्धको चण्डाल युवतीप्रतिको प्रेम र समानताको मानवीय व्यवहारले स्वयं साहुलाई पनि अन्ततः आकर्षित गर्दछ र ऊ पनि बुद्ध भिक्षु बन्न पुग्दछ ।

---

[२७०] मोदनाथ प्रश्रित, यथार्थको सानो अंश, **मन्त्रीजी**, (काठमाडौं : पसिना प्रकाशन,२०५१), पृष्ठ छैन ।

[२७१] दिल साहनी, पश्चिमाञ्चलका केही प्रगविादी नाटक, पूर्ववत् ।

बुद्धको आचरणले साहुमा आएको एकाएक परिवर्तन त्यति स्वाभाविक देखिँदैन । जेहोस्, यस नाटिकाले छुवाछुतको विरोध गर्दै मानिसले मानिसप्रति मानवीय व्यवहार गर्नुपर्ने प्रगतिशील विचारलाई अभिव्यक्त गर्दछ ।[२७२]

यस गीतिनाटक मोदनाथ प्रश्रितको ऐतिहासिक चेतनाको उपज हो । यसमा इतिहासलाई नेपाली मौलिक परिवेशमा प्रस्तुत गर्ने काम गरिएको छ । मान्छेको ज्यान गएको यथार्थप्रति नाटककारको चित्त दुःखेको छ ।

समग्रमा समाजिक राजनीतिक विषयवस्तु एवम् नेपाली पात्र, संवाद, भाषाशैली र मञ्चको प्रयोग गरेर नाटक लेख्ने मोदनाथ प्रश्रितको नाट्यकारिता पनि प्रगतिवादी साहित्यधाराको सम्वृद्धिकै एउटा कडी बन्न पुगेको छ । सबै प्रकारका विकृति र विसङ्गतिहरूको मूल जरो राजनीतिक भ्रष्टता र अन्धता नै हो भन्ने जीवनदर्शन प्रस्तुत गर्दै नेपाली निम्नवर्गीय पात्रहरू र उनीहरूकै समस्या र सुखदुःखको चित्रण गर्नु मोदनाथ प्रश्रितको नाट्यकारिताको प्रवृत्ति हो ।

४.१.५८.४. **उपन्यास**

मोदनाथ प्रश्रितले औपन्यासिक कृतिहरू पनि लेखेका छन् । उनका हालसम्म प्रकाशित उपन्यासहरू हुन्- 'देशभक्त लक्ष्मीबाई' (२०३३) र 'चोर' (२०४४) ।

'देशभक्त लक्ष्मीबाई' वि.सं. २०३३ मा सामना प्रकाशन, काठमाडौंद्वारा प्रकाशित मोदनाथ प्रश्रितको दसौं प्रकाशित पुस्तकाकार कृति हुनुका साथै पहिलो औपन्यासिक कृति पनि हो । यस एक ऐतिहासिक उपन्यास हो । भौतिक विलासितालाई त्यागेर देशभक्तिपूर्ण युद्धको नेतृत्वपङ्क्तिमै रही सङ्घर्ष गर्ने एक जुझारु भारतवर्षीय नारीपात्रको कथालाई प्रस्तुत गर्नु यस उपन्यासको उद्देश्य हो ।

वास्तवमा लक्ष्मीबाईको बलिदानपूर्ण एवम् सङ्घर्षपूर्ण जीवनलाई विषयवस्तु बनाएर अनेक भाषामा विभिन्न विधामा साहित्यिक कृतिहरू लेखिएका छन् । मोदनाथ प्रश्रितको यस उपन्यास भने इतिहास बढी र उपन्यास कम हुन पुगेको छ । औपन्यासिकतालाई ऐतिहासिक विवरणहरूले थिचेका छन् । विशेष गरी नारीमुक्तिका लागि नेपाली नारीहरूलाई आन्दोलित हुन आह्वान गर्नु प्रश्रितको यस उपन्यासको प्रमुख प्रतिपाद्य विषय हो । भारतीय स्वतन्त्रता सङ्ग्रामकी शिखर महिला नेतृ झाँसीकी रानीको अर्को नाम नै लक्ष्मीबाई हो । झाँसीकी रानीलाई विषयवस्तु बनाएर प्रकाशित हिन्दी उपन्यासबाट प्रभावित देखिने प्रश्रितको यस उपन्यासमा प्रशस्त नेपालीपनको सम्मिश्रण देखिन्छ । यसमा झाँसीकी रानीका बारे केही नयाँ प्रसङ्गहरू थपिएका पनि छन् ।

[२७२] ऐजन ।

'चोर' मोदनाथ प्रश्रितको सत्रौं प्रकाशित पुस्तकाकार कृति हो । वि.सं. २०४४ मा ज्योति प्रकाशन, दाङद्वारा प्रकाशित एवम् १५ परिच्छेदहरूमा संरचित यस उपन्यासको प्रमुख नायकपात्र किस्ने हो । आमाले काम गर्दा पनि ज्याला नपाएपछि विरामी परेकी आमाको उपचारका निम्ति बालक किस्नेले धाराको टुटी र गिलास चोर्छ । 'चोर' अभियोग लगाएर उसलाई जेलमा पुऱ्याइन्छ । किस्नेले प्रशासनका उच्च ओहोदामा बस्नेहरूका कर्तुतहरूको पोल खोल्छ तर उसको कुरा कसैले सुन्दैनन् । प्रशासनकहरूका काला कर्तुतहरूबारे धैरै कुरा बुझेको हुनाले बालक किस्नेलाई ठूला अपराधीहरूकै बराबरको सजाय दिइन्छ । यस नाटकले किस्नेका माध्यमबाट नेपाली समाजको दुरावस्था, तत्कालीन राजनीतिका घृणित प्रपञ्चहरू र प्रपञ्चकर्ताहरूको मनोविज्ञानलाई सूक्ष्म ढङ्गले अध्ययन गरेको छ ।

गरिब परिवारको बालक भएकै कारण कानुनले तोकेभन्दा बढी र जोखिमपूर्ण यातनापूर्ण सजाय भोग्न विवश भएको किस्नेको कथा यस 'चोर' उपन्यासमा निकै मार्मिक भएर आएको छ । तत्कालीन व्यवस्थाका मतियार र प्रहरी प्रशासनले शोषण, दमन र अत्याचार गर्न कतिसम्मको क्रूरता र निर्दयतालाई प्रदर्शन गर्थे र कानुनको खिल्ली उडाउँथे भन्ने यथार्थलाई पात्रसंयोजनको प्रतीकात्मक शैलीद्वारा प्रकट गर्नु यस उपन्यासको उद्देश्य हो । किस्नेलाई प्रयोग गरेर उपन्यासकारले सम्पूर्ण राज्यसंरचनामाथि नै व्यङ्ग्य प्रहार गरेका छन् । किस्नेलाई अपराधी घोषित गर्ने राज्य आफैले आफ्नो कानुनको सम्मान नगरेको देखाएर मोदनाथ प्रश्रितको बालउपन्यास 'चोर' ले वास्तवमा नानीहरूलाई भन्दा पनि साहित्यका युवा पाठकहरूलाई आफ्नो प्रगतिवादी स्वर सुनाउन चाहेको छ ।

किस्नेकै बोलीमा ज्यादै लोभिएकाले अर्को शैली अपनाइएन भन्ने धारणा प्रश्रितको छ ।[२७३] किस्ने बनेपाको केटो भए तापनि पश्चिमको लवजमा बोलाएका छन् । सबै कथा किस्नेकै मुखबाट भनाएका हुँदा शैली पट्यारलाग्दो सपाट हुन गएको छ ।

मोदनाथ प्रश्रितको उपन्यासकारितालाई समग्रमा हेर्दा उनले अलगअलग विषयवस्तुगत पृष्ठभूमिमा दुईवटा उपन्यास लेखे । ऐतिहासिक र बालमनोसामाजिक गरी प्रश्रितका दुईवटा विषयवस्तुका उपन्यासहरू प्रकाशनमा आएका छन् र तिनले उपन्यासकारको प्रगतिवादी नेपाली साहित्य धाराप्रतिको अनवरुद्ध चाखलाई प्रमाणित गर्नुका साथै औपन्यासिक कृतिलेखनमा पनि उनी सिद्धहस्त भएको देखाएका छन् ।

### ४.१.५८..५. **संस्मरण**

मोदनाथ प्रश्रितको गद्यलेखनमा चलेको कलमले संस्मरणात्मक कृतिहरू पनि जन्माएको छ । उनका संस्मरण-कृतिहरू पनि प्रगतिवादीधाराकै यात्राका सम्वाहक बनेका छन् ।

---

[२७३] मोदनाथ प्रश्रित, '**उपन्यासबारे**', चोर (दाङ् : ज्योति प्रकाशन, २०४४), पृष्ठ छैन ।

'अतीतका पाइलाहरू' प्रश्रितको चौधौं प्रकाशित कृति हो । वि.सं. २०४३ मा पसिना प्रकाशन काठमाडौंले छापेको यस संस्मरणात्मक कृतिमा रहेका २६ वटा संस्मरणहरूमध्ये मुख्य हुन्- 'विर्ताका रैतीहरू', 'हरिहर संस्कृत पाठशाला', 'गणेशको चोरी चोरीको श्रीगणेश', 'इन्कलाब जिन्दावाद', 'देउताको पुरस्कार', 'मुखमा ज्योति झल्किने राजा' आदि । यी निबन्धहरूले तत्कालीन मनोसामाजिक परम्परा, नेपाली नागरिकहरूको मानसिकता, नेपाली घरआँगनका पीरमर्काहरू, सोचविचारहरू र काम गराइलाई जीवनन्त रूपले प्रतिबिम्बित गरेका छन् । संस्मरण लेखकले बाल्यकालीन समयमा जन्मभूमि अर्घाखाँचीको खिदिममा भोगेका, देखेका, सुनेका घटनाहरूको सरल र रोचक पाराले वर्णन गर्दै कृतिकारको शैशवकालीन वातावरण, प्रकृतिप्रतिको उनको मोह र प्रगतिको चाहनालाई वर्णनात्मकता दिएका छन् । यति मात्र होइन, राणाशाहीको समयमा विद्यमान विर्ता प्रथा, छुवाछुत, पाठशाला र गुरुहरू, तत्कालीन दास मनोवृत्ति, राजारजौटाको बद्मासी, राजामहाराजा र विर्तावालहरूको पराजय, विभिन्न व्यक्तिसँगका सम्पर्क-सम्बन्धहरू, अनुभवजन्य अनुभूतिहरू आदिलाई पनि यस संस्मरण-कृतिले विषयवस्तु बनाएको देखिन्छ । वर्णनात्मक भएर पनि रचनाकारको कवि-व्यक्तित्व प्रतिबिम्बित हुनु यस कृतिको महत्त्वपूर्ण पक्ष हो ।

### ४.१.५८..६. **समालोचना**

मोदनाथ प्रश्रितका समालोचनाहरू बेलाबेलामा पत्रपत्रिकाहरूमा प्रकाशित हुँदै आइरहेका छन् भने उनले विभिन्न कवितासङ्ग्रह र अन्य कृतिहरूमा लेखेका भूमिका र मन्तव्यहरूले पनि उनको समालोचक व्यक्तित्वलाई चिनाउँछ । प्रश्रितको 'वैचारिक विकासको सन्दर्भमा लक्ष्मीप्रसाद देवकोटा' समालोचनात्मक कृति हो । वि.सं. २०३५ मा पहिलो पटक प्रकाशित यस कृतिको तेस्रो संस्करण गुनिलो प्रकाशनले छापेको हो । यस कृतिले पनि प्रश्रितका अन्य कृतिहरूमा झैं प्रगतिवादी साहित्यधारालाई नै मलजल गरेको छ ।

'दन्त्यकथाका देवकोटा', 'सामान्ती पुनरुत्थानवादी देवकोटा', 'पुँजीवादी प्रजातान्त्रिक देवकोटा' लगायत पाँचवटा मूलशीर्षकमा समायोजित यस कृतिमा देवकोटाका साहित्ययात्राका मोडहरूलाई चरणवद्ध गरिएको छ । देवकोटाका विषयमा व्यक्त गरिएका त्यसअघिका समालोचनात्मक धारणाहरूको खण्डन गर्दै यस कृतिमा प्रश्रितले देवकोटाका कृतिहरूको भन्दा पनि उनको वैचारिक धरातलको विश्लेषण गरेका छन् ।

युगीन राजनीतिक एकतन्त्री शासनकालमा सामन्ती पुनरुत्थानवादी प्रवृत्ति भएका देवकोटामा राजनीतिक परिवर्तनको पृष्ठभूमिसँगै पुँजीवादी प्रवृत्ति विकसित भएको विचार प्रश्रितले

व्यक्त गरेका छन् ।[२७४] देवकोटा समयसमयमा वस्तुगत दार्शनिक चिन्तनको नजिक पुगे, तर त्यसको गहिराइमा गएर त्यसैलाई जीवनदर्शन बनाई जीवन र जगतलाई वस्तुगत नियमको आधारमा आफैले गहिरोसित बुझ्न र व्याख्या गर्न सकेनन् । देवकोटाले घटनाक्रमलाई आफ्ना चिन्तनको धागोमा क्रमवद्ध उनेर एउटै मालाको रूप दिन सकेनन् । उनको दार्शनिक पकड सधैं हल्का र छिपछिपे नै रह्यो ।[२७५]

नेपाली साहित्यका सबै विधामा कलम चलाएका मोदनाथ प्रश्रित मूलतः बुटवलको साहित्ययात्रालाई प्रभावित गर्ने उल्लेख्य प्रतिभा हुन् । उनको राजनीतिक र साहित्यिक जीवनमा बुटवलको ठूलो स्थान रहेको देखिन्छ । उनले लेखेको महाकाव्य 'मानव' मा त पूरै बुटवलकै परिवेश, पात्र र कथावस्तु रहेको देखिन्छ । सुरुमा यथार्थवादी साहित्यधारालाई अँगालेका प्रश्रित पछि प्रगतिवादी साहित्यधाराबाट प्रभावित हुन्छन् र त्यस प्रभाव आजीवन कायम रहन्छ । उनका प्रबन्धमा जीवशास्त्र र मानवशास्त्रलाई विषयवस्तु बनाइएको देखिन्छ भने उनले संस्मरणहरू पनि लेखेको देखिन्छ । नाटक, एकाङ्की, उपन्यास आदि विधामा पनि प्रश्रितको कलम चलेकै छ । प्रश्रित मूलतः कवि हुन् र **मानव** महाकाव्य उनको साहित्ययात्राको पहिलो र अन्तिम उल्लेखनीय प्राप्ति हो ।

### ४.१.५९. **यानेन्द्र विवश**

यानेन्द्र विवशको पूरा नाम यानेन्द्र जी.सी. हो । उनको जन्म वि.सं. २०३४ मा पिता सुन्दरबहादुर जी.सी. र माता गायत्रीदेवी जी.सी. का कोखबाट प्युठानको ओखरकोटमा भएको हो ।[२७६] वि.सं. २०५१ देखि बुटवलमा बसोबास गर्दै आएका यानेन्द्र विवशले सोही मा 'जन्मनेछन् पङ्कजहरू' शीर्षकको कविता स्थानीय पत्रिकामा प्रकाशित गरेर साहित्ययात्राको आरम्भ गरेका हुन् । हाल दैनिक लुम्बिनीको सहसम्पादकका रूपमा कार्यरत यानेन्द्र विवशका थुप्रै फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा छापिएका छन् । उनका कविताहरूमा नेपाली समाजले भोगेका पीडाहरू, निम्नवर्गीय नेपालीहरूका समस्या र सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा देखापरेका विकृति र विसङ्गति आदिका बारेमा प्रकाश पार्दै समाज सुधारका लागि सन्देश दिएको पाइन्छ ।

### ४.१.६०. **युवराज कँडेल**

---

[२७४] केदारनाथ रिमाल, **मोदनाथ प्रश्रितको निबन्धकारिता**, पूर्ववत्, पृष्ठ ९५ ।

[२७५] मोदनाथ प्रश्रित, **वैचारिक विकासको सन्दर्भमा लक्ष्मीप्रसाद देवकोटा**, तेस्रो सं., (काठमाडौं : गुनिलो प्रकाशन, २०४७), पृष्ठ ८२ ।

[२७६] यानेन्द्र विवशले दैनिक लुम्बिनीको कार्यालय बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

युवराज कँडेलको जन्म वि.सं. २०३२ मा रूपन्देही जिल्लामा भएको हो ।[२७७] त्रि.वि. बाट जनसङ्ख्या विषयमा स्नातकोत्तरसम्मको अध्ययन पूरा गरेका कँडेलले वि.सं. २०५४ मा 'दैनिक जनसङ्घर्ष पत्रिकामा 'सानी नानी' कविता प्रकाशित गरी साहित्ययात्राको थालनी गरेका हुन् । हाल उनी बुटवलको श्री कालिका मा.वि. मा शिक्षण गर्दछन् । उनका 'सम्झौता' र 'साहसिनी' उपन्यास सोही पत्रिकामा धारावाहिक रूपमा प्रकाशित भयोकेका छन् । सामाजिक विसङ्गति र समसामयिक परिस्थितिको चित्रण आफ्ना रचनामा गर्ने युवराज कँडेलका कविता, कथा, गीत, गजल र वातावरण तथा जनसङ्ख्यासँग सम्बन्धित लेखरचनाहरू स्थानीय पत्रपत्रिकाहरूमा प्रकाशित देखिन्छन् । 'उत्कृष्ट वातावरण पत्रकारिता पुरस्कार २०५८, 'उत्कृष्ट लेखन पुस्कार २०५७', 'लेखक सम्मान २०५८' बाट पुरस्कृत र सम्मानित भएका कँडेल बुटवलको साहित्ययात्रामा यात्रारत प्रतिभा हुन् ।

### ४.१.६१. **रमा प्रभात**

रमा प्रभातको पूरा नाम रमा पौडेल हो । उनको जन्म वि.सं. २०४३  असोज ७ गते पिता डासुराम पौडेल र माता तुलसा पौडेलका कोखबाट अर्घाखाँची जिल्लाको अङ्गुरी-४ शिखरडाँडामा भएको हो । वि.सं. २०६२ देखि अस्थायी रूपमा बुटवलमा बसोबास गर्ने रमा प्रभातले 'मेरो गाउँ' शीर्षकको कविता लेखेर साहित्यक्षेत्रमा प्रवेश गरेकी हुन् भने उनी अहिले 'साहित्य साधना समूह ( बु.व.क्या)' सँग सम्वद्ध छिन् । विद्यालय जीवनमा प्रा.वि. स्तरीय कविता प्रतियसगितमा द्वितीय भएकी रमा प्रभात सांस्कृतिक परिवर्तनका लागि साहित्य लेख्ने गरेको बताउँछिन । बुटवलमा हुने साहित्यिक कार्यक्रमहरूमा उनको नियमित उपस्थिति देखिन्छ ।

### ४.१.६२. **रमेश हरिलट्ठक**

रमेश हरिलट्ठकको जन्मा वि.सं. २०३७ मा पिता भीमलाल सापकोटा र माता जयन्ती सापकोटाका कोखबाट भारतको मेघालयमा भएको हो ।[२७८] स्थायी बसोबास नवलपरासीको दुम्कीवासमा भए पनि बुटवलका साहित्यिक कार्यक्रमहरूमा नियमित उपस्थित हुने यी प्रतिभा असमयमै वि.सं. २०६२ मा दिवङ्गत हुन पुगेका हुन् । 'गजल सागर नेपाल रूपन्देहीका अध्यक्ष, 'दाउन्ने साहित्यिक तथा सांस्कृतिक समूह नवलपरासी' का अध्यक्ष, 'बाहुली' साहित्यिक पत्रिकाका सम्पादक (२०५५-२०५८) र 'गजलसागर' त्रैमासिकको सम्पादक रहेका रमेश हरिलट्ठक 'गरिबका गीतहरू' शीर्षकको कविता 'पारदर्शी साप्ताहिक' मा प्रकाशित गरी साहित्ययात्राको आरम्भ गरेका

---

[२७७] युवराज कँडेलले कालिका मा.वि. बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार,

[२७८] रमेश हरिलट्ठकका भाइले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

हुन् । यिनलाई 'काँचुली साहित्य परिवार पाल्पा' ले 'काँचुलीसम्मान (२०५६)' द्वारा सम्मानित समेत गरेको हो । छोटो जीवनकालमा नै चारवटा साहित्यकृति प्रकाशित गर्ने हरिलट्टकका त्यस्ता कृतिहरू हुन् -

१. कुकरलाई घ्यू (व्यङ्ग्यसङ्ग्रह २०५७)
२. दबाइएका स्वरहरू (गजलसङ्ग्रह २०५७)
३. शब्दक्रान्ति (कवितासङ्ग्रह २०५७)
४. दश गजल (अङ्ग्रेजी गजलसङ्ग्रह ...)

### ४.१.६३. **रामकृष्ण भण्डारी**

रामकृष्ण भण्डारीको जन्म वि.सं. २०३५ मा पिता टीका राम भण्डारी र माता कमला भण्डारीका कोखबाट गुल्मी जिल्लाको हुँगा गाविस-३ तल्लाडोल्मीमा भएको हो ।[२७९] वि.सं. २०५२ देखि बुटवलको सुख्खानगर-१० मा स्थायी बसोबास गर्न थालेका भण्डारीले 'दसैं' शीर्षकको कविता प्रकाशित गरी साहित्यक्षेत्रमा प्रवेश गरेका हुन् । हाल मेचीकाली दैनिकको सहसम्पादकका रूपमा कार्यरत भण्डारी विकृति र विसङ्गतिको विरोध गर्ने तथा प्रगतिशील विचार उजागर गर्ने उद्देश्यले साहित्य लेख्ने गरेको बताउँछन् । वि.सं. २०५९ मा रेयुकाई नेपाल बुटवलद्वारा आयोजित खुल्ला कविता प्रतियोगितामा द्वितीय र २०६० मा आयोजित कविता प्रतियोगितामा तृतीय भएका रामकृष्ण भण्डारीका कविताहरूमा हिंसा, अशान्ति, भ्रष्टाचार, शोषण आदिप्रति रोष प्रकट गरिएको पाइन्छ ।

### ४.१.६४. **रामचन्द्र प्रेणित**

रामचन्द्र प्रेणितको पूरा नाम रामचन्द्र श्रेष्ठ हो । उनको जन्म वि.सं. २०४५ कार्तिक २ गते पिता माधव श्रेष्ठ र माता कमला श्रेष्ठका कोखबाट भारतको लखनउमा भएको हो ।[२८०] वि.सं. २०६० देखि बुटवलको मिलनचोकमा बसोबास गर्दै आएका रामचन्द्र प्रेणितले **दैनिक लुम्बिनी** पत्रिकामा 'म र वेश्या' शीर्षकको कविता प्रकाशित गरी औपचारिक रूपमा साहित्ययात्रा प्रारम्भ गरेका हुन् । हाल दश जोड दुईमा अध्ययनरत रामचन्द्र प्रेणित केही साहित्यगोष्ठीहरूमा पुरस्कृत भएका छन् । उनका रचनाहरू 'शब्ददीप', 'दैनिक लुम्बिनी' तथा अन्य विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् भने उनले विभिन्न साहित्यगोष्ठीहरूमा रचना वाचन गर्दै आइरहेका छन् । सांस्कृतिक रूपान्तरण र मान्छेको जिउने रहरको स्थापनालाई साहित्य लेखनको उद्देश्य बताउने रामचन्द्र प्रेणितका कविताहरूमा राष्ट्रिय घटना तथा परिस्थितिका साथै नेपाली समाजको चित्रण भएको पाइन्छ ।

---

[२७९] रामकृष्ण भण्डारीले माघ १० गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[२८०] रामचन्द्र प्रेणितले माघ ८ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

### ४.१.६५. **रामचन्द्र भट्टराई**

रामचन्द्र भट्टराईको जन्म वि.सं. १९९८ आश्विन ५ गते पिता विष्णुप्रसाद भट्टराईका कोखबाट पाल्पा जिल्लाको भुवनपोखरी गाविस-९ गोखुङ्गा झिखासमा भएको हो । [२८१]

उनले प्राथमिक शिक्षा घरमै पुरोहित पण्डितबाट लिएका हुन् । हरिहर पाठशाला खिदिममा अपूरो लघुकौमुदीको अध्ययन गरेका भट्टराईले हरिद्वारको बस्तीराम विद्यालयबाट प्रथमा, उदासीन विद्यालयबाट पूर्वमध्यमा, भोलागिरी विद्यालयबाट व्याकरणमा उत्तरमध्यमा र गोरखनाथ विद्यापीठ गोरखपुरबाट शास्त्रीको अध्ययन पूरा गरेका छन् । [२८२] वि.सं. २०२७ देखि वामपन्थी राजनीति सुरु गरेका भट्टराई वि.सं. २०३४ देखि तत्कालीन मालेमा संलग्न भएका हुन् भने हाल उनी नेकपा एमाले केन्द्रीय सल्लाहकार र राष्ट्रियसभाका सदस्य छन् । जनसांस्कृतिक मञ्चका महासचिव, 'सुस्केरा' त्रैमासिक पत्रिकाका सम्पादक तथा प्रकाशक (२०२७-२०९९), 'समालोचना' (२०३९) पत्रिकाका सम्पादक रहेका भट्टराई वि.सं. २०४४ देखि स्थायी रूपमा बुटवलमा बस्न थालेका हुन् ।[२८३] त्यसअघि स्थायी रूपमा बुटवलमा नरहे पनि परिवार बुटवलमै थियो । राजनीतिक सिलसिलामा अन्यत्र जानुपर्दा उनका धेरै कृतिहरू पनि अन्यत्र नै लेखिएका छन् भने वि.सं. २०४४ पछिका कतिपय रचनाहरू बुटवलमा लेखिएका हुन् । त्यसो त अन्य धेरैजसो स्रष्टाहरूले पनि सबै कृतिहरू बुटवलमा बसेर लेखेका होइनन् ।

आफ्नो कलामान्यता व्यक्त गर्दै रामचन्द्र भट्टराई भन्छन्- "मार्क्सवादी सौन्दर्यशास्त्रीय कलामान्यतामा आधारित भएर लेख्छु । प्रगतिवाद मेरो रुचिको विषय हो ।"[२८४] काठमाडौंको टुँडिखेल र डेरामा बसेर समेत कविता लेखेको बताउने रामचन्द्र भट्टराईले वि.सं. २०१९ मा 'कालिगण्डकी' पत्रिकामा 'भाँचेको तामा' शीर्षकको कविता प्रकाशित गरी साहित्ययात्रा सुरु गरेका हुन् । संस्कृत साहित्यका कालिदास र भारविका काव्यकृतिहरू पढेपछि कवितातिर आकृष्ट भएका भट्टराईका कविताहरू 'श्रीनगर', 'आवाज', 'सुस्केरा', 'झिसमिसे', 'मादल', 'दैनिक निर्णय', 'समालोचना', 'युगधारा', 'दैनिक लुम्बिनी' लगायतका पत्रपत्रिकाहरूमा प्रकाशित छन् । रामचन्द्र भट्टराईका हालसम्म प्रकाशित कृति हन् ।

---

[२८१] रामचन्द्र भट्टराईले चिडियाखोला बुटवलमा दिएको जनकारी अनुसार ।

[२८२] ऐजन ।

[२८३] ऐजन ।

[२८४] ऐजन ।

१.	बोई (गीतिकाव्य २०३३)

२.	हलो (कवितासङ्ग्रह २०३७)

३.	हृदयका फूलहरू (कवितासङ्ग्रह २०४६)

४.	झिङ्गे माछो (कवितासङ्ग्रह २०४७)

५.	सुखानीको रगत (गीतिसङ्ग्रह २०४९)

६.	आगोका फूलहरू (कवितासङ्ग्रह २०६१)

७.	लोकतन्त्रको शङ्खनाद (संयुक्त कवितासङ्ग्रह २०६२)

'बोई' गीतिकाव्य कवि रामचन्द्र भट्टराईको पहिलो प्रकाशित पुस्तकाकार कृति हो । वि.सं. २०३३ मा बनारसबाट पहिलो संस्करण छापिएको यस कृतिको दोस्रो संस्करण वि.सं. २०४७ मा लुम्बिनी प्रकाशन पुतलीसडक काठमाडौंले छापेको हो ।

उन्नाईस सुस्केराहरूमा संरचित यस गीतिकाव्य स्वर्गीय साथी एकदेव आलेको सम्झनामा लेखिएको हो ।

'बोई' (गीतिकाव्य) ले कथानाक, पात्र-पात्रा, भाषा-शैली, छन्द-लय, विषय-वस्तु आदि सबै दृष्टिले जनताको पक्षलाई अँगालेको छ । काव्यले नेपालको वर्तमान ऐतिहासिक स्थितिलाई काव्यभित्रको पात्र 'मान्छे' द्वारा प्रष्ट्याउँछ ।[२८५] नेपालमा औपनिवेशिक शक्ति र सामन्ती व्यवस्थाले जनताको सर्वस्व खोसी स्वास्नीछोराछोरीसम्म जोगाउन मुस्किल परेको कुरा काव्यको एक पात्र जम्दार (भूतपूर्व सैनिक) बाट छर्लङ्गिन्छ ।[२८६] अनि त्यस्तो शोषणका सामु न्याय-व्यवस्था कस्तो छ ? त्यसबारे काव्य भन्दछ

इन्साफको अखाडा या हो कसाइखाना

के खौर्नलाई बन्छन् कानुनका ती पाना ?[२८७] (नवौं सुस्केरा)

बोई (गीति काव्य) भित्रका हले, आले, गोरे र गोली जस्ता गरिब-गुरुवा र तिनको सम्पूर्ण मुक्तिका निम्ति हिँड्ने क्रान्तिकारीहरूको सङ्घर्ष टुङ्गिएको छैन, बरु झन् बढी वैज्ञानिक रणनीति र कार्यनीति तय गरी भोडेहरूका विरुद्ध सशक्त निर्णायक सङ्घर्ष छेड्नुपर्ने आवश्यकता छ ।[२८८]

---

[२८५] मोदनाथ प्रश्रित, जनपक्षको लेखनमा 'बोई' गीति काव्य, **बोई**, (काठमाडौं, लुम्बिनी प्रकाशन, २०४७), पृष्ठ ङ ।

[२८६] ऐजन ।

[२८७] रामचन्द्र भट्टराई, **बोई**, दो.सं. (काठमाडौं : लुम्बिनी प्रकाशन, २०४७), पृष्ठ ७४।

[२८८] रामचन्द्र भट्टराई, **दोस्रो संस्करणबारे, 'बोई'** (गीतिकाव्य), पूर्ववत, पृष्ठ ज-झ ।

गीतिलयमा लेखिएका कारणले यस काव्यलाई गीतिकाव्य भनिएको देखिन्छ । प्रगतिवादी धाराको सशक्त कविताकृतिका रूपमा देखिएको यस गीतिकवितामा उपमा, उत्प्रेक्षा, रूपक जस्ता अर्थालङ्कारको प्रयोग देखिन्छ ।

समग्रमा सरल सहज भाषाशैली, स्थानीय काव्य भाषिका एवम् नेपाली झर्रा शब्दहरूको प्रयोगाधिक्य, जनजिब्राको प्रचलित भाषा र लयको प्रयोगका कारण यस गीतिकाव्य आभिजात्यवादी महाकाव्य-मान्यताबाट अलग्ग रहेको सर्वहारावादी महाकाव्य बन्न पुगेको देखिन्छ ।

'हलो' कवितासङ्ग्रह कवि रामचन्द्र भट्टराईको दोस्रो प्रकाशित पुस्तकाकार कृति हो । जम्मा ४७ वटा कविताहरू सङ्गृहीत यस कवितासङ्ग्रहमा 'हलो', 'तिमी', 'सहिद', 'चल्ला र चील', 'काली', 'कविता लेख्छु', 'गीत गाउँछु', 'एउटा गीत', 'सारङ्गी सब रोइरहेछन्', 'झुपडीकी नारी', 'मेरो देशको खबर', लगायतका कविताहरू छन् । चारवटा गीतकविता र उन्नाइसवटा मुक्तकहरू सङ्कलित यस कृति वि.सं. २०३९ मा निर्णय प्रकाशन सिद्धार्थनगरले प्रकाशित गरेको हो ।

कविका संवेदनशील अनुभूतिको खरो अभिव्यञ्जनाद्वारा स्वदेशका वीर सहिदहरूको स्मरण गर्नु, सत्रुको गोली लागी ढल्ने मुक्ताकाङ्क्षी सहिदहरूका वीरतापूर्ण विगतबाट चेतनशील समाजले प्रेरणा, साहस र शक्ति प्राप्त गर्दै उनीहरूका सपनाहरूलाई साकार पार्नेछ भनी दृढता प्रकट गर्नु, जहाँ शोषण हुन्छ, त्यहाँ विद्रोह हुन्छ भन्दै सर्वहारावर्गीय मुक्तिका लागि आह्वान गर्नु, साम्राज्यवादी र विस्तारवादी चीलहरूका विपक्षमा चल्लाहरूको विद्रोही स्वर उराल्नु एवम् प्रभुत्ववादसँग सचेत रहन सजग गराउनुजस्ता प्रगतिवादी प्रवृत्तिहरू रामचन्द्र भट्टराईको 'हलो' कवितासङ्ग्रहका कविताभित्र पाइन्छन् ।

वर्गसापेक्ष मानवतावादमा आस्था राख्ने कवि आफ्ना गीतिकविताको लहरमा पर्ने कवितामा पनि भोका , नाङ्गा र सर्वहारावर्गको पक्षमा निर्धक्क कुर्लेका छन् । [२८९] यस सङ्ग्रहमा सङ्कलित केही मुक्तकहरू सामाजिक अन्यायप्रतिको तीक्ष्ण व्यङ्ग्य र विद्रोहात्मक प्रखरताले गर्दा सशक्त एवम् प्रभावकारी बनेका छन् । [२९०] यस सङ्ग्रहमा रहेका पद्य कवितामा कविका सम्वेदनशील अनुभूतिहरू अनियन्त्रित प्रवाहका रूपमा उर्लेका छन् भने केही मुक्तकहरूमा कविले श्रमजीवीहरूको मौलिक अधिकारको पक्षमा आवाज उरालेका छन् । [२९१]

---

[२८९] ऐजन, पृष्ठ २०९ ।

[२९०] ऐजन, पृष्ठ २६१ ।

[२९१] ऐजन, पृष्ठ २६१-२६२ ।

यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा रागात्मक सम्वेद्यता र तीव्रतालाई धनीभूत तुल्याउने कार्य  शब्दालङ्कार, अर्थालङ्कार, सरल सुबोध भाषाशैली, पश्चिम नेपालको भाषिका, थेगो आदिद्वारा अभिव्यञ्जित स्वाभाविकता-विश्वसनीयता आदि कवितात्मक उपकरणहरूले एकातिर गरेका छन् भने अर्कातिर प्रगतिवादी साहित्य मान्यताको प्रभाव-प्रयोग र काव्यात्मक अनुभूतिले पनि त्यसमा कम महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छैनन् ।

"हृदयका फूलहरू" कवितासङ्ग्रह कवि रामचन्द्र भट्टराईको तेस्रो प्रकाशित पुस्तकाकार कृति हो । 'कवि', 'आँधी झैं हुन्हुनाउँछु', 'वेश्या', 'नदी', 'बन्दी', मान्छे', 'सहिद', 'किसान', 'दूध', 'विदेशिएको देश', 'काली' आदि चौवीसवटा कविताहरू सङ्गृहीत यस सङ्ग्रहका कविताहरूले सामाजिक कलङ्कको रूपमा रहेको वेश्यावृत्ति गर्न बाध्य र विवश पारिएका नारीहरूलाई पुरुषप्रधान समाजद्वारा दिइएको पीडा, पञ्चायती शासन व्यवस्थाले मान्छेको चेतनालाई बन्दी बनाउन नसकेपछि राजनीतिक आस्था राख्नेहरूलाई बन्दी जीवन बिताउन विवश तुल्याएको प्रसङ्ग, सामान्तवाद र नोकरशाही दलाल पुँजीवादद्वारा राष्ट्र र सार्वभौमसत्तामाथि गरिएको दुर्व्यवहारका कारण उत्पन्न विदेशिन बाध्य हुनुपर्ने यथार्थ आमूल परिवर्तनका लागि सङ्घर्ष गर्ने सहिदहरूप्रतिको श्रद्धा, नेपाली किसानहरूको अवस्था, पुराना भ्रम र अन्धविश्वासहरूका कारण नयाँ पुस्ताले खेप्नुपरेको समस्या, युद्ध र अशान्तिका कारण खोक्रो भएको शान्ति, सृजना र प्रगति आदिलाई विषयवस्तु बनाएका छन् ।

अनुष्टुप छन्दका एक्काईसवटा, शार्दूलविक्रीडित छन्दका दुईवटा र मन्दाक्रान्ता छन्दको एउटा कविता रहेको यस सङ्ग्रहका कविताहरूलाई कविले वर्णमात्रिक शास्त्रीय छन्दभित्र आदि, मध्य र अन्त्यानुप्रास शब्दालङ्कारको आयोजनाद्वारा लयात्मकता प्रदान गर्नाका साथै बम, चुहुने झुपडी, बुद्धको झोली, वेश्या, दूध, आँधी, नदीजस्ता बिम्बहरू, उपमा, रूपक , उत्प्रेक्षा, सन्देह आदि अर्थालङ्कार र कतैकतै स्थानीय भाषिकाको भाषाशैलीगत प्रयोग समेत गरेका छन् ।

सुपाठ्यता र सरलता उनका शैलीगत विशेषता हुन् । अधिकांश कवितामा मन्मयता वा आत्मपरकता भएकाले प्रभावकारिता बढेको छ ।[२९२] वि.सं. २०४६ मा लहर प्रकाशनले प्रकाशन गरेको यस कवितासङ्ग्रह रामचन्द्र भट्टराईको काव्यगत परिष्कारको उत्कर्ष हो ।

'झिँगे माछो' कवितासङ्ग्रह कवि रामचन्द्र भट्टराईको चौथो पुस्तकाकार कृति हो । 'फूल', 'छविलाल राजवंशी', 'राष्ट्र', 'झिँगे माछो', 'जितूँ या हार खाऊँ म' लगायतका पन्ध्रवटा फुटकर

---

[२९२] कपिल लामिछाने, 'प्रगतिवादी कथ्य र शिल्पका सन्दर्भमा हृदयका फूलहरू', **नेपाली साहित्यको सेरोफेरो** (काठमाडौं : २०५८), पृष्ठ ८३-८६ ।

कविताहरू सङ्गृहीत यस कवितासङ्ग्रहको एउटा कविता झ्याउरे, बाह्रवटा अनुष्टुप र तीनवटा इन्द्रवज्रा छन्दमा संरचित देखिन्छन् ।

कविले नेपाली क्रान्तिका लागि जुनसुकै शक्ति सक्रिय रहे पनि त्यस लडाई सर्वहारा वर्गका हितमा हुनुपर्छ भन्ने आशय व्यक्त गरेका छन् ।[२९३] वि.सं. २०४७ मा पैरवी प्रकाशन काठमाडौंले छापेको यस सङ्ग्रहका 'फूल', 'छविलाल राजवंशी' र 'राष्ट्र' शीर्षकका कविताबाहेक अन्य सबै कविताहरू २०४७ मा लेखिएका हुने भने उपर्युक्त कतिहरू चाहिं त्यसअघिको जनआन्दोलनको पृष्ठभूमिमा । यी सबै कविताहरूमा राज्यका विविध संयन्त्र, संस्कार, प्रवृत्ति र विचारलाई कथ्य बनाइएको छ । यी कविताहरूमा कवि एक राष्ट्रवादी नागरिकका रूपमा प्रस्तुत भएका छन् ।

'झिंगे माछो' कवितासङ्ग्रहमा कविको बामपन्थी राजनीतिक चेतना र दूरदृष्टि प्रखर रूपले मुखरित भएको छ । 'जहाँ पुग्दैनन् रवि त्यहाँ पुग्दछन् कवि' भनेझैं जुन गम्भीर समस्यातिर पार्टीका नेताहरूको ध्यान गएको थिएन, त्यता कविको आँखा पुगेको छ र उनले अग्रीम चेतावनी दिएका छन् । अहिले देश ठीक त्यसै ठाउँमा पुगेको छ, जुन कुरा कविले २०४७ मै भनेका थिए ।[२९४]

'सुखानीको रगत' गीतसङ्ग्रह कवि रामचन्द्र भट्टराईको पाँचौं पुस्तकाकार कृति हो । 'सुखानीको रगत', 'तस्वीर च्यातेर च्यातिन्न', 'पानी', 'के गरेर फलाऊँ म', 'धरतीमाथि कोरेका रेखा मनभित्र कोरिन्न', 'ज्योतिलाई जल्न देऊ', 'टोपीमात्रै नेपाली रैछ', 'भित्र हेर' आदि एक्काईसवटा गीति कविताहरू सङ्गृहीत यस गीतसङ्ग्रहका गीतहरूले साम्रज्यवाद, विस्तारवाद, उपनिवेशवाद, सामान्तवाद, फासिस्टवाद र जनविरोधी अन्य शक्तिहरूको अन्त्य गर्दै समुन्नत नेपालको निर्माण गर्ने सपना बोकेका कारण सुखानी भन्ने ठाउँमा मारिन पुगेका साहसी लडाकुहरूको स्मरण, साझा पृथ्वीको अंशवण्डा गर्न भइरहेका युद्धको विरोध, कोसी, गण्डकी र टनकपुर बेच्ने नेताहरूमाथिको व्यङ्ग्य आदिलाई कथ्य बनाएका छन् । आफ्ना अघिल्ला कृतिहरूमा जस्तै यस सङ्ग्रहका कविताहरूमा पनि कविको प्रगतिवादी चिन्तनकै प्रयोग भएको देखिन्छ भने अन्तर्राष्ट्रिय राजनीतिक घटनाक्रमहरू पनि विषयवस्तुका रूपमा आएका छन् ।

यस सङ्ग्रहमा रहेका गीतहरू आशाको विपरीत निराशाको क्षणले उत्पन्न गराएका आक्रोशपूर्ण अभिव्यक्तिको लयात्मक प्रस्फुटन हुन् ।[२९५] यस सङ्ग्रहका गीतिकवितामा कविले सहज पदावली र लोकभाका एवम् स्वतन्त्र गीतिलयमार्फत आफ्ना क्रान्तिकारी विचारहरू प्रस्तुत गरेका

---

२९३ गोविन्दप्रसाद आचार्य, पूर्ववत्, पृष्ठ ४५-४९ ।

२९४ मोदनाथ प्रश्रित, **रामचन्द्र भट्टराई व्यक्तित्व र काव्ययात्रा**, पूर्ववत् ।

२९५ अजित खनाल, पूर्ववत्, पृष्ठ १२२ ।

छन् ।[२९६] राजनीतिक पार्टी र नेताहरूले देखाएको अविवेकीपनले निम्त्याएको विसङ्गति र विकृतिले जनजीवन अस्तव्यस्त भएपछि अभावग्रस्त नेपालीहरूलाई बाँच्न धौधौ भएको कुरालाई कविले व्यक्त गरेका छन् । कवि भन्छन्-

शहीदका रगतले देश सिंचिएला
चारैतिर लटरम्म प्रजातन्त्र फल्ला
भन्ने आशा गर्दा-गर्दै उल्टै लडा भाँती
के भन्लान् ती शहीदले चिरिन्छ यो छाती ।[२९७]

प्रष्ट छ, गीतकारका पङ्क्ति संसदीय रमझममा बढी लहसिएर क्रान्तिको गीत बिर्सन खोज्ने नेता र कार्यकर्ताहरूतिर लक्षित छन् । २०४६ अघि देशमा क्रान्तिकारी परिवर्तन चाहनेहरूको हत्यारा निरङ्कुश पञ्चायती राजतन्त्र थियो । त्यसपछिको बहुदलीय शासनले जनहत्याको परम्परा तोडी जनरक्षाको थालनी गर्नेछ भन्ने जनताको ठूलो आशा थियो । त्यसै समयतिर सोभियत सङ्घमा प्रतिक्रान्ति भयो । लेनिनले जोडेको सोभियत सङ्घ छिन्नभिन्न हुँदै गयस र प्रतिक्रान्तिकारीहरूले लेनिनका तस्वीर च्यात्ने र सालिक ढाल्ने ऐतिहासिक अपराध गर्न थाले । त्यसैबेला गीतकार भट्टराईले 'तस्वीर च्यातेर च्यातिन्न', 'सालिक आफै ढल्दैन' जस्ता सशक्त गीत रचे ।[२९८]

लोकभाकाको प्रयोग जनपक्षीयता र विश्वसनीयताको द्योतक पनि हो । वि.सं. २०४९ मा मैयाँ भट्टराईले प्रकाशन गरेको यस सङ्ग्रहका कविताहरू कलात्मकता वा  शैलीशिल्पगत दृष्टिले परिष्कृत छन् ।

'आगोका फूलहरू' रामचन्द्र भट्टराईको छैटौं प्रकाशित पुस्तकाकार कविताकृति हो । वि.सं. २०६१ मा मैयाँ भट्टराई र शारदा-हरि पहारीले प्रकाशित गरेको जम्मा ८३ पृष्ठको यस कवितासङ्ग्रहमा फूल, आगाका फूलहरू, देशप्रेम, नानीको प्रेम, शरीर, कालो सर्प, म नब्बे वर्षकी बूढी, जिन्दगी जलको फोका, छोरा र छोरी, छालाको युद्ध, नारी-वर्ष, अछुत वेश्या, आएन ऋतुको राजा, निभेको छैन, ढलेको छैन लगायतका ४३ वटा कविताहरू सङ्गृहीत देखिन्छन् ।

कवि भन्छन्-'वस्तुगत परिस्थितिको धरातलमा टेकेर लेखेका कविताको सँगालो आगोका फूलहरू पाठकसामु प्रस्तुत गरेको छु । यी श्लोकहरू मेरो हृदयका फूल हुन् । भित्रैबाट भक्कानो फुटेर

---

[२९६] सालिकाराम पौड्याल पूर्ववत्, पृष्ठ ७५ ।

[२९७] रामचन्द्र भट्टराई, **झिंगेमाछो**, (काठमाडौं, पैरवी प्रकाशन, २०४७), पृष्ठ १ ।

[२९८] मोदनाथ प्रश्रित, रामचन्द्र भट्टराई व्यक्तित्व र काव्ययात्रा, **यथार्थवादी नेपाली समालोचना**, पूर्ववत् ।

निस्केको भावका यी शब्दचित्रहरू कुनै अमूर्त कला होइनन् । समग्रमा मैले कवितामा शान्तिको पक्षमा राग गाउने कोसिस गरेको छु र, लोकतन्त्रको पक्षमा आफ्नो प्रतिवद्धता जाहेर गर्ने प्रयास गरेको छु ।'

फूल, आगो, वेश्या, वसन्त ऋतु, गधा, तारा, पानी, भेरी, सूर्य, रगत, यमराज,बाघ, श्रीपेच, त्रिशुली, कपास, हिउँचुली, ढुङ्गा, मूर्ति आदि बिम्बालङ्कारको प्रयोग गरिएको यस सङ्ग्रहका कविताहरूमा विद्यार्थी, पियूष, मुक्ति, विजीर्ण जस्ता तत्सम्, ढुक्क, निर्धक्कजस्ता अनुकरणात्मक, कावा, मक्का, मदिनाजस्ता आगन्तुक स्रोतका शब्दहरूको प्रयोग देखिन्छ भने आदि, मध्य र अन्त्यानुप्रास शब्दालङ्कारका साथै उपमा, रूपक, उत्प्रेक्षा आदि अर्थालङ्कार पनि यथास्थानमा आएका देखिन्छन् । देशमा चलेको गृहयुद्धलाई यस सङ्ग्रहका कविताहरूले विषयवस्तु बनाउँदै त्यसप्रति चिन्ता जाहेर गरेका छन् । नेपालको राजनीतिक अधिकारका निम्ति लडिएको सङ्घर्षमा खुनी सत्ताले कसरी दमन गर्दछ, कसरी नागरिकहरूका रगतमा होली खेल्ने काम भइरहेको छ भन्ने विषयवस्तुलाई परिष्कृत र कलात्मक ढङ्गले प्रस्तुत गर्ने काम यस सङ्ग्रहका फुटकर कविताहरूमा भएको छ । कवि भन्छन्-

निभेको छैन भोका छातीभित्र छँदै छ त्यो
नौला-नौला फिलिङ्गा भै धर्तीमा फैलदै छ त्यो
निभेको छैन सामन्ती सत्तामा सल्कँदैछ त्यो
कपास भित्रको रातो आगो हो हुर्कंदै छ त्यो । [२९९]
(निभेको छैन)

विविध वर्णमात्रिक शास्त्रीय छन्दमा रचिएका कविताहरूको सङ्कलनका रूपमा आएको यस कवितासङ्ग्रहले पनि कवि रामचन्द्र भट्टराईको प्रगतिवादी धाराको कवितायात्रालाई नै निरन्तरता दिएको छ ।

'लोकतन्त्रको शङ्खनाद' कवि रामचन्द्र भट्टराईको हालसम्म प्रकाशित अन्तिम पुस्तकाकार कविताकृति हो । वि.सं. २०६२ मा नागरिक जागरण अभियान नेपाल रूपन्देहीले प्रकाशित गरेको यस संयुक्त कवितासङ्ग्रहमा भट्टराईका 'आगो हो जिन्दगी', 'पीलो', 'भूकम्पको प्रतीक्षा गर', 'सेतो हात्ती' र 'खिदिया' शीर्षकका पाँचवटा कविताहरू सङ्गृहीत छन् ।

यस सङ्ग्रहको 'आगो हो जिन्दगी' शीर्षकको कवितामा गर्भे बालकले जन्मदा, जन्मने बित्तिकै र दूध प्यूँदा सङ्घर्ष गर्ने बताउँदै जिन्दगीलाई एकातिर आगोसँग तुलना गरिएको छ भने अर्कातिर त्यस आगाले सर्कार र दर्वारलाई पनि जलाउन सक्छ भनिएको छ । द्वन्द्वमय भएर पनि क्षणभङ्गुर यस जिन्दगीमा देशका निम्ति मरेर बाँच्नुपर्छ भन्ने सन्देश यस कविताले दिएको छ । 'सेतो हात्ती' कविता

[२९९] रामचन्द्र भट्टराई, **आगोका फूलहरू**, पूर्ववत्, पृष्ठ ३३ ।

प्रतीकात्मक छ । 'खिदिया' कविताले ठाडापुरकी बीस वर्षीय लाटी युवती खिदिया चौधरीको सहादतलाई स्मरण गर्दै राज्यको पक्ष वा विपक्षमा नलाग्ने यस्ता खिदियाहरूको रगतले पेट्रोल बनेर सत्ता-शरीरलाई जलाउन सक्छ भन्ने भाव व्यक्त गरेको छ । 'पीलो' कविता प्रतीकात्मक छ । 'भूकम्पको प्रतीक्षा गर' कविताले राज्य सम्हाल्नेहरूको अदूरदर्शिताप्रति आक्रोश र व्यङ्ग्य प्रकट गरेको छ ।

द्यौता, जीउ, जुम्रा, पीलो, हात्ती, चिलिम, नाङ्गेझार जस्ता ठेट नेपाली, शस्त्र, तिरस्कार, क्षणभङ्गुर जस्ता तत्सम् र सर्जरी, नीद, हराम, वेवारिस, सुनामी जस्ता विभिन्न भाषाका शब्दहरूको प्रयोग गरिएको यस सङ्ग्रहका कवितामा सारङ्गीको चित्कार, गाढा रगत, रक्त-आहाल, चरीकी बचरी, धानको व्याड, बुद्धको झोली, अस्ताचलको राहू, पीपलका पात, द्यौतका मूर्ति, मोटो हात्ती, सुनामी, भूकम्प, जिउँदो लाश, राँके पीलो, खील, पहेलो पीप, हुक्का, चिलिम, दुधे बालक आदि बिम्बहरू यथास्थानमा आएका छन् । सबै कविताहरू अनुष्टुप छन्दमा सृजना गरिएका यस सङ्ग्रहका कविताहरूले लोकतन्त्रको शङ्खनाद गर्ने क्रममा सहिदहरूका बलिदान, राष्ट्रिय घटनाक्रममा देखिएका विसङ्गतिहरू र ऐतिहासिक, धार्मिक, सांस्कृतिक, राजनीतिक विकृतिहरूमाथि बज्रमुक्का प्रहार गरेका छन् । कवि भन्छन्-

दुब्लो यस देशको मोटो हात्तीको कुन काम छ ?
बाटो छेकी बसेको छ सारा ट्राफिक जाम छ
खान्न पीपलका पात द्यौताका मूर्ति घिच्दछ
पानी प्यूँदैन यस आफ्नै वंशको रक्त प्यूँदछ ।[३००]

यस संयुक्त कवितासङ्ग्रहमा सङ्कलित रामचन्द्र भट्टराईका कविताहरूले समसामयिक राजनीतिक परिस्थितिलाई थोरै शब्दमा चित्रण गर्दै त्यसमा देखिएका खराब पक्षहरू माथि झटारो प्रहार गरेका छन् ।

अनुष्टुप् छन्दमा कविता लेखेर प्रगतिवादी नेपाली साहित्यको श्रीवृद्धि गर्ने रामचन्द्र भट्टराईको साधना क्षेत्र कविता नै हो । उनले आफ्ना कविताहरूमा सर्वसाधारण निम्नवर्गीय नेपालीहरूको दुरावस्थाको दृश्य अङ्कन गर्दै त्यसबाट मुक्तिका लागि सङ्घर्ष गर्न आह्वान गरेका छन् । मुक्तकदेखि महाकाव्यसमकक्षी गीतिकाव्यसम्मको रचना गरेका रामचन्द्र भट्टराई स्रष्टा र द्रष्टा दुवै हुन् । उनले जीवनलाई सूक्ष्म रूपले अवलोकन गरेका छन् । समग्रमा उनी विकृत सामाजिक परिवेशका विरुद्ध सचेत नेपाली जनताका आशाका कवि हुन् । बुटवलको साहित्यिक विकासका लागि कवि रामचन्द्र

---

[३००] रामचन्द्र भट्टराई र अन्य, **लोकतन्त्रको शङ्खनाद**, (बुटवल : नागरिक जागरण अभियान नेपाल रूपन्देही, २०६२) पृष्ठ ४ ।

भट्टराईले कविता लेखन र विभिन्न सङ्घसंस्थाहरूसँगको आवद्धताका माध्यमबाट दिएको योगदान उल्लेखनीय छ ।

### ४.१.६६. **रामप्रसाद प्रदीप**

रामप्रसाद प्रदीपको न्वारनको नाम रामप्रसाद शर्मा पौडेल हो । उनको जन्म वि.सं. २००४ साउन १ गते पिता पं. हुमनारायण उपाध्याय र माता हरिकला उपाध्यायका कोखबाट अर्घाखाँची जिल्लाको पोखराथोक गाविस-३ खिदिममा भएको हो ।[३०१] वि.सं. २०२४ देखि रामन्दिरलाइन-६ बुटवलमा बसोबास गर्न थालेका रामप्रसाद प्रदीप हाल बुनपा-१० सुख्खानगरमा बसोबास गर्दछन् । वि.सं. २०२४ मा 'लुम्बिनी सन्देश' पत्रिकामा कविता प्रकाशित गरी साहित्ययात्रा आरम्भ गरेका प्रदीप सामाजिक विकृतिहरूको विरोध गर्नुलाई साहित्यलेखनको उद्देश्य बताउँछन् । रेलिमै सांस्कृतिक मण्डल बुटवलका संस्थापक सदस्य-सचिव (२०२४), सिद्धार्थ साहित्य परिषद् भैरहवाका संस्थापक सचिव (२०३८) र पछि अध्यक्ष, राप्ती साहित्य परिषद् दाङका उपाध्यक्ष (२०४४), राष्ट्रिय जनसांस्कृतिक मञ्च नेपालका संस्थापक सदस्य (२०४४), प्रगतिशील लेखक कलाकार सङ्घका लुम्बिनी अञ्चल संयोजक (२०३६) र बुटवल साहित्य, कला, संस्कृति प्रतिष्ठानका अध्यक्ष (२०५८) रहेका रामप्रसाद प्रदीप राप्ती साहित्य परिषद्, प्रगतिशील लेखक सङ्घलगायतका संस्थाहरूबाट अभिनन्दित-सम्मानित भएका छन् । रामप्रसाद प्रदीप शिक्षा क्षेत्रसँग पनि सम्वद्ध देखिन्छन् । उनले अनिवार्य पाठशाला संख्या नं. १८ (हाल कालिका मा.वि.), कान्ति नमुना प्रा.वि. (हाल कान्ति आवसायि मा.वि.), उजीरसिंह मा.वि. (तत्कालीन उजीरसिंह नि.मा.वि.) जस्ता विद्यालयहरूमा वि.सं. २०२४ देखि वि.सं. २०३० सम्म शिक्षण गरेका हुन् भने २०२५ मा अञ्चल शिक्षा अधिकारीको कार्यालय बुटवलमा अस्थायी खरदार पनि रहेका हुन् । रामप्रसाद प्रदीप 'खसोखास' (सम्पादक २०३१/३२), 'सिद्धार्थ दैनिक' (सम्पादक २०३८), 'राप्ती समाचार' (सम्पादक-प्रकाशक २०४३), 'खलिहान' त्रैमासिक (सम्पादक-प्रकाशक २०४३) जस्ता पत्रपत्रिकाहरूसँग पनि सम्वद्ध रहेका हुन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू हुन् ।

१. पचास रुपियाँको तमसुक (नाटक सहलेखन २०२८)
२. मुलुकभित्र (नाटक २०३०)
३. विस्फोटन (गीतसङ्ग्रह २०३६)
४. उपहार (गीतसङ्ग्रह २०४७)
५. सपनाहरू उपहार देशलाई (नाटक सहलेखन २०४९)

---

[३०१] रामप्रसाद प्रदीपले फागुन ८ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

'मुलुकभित्र' (२०३०) रामप्रसाद प्रदीपको एक मात्र प्रकाशित नाटक हो । यस नाटक मञ्चित पनि भएको छ । रामप्रसाद प्रदीपको सन्दर्भमा 'मुलुकभित्र' नाटकको ठूलो महत्त्व के अर्थमा रहेको छ भने यस उनको कलमले मात्र लेखेको र २०३० मा प्रकाशित भइसकेको नाटक हो । यसरी यस नाटकको महत्त्व राम्रो विषयवस्तुको चयनले मात्र होइन कि मुलुकमा घटेका कतिपय वास्तविक घटनालाई पनि ठाउँ दिएको हुनाले बढ्न गएको हो । 'मुलुकभित्र' सामाजिकमात्र नभएर एउटा राजनीतिक नाटक नै हो । कुरा त्यति मात्र होइन, यस धेरै हदसम्म ऐतिहासिक नाटक पनि हो ।[३०२]

यस नाटकमा लेखकले सुकुमवासीको नाममा हुकुमवासीहरूले अन्यायपूर्ण ढङ्गले जग्गा हडपेको कुरा देखाएका छन् । अर्कोतिर लेखकले पुनर्वास कम्पनीका हाकिमहरू, प्रधानपञ्च र प्रहरी प्रशासनको मिलेमतोमा सुकुमवासी जग्गा हुकुमवासीको पोल्टामा पार्ने मात्र होइन, वास्तविक सुकुमवासीमाथि चर्को दमन चलाउने फोहोरी खेल खेलेको कुरा चित्रित गरेका छन् ।

'मुलुकभित्र' मा सुकुमवासीहरूले जग्गा पाउँछन् भन्ने हल्लामा धेरै पहाडवासीहरू मधेश झरेको देखाइएको छ । रेडियोले प्रवासी नेपालीलाई जग्गावितरण गर्ने हल्ला चलाएको हुँदा बर्मेली नेपालीहरू पनि सुकुमवासीहरूको शिविरमा भेला भएको देखाइएको छ । मुलुकभित्रले पञ्चायती सरकारको पुनर्वास कम्पनीको छली स्वरूप र कुरूप चेहरालाई राम्ररी नै पर्दाफास गरेको छ । यसले दिन खोजेको सन्देश के हो भने सुकुमवासी र प्रवासी नेपालीहरू एकजुट भएर ठूलै सङ्घर्ष नगरेसम्म उनीहरूले आफ्नो हक तथा अधिकारलाई स्थापित गर्न सक्दैनन् । उनीहरूको दिनप्रतिदिन गिर्दो अभावग्रस्त जीवनमा कुनै सुधार आउँदैन । सङ्गठित सङ्घर्ष नै हक र अधिकार प्राप्तिको एक मात्र बाटो वा विकल्प हो ।

नाटकको पहिलो दृश्य (बर्मा) मा शेखरको बर्मेली कर्मचारीसितको बर्मेली भाषाको संवादले 'मुलुकभित्र' लाई अझ जीवन्त र सशक्त पारेको छ । यस संवादले नाटकमा स्वाभाविकता ल्याउने कुरामा पनि धेरै सहयोग पुऱ्याएको छ । यस नाटकको अर्को महत्त्वपूर्ण कुरा के देखिन्छ भने लेखकले सुकुमवासीहरूको सङ्घर्षको सन्दर्भमा विष्णुकुमार श्रेष्ठ र कृष्णमायाजस्ता वास्तविक पात्रहरूलाई पनि यसमा ठाउँ दिएर उनीहरूको सङ्घर्ष, त्याग र बलिदानको कथा मात्र प्रस्तुत गरेका छैनन्, यस नाटकलाई अझ प्रभावशाली बनाएका छन् ।[३०३]

वास्तवमा 'मुलुकभित्र' को कथाको थालनी बर्माबाट नै हुन्छ । 'मुलुकभित्र' का नायक शेखर बर्मेली नेपाली हुन् र उनको जीवनको वास्तविक सङ्घर्ष बर्मादेखि सुरु भएर नेपालमा प्रवेश गरेपछि

---

[३०२] दिल साहनी, पश्चिमाञ्चलका केही प्रगतिवादी नाटक, पूर्ववत् ।

[३०३] ऐजन ।

अझ बढ्दै र चर्किंदै जान्छ । बर्माको सरकारले नेपालीहरूलाई बर्माको नागरिकता लिएर त्यहीँको जाति र संस्कृतिमा विलय हुने वा देश छाड्ने विकल्प अघि सारेकोस्थितिमा शेखरको परिवार आफ्नै मातृभूमिमा प्रवेश गर्ने निष्कर्षमा पुग्दछ तर बर्मा छाडेर मातृभूमिमा फर्केको शेखरको बर्मेली परिवारको मातृभूमिमा जीवन झन् कस्टकर भएको अनुभव गर्दछ । ४५ बर्षपछि बर्माबाट नेपाल फर्केका शेखरका बाबुले नेपाल त उस्तै रहेछ भन्ने जुन यथार्थ कुरा अभिव्यक्त गर्दछन् त्यसले सिङ्गो राणाकालपछिको परिवर्तन र अझ पञ्चायती राजामाथि चोटिलो व्यङ्ग्य गर्दछ ।

यस नाटकमा क्रान्तिकारी भूमिकामा रहेका पात्रहरू मुख्यतः शेखर र विष्णुकुमार श्रेष्ठ हुन् । प्रभा र कृष्णमाया पनि जुझारु पात्राका रूपमा देखा पर्दछन् । प्रधानपञ्च, पुनर्वास योजनाका अधिकृत, इन्सपेक्टर र पुलिस जवानहरू 'मुलुकभित्र' का नकारात्मक पात्र हुन् । उनीहरू नाटकमा वर्गीय सत्रुका रूपमा देखाइएका छन् ।

'उपहार' गीतसङ्ग्रह रामप्रसाद प्रदीपको चौथो प्रकाशित पुस्तकाकार कृति र दोस्रो गीतसङ्ग्रह हो ।

यी गीतहरू 'रेलिमै सांस्कृतिक मण्डल' का रङ्गमञ्चहरू र अन्य मञ्चहरूमा समेत गाइएका र नाचिएका थिए । परिस्थिति झन्झन् साँगुरो र दमनकारी हुँदै गएको परिप्रेक्ष्यमा त्यसपछिका प्रस्तुत सङ्ग्रहका गीतहरू त्यति मञ्चन हुन पाएनन् । तथापि शोषितपीडित जनताको मुक्तिप्रतिको चासो र सामाजिक उकुसमुकुसहरूलाई गीतिलिपिमा संयोजित गर्दै थन्क्याउँदै रहेँ । ती थन्किएका केही छानी पुस्तकका रूपमा प्रस्तुत गरिएको छ ।"[३०४]

'धर्ती बोल्नेछ', 'नारीको जीवन', 'मिर्मिरे बिहानी', 'मित्रता', 'आइदे चाँडो बिहानी', 'भाडाको सिपाही', 'जिन्दगी' लगायतका बाह्रवटा गीतहरू सङ्कलित यस सङ्ग्रहका गीतहरू २०३९ देखि २०४७ सम्मको अवधिमा रचित देखिन्छन् ।

यस सङ्ग्रहका गीतहरूमा २०३६ को जनमतसङ्ग्रहमा प्रजातन्त्रवादीहरूले पराजय भोग्नुपरेको, त्यसपछि जनताका चाहनाहरू कुण्ठित हुनपुगेको, शोषक सामान्तहरूको अत्याचार र दमन बढ्दै गएको, गरिब निमुखा जनताले शोषितपीडित भएर बाँच्न विवश हुनुपरेको जस्ता कुराहरूलाई अभिव्यक्त गरिएको छ । २०४६ को जनआन्दोलनको पृष्ठभूमिमा रचना गरिएका यस सङ्ग्रहका गीतहरूले आन्दोलनका पक्षमा जनमानसिकता निर्माण गर्न सघाउ पुऱ्याएका छन् ।[३०५]

---

[३०४] रामप्रसाद प्रदीप, **केही कुरा**, उपहार (बुटवल : ज्योतिप्रकाशन, २०४७), पृष्ठ छैन ।

[३०५] सालिकराम पौड्याल, पूर्ववत्, पृष्ठ १२८ ।

यस सङ्ग्रहमा गीतकारले आफ्नो प्रगतिवादी विचारलाई लोकलयमा गीत्यात्मक शैलीमा अभिव्यक्त गरेका छन् । लोकलयको प्रभावकारिता वा गीत्यात्मकताका लागि गीतकारले आनुप्रासीय योजना पनि गरेका छन् । अधिकांश गीतहरू अन्त्यानुप्रासयुक्त छन् र कतैकतै आदि र मध्यानुप्रास पनि आएका छन् । स्थायी र अन्तराको समानान्तर आवृत्तिद्वारा लयात्मकता सशक्त बन्न गएको छ । थेगोको प्रयोगद्वारा प्रतिध्वनित लोकोक्तिका व्यञ्जनात्मक भावसघनता पनि यस सङ्ग्रहका गीतहरूमा पाइन्छन् । लोकका लागि ग्रहण गर्न सहज हुने भाषा र शैलीको प्रयोग, लोकलय, आशावादी किंवा प्रगतिवादी चिन्तनको गीत्यात्मक अभिव्यक्ति र २०३९ देखि २०४७ सम्मको नेपाली राजनीतिक, सामाजिक, सांस्कृतिक उपलपुथलको ध्वन्यात्मक प्रतिबिम्बनका कारण यस सङ्ग्रहका गीतहरू एक प्रकारले विद्रोहात्मक साङ्गीतिक अभिव्यक्तिजस्ता भएका छन् । कतिपय शब्दहरूको लेखनमा वर्णविन्यासगत त्रुटि भेटिए पनि गीतकारले लोकजीवनसँग सामिप्य स्थापित गर्ने उद्देश्यले ती शब्दहरूलाई जस्ताको तस्तै टिप्न खोजेका हुन् कि भन्ने भान पनि पर्दछ । सामाजिक-राजनीतिक विषयवस्तुलाई प्रयोग गर्दै लोकलयको लययोजनागत ढाँचामा अनुवद्ध रहेर रचना गरिएका यस सङ्ग्रहका गतिहरूले निरङ्कुश शासन, शासकहरूले गरेको अत्याचार प्रजातन्त्रप्राप्तिको नागरिकहरूको सपना, मुक्तिका निम्ति नझुक्ने सङ्घर्षशील नागरिकको स्वभाव, नारीलाई भोग्या साधनका रूपमा हेर्ने र सधैं खेलौनाको रूपमा प्रयोग गर्ने प्रवृत्तिको भण्डाफोर, नारीले आफै जागरुक भई आफ्नो अस्मिताको रक्षा गर्नुपर्ने सन्देश र अति दमन सहनुपरेपछि मृत्युलाई पनि सहज रूपमा वरण गर्न तयार हुने क्रान्तिकारीहरूको वर्णन आदिलाई महत्त्वका साथ आत्मसात् गरेका छन् ।

गीतकार र नाटककारका रूपमा आफ्नो पहिचान बनाएका रामप्रसाद प्रदीपका रचनाहरूमा राष्ट्रिय भावना, सामाजिक अवस्था र समसामयिक विषयवस्तुलाई कलात्मकताका साथ प्रस्तुत गरिएको मात्र नभै समाजको वेथिति, विडम्वना र विकृतिहरूप्रति चोटिलो प्रहार पनि गरिएको पाइन्छ । बुटवलको साहित्ययात्राको प्रगतिवादी धाराको विकासमा रामप्रसाद प्रदीपले दिएको योगदान उल्लेखनीय देखिन्छ ।

### ४.१.६७. **लक्ष्मण प्रेषित**

लक्ष्मण प्रेषितको पूरा नाम लक्ष्मण श्रेष्ठ हो । उनको जन्म वि.सं. २०४५ कार्तिक २ गते पिता माधव श्रेष्ठ र माता कमला श्रेष्ठका कोखबाट भारतको लखनउमा भएको हो । वि.सं. २०६० देखि बुटवलको मिलनचोकमा बस्दै आएका लक्ष्मण प्रेषितले 'दैनिक लुम्बिनी' पत्रिकामा 'मेरो देश' शीर्षकको कविता प्रकाशित गरी औपचारिक रूपमा साहित्ययात्रा आरम्भ गरेका हुन् । दश जोड दुईमा अध्ययन गर्दै गरेका लक्ष्मण प्रेषित, सांस्कृतिक रूपान्तरण र मानव जीवनको उपयोगका लागि साहित्य

लेख्ने बताउँछन् । विभिन्न साहित्यगोष्ठीमा रचनाहरू वाचन गरेका र विभिन्न पत्रपत्रिकामा लेख, रचना प्रकाशित गरेका प्रेषित बुटवलमा हुने साहित्यगोष्ठीहरूका नियमित सहभागी हुन् ।

### ४.१.६८. **लक्ष्मी थापा क्षेत्री**

लक्ष्मी थापा क्षेत्रीको जन्म वि.सं. २०४३ असार ३ गते पिता वीरबहादुर थापाक्षेत्री र माता जमुना थापाक्षेत्रीका कोखबाट रूपन्देहीको दुधराक्ष-७ मा भएको हो । 'शब्ददीप' पत्रिकाको वर्ष १ अङ्क १ मा गजल प्रकाशित गरी औपचारिक रूपमा साहित्य यात्रा आरम्भ गरेकी लक्ष्मी थापा क्षेत्रीका गीत, कथा, कविता र गजलहरू बुटवल तथा विभिन्न स्थानबाट प्रकाशित हुने पत्रपत्रिकाहरूमा प्रकाशित छन् ।

### ४.१.६९. **लेखनाथ ज्ञवाली**

लेखनाथ ज्ञवालीको जन्म वि.सं. २००० आश्विन ५ गते शनिवार पिता ऋषिराम ज्ञवाली र माता स्व. कुन्ता ज्ञवालीका कोखबाट गुल्मी जिल्लाको दिगाम बोहामा भएको हो । [३०६] वि.सं. २०४४ देखि शङ्करनगर गा.वि.स. वडा नं. ५ मा बसोबास गर्दै आएका ज्ञवालीले 'बिहानी पख' (सामयिक सङ्कलन, वाराणसी २०१९) पत्रिकामा 'बिहानी पख' शीर्षकको कविता प्रकाशित गरी औपचारिक रूपमा साहित्ययात्रा आरम्भ गरेका हुन् । आई.ए. (हरिशचन्द्र इन्टर कलेज) र मध्यमा ( बनारस) सम्मको अध्ययन पूरा गरेका ज्ञवाली उत्पीडित आवाज मुखरित गर्नु र सामाजिक यथार्थको चित्रण गर्नुलाई साहित्यलेखनको उद्देश्य भन्दछन् । [३०७] मुख्यतः २०१९ देखि बनारसमा अध्ययनरत विद्यार्थी समूहले प्रकाशित गर्ने सामयिक सङ्कलन र अन्य पत्रपत्रिकाहरूमा कविताहरू प्रकाशित गर्न आरम्भ गरी काव्यसाधनमा प्रवेश गरेका लेखनाथ ज्ञवाली हाल प्र.ले.स. रूपन्देहीको सल्लाहकार-सदस्य रहेका छन् । वि.सं. २०५६ देखि २०६२ मङ्सीरसम्म 'रेडियो लुम्बिनी' को मुख्य कार्यक्रम उत्पादक र कार्यक्रम सम्पादक रही काम गरेका ज्ञवाली विगतमा विविध साहित्यिक प्रतियोगिता र चित्रकलामा पुरस्कृत भएका हुन् । वि.सं. २०६० मा प्रेस चौतारी पत्रकारिता पुरस्कारबाट सम्मानित, वि.सं. २०६२ मा मानवाधिकार तथा शान्ति पुरस्कारबाट सम्मानित, वि.सं. २०५८ मा प्रलेस साहित्य पुरस्कारद्वारा पुरस्कृत, वि.सं. २०६० मा तीर्थमान श्रेष्ठ साहित्यिक तथा पत्रकारिता पुरस्कारद्वारा सम्मानित भएका लेखनाथ ज्ञवालीका समसामयिक लेखरचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । वि.सं. २०३० देखि पत्रकारितामा संलग्न ज्ञवाली रेडियो पत्रकारिताका क्षेत्रमा पनि

---

[३०६] लेखनाथ ज्ञवालीले फागुन २६ गते शङ्करनगरमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[३०७] ऐजन ।

क्रियाशील छन् । दश बर्षसम्म शिक्षण पेसा पनि उनले अँगालेका हुन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू हुन् -

१. दसैंको आशिक भाग-१ (साना कवितासङ्ग्रह २०४६)

२. साथी (स्मृतिकाव्य २०५६)

३. खडेरी (लघुकाव्य २०५८)

पञ्चायती शासनकालमा वि.सं. २०२९ मा गुल्मी जिल्लामा भएको प्रशासनिक दमनमा उनका 'उसलाई थाहा छैन' (गुल्मीको हिमबेसारे काण्डमा आधारित उपन्यास), 'अप्सरा' (रिडीका भक्तेनीहरूको दैनिक चरित्रबाट उत्प्रेरित उपन्यास), 'बलिदान' (महाकाव्य) लगायत गीत, कविता एवम् संस्मरणका ६ वटा डायरीहरू प्रहरीले जलाइदिएको पीडा ज्ञवालीलाई छ ।[३०८] 'भागेको मान्छे' (अपूर्ण उपन्यास) र गीत, कविता तथा कथाका तीनथान कपीहरू मित्रहरूका हातबाट हराएका र नष्ट भएका लेखनाथ ज्ञवाली बताउँछन् ।[३०९] उनका अप्रकाशित पाण्डुलिपिहरू हुन्- 'अक्षर' ( कवितासङ्ग्रह), 'हाम्रा आवाजहरू' (गीतसङ्ग्रह), 'झङ्कार' (गीतसङ्ग्रह), 'नानी' (बालगीत र कवितासङ्ग्रह), 'देशभक्त गीत' (राष्ट्रिय गीतसङ्ग्रह), 'परम्पिता' (उपन्यास), 'संक्षिप्त भजनमाला' (भजनसङ्ग्रह), 'मेरा मनहरू' (काव्य), 'मनके बोल' (हिन्दी गीतिसङ्ग्रह) र 'आमा' (काव्य) ।

यसरी वि.सं. २०१९ मा कविता प्रकाशित गरी काव्ययात्रा सुरु गर्ने ज्ञवालीको 'दसैंको आशिक' पहिलो प्रकाशित पुस्तकाकार कृति हो । यस कवितासङ्ग्रहका कविताहरूबारे कवि भन्छन्- 'नेपालीहरूको सबैभन्दा ठूलो चाडमा ठूलाबडाहरूबाट टीका लगाई आशीर्वाद लिन छाडेर रुपियाँ पैसा (दक्षिणा) लिनेदिने गलत संस्कारलाई यसमा आलोचनात्मक दृष्टिले हेरिएको छ । वि.सं. २०४६ को दशैमा यही कवितासङ्ग्रह नै दक्षिणास्वरूप दिएको थिएँ ।'[३१०] सामाजिक विसङ्गति, छुवाछुत, शोषण, दमन र अत्याचारहरूको आलोचना गर्दै नयाँ समाजको निर्माणको सन्देश दिने ज्ञवालीको यस कवितासङ्ग्रहमा चाडपर्वहरूलाई खर्चिलो नबनाई दुःखसुखका अनुभूतिहरू आदानप्रदान गर्ने अवसरका रूपमा प्रयोग गर्नुपर्छ भन्ने सन्देश पाइन्छ । सुन्दर, सुकोमल पदावलीहरूको प्रयोग गरिएको यस सङ्ग्रहका कविताहरू प्रगतिवादी काव्यपरम्पराका सुन्दर नमुना हुन गएका देखिन्छन् ।

'साथी' (स्मृतिकाव्य) लेखनाथ ज्ञवालीको दोस्रो प्रकाशित पुस्तकाकार कृति हो । वि.सं. २०५६ मा लक्ष्मण ज्ञवाली (शङ्करनगर) ले प्रकाशित गरेको यस काव्य कविले स्वर्गीय साथी भोला खनालको

---

[३०८] लेखनाथ ज्ञवालीको लघुकाव्य 'खडेरी' को पछिल्लो पृष्ठमा उल्लेख भएअनुसार ।

[३०९] ऐजन ।

[३१०] लेखनाथ ज्ञवालीले शोधार्थीलाई दिएको जानकारीअनुसार ।

स्मृतिमा लेखेका हुन् जसको २०४० श्रावण १४ गते हत्या गरिएको थियो । यस काव्यका सम्बन्धमा कवि भन्छन्- 'धेरै राजनेताहरू, लेखककलाकारहरू र अझ बढी पत्रकार र कार्यकर्ताहरूको संहार अपराध-पोषित कुतत्वहरूले गर्ने गरेका छन् तर पनि समयको परिवर्तनचक्र तिनको इच्छाले मात्र रोकिएको छैन । यस्तै एउटा गतिलाई रोक्ने कालो र षडयन्त्रपूर्ण हत्या हाम्रा अत्यन्त इमानदार र जनपक्षीय पत्रकार भोला खनालको २०४० श्रावण १४ गते भारतको दूधवा जङ्गलमा भएको थियो । पत्रकारिताकै काम विशेषले भारतीय मार्गको यात्रा गर्दा नेपाली देशभक्त युवकका बैरीहरूले उहाँको निर्मम हत्या गरेका थिए । सहिद भीमदत्त पन्तको कर्मक्षेत्रमा भएको यस आततायी घटनाबाट त्यतिबेलाको सुदूर पश्चिमले सिहिरेटो अनुभव नगरेको होइन, तर पञ्चायतकालको जनविरोधी प्रशासन र राजनीतिक पक्षपातको सिकार भएर त्यस घटना पनि लोभीपापीहरूको कालो जङ्गलमा बिल्कुलै गुहार नपाएर विलुप्त भयो । यही दुःखद घटनाको आलो सम्झनामा मैले यस सानु स्मृतिकाव्य २०४० मै लेखेको थिएँ । तर, प्रकाशित गर्न सकिनँ ।'

'समर्पण', 'खोजी', 'साथीको सम्झना', 'साथी' गरी जम्मा चारवटा शीर्षकमा संरचित यस स्मृतिकाव्यमा कविले पत्रकार भोला खनालको सङ्घर्षशील जीवन, उनको हत्या, उनको परिवारको रुवाबास एवम् विचल्ली तथा शोषकहरूप्रतिको कविका मनमा भएको आक्रोशलाई मुख्य कथ्य बनाएका छन् । झीनो आख्यान रहेको यस काव्यको 'समर्पण' शीर्षकका शार्दूलविक्रीडित छन्दका पाँच श्लोक (बीस पङ्क्ति) मा कविले बैरीहरूले आफ्ना साथीको हत्या गरेकामा दुःखित हुँदै तिनै साथीमा यस काव्य समर्पण गरिएको छ भनेका छन् ।

'खोजी' शीर्षकका सोही छन्दका बाईस श्लोकहरूले साथीहरू सम्बोधन गर्दै मानिस मानिसबीचको अविश्वासप्रति चिन्ता जाहेर गर्दै असल मान्छेको खोजी गर्ने इच्छालाई अभिव्यक्त गरेका छन् । कवि भन्छन्-

हेर्‍यो उच्च पदस्थ बाहिर निकै सम्भ्रान्त देखिन्छ क्वै,
काला कर्तुत पापका विकृतिले आक्रान्त देखिन्छ त्यै,
झिङ्गालाई कसरोरि फूल शिरको, या बाघ हाथी भनूँ ?
जस्को चिन्तन नै छ तुच्छ कसरी त्यस्लाई 'साथी' भनूँ ?[३११]

'साथीको सम्झना' शीर्षकमा शिखरिणी छन्दका एघार श्लोकहरू छन् र यसमा कविले समयका साथ गतिमान भएर आवाज बोल्न सक्ने, नबुझी नहुने तथ्यको द्वार खोल्न सक्ने र सबैको सत्य आवाज बोकी उभिन सक्ने आफ्ना साथीलाई अधमहरूका हातले मारेको र ती हत्याराहरूले

---

३११ ऐजन, पृष्ठ ७ ।

कविको मुलुकलाई कीट नै तुच्छ ठानेको भाव व्यक्त गर्दै 'साँचो बोल्ने अरू पनि ए मर्न तैयार होऊ' भनी सङ्घर्षका लागि आह्वान गरिएको छ भने अन्तिम शीर्षक 'साथी'का शार्दूलविक्रीडित छन्दका बयासीवटा श्लोकहरूले पशुवत् जीवनयापन गर्ने असामाजिक **तत्त्व**हरूले समाजमा आतङ्क मच्चाएको भाव व्यक्त गर्दै तिनको कडा आलोचना गरिएको छ ।

यस काव्यमा कविले आफ्नो क्रान्तिकारी आदर्शप्रतिको निष्ठालाई अत्यन्त इमानदारीका साथ उतारेका छन् भने बेइमानीको दोहोलो उतारेका छन् । कविले एउटा सचेत देशभक्त युवकको हत्यालाई सम्पूर्ण नेपालीको राष्ट्रियता, आदर्शको हत्या हो भन्दै यस्ता घटनाबाट होसियार रहन आह्वान गरेका छन् ।[३१२] शार्दूलविक्रीडित र शिखरिणीजस्ता संस्कृत शास्त्रीय वर्णमात्रिक छन्दहरूको प्रयोग गरिएको यस काव्यमा लयगत रमणीयतालाई बढाउन यसमा संयसजित आदि, मध्य र अन्त्यानुप्रास शब्दालङ्कारले भूमिका निर्वाह गरेका छन् भने राक्षस गाँठी, पसु, चोर, कुकुर जस्ता प्रचलित बिम्बहरू, साथीभैँ, छेपारोसरि, कलाकारभैँ आदि शब्दहरूबाट उत्पन्न उपमा अर्थालङ्कार, 'ठानूँ कि ?', 'पर्छ कि ?' आदि पदसमूहबाट उत्पन्न उत्प्रेक्षा अर्थालङ्कार र विभिन्न तत्सम आगन्तुक तथा कथ्यभाषाका शब्दहरूको प्रयोगले यस कृतिलाई काव्यात्मकता दिएका छन् ।

यसको भाषिक प्रयोगका सम्बन्धमा कवि भन्छन्- "यस शोककाव्य छन्दोवद्ध रुमपा लेखिएको हुनाले कैयौं ठाउँमा छन्दोच्चारणलाई सजिलो पार्न ह्रस्व मात्राहरू दीर्घ र दीर्घ मात्राहरू ह्रस्व लेखिएका छन् । यसलाई व्याकरणात्मक शुद्धाशुद्धिबाट अलग्ग राखेर काव्यको आशयतर्फ मात्र केन्द्रित भइदिन म आदिरणीय विद्वत् वर्ग र विद्यार्थी जगत्को ध्यान आकृष्ट गर्न चाहन्छु ।"[३१३]

'खडेरी' लघुकाव्य लेखनाथ ज्ञवालीको तेस्रो प्रकाशित कृति हो । लक्ष्मण ज्ञवालीले बुटवलबाट २०५८ मा प्रकाशित गरेको यस लघुकाव्य कवि ज्ञवालीको हालसम्म प्रकाशित अन्तिम पुस्तकाकार कृति पनि हो । जम्मा ३९ पृष्ठको यस लघुकाव्यमा न्याय, बुद्धि र विवेकको खडेरी लागेको वर्तमान अवस्थाको प्रतीकात्मक चित्रण गरिएको छ । कवि भन्छन्-

भत्काएर पस्यो बाढ भित्रभित्र जहाँ पनि
विस्तारवादको रूप लियस त्यस्ले त्यहाँ पनि ।[३१४]

यस लघुकाव्य 'अंश एक,' 'अंश दुई' गरी जम्मा ६ अंशमा विभक्त छ भने उपसंहारका रूपमा रहेको अंशलाई 'अन्त्यमा' शीर्षक दिइएको छ । "दुईवटा विश्वशक्तिलाई आगो र पानीको प्रतीक

---

[३१२] गोपीरमण उपाध्याय, **प्रगतिशील साहित्य समालोचना**, पूर्ववत्, पृष्ठ २२ ।

[३१३] लेखनाथ ज्ञवाली, मेरो भन्नु, **साथी**, (शङ्करनगर : लक्ष्मण ज्ञवाली,२०५६), पृष्ठ छैन ।

[३१४] ऐजन, पृष्ठ २७ ।

बनाएर मैले प्रकृतिमा दुईटा 'अति' को विनाशलाई देखाउन खोजेको हुँ, तर यस सानु हिँडाइले त्यस दृश्य उपस्थित गर्न सकेन । यसलाई प्रकाशित गर्नाको मेरो उद्देश्य चाहिँ न्यायका पक्षधर कोही पनि कलाकारहरू, चिन्तकहरू र कलमजीवी नागरिकहरूको ध्यान त्यस महत्त्वपूर्ण दिशातिर तानियसस् भन्ने मात्रै हो । यस सानु पाण्डुलिपि तयार हुँदाको १८ बर्षपछिको विश्व परिस्थितिमा धेरै उतारचढाउ र परिवर्तन भएको छ र विश्व झन्डै एक ध्रुवीयजस्तो बनेको छ । तर पनि जाति, धर्म, अर्थ र राजनीतिको नाममा युद्धको विभीषिका र बर्बरताको अन्त्य भएको छैन ।'[३१५]

यस लघुकाव्यको 'अंश-एक' मा रुखका हाँगाविंगा, पात-पतिङ्गार र सबै साना जलका सुन्दर स्रोतहरू सुकेर खडेरी लागेको भावना व्यक्त गर्दै ठूला शोषणले साना रोजगारहरू सुकेसरि झारपातहरू पनि तापका कारण मरेको वा सुकेको यथार्थलाई मार्मिक ढङ्गले काव्यात्मक-लयात्मक भाषासंयोजनका माध्यमबाट व्यक्त गरिएको छ । आकाशलाई आरन, माटालाई पत्थर-कोइला हो कि भनी उत्प्रेक्षाको आलङ्कारिक भाषा बोल्दै कविले तिनीहरू सबै मिलेर सूर्यका रूपमा बलिरहेको रूपक अर्थालङ्कार प्रस्तुत गरेका छन् । जसरी खडेरीले प्रकृतिका यावत् कुराहरूलाई सुकाउँछ, नास्छ र रमिता देखाउँछ, अहिलेको विश्वपरिस्थिति र राष्ट्रिय जनजीवन पनि खडेरीमय भएर नष्ट हुँदै गइरहेकोप्रति कवि चिन्तित देखिन्छन् । 'अंश-दुई' मा जोत्नलाई ठिक्क पारेको खेत बञ्जर (सुख्खा) भए जस्तै पानीका लागि मान्छे खञ्जर भएको (तिर्खाएको ?) यथार्थप्रति कवि आफ्ना पाठकहरूलाई सचेत तुल्याउन चाहन्छन् । आकाशले आफ्ना स्नेह कहिले धर्तीमाथि खन्याउला भनी सबैले प्रतीक्षा गरिरहेको तर घरिघरि झुस्सफुस्स गरेर (चाप्लुस गरेर) धरालाई झुक्याउनु बाहेक आकाशले केही गर्न नसकेको प्रतीकमय-बिम्बमय भाव यस अंशका कविताहरूमा आएका छन् । यस अंशका कविताहरूले खडेरीको क्रूरता, विनाशकारी स्वभाव, विडम्बनापूर्ण-यातनादायी व्यवहार र झुक्याउने-छक्याउने-छल गर्ने कुटिलताप्रति असन्तोष प्रकट गर्दै यसले कसैको पनि बिन्ती सुन्दैन र संसार मासिन र भासिन थालिसक्यस भनी गतिशील दुनियाँ तैपनि नरोकिने निष्कर्ष प्रस्तुत गरेका छन् । 'अंश-तीन' मा हेमन्तलाई सामन्ती दासको र शिशिरलाई 'कालो क्रूर रात' को संज्ञा दिंदै अहिले भने गर्मीको उन्मत्त साम्राज्य रहेको तर यसको पालो पनि सकिन थालेको सङ्केत गरिएको छ । खडेरीले आफूमा जस्तै अरूमा पनि पिर पर्छ कि भनेर नसोचेको, सधै आफै मालिक भइरहन खोजेको, यसका तिखो दाह्रा र फैलिएका हातखुट्टाले नजिक पर्ने जतिलाई अँठ्याएको, उनको पसिना आफैले गँठ्याएको बताउँदै त्यस्तो अत्याचारी खडेरीलाई 'गुन्डा' भनेर सम्वोधन गरिएको छ । कविले हावा, मेघ सबै मिली घोर-

---

[३१५] लेखनाथ ज्ञवाली, 'यस सानु रचनाबारे एक दुई कुरा', **खडेरी**, (बुटवल : लक्ष्मण ज्ञवाली,२०५८), पृष्ठ ३८-३९ ।

गर्जना गर्नुपर्ने र खारमाथि पानीका धारले सेचन गरी धर्तीलाई पखाल्नुपर्ने बताउँदै तर त्यस दिन र त्यस्तो शीतलता कहिले प्राप्त होला भनी प्रश्न गरेका छन् ।

'अंश-चार' मा खडेरीका कारण फिंजिएको (फैलिएको) गर्मीले गतिमा अगति छर्ने काम गरेको तर धरती भने सुनसान भएकाले धर्तीको 'महान्ता' माथि प्रश्न चिन्ह उठाउँदै 'मेघ आफै जलेर, लोहाभैँ रातोपिरो भएर गलेको छ' भन्ने अतिशयसक्ति प्रकट गरिएको छ । विश्वमा बढेको उग्रप्रदूषणलाई खडेरीले निम्त्याएको जीवनविरोधी भयङ्करतासँग तुलना गर्दै ठूलो शक्तिको आड पाएको गर्मी भुमरी भई फन्फन गरिरहेको र त्यस भुमरीले मेघलाई निमन्त्रण गर्न थालेको व्यञ्जनात्मक अर्थगाम्भीर्यलाई वीररसपूर्ण भाषाशैलीको प्रयोगद्वारा अभिव्यक्त गरिएको छ । ग्रीष्म ऋतुपछि बर्षा ऋतु आउँछ र खडेरीलाई चकनाचूर पार्छ भन्नेप्रति आशावादी हुँदै कविले यहाँ मेघले पनि नागरिकहरूको क्षति गर्न सक्दछ तर यस उसका लागि सुहाउने कुरा होइन भनेका छन् । कुनै पनि प्रकारको अतिवादिताले कसैको रक्षा गर्न सक्दैन भन्ने भाव यहाँ कविको रहेको छ । 'अंश-पाँच' मा कविले प्रकृतिप्रेंमी-स्वच्छन्दतावादी भावको प्रकटीकरण भएको छ । प्रकृतिले हरेक समय युद्ध मात्र गर्दैन भन्दै कविले मानिसलाई चेतना बोकी उठ्न आह्वान गरेका छन् । 'अंश-छ' मा मान्छेका बुद्धि र विवेकमा खडेरी पर्नाले पृथिवी दिनप्रतिदिन द्वन्द्वमय हुँदै गएको र यसले कसैको पनि भलो नगर्ने भाव व्यक्तिएको छ । यस काव्यको उपसंहार-भाग 'अन्त्यमा' ले अन्याय र शोषण नै युद्धको जड हो र यसले चारैतिर प्रदूषण फैलाउँछ भन्ने निष्कर्ष प्रस्तुत गर्दै क्रोधको ज्वालासँग जुक्तिले सामना गरी युद्धलाई रोक्न सकिएमा मात्र सच्चा शरदका सुन्दर दिनहरू देख्न पाइने भाव व्यक्त गरेको छ ।

खडेरी, बर्षा, फूल, धर्ती, अनावृष्टि, डाँडा आदि बिम्बालङ्कार, आदि, मध्य र अन्त्यानुप्रास शब्दालङ्कारको प्रयोग हुनु र सम्पूर्ण काव्य नै व्यञ्जना अर्थमा प्रकट हुनु यस लघुकाव्यको वैशिष्ट्य हो । यसको शीर्षक 'खडेरी' आफैमा एउटा प्रतीक हो । प्रायः सरल, सरस र कथ्य नेपाली शब्दहरूको भरमार रहेको यस काव्यमा विस्तारवाद, साम्राज्यवाद जस्ता राजनीतिक शब्दहरूलाई बर्षा र खडेरीसँग विभिन्न शैलीमा तुलना गरी उपमा, रूपक र उत्प्रेक्षा अलङ्कारको आयोजना गरिएको छ । यसमा तत्सम् र आगन्तुक शब्दहरू पनि प्रशस्तै प्रयोग गरिएका छन् । यस काव्यमा छन्दविधानलाई जीवन्तता दिनका लागि व्याकरणिक फालामे-सङ्लालाई तोडिएको छ र भाषिक विचलन पनि धेरै ठाउँमा आएको छ ।

वि.सं. २०१९ देखि १९ बर्षको उमेरमा 'बिहानी पख' कविता वाराणसीबाट प्रकाशित गरी साहित्ययात्रा आरम्भ गर्ने लेखनाथ ज्ञवाली बुटवलको प्रगतिवादी कवितायात्राका एक उल्लेखय सहयात्री हुन् । महाकाव्यको समेत रचना गरेका ज्ञवालीका धेरै (करिब एकदर्जन) काव्यकृतिहरू हराएका, जलाइएका र नष्टभ्रष्ट पारिएका छन् र यस कुराले उनको सृजनायात्रामा नैराश्य वा

शिथिलता उत्पन्न हुनु अस्वाभाविक होइन । उनी एक कुशल कविता शिल्पी हुन् भन्ने कुरा उनका यस शोधकार्यमा विवेचना गरिएका कृतिहरूबाट स्पष्ट हुन्छ ।

### ४.१.७०. **लोकेन्द्र क्युरियस**

लोकेन्द्र क्युरियसको न्वारनको नाम लोकेन्द्र कार्की हो । उनको जन्म वि.सं. २०४१ असोज २५ गते पिता श्रीमान कार्की र माता फूलकुमारी कार्कीका कोखबाट मुझुङ्गा-१, पाल्पामा भएको हो । 'राजधानी' पत्रिकामा बालकविता प्रकाशित गरी साहित्ययात्रामा प्रवेश गरेका क्युरियसले आई.ए. सम्मको अध्ययन गरेका छन् । साहित्य सङ्गम बुटवल र गजल सागर नेपालद्वारा आयोजित साहित्य-गोष्ठीहरूमा उनको नियमित सहभागिता देखिन्छ भने उनका रचनाहरू स्थानीय पत्रपत्रिका र एफ.एम. रेडियसहरूबाट प्रकाशित, प्रसारित भएका छन् ।

### ४.१.७१. **वसन्तध्वज जोशी**

वसन्तध्वज जोशीको जन्म वि.सं. २००४ भाद्र २३ गते बुटवलमा भएको हो ।[३१६] आदर्श विद्या मन्दिर (बुटवल) बाट शिक्षाआर्जन गरेका जोशीले 'लुम्बिनी सन्देश' (२०२३) मा फुटकर रचना प्रकाशित गरी साहित्ययात्रामा प्रवेश गरेका हुन् । विद्यार्थीकालमा कविता लेखेका वसन्तध्वज जोशीका इतिहासपरक एवम् खोजमूलक रचनाहरू 'हाम्रो पुरुषार्थ' (गुल्मी) र बुटवलबाट प्रकाशित हुने पत्रपत्रिकामा प्रकाशित देखिन्छन् ।

### ४.१.७२. **वसन्त पोखरेल**

वसन्त पोखरेलको जन्म वि.सं. २०११ भदौ ५ गते पिता तिलकराम पोखरेल र माता गोमादेवी पोखरेलका कोखबाट प्युठान जिल्लाको विजयनगर गा.वि.स मा भएको हो ।[३१७] वि.सं. २०४१ मा बाँकेबाट प्रकाशित 'युगधारा' पत्रिकामा विभिन्न फुटकर कविता प्रकाशित गरी साहित्यको क्षेत्रमा प्रवेश गरेका पोखरेलले एस.एल.सी. सम्मको अध्यन पूरा गरेका छन् । समाजका गतिविधिहरूलाई लेखरचनामार्फत व्यक्त गर्नुलाई आफ्नो साहित्यलेखनको उद्देश्य भन्न रुचाउने वसन्त पोखरेल वि.सं. २०५६ देखि बु.न.पा.-१५ मा बसोबास गर्न थालेका हुन् । नेपाल पत्रकार महासङ्घका राष्ट्रिय परिषद् सदस्य र प्रगतिशील लेखक सङ्घ रूपन्देहीका निवर्तमान सचिव रहेका पोखरेल हाल 'बुटवल टुडे' का सम्पादकका रूपमा कार्यरत छन् भने उनी दैनिक भावना, 'दैनिक जसङ्घर्ष', 'दैनिक निर्णय', 'दैनिक लुम्बिनीलगायतका पत्रपत्रिकाहरूमा सम्पादक रहेका हुन् । उनले 'सन्देशा दैनिक' को

---

[३१६] अजित खनाल, पूर्ववत्, पृष्ठ ७७ ।

[३१७] वसन्त पोखरेलले माघ ९ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

सम्पादन प्रकाशनसमेत गरेका हुन् । उनी 'विमर्श', 'गतिविधि', 'सम्वाद' जस्ता साप्ताहिकहरूमा पनि सम्पादक तथा सम्वाददाता रहेका हुन् । नेपाल पत्रकार महासङ्घ रूपन्देहीद्वारा 'उत्कृष्ट पत्रकारिता पुरस्कार' (२०६०) बाट सम्मानित वसन्त पोखरेलका एक हजारभन्दा बढी लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् भने 'हैसियत' (धारावाहिक उपन्यास), 'मान्छेको मन' (धारावाहिक उपन्यास) र 'मेरो अतीत' (धारावाहिक संस्मरण) प्रकाशित छन् । वसन्त पोखरेल मूलतः समसामयिक राजनीतिका बारेमा विश्लेषणात्मक लेखरचना लेख्दछन् भने उनले 'ऋतुराज' को छद्मनामबाट व्यङ्ग्यात्मक लेखहरू पनि लेखेका छन् । मार्क्सवादी जीवन दृष्टिलाई केन्द्रमा राखेर समाजका खराबीहरू र मूलतः राजनीतिक भ्रष्टता, अन्धता र स्वार्थलाई मूल विषयवस्तु बनाउने पोखरेलका रचनाहरू वर्णनात्मक हुन्छन् । यिनका धेरै रचनाहरूमा संस्मरणात्मक शैलीको पनि प्रयोग पाइन्छ भने यिनले गीत, नाटक, कविता र समालोचना पनि लेखेका छन् । समाजमा आमूल परिवर्तन हुनुपर्छ र त्यसका लागि वर्गसङ्घर्ष आवश्यक छ भन्ने सन्देश वसन्त पोखरेलको रचनाकारिताको मुख्य प्रतिपाद्य हो । समाजमा विद्यमान अन्धविश्वास, अशिक्षा, पछौटेपन आदिको आलोचना गर्दै अशिक्षा र कुशिक्षाको जालो पन्छाएर स्वच्छ वैज्ञानिक समाजको निर्माण गर्नुपर्दछ भन्ने सन्देश दिनु र आफ्ना लेखरचनाहरूलाई विचारको प्रचारप्रसारको माध्यमका रूपमा कलात्मक ढङ्गले उपयोग गर्नु उनको प्रवृत्ति हो । मूलतः बुटवलको साहित्येतर गद्यविधाको विकासमा वसन्त पोखरेलको योगदान उल्लेखनीय छ । उनका कुनै पनि पुस्तकाकार कृति हालसम्म प्रकाशित छैनन् ।

### ४.१.७३. **वसन्त न्यौपाने 'जिज्ञासु'**

वसन्त न्यौपाने 'जिज्ञासु'को जन्म प्युठान जिल्लामा भएको हो भने उनले स्नातक तहसम्मको शिक्षा प्राप्त गरेका छन् ।[३१८] पिछडिएको तथा ग्रामीण समुदायको स्तरलाई उकास्नु आफ्नो साहित्यलेखनको उद्देश्य भएको बताउने जिज्ञासुका विभिन्न पत्रपत्रिकामा लेखरचना प्रकाशित छन् भने बुटवलमा हुने साहित्यिक कार्यक्रमहरूमा उनको उपस्थिति देखिन्छ । यिनका रचनामा समसामयिक विषयवस्तुको प्रयोग गरिएको पाइन्छ । वि.सं. २०५९ देखि बुटवलको गोलपार्कमा बसोबास गर्ने जिज्ञासुले सोही 'भावना' दैनिकमा 'प्रियसी' शीर्षकको कविता प्रकाशित गरी साहित्ययात्रा सुरु गरेका हुन् । उनी गौमुखी **सौरभ** साहित्यिक त्रैमासिकका प्रमुख व्यवस्थापक पनि हुन् ।

### ४.१.७४. **शान्तराम गिरी**

शान्तराम गिरीको न्वारनको नाम लीला गिरी हो । उनको जन्म वि.सं. २००९ चैत्र १५ गते पिता सहजानन्द गिरी र माता चन्द्र गिरीका कोखबाट पर्वत जिल्लाको तिलहार गा.वि.स. ८ मा

---

[३१८] वसन्त न्यौपाने 'जिज्ञासु' ले माघ ८ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

भएको हो ।[३१९] वि.सं. २०३६ देखि बु.न.पा.-११ आनन्दमार्ग अस्पताल-लाइनमा बसोबास गर्न थालेका गिरीले वि.सं. २०३४ को नारायणगढको लायन्स स्मारिकामा 'भानुसँग गुनासो' शीर्षकको कविता प्रकाशित गरी साहित्ययात्रा प्रारम्भ गरेका हुन् । स्नातक तहसम्मको अध्ययन पूरा गरेका शान्तराम गिरी कला र संस्कृतिको उत्थानका लागि लेखनद्वारा योगदान दिनुलाई आफ्नो साहित्यलेखनको उद्देश्य ठान्दछन् । शान्तराम गिरी बहुआयमिक प्रतिभा हुन् । उनी अभिनय, चित्रकला, मूर्तिकला र साहित्यलेखनजस्ता बहुविध क्षेत्रहरूमा क्रियाशील छन् । शान्तराम गिरी कलाकर्मी र संस्कृतिकर्मी हुन् । हाल बुटवल साहित्य, कला, सांस्कृति प्रतिष्ठानको सचिव रहेका गिरी लुम्बिनी कला मञ्चको अध्यक्ष, नेपाल कमर्सियल आर्टिस्ट सङ्घको केन्द्रीय सहअध्यक्ष, रेयुकाई नेपालको सदस्य र लायन्स क्लवको चार्टर्ड मेम्बर पनि भएका हुन् । बुटवल साहित्य, कला, संस्कृति प्रतिष्ठानको प्रकाशोन्मुख स्मारिका 'बुटवल दर्पण' को प्रकाशनमा समेत सम्वद्ध रहेका शान्तराम गिरी कोसी अञ्चल साहित्य परिषद् धरानद्वारा वि.सं. २०३१ मा भानु जयन्तीका अवसरमा आयोजित कविता प्रतियोगितामा 'भानुसँग गुनासो' कवितावाचन गरी प्रथम भएका हुन् भने विद्यालयस्तरीय नृत्य प्रतियोगिताहरूमा धेरै शिल्ड र पुरस्कारका साथै विभिन्न सांस्कृतिक कार्यक्रमहरूमा कदरपत्र र सम्मानपत्रद्वारा पुरस्कृत पनि भएका छन् । उनका हालसम्म प्रकाशित कृतिहरू हुन् -

१. 'अक्षराङ्कन विधि' (२०५८)

२. 'हरायो' (एकाङ्की २०६१)

'अक्षराङ्कन विधि' चित्रकलाका प्रशिक्षार्थीहरूका लागि उपयोगी पुस्तक हो । अक्षर लेखन विधिको सैद्धान्तिक परिचय र व्यावहारिक ज्ञानसँग यस पुस्तक सम्बन्धित छ । 'हरायो' एकाङ्की २०६० को 'जनसङ्घर्ष दैनिक' मा पहिलोपटक प्रकाशित भएको हो । यस गाईजात्रे नाटक हो र यसमा नेपाली मौलिक संस्कृति हराउँदै गएको र विदेशी संस्कृतिको नक्कल हुन थालेकोप्रति व्यङ्ग्य गरिएको छ । 'पचास रुपियाँको तमसुक', 'हरायो' जस्ता नाटकहरूमा अभिनय गरेका शान्तराम गिरीले ' लोभीपापी', 'आमाको माया', 'घरसंसार', 'सारङ्गी', 'तिम्रो मायामा', 'यस कस्तो माया ?' जस्ता चलचित्रहरूका साथै 'समाजको सत्रु', 'बिछोड', 'पवित्र सम्बन्ध', 'स्वयम्भूको आँखा', 'प्रतीक' आदि टेलिचलचित्रहरूमा अभिनयसमेत गरेका छन् । शान्तराम गिरीका एकाङ्की, कविता र लेखरचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । उनले 'अब्जसी' उपनामबाट पनि आफ्ना रचनाहरू प्रस्तुत गरेका छन् । उनका रचनाहरूमा लोपोन्मुख मौलक संस्कृतिको संरक्षणको आग्रह, खोजपरकता र समसामयिक घटना, पात्र र परिवेशबाट प्रभावित हुने प्रवृत्ति पाइन्छ । बुटवलको साहित्ययात्रामा शान्तराम गिरीको बहुआयामिक व्यक्तित्वले खेलेको भूमिका उल्लेखनीय छ ।

---

[३१९] शान्तराम गिरीले माघ ९ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

### ४.१.७५. **शीतविन्दु**

शीतविन्दुको न्वारनको नाम प्रदीप ज्ञवाली हो । उनको जन्म वि.सं. २०१९ मा पिता नारायणदत्त ज्ञवाली र माता पुण्यकला ज्ञवालीका कोखबाट गुल्मी जिल्लाको बलेटक्सारमा भएको हो ।[३२०] स्थानीय विद्यालयबाट शिक्षारम्भ गरेका शीतविन्दुले वि.सं. २०४१ मा 'समालोचना दैनिक' मा 'आँसुले के हुन्छ ?' शीर्षकको कविता प्रकाशित गरी साहित्ययात्राको औपचारिक थालनी गरेका हुन् भने वि.सं. २०२७ देखि नै कविता लेख्न थालेका हुन् । वि.सं. २०५१ देखि बुटवलमा बसोबास गर्दै आएका शितविन्दु नेकपा एमालेका केन्द्रीय सदस्य, वि.सं. २०५१ को आमनिर्वाचनमा गुल्मी जिल्लाबाट सांसद, 'एक्काइसौं शताब्दी' साप्ताहिकका अतिथि सम्पादक, प्रलेसका केन्द्रीय सदस्य (२०५५-५७) र २०३१ मा मा.वि.स्तरीय कविता प्रतियोगितामा प्रथम भएका हुन् । शीतविन्दुका फुटकर गीत, कविता र लेख, प्रबन्ध, भूमिका आदि विभिन्न पत्रपत्रिका र पुस्तकहरूमा प्रकाशित छन् ।

उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू हुन्-

१. चिता जलिरहेछ (कवितासङ्ग्रह २०५३)
२. सहयात्री (उपन्यास २००६)
३. कुहिरो (कथासङ्ग्रह २०६०)
४. मार्क्सवादको सृजनात्मक प्रयोग र नेपाली क्रान्ति (वैचारिक निबन्धसङ्ग्रह २०५७)
५. प्रचण्डपथः विचारको केन्द्रीकरण कि भ्रष्टीकरण (निबन्ध २०५८)
६. आस्था ओ मेरी प्रिया (कवितासङ्ग्रह २०५९)

शितविन्दुका कविता र आख्यानकृतिहरूको छुट्टाछुट्टै विश्लेषण यसप्रकार  गर्न सकिन्छ -

#### ४.१.७५.१. **कविता**

'चिता जलिरहेछ' कवितासङ्ग्रह शीतविन्दुको प्रथम प्रकाशित पुस्तकाकार कृति हो । यस सङ्ग्रहमा 'उर्लिएका वेदनाहरू', 'रगतमा होली खेलिरहेको देश', 'अभिलाषा', 'चित्ता जलिरहेछ' लगायतका छब्बीसवटा कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहका कविताहरूमा एकातिर भविष्यका सुन्दर स्वप्नहरू छन् भने अर्कातिर नेपाली नागरिकहरूका पीडा, दुःख, असन्तोष र अशान्तिहरू प्रतिध्वनित भएका छन् ।

यस सङ्ग्रहको 'चिता जलिरहेछ' कविताले मदन भण्डारीको रहस्यमय मृत्युलाई विषयवस्तु बनाएको छ । 'विशृङ्खलित विचारहरू', 'रगतमा होली खेलिरहेको देश', 'अभिलाषा' जस्ता

---

[३२०] शीतविन्दुले काठमाडौंमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

कविताहरूले बढिरहेको हत्याहिंसाप्रति चिन्ता प्रकट गर्दै जस्तोसुकै कठिन परिस्थिति भोग्नुपरे पनि आफ्नो उद्देश्यमा विचलित हुनुहुँदैन भन्ने भाव व्यक्त गरेका छन् । सरल, सहज भाषाशैलीमा लेखिएका यस सङ्ग्रहका कविताहरूमा तत्सम्, आगन्तुक र नेपाली कथ्य शब्दहरूको समानान्तर प्रयोग देखिन्छ भने कतैकतै व्याकरणिक त्रुटिका कारण भाषिक विचलन पनि आएको देखिन्छ । थोरै मात्र अन्त्यानुप्रासको समायोजन गरिएका यी कविताहरूमा बिम्बालङ्कारको प्रयोगमा भने कवि सचेत देखिन्छन् । कुरु क्षेत्र, दुःशासन आदि पौराणिक बिम्बहरू प्रभावकारी छन् भने रूपक, उपमा आदि अर्थालङ्कारहरूको प्रयोग भएको छ ।

यी कविताहरू आँसु, रगत र आगाका लप्काहरू, हुरी, वतास र हिमाली अभियानमा जन्मेका छन् ।[३२१] ती कविताहरूमा कविले आफैले अमूक घटनासँग सम्वन्धित कविता भनेर भनेकाले कविका मनमा घटनाले तीव्र प्रभाव पार्ने र पछि मनका तिनै भावहरू कवितामा द्रविभूत भएर प्रस्फुटन भएको देखिन्छ ।[३२२] सहिदहरूको बलिदान कहिल्यै खेर जाँदैन । केही समय उनीहरूको आकाङ्क्षाहरूको परिपूर्तिमा बाधाव्यवधान उत्पन्न भए पनि आखिर सहिदका सहयात्रीहरूले उनीहरूको सङ्कल्पलाई जसरी भए पनि पूरा गर्छन् भन्ने कुरालाई व्यक्त गरेका छन् ।[३२३]

राष्ट्र र जनताप्रतिको प्रतिवद्धताको आदर्शलाई तिलाञ्जली गरेपछि आउने चिन्तनको विकृति भनेको विभिन्न खालका शक्तिकेन्द्रहरूलाई खुसी नपारी सत्तामा जान सकिँदैन, सत्तामा गइएछ भने पनि टिक्न सकिँदैन भन्ने चिन्तन प्रणाली नै हो । जसको कारण विगतका क्रान्तिकारी व्यक्तित्वहरूले पनि 'महाकाली सन्धि' जस्ता भूलहरू गर्न पुगे । यसै कुरालाई कवितामा भनिएको छ ।[३२४] कवि भन्छन्-

शीतविन्दु उठ ! साँझ ढलिसकेछ
तिम्रो सपनाको दीपशिखा त सदाको निम्ति निभ्यो
तर त्यसले सल्काएको ज्योति लाखौं मुटुमा जलिसकेछ ।[३२५]

---

[३२१] गोविन्द भट्ट 'आँसु, रगत र आगोमा जन्मेको कविता', **चिता जलिरहेछ,** (परासी : नवयुग प्रिनटर्स, २०५३), भूमिका ।

[३२२] गोपीरमण उपाध्याय, शीतविन्दुको चिता जलिरहेछ, **प्रगतिशील साहित्य समालोचना**, पूर्ववत, पृष्ठ ४२-४३ ।

[३२३] ऐजन, पृष्ठ ४५

[३२४] ऐजन, पृष्ठ ४९ ।

[३२५] शितविन्दु, चिता जलिरहेछ, पूर्ववत्-पृष्ठ ४१ ।

निरङ्कुशताको तानाशाहीको अन्त्य भएर एउटा उज्यालो उषाको प्रतीक्षा नै यसको मूल मर्म हो ।[३२६] मानवीय जीवनको विभिन्न अवस्थामा प्रकट हुन सक्ने आँसु, हाँसो, राग, अनुराग, विवेक, जाँगर, विश्वास र सङ्कल्पलाई कविले काव्यगत अभिव्यक्तिका साथ अत्यन्त सूक्ष्मता र गम्भीरताका साथ प्रस्तुत गरेका छन् ।[३२७]

वि.सं. २०३९ देखि वि.सं. २०५३ सम्म कविले रचना गरेका कविताहरू सङ्कलित यस सङ्ग्रहका कविताहरूबारे कविको आत्मस्वीकृति यस्तो छ- “यसपल्ट शीतविन्दु, शिशिर, स्मृति, अर्याल आदि नाममा विभिन्न समयमा लेखिएका पत्रपत्रिकाहरूमा प्रकाशित र कतिपय डायरीभित्रै सीमित कविताहरूमध्ये केहीलाई यस सङ्गालोमा समेटेर यस कवितासङ्ग्रह प्रकाशित गरेको हुँ ।[३२८]

गरिबीको मारले पिल्सिएका नेपालीहरूले धन कमाउने उच्च अभिलाषा बोकेर विदेशिदा गर्नुपरेको सङ्घर्ष र भोग्नुपरेको समस्यालाई देखाउँदै यस्तो अवस्थाबाट मुक्ति पाउँन स्वदेशमै फर्कन आग्रह गरेका छन् । कविले यस सङ्ग्रहका कवितामा नेपाली समाजमा विद्यमान विषम आर्थिक अवस्थाका कारण सिर्जित समस्यालाई देखाउँदै गरिब वर्गप्रति सहनुभूति र उच्च वर्गप्रति घृणाको भाव व्यक्त गरेका छन् ।[३२९] उनका प्रत्येक रचना यथार्थको एक खास घटनाको तीव्र भावनात्मक प्रतिक्रिया देखिन्छ । शीतविन्दु जनता, राष्ट्र र जनजीविकाको पक्षमा कलम चलाउने प्रगतिवादी प्रतिभा हुन् ।[३३०]

पिस्कर हत्याकाण्ड, मदन भण्डारीको रहस्यमय मृत्यु र विभिन्न समयका राजनीतिक आन्दोलनका सहकर्मी तथा प्रेरकहरू नेत्रलाल अभागी, बसीर मिया आदिलाई स्मरण गर्दै सम्वोधनात्मक, संस्मरणत्मक र वर्णनात्मक शैलीमा लेखिएका यी मूर्त, लयात्मक र प्रगतिवादी कविताहरू कविको राजनीतिक-जीवनदर्शन र निष्ठाका सच्चा प्रतिच्छाया हुन् । यी कविताहरूमा कविले आफूलाई एक कम्युनिस्टका रुमपा चिनाउन खोजेका छन् र साहित्य राजनीतिबाट अलग्ग रहन नसक्ने मार्क्सवादी मान्यतालाई कलात्मक ढङ्गले अँगाल्ने प्रयास गरेका छन् । वि.सं. २०५३ मा नवयुग प्रिन्टर्स परासीले प्रकाशित गरेको यस कवितासङ्ग्रहका दुईवटा गीतिलयका कविताबाहेक अन्य सबै कविताहरू गद्यकवितात्मक मुक्तलयमा संरचित छन् ।

---

[३२६] गोपीरमण उपाध्याय, ‘शीतविन्दुको ‘चित्ता जलिरहेछ’, पूर्ववत् ।

[३२७] ऐजन, पृष्ठ ४२ ।

[३२८] शीतविन्दु, ‘आफ्नो भन्नु’, चिता जलिरहेछ, पूर्ववत् पृष्ठ छैन ।

[३२९] सालिकराम पौड्याल, पूर्ववत्, पृष्ठ १४३ ।

[३३०] अजित खनाल, पूर्ववत्, पृष्ठ १२९ ।

'आस्था ओ मेरी प्रिया' कवितासङ्ग्रह कवि शीतविन्दुको छैटौं प्रकाशित पुस्तकाकार कृति हो । यसमा 'म के दिऊँ तिमीलाई', 'यति बेला गाउँमा', 'आस्था ओ मेरी प्रिया', 'तिम्रो क्रान्तिको मृत्यु' लगायतका अट्ठाइसवटा कविताहरू सङ्गृहीत छन् । नेपाली राजनीतिका विसङ्गतिहरू, हत्या, आतङ्क, गरिवी, आर्थिक, सामाजिक विशृङ्खलताहरूलाई यस सङ्ग्रहका कविताहरूमा कथ्य बनाइएको छ ।

सरल-सहज भाषाशैलीको प्रयोग, अलङ्कारको समुचित उपयोग, तत्सम, आगन्तुक एवम् कथ्य नेपाली सबै प्रकारका पद र पदावलीहरूको प्रयोग र बिम्ब तथा प्रतीकहरूको प्रचुर प्रयोगका कारण यस कवितासङ्ग्रह एकातिर सुबोध्य हुन पुगेको छ भने अर्कातिर काव्यात्मक । आदि, मध्य र अन्त्यानुप्रास शब्दालङ्कार, उपमा, रूपक आदि अर्थालङ्कारको प्रयोग देखिने यस सङ्ग्रहका कविताहरूमा औंसीको रात, चितुवा, दुम्सी आदि बिम्बहरूले भावलाई गम्भीर तुल्याएका छन् । मुक्त लयमा लेखिएका यस सङ्ग्रहका कविताहरूले कविको राजनीतिक आस्थाप्रतिको मोहलाई उजागर गरेका छन् ।

कविले नेपाली जनताको रगतमाथि मुर्कट्टा नाच नाच्ने शासकहरूको दिन लामा छैनन् भन्ने चेतनालाई कवितामा प्रस्तुत गरेका छन् । कविलाई क्रान्ति र आस्थाप्रति पूर्ण विश्वास छ । [३३१] गरिवी र अभावको छटपटाहटमा एउटा पिल्पिले दीप बन्ने कोसिस गरिरहेका आशाको त्यान्द्रो छोराको निर्मम वीरगतिको खबरले नेपाली आमाहरूको रोएको मनसँगै कवि पनि रुने प्रयत्न गरेका छन् । [३३२] कवि भन्छन् "मलाई थाहा छ- अन्य सबै सृजनाहरूझैं, कविताको उद्‌गम पनि हाम्रै समाज हो, यहींकै पीडा र खुसीहरू, यहींका माया र घृणाहरू, पूरा भएका या अधुरा रहेका यहींकै सपनाहरू अनि जिजीविषा र सुन्दर भविष्यका निम्तिका यहींकै सङ्घर्षहरू हुन् । सिपालु कालीगढीका हातमा परेका भए गोदावरीका यी ढुङ्गाहरू हरिरहूँ लाग्ने मूर्तिमा रूपान्तरित हुँदा हुन् तर मेरा हातमा त्यस्तो सीप छैन । [३३३] वि.सं. २०४१ देखि वि.सं. २०५९ सम्ममा कविद्वारा रचित कविताहरू सङ्गृहीत यस कवितासङ्ग्रह वि.सं. २०५९ मा विवेक सिर्जनशील प्रकाशन प्रा.लि. काठमाडौंले प्रकाशित गरेको हो ।

---

३३१ सालिकराम पौड्याल, पूर्ववत्, पृष्ठ १४५-१४६ ।

३३२ दिलिपकुमार नेपाली, वर्तमान समयको धड्कन छाम्ने आस्था ओ मेरी प्रिया, जनतहल्का साप्ताहिक, २०५९ माघ छ गते ।

३३३ शीतविन्दु, 'सानो स्पष्टीकरण', **आस्था ओ मेरी प्रिया**, (काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. २०५९), पृष्ठ छैन ।

उनका कविताहरूमा वर्गसङ्घर्ष र वर्गयुद्धका सम्बन्धमा कुनै स्पष्ट प्रकारको आस्था प्रकट गरिएको पाइँदैन । संसदीय राजनीति नै सर्वस्व हुन पुग्नु कविको राजनीतिक आस्थासँग सम्वन्धित दुर्वल पक्ष हो । यही दुर्वलतालाई कलात्मकता दिने काम उनका कविताहरूले गरेका छन् ।

### ४.१.७५.२. आख्यान

'सहयात्री' उपन्यास शीतविन्दुको दोस्रो प्रकाशित पुस्तकाकार कृति हो । वि.सं. २०४६ को फागुन २५ गते अर्थात 'नारी दिवस' का दिन पारेर सामाजिक मुक्तिको महान् यात्रामा समर्पित महिलाहरूमा सादर समर्पित गरेर प्रकाशनमा आएको 'सहयात्री' उपन्यासको दोस्रो संस्करण २०६० को वैशाख महिनामा निस्किएको देखिन्छ ।

जम्माजम्मी १२० पृष्ठमा अटाएको 'सहयात्री' उपन्यास मूलरूपमा ४ वटा खण्डमा विभाजित गरिएको छ, ती प्रत्येक खण्डले एक-एकवटा नाम पाएका छन् र ती नाम यस प्रकार छन्- 'सन्ध्या ओर्लन्छ धर्तीमा', 'सेतीका छालहरूसँगै', 'कालो रातको विरोधमा' र 'रक्तिम क्षितिजतिर' ।

उपन्यासको पहिलो खण्ड कम राजनीतिक र बढी व्यक्तिगतजस्तो देखिन्छ । दोस्रो खण्डदेखि उपन्यास क्रमशः बढीभन्दा बढी राजनीतिक बन्दै गएको छ र अन्तिम खण्डमा पुग्दा त इन्दुलाई समेत राजनीतिक व्यक्तित्व प्राप्त भइसकेको छ तथा उपन्यासपूर्ण रूपमा राजनीतिक बनेको छ ।

यस्ता उपन्यासमा लेखकको दायित्व मानिसको सही चित्रण गर्नु मात्र होइन, त्यस मानवीय व्यक्तित्वको पुनर्निर्माण गर्नु पनि हो ।[३३४] यस उपन्यासमा उपन्यासकारका राजनीतिक सङ्घर्षका दिनहरूलाई पुनर्निर्माण गरिएको छ ।

मूलतः निम्नमध्यमवर्गीय, समस्यापीडित र पछौटे परिवार एवम् समाजभित्रका अन्तर्विरोधहरू केलाइएको यस उपन्यासमा राजनीतिक सक्रियता र सङ्घर्षले सबै समस्याहरूको समाधान हुन्छ भन्ने आग्रह सिङ्गो उपन्यासको निष्कर्षका रूपमा अगाडि आएको छ । नवराज, ज्योति र कृष्णमार्फत राजनीतिक प्रचारलाई औपन्यासिकीकरण गरिएको छ । यी ३ जना पात्रजस्ता राजनीतिकर्मीको आस्था र विश्वास त्यसबेलाको भूमिगत राजनीतिको कालखण्डमा साह्रै बलिया हुन्थे ।[३३५] उनीहरूका निम्ति जीवनमा सबैभन्दा बढी महत्त्व तिनै कुराले पाएका हुन्थे भन्ने कुरा नवराजले इन्दुलाई 'म आफ्नै मुटुमा हात राखेर भन्छु प्रिया, यदि हाम्रो महान् लक्ष्यपछि मेरो सबभन्दा प्यारो चिज केही छ भने

---

[३३४] ऋषिराज बराल, **उपन्यासको सौन्दर्यशास्त्र**, (ललितपुर : साझा प्रकाशन, २०५६), पृष्ठ ३७३ ।

[३३५] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, (वाराणसी : भूमिका प्रकाशन, २०५३), पृष्ठ ४०० ।

त्यस तिमी नै हौ ।' भनेबाट पुष्टि हुन्छ ।[३३६] 'सहयात्री' समाजवादी उपन्यास हो । समाजवादी हुनु भनेकै उद्देश्यमूलक हुनु हो । समाजवादी यथार्थमा सुदृढ भविष्यप्रति विश्वास गरिन्छ ।[३३७]

प्रगतिवादी चरित्र चित्रणका लागि लेखकले जनसङ्घर्षमा भाग लिनुपर्छ । जीवनको सक्रिय भूमिकासँग जोडिएर नै लेखक नयाँ र पुराना जीवनका सङ्घर्ष तथा तिनका विसङ्गतिसँग परिचित हुन सक्छ ।[३३८] कम्युनिस्ट पार्टीका नेता रहेका उपन्यासकार ज्ञवाली भूमिगत राजनीतिबाट खारिएर आएका व्यक्ति हुन् । यसैले उनले यस उपन्यासमा उभ्याएका सबै चरित्र अत्यन्त स्वाभाविक लाग्दछन् ।[३३९]

यस उपन्यासको मूल कथा रैखिक ढाँचाकै छ इन्दु नवराजसँग पार्टीगत विवाह गरेर गुल्मीमा आएको एक बर्षपछिदेखि ऊ सन्तानवती बनेसम्म । यही रैखिक ढाँचाका बीचमा जम्मा ३ पटक पूर्वदीप्तिको प्रविधि अँगालिएको छ । इन्दु गुल्मीमा आफ्ना कोठामा बसेर नवराजको फोटो हेरेर आफ्ना प्रेम र विवाहको प्रसङ्गदेखि उसले आफूलाई गुल्मीमा छाडेर गएसम्मका घटनाहरूको स्मरण गर्छे । इन्दु सङ्घर्षबाट थकित भएर पोखरा फर्किएका बखत एकपटक मधु र ज्योतिसँगको सम्पर्कले कम्युनिस्ट आन्दोलनमा होमिएको कुरा स्मरण गर्दै र अर्कोपटक चाहिं ज्योतिले अरू कसैको जस्तो गरेर आफ्नै जीवनको पूर्वस्मरण उसलाई सुनाएको छ । नवराज जेलबाट छुटेर आएपछि इन्दुलाई त्यहँका यातना सुनाउने क्रममा पनि पूर्वदीप्ति आएको छ । रैखिक ढाँचामा रहेको मूल कथामा पूर्वदीप्तिका यी ४ सन्दर्भ समावेश गर्दा यस उपन्यासको कथानकीय ढाँचा मिश्रित बन्न पुगेको छ र यसलाई अर्को शब्दमा बृत्ताकारीय भन्ने गरिन्छ ।[३४०]

समाजवादी उपन्यासमा चरित्रचित्रणको जत्तिकै महत्त्व छ, परिवेश चित्रणको पनि । उपयुक्त परिवेशको चयन हुन सकेन भने कथ्य र चरित्रका भरमा मात्रै औपन्यासिक सफलता हात नलाग्न सक्छ । यस्ता उपन्यासमा भौतिक र सामाजिक परिवेश नै मुख्य मानिन्छन् । भौतिक परिवेशमा यहाँ नेपालका पश्चिमी क्षेत्रका पोखरा र गुल्मीलाई प्रस्तुत गरिएको छ । यी दुवैमध्ये अघिल्लो सहरी परिवेश हो भने पछिल्लो ग्रामीण । सहर हेर्दा सुन्दर पछि छ, कुकृत्यहरू मौलाउनका लागि त्यहाँ

---

[३३६] ऐजन, पृष्ठ ३४ ।

[३३७] ऐजन, पृष्ठ ३८७ ।

[३३८] ऋषिराज बराल, उपन्यासको सौन्दर्यशास्त्र, पूर्ववत, पृष्ठ ३७३ ।

[३३९] सुधा त्रिपाठी, समाजवादी स्वप्न र 'सहयात्री' उपन्यास, **यथार्थवादी नेपाली समालोचना**, पूर्ववत्, पृष्ठ ३९४ ।

[३४०] ऐजन, पृष्ठ ३८७ ।

वातावरण पनि छ र आन्दोलन पनि छिट्टै सङ्ग्रालिन सक्छ । गाउँ हेर्दा सुन्दर छ तर भोग्दा कुरूप छ र कुकृत्यका विरुद्ध आन्दोलन उठाउन निकै मिहिनेत गर्नुपर्छ ।[३४१]

'सहयात्री' उपन्यासमा कृष्ण, नवराज र ज्योतिहरू दीर्घकालीन समाजवादी क्रान्तिप्रति समर्पित भएर दुर्गम गाउँका कुनाकन्दरामा छरिँदै व्यक्तिगत र पारिवारिक सुखदुःख बिर्सिरहेका थिए । सोही उद्देश्य प्राप्तिका निम्ति इन्दु पनि अथक सङ्घर्ष गर्दै एकातिर आत्मिक परिष्कारको सङ्घर्षमा लागेकी थिई भने अर्कातिर गाउँलेहरूलाई सङ्गठित गर्दै समाजवादी लक्ष्य प्राप्तिको निम्ति सङ्घर्षशील थिई । २०४६ मा ऊ गाउँकेन्द्री सङ्घर्ष गर्दै थिई भने नवराज सहरकेन्द्री सङ्घर्ष गरिरहेको थियो । गाउँगाउँबाट सङ्घर्षका राँकाहरू उठ्न थालेपछि सहरी सङ्घर्ष सफलताका विन्दुमा पुग्ने गर्छ र २०४६ मा नेपालमा पनि त्यही भएको थियो ।[३४२]

वि.सं. २०४६ मै प्रकाशित भएको उपन्यास भएकाले 'सहयात्री' उपन्यास उपन्यासकारको राजनीतिक सङ्घर्षका दिनहरूको प्रतिबिम्ब पनि हो । यथार्थवादी प्रगतिवादी साहित्यिक स्रष्टामात्र नभएर एकजना राजनीतिकर्मी र त्यसमाथि पनि सांसद नै भइसकेको व्यक्ति भएकाले यस उपन्यासलाई उनको राजनीतिक आस्थासँग समेत गाँसेर हेर्नु अस्वाभाविक हुने छैन । उनका पछिल्ला साहित्यिक कृतिहरूमा भन्दा यस उपन्यासमा उनको वर्गीय दृष्टिकोण पारदर्शी ढङ्गबाट व्यक्तिएको छ । यस उपन्यासमा उपन्यासकारले वर्गसङ्घर्षलाई अधिक महत्त्व दिएका छन् र खराब राजनीतिको लोभीपापी खेलका विरुद्ध उपन्यासकारको प्रतिवद्धता प्रकट हुन गई समाजवादोन्मुख वर्गदृष्टिकोण व्यक्तिएको छ ।

जनपक्षीय कवि र आख्यानकारमात्रै नभएर शीतविन्दु आफै नेता भए पनि उनका २०४६ पछिका रचनाहरूमा संसदीय व्यवस्थाले ल्याएका खराबीहरूको खरो चित्रण पाइँदैन भने त्यसअघिका रचनाहरूमा भने उनी वास्तवमै नागरिकहरूको समस्याको यथार्थ र इमानदारीपूर्वक चित्रण गर्ने तथा समस्यासमाधानका बाटाहरू समेत पहिल्याउने सामाजिक यथार्थवादी र समाजवादोन्मुख स्रष्टाका रूपमा देखापर्दछन् ।

### ४.१.७६. **शेखर अस्तित्व**

शेखर अस्तित्व यद्यपि मूलतः भारतीय र हिन्दीभाषी प्रतिभा हुन् तर यिनको नेपाली भाषा र साहित्यप्रतिको रुचि र श्रद्धा एवम् नेपालीपनप्रतिको आस्था अति नै प्रशंसनीय छ । आफ्नो कलाकारिताको सीपका माध्यमबाट जीविकोपार्जन गर्दै आएका शेखरमा साहित्यिक प्रतिभा पनि उत्तिकै

---

[३४१] ऐजन, पृष्ठ ३९५ ।

[३४२] ऐजन, पृष्ठ ३९७ ।

प्रखर र प्रबल रहेको कुरालाई यिनका रचनाले नै प्रमाणित गर्दछन् । हिन्दी र उर्दूमा उत्कृष्ट गीत, गजल र कविताहरू लेखेर आफ्नो क्षमता दर्शाइसकेका शेखरले नेपाली भाषामा लेख्न आरम्भ गरेको थोरै समयमै स्तरीय र कलात्मक कविता र गजलहरू लेखेका छन् । एउटा विदेशी तथा नेपाली इतर भाषीले यसरी सुन्दर र स्तरीय नेपालीमा लेखेको देख्दा वस्तुतः आश्चर्य नै लाग्दछ ।[३४३] शेखर 'अस्तित्व' कलम र कुची दुवै समानान्तर ढङ्गमा चलाउने, कला र गला दुवैमा प्रतिभाशील कुशल युवा स्रष्टा हुन् । यिनको हालसम्म प्रकाशित कृति हो

१.  सेतो हिमाल मेरो (बाल गजलसङ्ग्रह २०६०)

यस सङ्ग्रहका गजलहरूले सामान्यज्ञानका झिनामसिना कुराहरूदेखि राष्ट्रप्रेमको गहन भावनालाई अङ्गीकार गरेका छन् ।[३४४] यस सङ्ग्रह शेखरको प्रथम प्रकाशित कृति हुनुका साथै नेपालीमा प्रकाशित बालगजलहरूको प्रथम सङ्ग्रह हो । अझ यसो भनूँ, संसारकै प्रथम बाल गजलसङ्ग्रह हो- 'सेतो हिमाल मेरो' । यी गजलहरू शिक्षाप्रद, सन्देशमूलक र भावनाप्रधान समेत छन् ।[३४५] शेखर अस्तित्वका बालगजलहरू वास्तवमै शिक्षाप्रद छन् । गजलकार भन्छन्-

अङ्ग्रेजीमा मूसालाई 'र्‍याट्' भनिन्छ ।
थाहा छ ? बिरालोलाई 'क्याट्' भनिन्छ ।[३४६]

बालबालिकाहरूका लागि यस गजलसङ्ग्रहका गजलहरू पाठ्यपुस्तकका पाठ्यसामग्री जस्ता छन्, हेरौं-

आऊ साथी आऊ आज शनिबार छ
नाच अनि गाऊ आज शनिवार छ
होमवर्क गरेपछि के को पीर हो ?
कति नडराऊ आज शनिवार छ ।[३४७]

जम्मा सत्रवटा बालगजलहरू सङ्गृहीत यस गजलसङ्ग्रह ४५ पृष्ठको लघु आकारको छ भने यसमा 'गजल यसरी लेखिन्छ' शीर्षकमा बालबालिकाहरूलाई सरल र सुवोध भाषामा

---

[३४३] डा. घनश्याम 'परिश्रमी', 'हार्दिक बधाइ भाई शेखरलाई', **सेतो हिमाल मेरो**, (बुटवल : संचिता प्रकाशन, २०६०), पृष्ठ ४ ।

[३४४] बुँद राना, 'सुरुआत राम्रो', 'सेतो हिमाल मेरा', पूर्ववत्, पृष्ठ ६ ।

[३४५] डा. घनश्याम परिश्रमी, 'हार्दिक बधाइ छ भाइ शेखरलाई', पूर्ववत्, पृष्ठ ५ ।

[३४६] शेखर अस्तित्व, सेतो हिमाल मेरो, पूर्ववत्, पृष्ठ १९ ।

[३४७] ऐजन, पृष्ठ २१ ।

गजलसिद्धान्तका वारेमा बताइएको छ । सत्रवटा चित्रहरू समेत समावेश गरिएको यस गजल सङ्ग्रहका गजलहरू बालमनोविज्ञानको अत्यन्त सूक्ष्म अध्ययन गरेर लेखिएका छन् ।

यस बालगजल सङ्ग्रहका गजलहरूले साना नानीहरूको बालभावनालाई अत्यन्तै नजिकबाट नियालेर उनीहरूको कोमलता, भावुकता, चञ्चलता साथै बालसुलभ क्रियाकलापलाई अत्यन्तै सरस एवम् मिठासयुक्त शब्दहरूको गजलरूपी माला उनेर प्रस्तुत गरेका छन् । देशका भविष्यरूपी बालबालिकाहरूलाई गजलका माध्यमबाट प्रेम, समता, अनुशासन कर्तव्यपरायणता, आज्ञाकारिता, देशप्रेम लगायत जीवनका तीतापीरा अनुभूतिमा खुट्टा नकमाएर निरन्तर अघि बढ्ने प्रेरणा दिन यस बालगजलसङ्ग्रह सफल देखिन्छ ।

नेपाली परिवेश, पात्र र मनोविज्ञानको प्रतिनिधित्व गर्ने शेखर अस्तित्वका गजलहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । बुटवलका साहित्यिक गोष्ठीहरूमा उनको उपस्थिति नियमित देखिन्छ भने हुने विरुवाको चिल्लो पात भनेझैं छोटो समयावधिमा नै गजलका क्षेत्रमा यिनले ठूलो सफलता पाएका छन् । बुटवलको साहित्ययात्रामा यिनको उपस्थिति प्रेरणादायी छ ।

### ४.१.७७. **शेरबहादुर गुरुङ**

शेरबहादुर गुरुङको जन्म वि.सं. १९८६ आश्विन ३ गते पिता जीतबहादुर गुरुङ र माता नौली गुरुङका कोखबाट पर्वत जिल्लाको फलामखानी गा.वि.स. मा भएको हो । [३४८] गाउँमै प्रारम्भिक शिक्षा लिएका गुरुङले गान्धी हायर सेकेन्डरी स्कुलबाट एस.एल.सी. पूरा गरेका हुन् भने वि.सं. २०१९ मा त्रि.वि.बाट आई.ए. उत्तीर्ण गरेका हुन् । कविता र गद्य दुवैमा रचनाहरू प्रकाशित गरेका गुरुङले आफ्ना रचनाहरूमा राजसंस्था, पञ्चायती व्यवस्था, समाज र देशप्रति प्रेम प्रकट गरेका छन् । भाषिक शिल्प, साहित्यिक सौन्दर्यचेतको अभाव आदिका कारण सशक्त रचना दिन नसकेका गुरुङ २०२५ देखि बुटवलको कालिकानगरमा बस्दै आएका छन् । वि.स.. २०१५ को संसदीय निर्वाचनमा राष्ट्रवादी गोर्खा परिषद्का उम्मेदवार, गोर्खा छात्रसङ्घ देहारादुनको सचिव (२०१०), नेपाल राष्ट्रवादी गोर्खा परिषद् पश्चिम ४ नं. स्याङ्जा र पर्वतको सभापति (२०१३), पर्वत जिल्ला सभाषद् (२०१९), नेपाल युवक सङ्घको जिल्ला सभापति (२०२२), भू.पू.सैनिक सङ्गठनको जिल्ला सचिव (२०२७), पदेन राजसभा सदस्य (२०२८), गाउँफर्क राष्ट्रिय अभियान रूपन्देहीको सदस्य सचिव (२०३३), नेपाल प्रौढ सङ्गठनको केन्द्रीय सदस्य (२०३६) र नेपाल किसान सङ्घ लुम्बिनी अञ्चलको सभापति (२०४४) समेत भएका शेरबहादुर गुरुङले वि.सं. २००८ मा 'डाँफे' शीर्षकको कविता लेखेर साहित्ययात्रारम्भ गरेका हुन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू हुन्-

---

[३४८] शेरबहादुर गुरुङले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

१.	आमाको बिलौना (कवितासङ्ग्रह २०३८)
२.	त्रियसगी (रचनासङ्ग्रह २०४६)
३.	राजकुमार बेस्सान्तरको दान पारमिता (लेखसङ्ग्रह २०५६)
४.	उद्गार (लेखसङ्ग्रह २०५५)
५.	शिवलिङ्गको महत्त्व र प्राचीन यौन मनोविज्ञान (२०५८)

### ४.१.७८. **सालिकराम पौड्याल**

सालिकराम पौड्यालको जन्म वि.सं. २०३४ चैत्र २२ गते पिता विष्णुप्रसाद पौड्याल र माता गङ्गादेवी पौड्यालका कोखबाट भएको हो ।[३४९] स्थानीय विद्यालयबाट एस.एल.सी. उत्तीर्ण गरेका पौड्यालले बुटवल बहुमुखी क्याम्पसबाट आई.ए. तथा स्नातक तह उत्तीर्ण गरेका हुन् । उनी नेपाली विषयको स्नातकोत्तर तहको त्रि.वि.द्वारा सञ्चालित परीक्षामा शैक्षिक सत्र २०६१/०६२ मा प्रथम श्रेणीमा प्रथम भएका हुन् । वि.सं. २०५४ मा 'यही हो प्रेम ?' शीर्षकको कविता लेखेर साहित्ययात्रा सुरु गरेका पौड्यालका कविता, गजल तथा समालोचनात्मक लेख, फिचर आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । उनका कुनै पनि पुस्तकाकार कृतिहरू प्रकाशित छैनन् ।

### ४.१.७९. **सुनगाभा पोखरेल**

सुनगाभा पोखरेलको न्वारनको नाम सुष्मा पोखरेल हो । उनको जन्म वि.सं. २०३८ चैत्र २७ गते पिता वसन्त पोखरेल र माता माधवी पोखरेलका कोखबाट नवलपरासी जिल्लाको रूपौलिया गा.वि.स-२ मा भएको हो ।[३५०] वि.सं. २०५६ देखि बु.न.पा. १५ मा बसोबास गर्न थालेकी सुनगाभा पोखरेलले एस.एल.सी.सम्मको शिक्षा प्राप्त गरेकी छन् । सामाजिक चेतना र सुधारका लागि साहित्य लेख्ने गरेको बताउने पोखरेलका कविता, कथा र गीतहरू 'नयाँ युगबोध दैनिक' (दाङ), 'दैनिक लुम्बिनी' (बुटवल) 'साप्ताहिक सम्वाद' (भैरहवा) लगायतका पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । सुनगाभा पोखरेलका रचनाहरूमा गरिबका पीडा, समसामयिक परिस्थिति, अन्तर्राष्ट्रिय पीडा र समस्याहरूको प्रस्तुति पाइन्छ । उनका हालसम्म कुनै पनि पुस्तकाकार कृतिहरू प्रकाशित छैनन् ।

### ४.१.८०. **सुन्दरी वासी**

सुन्दर वासीको न्वारनको नाम हरिसुन्दर वासी हो । उनको जन्म वि.सं. २०३७ पुष ३ गते पिता लालबहादुर वासी र माता हेलमाया वासीका कोखबाट भक्तपुर जिल्लाको भक्तपुर-२ मा भएको

---

[३४९] सालिकराम पौड्यालले सेमलारमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[३५०] सुनगाभा पोखरेलले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

हो ।[351] अस्थायी रूपमा वि.सं. २०५७ देखि बु.न.पा.-२ मा बसोबास गर्दै आएका सुन्दर वासीले स्नातक तहसम्मको शिक्षा पूरा गरेका छन् भने समाज रूपान्तरणमा टेवा पुऱ्याउने उद्देश्यले साहित्य क्षेत्रमा प्रवेश गरेको बताउँछन् । बुटवलका विभिन्न साहित्यिक सङ्घसंस्थाहरूले आयोजना गर्ने साहित्य गोष्ठीहरूमा सहभागी हुने वासी 'जितगढी' साहित्यिक त्रैमासिकका सम्पादक हुन् । उनका कविता, कथा र समालोचनात्मक रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । उनका रचनाहरूमा नेपाली राजनीति र समाजमा देखापरेका विकृति र विसङ्गतिप्रति तीक्ष्ण आलोचना गरिएको पाइन्छ । नेपाली समाजमा रहेका परम्परागत संस्कृतिहरूलाई समयसापेक्ष रूपमा लिनुपर्ने सन्देश उनका रचनाहरूमा पाइन्छ । उनका कुनै पनि पुस्तकाकार कृतिहरू हालसम्म प्रकाशित छैनन् ।

### ४.१.८१. **सुरज घिमिरे 'दीपशिखा'**

सुरज घिमिरे 'दीपशिखा' को जन्म वि.सं. २०३९ मा पिता पूर्णप्रसाद घिमिरे र माता सत्यवती घिमिरेका कोखबाट रूपन्देही जिल्लाको छपियामा भएको हो ।[352] वि.सं. २०५६ मा 'ऊ त सहिद भएछ' कविता प्रकाशित गरेर साहित्यलेखनका क्षेत्रमा देखापरेका घिमिरेले बुटवलका साहित्यिक कार्यक्रमहरूमा आफ्ना रचना वाचन गर्दै आइरहेका छन् । स्नातक तह तृतीय वर्षको ऐच्छिक नेपालीको सृजनापत्रका लागि गद्य कवितासङ्ग्रह 'दीपशिखा' लेखेका घिमिरेका हालसम्म कुनै पुस्तकाकार कृति प्रकाशित छैनन् । उनका विभिन्न पत्रपत्रिकामा कविता, गजल, मुक्तकहरू प्रकाशित भएका छन् ।

### ४.१.८२. **सुरेशकुमार छन्त्याल**

सुरेशकुमार छन्त्यालको जन्म वि.सं. २०३८ मा बागलुङ जिल्लाको बुर्तिवाङमा भएको हो ।[353] वि.सं. २०५५ देखि भलवारीमा बसोबास गर्दै आएका छन्त्याल गजलसागर नेपालका सदस्य हुन् भने उनका थुप्रै गजल र कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । बुटवलमा हुने साहित्यिक कार्यक्रमहरूमा संलग्न हुँदा आएका सुरेश छन्त्यालको मुख्य साधना क्षेत्र गजल हो ।

---

[351] सुन्दर वासीले माघ २९ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[352] सुरज घिमिरे 'दिपशिखा' ले माघ ८ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[353] सुरेशकुमार छन्त्यालले माघ ८ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

### ४.१.८३. **सूर्यलाल श्रेष्ठ**

सूर्यलाल क्षेष्ठको जन्म वि.सं. १९८१ मा पाल्पा जिल्लाको बन्दीपुर गा.वि.स. मा भएको हो ।[३५४] स्थानीय विद्यालयबाट प्रारम्भिक शिक्षा प्राप्त गरेका सूर्यलाल वि.सं. २००३ देखि बुटवलमा बसोबास गर्न थालेका हुन् । पञ्चायती शासनकालमा रा.प.स. समेत भएका सूर्यलालले वि.सं. २०१२ मा बुटवलको पहिलो पत्रिका 'बुटवल साप्ताहिक' को सम्पादन गरेका हुन् भने वि.सं. २०२० वैशाख महिनाको 'रूपरेखा' पत्रिकामा यिनको 'जमाना तिम्रो हो' शीर्षकको कविता प्रकाशित भएको थियो । बुटवलको पहिलो पत्रिकाका सम्पादक हुनाले यिनलाई 'बुटवलको पहिलो र ज्येष्ठ पत्रकार' हुने श्रेय प्राप्त छ । राष्ट्रिय तथा स्थानीयस्तरका पत्रपत्रिकाहरूमा यिनका प्रशस्त फुटकर लेखरचनाहरू प्रकाशित देखिन्छन् । सूर्यलाल श्रेष्ठका रचनामा नेपाली समाजमा विद्यमान विसङ्गतिहरूप्रति व्यङ्ग्य र सुधारको अपेक्षाका साथै समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाहरूको मार्मिक चित्रण गरिएको पाइन्छ ।

### ४.१.८४. **हृदय लेकाली**

हृदय लेकालीको न्वारनको नाम रामबहादुर बस्नेत हो । उनको जन्म वि.सं. २०२३ साउन २१ गते मङ्गलबार पिता लोकबहादुर बस्नेत र माता विष्णुकुमारी बस्नेतका कोखबाट भारतको नागालैन्डमा भएको हो ।[३५५] वि.सं. २०४८ देखि २०५७ सम्म बुटवलमा बसोबास गरेका हृदय लेकाली हाल भैरहवामा बसोबास गर्दछन् । वि.सं २०४० मा दैनिक जनसङ्घर्षमा 'भानुको सम्झनामा' शीर्षकको कविता प्रकाशित गरी औपचारिक रूपमा साहित्ययात्रा आरम्भ गरेका लेकालीले बु.व.क्या. बुटवलबाट कानुन विषयमा स्नातकसम्मको अध्ययन पूरा गरेका छन् । गोरखापत्र, कान्तिपुर, गुञ्जन, मनोभाव, बगर, रचना, मुना, जनसङ्घर्ष, लुम्बिनी, भावना जस्ता पत्रपत्रिकाहरूमा उनका गजल, कविता आदि रचनाहरू छरिएर रहेका छन् । उनी सिद्धार्थ साहित्य परिषद्को कोषाध्यक्ष र गजल सागर नेपालको सल्लाहकार भएका हुन् भने रूपन्देही जिल्ला बार एसोसिएसनको प्रकाशोन्मुख स्मारिका 'कानुन चर्चा' (२०६२) का सदस्य-सचिव पनि भएका छन् । वि.सं. २०५२ मा साहित्य सङ्गम बुटवलबाट उत्कृष्ट प्रतिभा पुरस्कार पाएका हृदय लेकाली मूलतः गजलकार हुन् । उनका रचनाहरूमा नेपाली समाजमा रहेका विसङ्गतिहरू र नेपाली नागरिकहरले भोग्नुपरेका समस्याको चित्रणका साथै त्यसबाट मुक्ति पाउन विद्रोहको आवाज उठाउने प्रवृत्ति पाइन्छ । उनका कुनै पनि पुस्तकाकार कृति हालसम्म प्रकाशित छैनन् ।

### ४.१.८५. **हिमा न्यौपाने**

---

[३५४] सूर्यलाल श्रेष्ठले काठमाडौंमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[३५५] हृदय लेकालीले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

हिमा न्यौपानेको जन्म वि.सं. २०४० भदौ ३० गते पिता लक्ष्मीपति र माता गौरी न्यौपानेका कोखबाट नवलपरासी जिल्लामा भएको हो ।[३५६] उनले स्नातक तहसम्मको अध्ययन गरेकी छन् भने वि.सं. २०६१ को 'अनुराग' पत्रिकामा गजल प्रकाशित गरी औपचारिक रूपमा साहित्ययात्राको थालनी गरेकी हुन् । पश्चिमाञ्चल गजल प्रतिष्ठानकी उपाध्यक्ष, बर्दगरिया साहित्य समाजकी कोषाध्यक्ष र नवलपरासी साहित्य परिषद्की सदस्य रहेकी हिमा न्यौपानेका कविता गजल एवम् कथाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् भने 'नवलपरासीका समसामयिक गजल सङ्ग्रह' (२०६२) मा उनका गजलहरू सङ्गृहीत छन् । आत्मसन्तुष्टि र समाज परिवर्तनका लागि साहित्य लेख्ने गरेको बताउने न्यौपानेका रचनाहरूमा महिला उत्थान, नारीका पीडा र व्यथालाई विषयवस्तु बनाइएको पाइन्छ ।

### ४.१.८६. **हिरण्यलाल ज्ञवाली**

हिरण्यलाल ज्ञवालीको जन्म वि.सं २०१६ माघ १० गते गुल्मी जिल्लाको थोर्गामा भएको हो । स्थानीय विद्यालयबाट एस.एल.सी गरेका ज्ञवालीले वि.सं. २०४७ मा त्रि.वि.बाट नेपाली विषयमा स्नातकोत्तर गरेका हुन् भने हाल बु.व.क्या. मा प्राध्यापन गर्छन् । छन्दोवद्ध कविताहरू रचना गर्ने हिरण्यलाल ज्ञवाली राष्ट्रव्यापी कविता प्रतियोगितामा चारपटक पुरस्कृत भयोकेका छन् भने उनले वि.सं. २०३१ देखि पत्रपत्रिकामा आफ्ना रचनाहरू प्रकाशित गर्न थालेका थिए । गोरखापत्र, मधुपर्क, गरिमा, मिर्मिरे, हाम्रो पुरुषार्थ आदि पत्रपत्रिकामा कविता, निबन्ध र कथाहरू प्रकाशित गरेका ज्ञवालीले 'बिसौनीका बीस थुँगा' कवितासङ्ग्रह स्नातकोत्तर तहको दोस्रो बर्षको ऐच्छिक सृजनात्मक लेखनका लागि लेखेका थिए उनको 'जिजीविषा' (अंशकाव्य) र 'पितृवन्दना' (शोककाव्य) प्रकाशोन्मुख छन् भने उनको हालसम्म प्रकाशित कृति हो -

१. बिसौनी (कवितासङ्ग्रह २०५४))

'बिसौनी' हिरण्यलाल ज्ञवालीको प्रथम प्रकाशित पुस्तकाकार कृति हो । तीनवटा बिसौनीमा विभक्त यस कवितासङ्ग्रहको पहिलो बिसौनीमा 'माटोको माया', 'स्वाभिमान', 'संझना', 'अशान्ति', 'राष्ट्रनिर्माण', 'रिक्तता', 'बालकसित', कविताहरू, दोस्रो बिसौनीमा 'यात्रा', 'मेरो राष्ट्र र म,', 'स्रष्टाको अवस्था', 'युवा', 'भकुण्डो' लगायतका अठारवटा कविता र 'श्रद्धाञ्जलिका पाँच पुष्प', अन्तर्गत 'शहीद', 'भानुको सम्झना', 'मोतीको दिव्यज्योति', 'कविशिरोमणिप्रति', र 'महाकवि देवकोटाप्रति' गरी पाँचवटा कविताहरू सङ्गृहीत देखिन्छन् ।

यस सङ्ग्रहको पहिलो र दोस्रो बिसौनीमा सृजनात्मक समयको अन्तराल देखापर्छ भने शेष खण्ड श्रद्धाञ्जलिपरक छ । मुख्य गरी अनुस्टुप् छन्दको चारहरफे श्लोकयोजना रहेको यस

---

[३५६] हिमा न्यौपानेले माघ ८ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

कवितासङ्ग्रहमा कहिलेकाहीँ दुईहरफे अनुष्टुप् छन्दको श्लोकयोजना पनि रहेको पाइन्छ भने 'बिसौनी', 'परदेशीको सन्देश' लगायतका कवितामा मन्दाक्रान्ता र 'जीर्ण मन', 'मोतीको दिव्यज्योति' कवितामा शार्दूलविक्रीडित छन्दको लयचेतना मुखरित भएको छ ।

छन्दढाँचाको चौकोस परम्परित रहे पनि त्यसभित्र लयात्मक निजत्व र विशिष्टीकरणका संभावनातर्फ कवि ज्ञवाली प्रवृत्त रहेको पाइन्छ ।[३५७] कविताका परिवेश पूर्ववर्ती परिष्कारवादी धाराका प्रवृत्तिप्रति उन्मुख छन् ।[३५८]

यस सङ्ग्रहका पैतालीस कवितामा आधारभूत रूपमा राष्ट्रिय-प्रकृति, लोकयात्रा र मानवीय भावधाराका सुन्दर सुकुमार संवेदनाहरूकै वाहुल्य देखिन्छ । कहिलेकता पलायन र पराजितताका रेखाहरू कोरिए पनि आजको उच्च शिक्षित युवापुस्ताको सौन्दर्यमुग्ध आधारभूत संवेदनाको एक प्रकाशपुञ्जको वरण यस कवितासङ्ग्रहले गरेको छ ।[३५९]

राष्ट्रप्रेम, वर्तमानका विसङ्गतिहरू, स्रष्टाहरूले उपचार नपाएर मर्नुपर्ने अवस्था, कविका युवासुलभ अनुभूति, पहाडी मनोरम परिवेशप्रतिको कविको आकर्षण, गरिबी, किसानहरूको पीडा, बुटवल सहरको कीर्ति र विकृति, नारीका समस्याहरू एवम् राष्ट्रिय स्वाभिमान आदि विषयवस्तुलाई स्वच्छन्दतावादी भावधारा र परिष्कारवादी रचनाकौशलद्वारा यस सङ्ग्रहका कविताहरूले प्रस्तुत गरेका छन् ।

यस सङ्ग्रहको पहिलो बिसौनीका कविताहरू कुनै दश श्लोकसम्मका देखिन्छन् भने कुनै एकश्लोके पनि छन् । दोस्रो बिसौनीको 'बटौली, खस्यौली' शीर्षकको तेह्र श्लोकको कविताबाहेक प्रायः सबै कविताहरू ६ श्लोक वा सोभन्दा कम श्लोकहरूमा संरचित छन् । 'श्रद्धाञ्जलिका पाँच पुष्प' नामकरण गरिएको तेस्रो बिसौनीका पाँचवटा कविताहरूमध्ये 'महाकवि देवकोटाप्रति' शीर्षकको कवितामा नौवटा श्लोकहरू छन् भने अन्य कविताहरूमा आठ वा सोभन्दा कम श्लोकहरू रहेका छन् । चार पङ्क्ति बराबर एक श्लोकको ढाँचा नै यस कवितासङ्ग्रहको श्लोकढाँचा हो ।

छन्द, कथ्य, विषयवस्तु तथा भावसमष्टिसारमा हेर्दा परम्परित छन्दकविताको कवितात्मक घेरोलाई सकारेर पनि त्यसभित्रै र त्यसभन्दा परको निजत्व र मौलिक उन्मेषका सम्भावनातर्फ पनि

---

[३५७] वासुदेव त्रिपाठी, मन्तव्य, **बिसौनी**, (बुटवल : भवानीप्रसाद सुवेदी, २०५४), पृष्ठ, ख ।

[३५८] विष्णुहरि ज्ञवाली, नेपाली साहित्यमा गुल्मी जिल्लाको योगदान, (त्रि.वि., अप्र.स्नातकोत्तर शोधपत्र, २०५२), पृष्ठ ? ।

[३५९] ऐजन, पृष्ठ ख-ग ।

कवि ज्ञवाली सचेत रहेको देखिन्छ ।[३६०] बाढी, पहिरो, फूल, सिन्दूर, हाड आदि स्थानीय बिम्बको प्रयोग गरिएको यस सङ्ग्रहका कविताहरूमा व्यास, बाल्मीकि आदि ऐतिहासिक बिम्बसमायोजन समेत देखिन्छ । आदि, मध्य र अन्त्यानुप्रासबाट उत्पन्न शब्दालङ्कार एवम् उपमा, रूपक, उत्प्रेक्षा आदि अर्थालङ्कारको प्रयोग गरिएको यस सङ्ग्रहमा तत्सम र कथ्य नेपाली शब्दहरूको प्रयोगाधिक्य देखिन्छ भने 'एकता' शीर्षकको कवितामा 'सङ्गच्छध्वम् सम्बदध्वम् संवो मनांसि जानताम्' जस्ता संस्कृत पङ्क्ति पनि प्रयुक्त छ ।

यस सङ्ग्रहका कविताहरूमा कविले अन्याय, अत्याचार, शोषण र परपीडन जस्ता अमानवीय प्रवृत्तिहरूप्रति रोष प्रकट गरेका छन् । कवि भन्छन् -

भन्छन् यस बुद्धको भूमि बदनाम हुँदैछ रे
आजभोलि खस्यौलीको अस्तित्व मेटिदैछ रे
बस्ती बाँदरको जस्तो बटौली किन बन्दछस् ?
खाक्रो खाडल आफैले खस्यौली किन खन्दछस् ।[३६१]

–'दोस्रो बिसौनी'- बटौली खस्यौली)

कविले राष्ट्र र जनताको नाममा आफ्नो जीवनउत्सर्ग गर्ने सहिद, भाषा र साहित्यका निम्ति अथक परिश्रम गर्ने अग्रज साधकहरूप्रति आफ्नो श्रद्धासुमन व्यक्त गरेका छन् ।[३६२] हिरण्यलाल ज्ञवाली अनुष्टुप् छन्दमा जीवन भोगाईका अनुभूतिलाई कवितामा आवद्ध गर्ने कवि हुन् । उनका कवितामा देशप्रेम, देशविकास, सामाजिक जडता र विसङ्गतिप्रतिको संवेदनशीलता र सामाजिक आर्थिक पुनर्रचनाका कामना, प्रीति र वात्सल्यका संवेदना एवम् जीवनका रिक्तता र निस्सारताका साथै सङ्घर्षशीलताको उत्साह आदि पाइन्छ ।

गुल्मीमा जन्मेर पनि बुटवललाई कर्मक्षेत्र बनाएका हिरण्यलाल ज्ञवाली नेपाली साहित्यसंसारमा स्थापित र प्रतिष्ठित भयोकेका माधव घिमिरेबाट भाव र स्वर दुवै दृष्टिले प्रभावित कवि हुन् । उनको 'बिसौनी' कवितासङ्ग्रहका कविताहरूमा जिजीविषा, पलायन, आशा-निराशा, सङ्गति-असङ्गति, सफलता-विफलता, सम्मान-अपमान, एकता-अनेकता तथा प्राचीनता-आधुनिकताको भावसंवेद्य, रागात्मक र आत्मपरक प्रस्तुति पाइन्छ ।

---

[३६०] ऐजन, पृष्ठ ग ।

[३६१] हिरण्यलाल ज्ञवाली,

[३६२] अजित खनाल पूर्ववत् पृष्ठ १३५ ।

### ४.१.८७. ज्ञानेन्द्र प्रयास

ज्ञानेन्द्र प्रयासको जन्म वि.सं. २०३९ वैशाख १ गते पिता चन्द्रमणि पौडेल र माता सीता पौडेलका कोखबाट भारतको सिलाङमा भएको हो । यिनको न्वारनको नाम ज्ञानेन्द्रप्रसाद पौडेल हो । वि.सं. २०४४ देखि बुटवलमा बसोबास गर्ने ज्ञानेन्द्र प्रयासले वि.सं. २०५६ मा चौतारी दैनिकमा 'कोपिला' शीर्षकको बालकविता प्रकाशित गरी साहित्ययात्रारम्भ गरेका हुन् । यिनले **'जिज्ञासु'** बालमासिकको सहसम्पादन गरेका छन् भने हाल बुटवल बहुमुखी क्याम्पसमा स्नातकोत्तर तहमा अध्ययनरत छन् । भाषिक विकासका लागि साहित्य क्षेत्रमा प्रवेश गरेको बताउने प्रयासका कविता, निबन्ध र लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् ।

# पाँचौं परिच्छेद

## पत्रपत्रिका तथा साहित्यिक सङ्घसंस्थाको योगदान

### ५.१. पत्रपत्रिकाको योगदान

बुटवलको पहिलो समाचारप्रधान पत्रिका 'बुटवल साप्ताहिक' (२०१२ माघ १५) हो भने यस पत्रिका वर्ष १ अङ्क ९ सम्म मात्र चलेको देखिन्छ । यस पत्रिकाले बुटवलको गद्यलेखनतर्फ उत्साह ल्याएको देखिन्छ । बुटवलमा कार्यालय रहेको लुम्बिनी साहित्य परिषद्को पहल र अञ्चल पञ्चायतको प्रकाशनमा वि.सं. २०२२ को प्रारम्भमा भैरहवाबाट 'लुम्बिनी सन्देश' साप्ताहिक र 'गुँरास' साहित्यप्रधान त्रैमासिक पत्रिकाको प्रकाशन भएको देखिन्छ । यी दुवै पत्रिकाका सम्पादक मोदनाथ प्रश्रित थिए । वि.सं. २०२३ मा 'उद्गार' द्वैमासिक बुटवलबाट प्रकाशित देखिन्छ । यस पत्रिकाका बारेमा विस्तृत कुरा थाहा हुन सकेको छैन । यसपछि तत्कालीन लुम्बिनी कलेज (हालको बुटवल बहुमुखी क्याम्पस) को वार्षिक मुखपत्र 'दोभान' प्रकाशित देखिन्छ, जसमा प्राध्यापक तथा विद्यार्थीहरुका मौलिक तथा अनूदित रचनाहरु प्रकाशित भएको पाइन्छ । यसपछि फणिन्द्रराज काफ्लेको सम्पादनजमा २०३० मा 'प्रकम्पन' त्रैमासिक प्रकाशित देखिन्छ तर यस पनि हाल अप्राप्य रहेकाले महावीर पुस्तकालयले वि.सं. २०३० मा वसन्तध्वज जोशीको सम्पादनमा प्रकाशित गरेको 'जुनकिरी' सामयिक साहित्य सङ्कलन नै बुटवलको पहिलो साहित्यप्रधान पत्रिकाका रूपमा देखा पर्दछ । यसमा कविता, समालोचना, लेखनिबन्ध, कथा, अनुवाद आदि रचनाहरु प्रकाशित छन् । यस पत्रिकाको दोस्रो अङ्क वि.सं. २०३५ मा जनकलाल श्रेष्ठको सम्पादनमा प्रकाशित देखिन्छ ।

बुटवलमा प्रकाशनमा देखापरेका पत्रपत्रिकाहरूले यहाँको नेपाली साहित्यको विकासमा उल्लेख्य योगदान दिएका हुनाले यस शोधपत्रमा समाचारप्रधान तथा साहित्यप्रधान पत्रपत्रिकाहरूलाई छुट्टाछुट्टै रूपले सूचीवद्ध गरी निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ५.१.१ समाचारप्रधान पत्रिका

| क्र.सं. | पत्रिकाको नाम | किसिम | सम्पादक | प्रकाशक | प्रथम प्रकाशन | नियमित/ अनियमित | चालु/बन्द |
|---|---|---|---|---|---|---|---|
| १ | बुटवल | साप्ताहिक | परीक्षितप्रसाद लाकौल | सम्पादक आफै | २०१२/१२/१५ | नियमित | बन्द |
| २ | लुम्बिनी | साप्ताहिक | सूर्यलाल र अन्य | सीताराम द्विवेदी | २०१८/११/७ | नियमित | बन्द |
| ३ | लुम्बिनी सन्देश | साप्ताहिक | मोदनाथ प्रश्रित | लु.अं. पञ्चायत | २०२२/१/६ | नियमित | बन्द |
| ४ | दैनिक निर्णय | दैनिक | वेदराज पन्त | प्रतापकुमार भट्टचन | २०३३/७/६ | नियमित | बन्द |
| ५ | निष्पक्षध्वनि | साप्ताहिक | करुणानिधि शर्मा | सम्पादक आफै | २०२७/७/१३ | नियमित | बन्द |
| ६ | एक्सरे | साप्ताहिक | वसन्तध्वज जोशी | सम्पादक आफै | २०३९/६/२२ | नियमित | बन्द |
| ७ | समालोचना | साप्ताहिक | रामचन्द्र भट्टराई | सम्पादक आफै | २०३९/७/८ | अनियमित | बन्द |
| ८ | सिद्धार्थ | दैनिक | बाबुराम अर्याल | सम्पादक आफै | - | नियमित | बन्द |
| ९ | परिवर्तन | पाक्षिक | बाबुराम अधिकारी | सम्पादक आफै | - | अनियमित | बन्द |
| १० | संश्लेषण | साप्ताहिक | श्यामसुन्दर गुप्ता | सम्पादक आफै | २०३९/५/२९ | अनियमित | बन्द |
| ११ | प्रतिमान | साप्ताहिक | वामदेव पहाडी | सम्पादक आफै | - | अनियमित | बन्द |
| १२ | धवल | पाक्षिक | माधवनाथ शर्मा | सम्पादक आफै | - | अनियमित | बन्द |
| १३ | चित्कार | साप्ताहिक | वसन्त कार्की र अन्य | सम्पादक आफै | २०३९/६/२७ | अनियमित | बन्द |
| १४ | त्रिवेणी | साप्ताहिक | हिमलाल ज्ञवाली | सम्पादक आफै | - | अनियमित | बन्द |
| १५ | लालिगुराँस | साप्ताहिक | हिमलाल ज्ञवाली | सम्पादक आफै | - | अनियमित | बन्द |
| १६ | लुम्बिनी | दैनिक | कर्णबहादुर कार्की | लुम्बिनी प्रकाशन | २०४६/९/११ | नियमित | चालु |
| १७ | जनसङ्घर्ष | दैनिक | बालकृष्ण चापागाई | हाइटेक अफसेट प्रा.लि.. | २०४७/३/९ | नियमित | चालु |
| १८ | चौतारी | दैनिक | मित्रलाल शाक्य | चौतारी प्रकाशन प्रा.लि. | २०४७/६/२९ | नियमित | बन्द |
| १९ | नयाँदिशा | दैनिक | सुमन अधिकारी | जागृति प्रकाशन प्रा.लि. | २०५०/११/३ | नियमित | बन्द |
| २० | श्री देउराली | दैनिक | हरि अधिकारी | आकाशगङ्गा प्रकाशन प्रा.लि. | २०५४/१०/२८ | नियमित | बन्द |
| २१ | इुथटुडे | दैनिक | लक्ष्मीनाथ ज्ञवाली | धनबहादुर पुन | सन्१९९७/१०/१४ | अनियमित | बन्द |
| २२ | श्रीनगर | दैनिक | तिलक आचार्य | श्रीनगर प्रकाशन प्रा.लि. | २०५४/८/३० | अनियमित | बन्द |
| २३ | नयाँ चुनौती | साप्ताहिक | लीलाधर मरासिनी | - | - | नियमित | बन्द |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४ | भावना | दैनिक | बद्रीनाथ पाण्डे | सम्पादक आफै | २०५३/१०/८ | नियमित | चालु |
| २५ | साप्ताहिक बुटवल | साप्ताहिक | डोलराज घिमिरे | शशि पौडेल | – | नियमित | बन्द |
| २६ | उपचार | साप्ताहिक | डोलाराम घिमिरे | - | – | अनियमित | बन्द |
| २७ | सिद्धसन्देश | साप्ताहिक | पं. बाबुराम भट्टराई | सम्पादक आफै | – | अनियमित | बन्द |
| २८ | निष्पक्ष | साप्ताहिक | रामप्रसाद खनाल | सम्पादक आफै | २०४९/७/२६ | नियमित | चालु |
| २९ | बुद्धसन्देश | साप्ताहिक | मीन ब. श्रीस मगर | सम्पादक आफै | – | अनियमित | बन्द |
| ३० | यथार्थ | दैनिक | करुणनिधि शर्मा र अन्य | यथार्थ प्रकाशन प्रा.लि. | २०५१/३/२५ | अनियमित | बन्द |
| ३१ | भावनामञ्च | साप्ताहिक | बुद्धिप्रसाद शर्मा | सम्पादक आफै | – | अनियमित | बन्द |
| ३२ | निर्मल | साप्ताहिक | कृष्ण ज्ञवाली | | – | अनियमित | बन्द |
| ३३ | जनता | साप्ताहिक | लक्ष्मीनाथ ज्ञवाली | | २०४६/३/४ | अनियमित | बन्द |
| ३४ | सूचना | अर्ध साप्ताहिक | वसन्त पोखरेल र अन्य | लीला पन्त | – | अनियमित | बन्द |
| ३५ | लोचन | साप्ताहिक | चुन्नुप्रसाद भण्डारी | - | – | अनियमित | बन्द |
| ३६ | मेचीकाली सन्देश | दैनिक | डी.आर. घिमिरे | मेचीकाली बहुउद्देश्यीय सहकारी संस्था लि. | २०५७/८/३० | नियमित | चाल |
| ३७ | नयाँ राज्यसत्ता | साप्ताहिक | मेजन पुन र अन्य | देवबहादुर पाटा | – | नियमित | चालु |
| ३८ | बुटवल एक्सप्रेस | साप्ताहिक | जनार्दन घिमिरे | रामप्रसाद पाण्डे | – | नियमित | बन्द |
| ३९ | सदीक्षा | साप्ताहिक | बद्रीनाथ पाण्डे | सम्पादक आफै | – | अनियमित | बन्द |
| ४० | जनराज्य | साप्ताहिक | विनोद पहाडी | सम्पादक आफै | २०५८/६/५ | अनियमित | बन्द |
| ४१ | भैरहवा | साप्ताहिक | गोविन्दवन्धु अर्याल | सम्पादक आफै | – | नियमित | चालु |
| ४२ | बुटवलव टुडे | दैनिक | जीवलाल सापकोटा | बुटवल मिडिया प्रकाशन प्रा.लि. | २०६१/८/११ | नियमित | चालु |

### ५.१.२. साहित्यिक पत्रपत्रिका/मुखपत्र/स्मारिका

| क्र.सं. | पत्रिकाको नाम | किसिम | सम्पादक | प्रकाशक | प्रथम प्रकाशन | नियमित/अनियमित | चालु/बन्द |
|---|---|---|---|---|---|---|---|
| १ | अणु | मासिक | कपिल लामिछाने र अन्य | | २०४४ | अनियमित | बन्द |
| २ | ओम ज्ञानज्योति | त्रैमासिक | बाबुराम ज्ञवाली | विश्व हिन्दू महासङ्घ रूपन्देही | २०५९ | नियमित | चालु |
| ३ | उद्योग बुलेटिन | बुलेटिन | वसन्तध्वज जोशी | रूपन्देही उद्योग सङ्घ | २०३८ | - | - |
| ४ | उद्योग व्यापार पत्रिका | मुखपत्र | जनकलाल श्रेष्ठ | उवासङ्घ बुटवल | २०५५ | - | - |
| ५ | उद्योग व्यापार स्मारिका | स्मारिका | - | उ.वा.सङ्घ बुटवल | २०५५ | - | - |
| ६ | गुराँस | त्रैमासिक | मोदनाथ प्रश्रित | लु.अ. पञ्चायत | २०२३ | अनियमित | - |
| ७ | छोजधी | वार्षिक मुखपत्र | राजेन्द्रसिंह गुरुङ | तमु छोज धी रूपन्देही | सन् १९९६ | नियमित | बन्द |
| ८ | जुनकिरी | वार्षिक | वसन्तध्वज जोशी | महावीर पुस्तकालय | २०३० | अनियमित | चालु |
| ९ | दीपिका | मासिक | हिमांशु चौधरी र अन्य | दीपिका साहित्य परिवार | २०५० | नियमित | बन्द |
| १० | दोभान | वार्षिक | माधवओम श्रेष्ठ | लुम्बिनी कलेज | २०२५ | अनियमित | बन्द |
| ११ | दौँतरी | त्रैमासिक | लवकुमार जोशी | दौँतरी परिवार | २०३१ | अनियमित | बन्द |
| १२ | नमूना | वार्षिक | अर्जुन ज्ञवाली | नवरत्न मावि | २०३४ | अनियमित | बन्द |
| १३ | नन्दन | मुखपत्र | केशव सूर्यवंशी र अन्य | नन्दन पुस्तकालय | २०५१ | अनियमित | बन्द |
| १४ | नानी | वार्षिक | लक्ष्मीप्रसाद ज्ञवाली र अन्य | शान्तिनमूना मा.वि. मणिग्राम | २०४१ | अनियमित | बन्द |
| १५ | प्रकम्पन | त्रैमासिक | फणीन्द काफ्ले र अन्य | प्रेमप्रसाद लिगल | २०३० | अनियमित | बन्द |
| १६ | प्रविधि पाहुर | बार्षिकोत्स व विशेषाङ्क | कृष्णप्रसाद देवकोटा र अन्य | डी.सी. एस.कर्मचारी कल्याण सङ्घ | २०२१ | अनियमित | बन्द |
| १७ | बटौली बुटवल | स्मारिका | हरि लम | बुनपा | २०५९ | अनियमित | बन्द |
| १८ | बुटवल उत्सव विशेषाङ्क | विशेषाङ्क | बलकृष्ण चापागाई | बुनपा | २०५५ | अनियमित | बन्द |
| १९ | बुटवल हाइस्कुल पत्रिका | वार्षिक | - | बुटवल हाइस्कुल | - | अनियमित | बन्द |
| २० | मजदुर भलाइ | वार्षिक | जयराज शाक्य | यातायात मजदुर भलाइ कोष | २०३६ | अनियमित | बन्द |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | रूपन्देही सन्देश | वार्षिक | | पश्चिम पहुनी नि.मा.वि | २०३४ | अनियमित | बन्द |
| २२ | लुम्बिनी | - | भिक्षु सुदर्शन | लुम्बिनी विकास सहयोग समिति | २०२९ | अनियमित | बन्द |
| २३ | लुम्बिनी वाणिज्य क्याम्पस वार्षिक | वार्षिक | ईश्वरप्रसाद गौतम | लु.वा. क्याम्पस | २०४० | अनियमित | बन्द |
| २४ | शुभराज्यभिषेक विशेषाङ्क | वार्षिक | - | श्री ५ वीरेन्द्र शुभराज्यभिषेक समारोह समिति | २०३१ | अनियमित | बन्द |
| २५ | ज्ञानमाला | स्मारिका | | बौद्ध युवा ज्ञानमाला सङ्घ | २०५१ | अनियमित | बन्द |
| २६ | ज्ञानज्योति | स्मारिका | गोपालमणि गौतम | ज्ञानज्योति पुस्तकालय | | अनियमित | बन्द |
| २७ | लुम्बिनी जागरण | मुखपत्र | | अनेरास्ववियु | २०३८ | अनियमित | बन्द |
| २८ | नेपाल युवक संगठन स्मारिका | स्मारिका | मुरारीलाल शाक्य | नेपाल युवक संगठन | २०४० | अनियमित | बन्द |
| २९ | स्मारिका | स्मारिका | | नेपाल चिकित्सक सङ्घ | २०४७ | अनियमित | बन्द |
| ३० | मधु | स्मारिका | माधव आचार्य र अन्य | बुटवल इलिट इङ्लिस स्कुल | २०४८ | अनियमित | बन्द |
| ३१ | सृजना | वार्षिक | टेकराज अर्याल | कान्ति आवासिय मा.वि. | २०४७ | अनियमित | बन्द |
| ३२ | लेखनाथ स्मृति अङ्क | स्मारिका | जगन्नाथ पण्डित र अन्य | लेखनाथ गतवार्षिकी समिति | २०४१ | अनियमित | बन्द |
| ३३ | कादम्वरी | त्रैमासिक | गोपाल प्र. अधिकारी | कादम्वरी परिवार | २०४७ | अनियमित | बन्द |
| ३४ | आकाङ्क्षा | स्मारिका | सुधीर गुरुङ | नेपाल जेसीज एरिया 'डी' | २०६२ | अनियमित | बन्द |
| ३५ | अर्पण शुभजन्मोत्सवाङ्क | सामयिक सङ्कलन | गोपाल प्र. अधिकारी | स्व.वि.यू, बु.ब.क्या | २०४६ | अनियमित | बन्द |
| ३६ | मोफसल | मुखपत्र | - | नेपाल पत्रकार महासङ्घ | | नियमित | चालु |
| ३७ | दीप | स्मारिका | कलाधर अर्याल | दीप वोर्डिङ्ग हाइ स्कुल | २०६२ | अनियमित | बन्द |
| ३८ | सङ्गम | अर्धवार्षिक | युवराज पराजुली | सङ्गम स्रोता क्लब | २०६० | नियमित | चालु |
| ३९ | प्रकाश | स्मारिका | डी.एन. पौड्याल र अन्य | लुम्बिनी वाणिज्य क्याम्पसका विद्यार्थीहरू | २०५० | अनियमित | बन्द |
| ४० | युगज्योति | मासिक | बाबुराम अर्याल | | | अनियमित | बन्द |
| ४१ | गजल सागर | त्रैमासिक | रमेश हरिलठ्ठक | गजल सागर नेपाल | २०६० | नियमित | चालु |
| ४२ | मणि साहित्य वाटिका | स्मारिका | सालिकराम पौड्याल | मणिमुकुन्द उ.मा.वि | २०६२ | - | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४३ | शब्द दीप | त्रैमासिक | अनुपम रोशी | भुवन कार्की | २०६० | नियमित | चालु |
| ४४ | शब्ददूत | - | ऋषिराम भूसाल | शब्दसारथी समूह | २०६१ | नियमित | चालु |
| ४५ | जितगढी | त्रैमासिक | सुन्दर वासी | नेपाली साहित्य अध्ययन समाज | २०५९ | नियमित | चालु |
| ४६ | हिमक्षितिज | वार्षिक | रमेश न्यौपाने | स्ववियु बु.ब.क्या. | २०५८ | नियमित | चालु |
| ४७ | हाम्रो देवदह | त्रैमासिक | दुर्गादत्त शर्मा | देवदह साहित्य समाज | २०६२ | अनियमित | बन्द |
| ४८ | नेपाल ग्राउन्ड | मासिक | इन्द्रप्रसाद पोखरेल | सम्पा. आफै | २०६२ | नियमित | चालु |
| ४९ | गोराक | वार्षिक | मिनबहादुर श्रीस मगर | ने.ल.प. सं बुटवल | २०४८ | अनियमित | बन्द |
| ५० | जीवन | वार्षिक | दामेदर शर्मा तिवारी | नेविसङ्घ इकाइ समिति शङ्करनगर | २०४८ | अनियमित | बन्द |
| ५१ | आदिवासी जनजाति यात्रा | त्रैमासिक | टेकवहादुर मास्की राना | नेपाल आदिवासी जनजाति महासङ्घ | २०६१ | नियमित | चालु |
| ५२ | लैकंनके दुनियाँ | मुखपत्र | दिनेश पाण्डे | इम्मोड नेपाल | २०६२ | अनियमित | - |
| ५३ | प्रतिभा | स्मारिका | - | लुम्बिनी वाणिज्य क्याम्पसका विद्यार्थीहरू | २०४७ | अनियमित | बन्द |
| ५४ | व्यङ्ग्य वाण | मासिक | बाबुराम मल्ल 'सेवक' | सम्पा. आफै | २०५१ | अनियमित | बन्द |
| ५५ | लुम्बिनी प्रतिभा मञ्च | मासिक | बाबुराम मल्ल 'सेवक' | सम्पा. आफै | २०५४ | अनियमित | बन्द |
| ५६ | नवक्षितिज | वार्षिक | मुरारि पराजुली | न्यू होराइजन स्कुल | २०५१ | नियमित | चालु |
| ५७ | स्टेरिङ्ग | वार्षिक | हरि कार्की | यातायात स्वतन्त्र मजदुर संगठन | २०५३ | अनियमित | बन्द |
| ५८ | स्वर्णजयन्ती | स्मारिका | चन्द्रध्वज श्रेष्ठ | महावीर पुस्तकालय | २०५४ | अनियमित | बन्द |
| ५९ | बौद्धिक जगत् | वार्षिक | रामलाल श्रेष्ठ र अन्य | नेपाल बुद्धिजीवी परिषद् | २०५४ | अनियमित | बन्द |
| ६० | गौमुखी सौरभ | त्रैमासिक | जे.वी.क्षेत्री | सौरम प्रकाशन समूह | | नियमित | चालु |

## ५.२. सङ्घसंस्थाको योगदान

बुटवलमा हाल विभिन्न साहित्यिक संघसंस्थाहरू क्रियाशील छन् तर यसको इतिहासको प्रारम्भमा महावीर पुस्तकालय (२००४) देखापर्दछ । बुटवलका साहित्यिक संस्थाहरूहरूलाई यहाँ सङ्क्षिप्तमा उल्लेख गरिएको छ ।

### ५.२.१. महावीर पुस्तकालय

यस बुटवलको पहिलो सार्वजनिक पुस्तकालय हो । जहानियाँ राणा शासनको कठोर शासनकालमा आफ्नो ज्यानको समेत पर्वाह नगरी बुटवल नगरमा युवाहरूलाई शैक्षिक चेतना प्रदान गर्ने उद्देश्यले २००४ आषाढको हरिशयनी एकादशीका दिन यस ऐतिहासिक पुस्तकालयको स्थापना गरिएको हो । पुस्तकालय दीर्घकालसम्म निरन्तर सञ्चालन भइरहोस् भनेर निश्चित आयस्रोतका लागि बुटवल व्यापार सङ्घको पहलमा स्थानीय व्यापारीहरूले 'धर्मादा महावीरी समिति' गठन गरेका थिए । पछिल्ला दिनहरूमा (२०४४ देखि) आर्थिक कठिनाइका कारण (करिब ६ बर्ष जति) यो पुस्तकालय बन्दसमेत रहेको थियो ।

राणाकालमा सर्वसाधारणका लागि शिक्षाको ढोका बन्द रहेको अवस्थामा पनि शिक्षाको प्रचार गरी जनजागरण ल्याउने काममा एवम् साहित्य, कला, संस्कृतिको उत्थानमा यसको महत्त्वपूर्णभूमिका रहेको छ र राजनीतिक पार्टीहरू प्रतिबन्धित रहेको अवस्थमा पनि विभिन्न खालका विचार गोष्ठी, साहित्यगोष्ठी, कविगोष्ठी, नाटक-मञ्चन, प्रवचन आदि कार्यक्रमहरू सञ्चालन गरी जनचेतना जागृत गराउनमा यसले महत्त्वपूर्ण भूमिका खेलेको थियो ।[३६३]

### ५.२.२. नवजागृति पुस्तकालय

यस सुरुमा तिलोत्तमा पुस्तकालयको नाउँमा स्थापना भएको थियो । २०२३ मा यसको नाम नवजागृति पुस्तकालय राखियस । यस पुस्तकालय बजारको मध्यभाग (दूरसञ्चार कम्पनीको पछाडि) मा सबैलाई पायक पर्ने ठाउँमा भएकाले पत्रपत्रिका पढ्न आउने पाठकहरूको कुनै कमी छैन । विगत केही बर्षदेखि गणेशमान सैजूको अध्यक्षतामा यस पुस्तकालय सञ्चालन हुँदै आएको छ ।

लब्धप्रतिष्ठित व्यक्तिहरू यस पुस्तकालयसँग सम्बन्धित भएता पनि आर्थिक अभाव यसको प्रमुख समस्या रहेको छ । आर्थिक अभावकै कारण केही बर्ष बन्द पनि रह्यस । साथै केही बर्ष लायन्स क्लवले पुस्तकालय सञ्चालनको अभिभारा लिएको देखिन्छ । यस पुस्तकालय हाताभित्र विश्व हिन्दू महासंघ रूपन्देही शाखाद्वारा नवजागृति बहुउद्देश्यीय सामाजिक भवन (ट्रस्ट) निर्माण भई सेवा

---

[३६३] देवेन्द्रराज शाक्यले बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

सञ्चालन पनि भएको छ । यस पुस्तकालय दैनिक बिहान १०.३० बजेदेखि ५.३० बजेसम्म खुल्ला रहन्छ ।[३६४]

### ५.२.३. ज्ञानज्योति पुस्तकालय

वि.सं. २०४३ मा स्थापित यस पुस्तकालयमा हाल करिब २,१०० पुस्तक सङ्कलित छन् ।[३६५] पुस्तकालयको आफ्नै दुईतले भवन छ । नगरपाकिलाको आर्थिक सहयोग र जनसहभागिताबाट उक्त भवन निर्माण गरिएको हो । पुस्तकालयमा केही नियमित पाठकहरू आउने गर्दछन् भने विभिन्न साहित्यिक कार्यक्रमहरू गर्ने थलो पनि यस भएको छ । आर्थिक अभावका कारण पुस्तकालय नियमित रूपमा सञ्चालन गर्न कठिनाइ भएको छ ।[३६६] यस पुस्तकालय बुटवल-१० सुख्खानगरमा छ । यसमा वासु स्मृति कक्ष पनि छ भने यस स्मृति कक्षको उद्घाटन जगत्बहादुर जोशीद्वारा गरिएको हो ।[३६७]

### ५.२.४. लुम्बिनी साहित्य परिषद्

यस परिषद् लुम्बिनी अञ्चल पञ्चायतले आयोजना गरेको अञ्चलस्तरीय साहित्य गोष्ठी ( वि.सं. २०२१ पौष ३-५ गते) मा गठन भएको हो । बुटवलमा कार्यालय रहेको यस परिषद् लुम्बिनी अञ्चलनमा साहित्यको अभिवृद्धि गर्ने उद्देश्यले गठन भएको थियो । यस परिषद्को केन्द्रीय समितिमा पं. माधवप्रसाद देवकोटा, गोपीकृष्ण शर्मा, जगत्बहादुर जोशी, चेतबहादुर कुँवर, मोदनाथ प्रश्रित, भोजराज शर्मा, ठाकुरप्रसाद काफ्ले र दलु विश्वकर्मा सर्वसम्मत रूपले छानिएका थिए । यस परिषद्को आयोजनामा लुम्बिनी अञ्चलका विभिन्न स्थानमा साहित्यिक कार्यक्रम भएको पाइन्छ ।[३६८] यसका गतिविधिबाट बुटवल पनि प्रभावित भएको हो । यसै संस्थाले 'गुराँस' (२०२९) त्रैमासिक साहित्यिक पत्रिकाको प्रकाशन पनि गरेको थियो ।[३६९]

---

[३६४] देवेन्द्रराज शाक्य, **यस बटौली हो**, पूर्ववत्, पृष्ठ........ ।

[३६५] पुस्तकालयका कर्मचारी कृष्ण पाण्डेले माघ २८ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारी अनुसार ।

[३६६] देवेन्द्रराज शाक्य, पूर्ववत्, पृष्ठ ३२ ।

[३६७] शोधार्थीले स्थलगत भ्रमणबाट प्राप्त गरेको जानकारीअनुसार ।

[३६८] अजित खनाल, पूर्ववत्, पृष्ठ ३७ ।

[३६९] सालिकराम पौड्याल, पूर्ववत्, पृष्ठ २९ ।

### ५.२.५. नेपाली साहित्य संस्थान लु.अ. शाखा

वि.सं. २०२३ वैशाखमा देखापरेको यस संस्था जनकविकेशरी धर्मराज थापाको आयसजकत्वमा गठन गरिएको थियो ।[३७०] यसमा अध्यक्ष कुलमणि देवकोटा, सचिव मोदनाथ प्रश्रित, सहसचिव करुणानिधि शर्मा, कोषाध्यक्ष हर्षबहादुर बुडा मगरका साथै लुम्बिनी अञ्चलका विशिष्ट साहित्यकारहरू रहेका थिए ।[३७१] पूर्वजहरूको स्मृति र अन्य प्रमुख अवसरहरूमा गरेका विविध साहित्यिक कार्यक्रमबाट यसले बुटवलको साहित्य सिर्जनामा पनि योगदान पुऱ्याएको थियो । हाल यस संस्था क्रियाशील छैन ।

### ५.२.६. रेलिमै सांस्कृतिक मण्डल

रेलिमै सांस्कृतिक मण्डलको स्थापना वि.सं. २०२४ असोज १० गते बुटवलमा भएको देखिन्छ । अध्यक्ष जीवराज आश्रित, सचिव रामप्रसाद प्रदीप र सल्लाहकार मोदनाथ प्रश्रित रहेको यस मण्डलमा तारेन्द्र माण्डव्य, बुद्धिबहादुर थकाली, मणिकलाल श्रेष्ठ, पन्नालाल शाक्य, महेश पाल्पाली लगायतका संस्कृतिकर्मीहरू पनि संलग्न थिए । सांस्कृतिक कार्यक्रमका माध्यमबाट मार्क्सवादको प्रचारप्रसार गर्ने उद्देश्यले गठित यस संस्थाले लुम्बिनी अञ्चलबाहेक प्रवासका विभिन्न स्थानमा सांस्कृतिक कार्यक्रम प्रदर्शन गरेको थियो । यस मण्डलले मोदनाथ प्रश्रित, बुद्धिबहादुर थकाली र रामप्रसाद प्रदीपद्वारा लिखित 'पचास रुपियाँको तमसुक' नाटकलाई धेरै ठाउँमा मञ्चन गरेको थियो । वि.सं. २०३१ देखि निस्क्रिय रहेको रेलिमै सांस्कृतिक मण्डल बुटवलको साहित्यलाई प्रभाव पार्न कुनै समय निकै सफल रह्यो ।[३७२]

### ५.२.७. लुम्बिनी सांस्कृतिक मण्डल

लुम्बिनी सांस्कृतिक मण्डलको स्थापना वि.सं. २०३१ मा भएको हो । यस रूपन्देही जिल्लामा सञ्चालित रेलिमै, मिर्मिरे र ढाक्रे सांस्कृतिक संस्थानहरूको संयुक्त मोर्चा भएकाले ती मोर्चावद्ध हुन आएका संस्थाहरूबारे पनि सङ्क्षिप्तमा चर्चा गर्न सकिन्छ ।

रेलिमै सांस्कृतिक मण्डलको चर्चा यसअघि गरिसकिएको छ । मिर्मिरे मिलन सांस्कृतिक संस्थानको स्थापना २००४ मा भएको हो ।[३७३] यसको गठन भीमप्रसाद लामिछानेको सक्रियतामा

---

[३७०] ऐजन ।

[३७१] ऐजन ।

[३७२] माघ २७ गते बुटवलमा रामप्रसाद प्रदीपले शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[३७३] अजित खनाल, पूर्ववत्, पृष्ठ ३८ ।

भैरहवामा भएको हो । यसले नेपाली साहित्य, कलाजस्ता पक्षमा क्रियाशील हुने लक्ष्य राखेको थियो । पूवर्जहरूको सम्झनामा तथा विशेष अवसरमा साहित्यिक तथा सांस्कृतिक कार्यक्रम प्रदर्शन गरेको यस संस्थाका अध्यक्ष भीमप्रसाद लामिछाने थिए भने मोदनाथ प्रश्रित, कपुर ज्ञवाली, गुरु कुमाल, बालकृष्ण भट्टराई आदिको सहभागिता थियो ।

त्यसै गरी ढाक्रे सांस्कृतिक संस्थानको स्थापना २०२५ मा भएको थियो ।[३७४] कपुर ज्ञवालीको सक्रियतामा भैरहवामा यस संस्थानको स्थापना गरिएको थियो । सामान्य रूपमा सांस्कृतिक तथा साहित्यिक गतिविधि सञ्चालन गरेको यस संस्था लुम्बिनी सांस्कृतिक मण्डलमा संलग्न भएको थियो ।

यसरी तीनवटा संस्थाहरू मोर्चावद्ध भई बनेको लुम्बिनी सांस्कृतिक मण्डलले स्थापनाकाल अर्थात् २०३१ मै राजा वीरेन्द्रको राज्याभिषेकको उपलक्ष्यमा लुम्बिनी अञ्चल पञ्चायतको आयोजनामा लुम्बिनी अञ्चलका साथै जिल्लाका विभिन्न स्थानमा सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रमपछि बुटवलका सांस्कृतिक संस्थाहरू निस्क्रिय भएको पाइन्छ । एक चरण मात्रै भए पनि यस सांस्कृतिक मण्डलले नेपाली भाषा, संस्कृति र साहित्यका लागि केही योगदान दिएको पाइन्छ ।[३७५]

### ५.२.८. रूपन्देही साहित्य सङ्गम

यस संस्थाको स्थापना २०४३ मा भएको थियो ।[३७६] २०४३ बैशाख १ गते स्थापित यस सङ्गमका कुनै औपचारिक पदाधिकारी, कार्यालय र कागजपत्र छैनन् । बुटवल तथा यस वरपरका साहित्यप्रेमीहरूको सक्रियतामा गठन भएको यस सङ्गमले प्रत्येक महिनाको अन्तिम शनिबार रूपन्देही जिल्लाको कुनै ठाउँमा प्रतिभाहरू जम्मा गराएर रचना पाठ गर्ने प्रचलन राखेको थियो । हरेक कार्यक्रमको अन्त्यमा आगामी कार्यक्रमका लागि स्थान चयन गर्ने गरेको थियो । करिब २०/२५ वटा कार्यक्रमहरू सम्पन्न गरेको यस सङ्गमले तत्कालीन प्रशासनिक हस्तक्षेपले गर्दा निरन्तरता पाउन सकेन ।[३७७] जति समयसम्म यस सङ्गम क्रियाशील रह्यस, यसको प्रभाव बुटवलको साहित्यिक विकासमा परेको थियो । त्यसैले यस सङ्गमको योगदान बुटवलको साहित्यिक विकासका सन्दर्भमा महत्त्वपूर्ण छ ।

---

[३७४] ऐजन ।

[३७५] ऐजन ।

[३७६] ऐजन, पृष्ठ ३९ ।

[३७७] ऐजन ।

### ५.२. ९. जनसाहित्य परिषद्

यस संस्थाको स्थापना वि.सं. २०५५/५६ तिर बुटवलमा भएको हो ।[३७८] यसका संस्थापक अध्यक्ष गोपाल विरही हुन् । यस संस्थामा बुटवल बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू पदाधिकारी रहेका थिए र यसले हरेक महिनाको पहिलो शनिबार बुटवलको कुनै ठाउँमा साहित्यगोष्ठी गर्दथ्यो । करिब २०/२५ वटा कार्यक्रमहरू सम्पन्न गरेको यस परिषद्ले तत्कालीन प्रशासनिक हस्तक्षेपले गर्दा निरन्तरता पाउन सकेन । यस परिषद्सँग आबद्ध युवाहरू भने अन्य संस्थाहरूमार्फत बुटवलको साहित्यिक क्रियाकलापमा सक्रिय भएर लागिरहेका देखिन्छन् । बुटवलको साहित्यजगत्मा यस संस्थाको योगदान महत्त्वपूर्ण छ ।

### ५.२.१०. साहित्य सङ्गम बुटवल

यस संस्थाको स्थापना २०५१ मा भएको हो ।[३७९] यसको औपचारिक सङ्गठन र पदाधिकारी छैनन् । यसले प्रत्येक महिनाको अन्तिम शनिबार बुटवलस्थित ज्ञानज्योति पुस्तकालयमा गोष्ठीको आयोजना गर्दछ । प्रत्येक कार्यक्रमको अन्त्यमा आगामी कार्यक्रमको प्रचार-प्रसार र सञ्चालनको निम्ति संयोजक चयन गर्ने प्रचलन छ । यसका प्रथम संयोजक अजित खनाल हुन् । यस सङ्गमका कार्यक्रमहरूमा स्थापित तथा उदीयमान प्रतिभाका रचनाहरू पाठ गर्ने र रचनाको समीक्षा गर्ने गरिन्छ । यसरी साहित्य सङ्गम बुटवलले नयाँ तथा स्थापित प्रतिभाहरूलाई क्रियाशील बनाएको छ ।

### ५.२.११. बुटवल साहित्य, कला, संस्कृति प्रतिष्ठान

यस प्रतिष्ठानको स्थापना २०५६ मा भएको हो । यस संस्थाकी संस्थापक अध्यक्ष सुशिला प्रधानाङ्ग हुन् । बुटवलको साहित्य, कला, संस्कृतिको उत्थान गर्नमा यस संस्थाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यसले गोपीरमण उपाध्यायको 'प्रगतशील साहित्य समालोचना' (२०५९) समालोचनात्मक कृति प्रकाशित गरेको छ । यसले वि.सं. २०५८ मा राष्ट्रिय कवि सम्मेलन समेत गरिसकेको छ । हाल यसका अध्यक्ष रामप्रसाद प्रदीप हुन् ।[३८०]

---

[३७८] जनसाहित्य परिषद्सँग सम्बन्धित कागजातहरूको अध्ययनबाट प्राप्त जानकारीअनुसार ।

[३७९] साहित्य सङ्गमको कार्यक्रम चलिरहेको ठाउँबाट शोधार्थीलाई प्राप्त जानकारीअनुसार ।

[३८०] बुटवल साहित्य, कला, संस्कृति पतिष्ठानका सचिव शान्तराम गिरीले माघ ९ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

### ५.२.१२. नेपाली साहित्य अध्ययन समाज

यस संस्थाको स्थापना वि.सं. २०५९ मा बुटवलमा भएको हो ।[३८१] यसका संयोजक सुन्दर वासी हुन् । यसका अन्य सदस्यहरूमा केदार लम्साल, सालिकराम पौडेल, शर्मिला खनाल, शङ्कर गौतम आदि छन् । यसले प्रत्येक महिनाको एकपटक साहित्यिक कार्यक्रम गर्दै आएको छ । यसले 'जितगढी' त्रैमासिक साहित्यिक पत्रिकाको प्रकाशन पनि गरेको छ । यसमा गीत, कविता, गजल, कथा, समालोचनात्मक लेखहरू प्रकाशित भएका छन् । यसले २०५९ मा 'वृहत् साहित्य गोष्ठी बुटवल' र २०६० मा 'लुम्बिनी अञ्चलस्तरीय वृहत् साहियिक भेला' सम्पन्न गरेको छ । यस संस्थाको स्थापना भएपछि बुटवलको साहित्यिक गतिविधि सक्रिय रूपमा अघि बढेको पाइन्छ । बुटवल बहुमुखी क्याम्पस बी.ए. मा अध्ययनरत विद्यार्थीहरूको प्रयासबाट स्थापना गरिएको यस संस्थाले उक्त 'जितगढी' त्रैमासिकको २०६१ सम्म ६ अङ्क प्रकाशित गरिसकेको बुझिन्छ ।

### ५.२.१३. प्रगतिशील साहित्य रश्मि

यस संस्थाको स्थापना २०५९ मा भएको हो । यसले प्रत्येक महिनाको तेस्रो शनिबार साहित्यिक कार्यक्रम गर्दै आएको छ । यस कार्यक्रममा साहित्यिक रचनाको वाचन र समीक्षा गरिन्छ ।

### ५.२.१४. परोंहा साहित्य समाज

यस संस्थाको स्थाना वि.सं. २०५९ मा भएको हो । यस संस्थाले पनि मासिक रूपमा साहित्यिक कार्यक्रम गर्दै आएको छ ।

### ५.२.१५. गजलसागर नेपाल

यस संस्थाको स्थापना वि.सं. २०६० मा भएको हो । वर्तमान समयमा फस्टाउने र मौलाउने अवसर पाएको गजल विधाको विकास गर्नका लागि स्थापित भएको यस संस्थाले प्रत्येक महिनाको दोस्रो शनिवार गजलप्रेमीहरूलाई भेला गराई गजल वाचन र समीक्षा गर्दै आएको छ । यसले 'गजलसागर' नामक गजलप्रधान पत्रिका पनि प्रकाशित गरेको छ । यसका संस्थापक अध्यक्ष शेखर अस्तित्व हुन् । त्यसपपछि यसका अध्यक्ष रमेश हरिलठ्ठक भएका थिए भने उनको असामयिक निधनपछि हाल जे.वी. क्षेत्री यसका अध्यक्ष छन् ।[३८२] यस संस्थाको संरक्षकका रूपमा डा. घनश्याम न्यौपाने 'परिश्रमी' र बूँद राना रहेका छन् ।

---

[३८१] सुन्दर वासीले माघ २९ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[३८२] गोरखसागर खत्रीले माघ २९ गते बुटवलमा शोधार्थीलाई दिएको जानकारीअनुसार ।

**५.२.१६. राममणि साहित्य सङ्गम**

यसको स्थापना वि.सं. २०६० मा भएको हो । रूपन्देही जिल्लाको साहित्यिक गतिविधिलाई अगाडि बढाउने उद्देश्य लिई राममणि बहुमुखी क्याम्पस मणिग्रामका विद्यार्थीहरूद्वारा स्थापित यस संस्थाले सुरुमा प्रत्येक महिनाको अन्तिम शुक्रबार साहित्यिक कार्यक्रम गर्दै आए पनि हाल प्रत्येक हप्ताको शुक्रबार कार्यक्रम गर्दै आएको छ । यसले जिल्लास्तरीय कविता प्रतियोगिता सम्पन्न गरिसकेको छ । यसले पाक्षिक रूपमा साहित्यिक भित्तेपत्रिका प्रकाशन गर्दै आएको छ । यसका अध्यक्ष बेलप्रसाद गौतम हुन् ।

**५.२.१७. सिर्जनशील साहित्य यात्रा**

यस संस्था बुटवलका चर्चित कवि अजम्बरध्वज खातीको सक्रियतामा गठन भएको थियो । यसले बुटवलका साहित्यकारको घरघरमा गई साहित्यिक रचना वाचन र समीक्षा गर्ने गर्दछ ।

**५.२.१८. लुम्बिनी साहित्य सङ्गम**

यस संस्था वि.सं. २०६०/६१ मा गठन गरिएको हो । यसले मासिक रूपमा साहित्यिक कार्यक्रम गर्दै आइरहेको छ ।

**५.२.१९. वाणिज्य साहित्य समाज**

यस संस्था लुम्बिनी वाणिज्य क्याम्पसमा अध्ययनरत विद्यार्थीको प्रयासबाट स्थापना गरिएको हो ।

**५.२.२०. द लर्नर्स ग्रुप अफ रूपन्देही**

यस लुम्बिनी अञ्चलस्तरीय साहित्यिक कार्यक्रम आयोजना गर्ने उद्देश्यले स्थापना गरिएको साहित्यिक संस्था हो ।

**५.२.२१. नेपाल डिजिटल रेकर्डिङ स्टुडियो**

गीत सङ्गीत क्षेत्रको उत्थान एवम् यस क्षेत्रमा लागेका व्यक्तिहरूलाई प्रोत्साहन गर्न वि.सं. २०६० मा बुटवलमा यस संस्थाको स्थापना गरिएको हो ।

**५.२.२२. मिलिजुली सांस्कृतिक मञ्च**

यस संस्थाको स्थापना वि.सं. २०६० मा बुटवलमा भएको हो ।

**५.२.२३. रेडियस लुम्बिनी**

वि.सं. २०५६ मा सामुदायिक रेडियसका रूपमा स्थापना भएको रेडियस लुम्बिनीले साहित्यिक कार्यक्रम प्रसारण गर्दै आएको छ । यसले सोमबार, मङ्गलबार, शुक्रबार र शनिबारका कार्यक्रममा

बालसाहित्यका अतिरिक्त थारू र भोजपुरी साहित्यलाई पनि प्रसारण गर्दै आएको छ । यसले गीत, गजल, कविता, लघुकथा, लघुनाटक, कृतिसमीक्षा, अन्तर्वार्ता जस्ता साहित्यिक विधाहरू प्रसारण गरेर साहित्यको विकासमा योगदान दिएको देखिन्छन् । यस्ता साहित्यिक कार्यक्रमको सञ्चालन गरी श्रीस मगर, इन्दिरा अर्याल र मीना चौधरीले गर्दै आएका छन् ।[३८३] यस एफ.एम. ९६.८ मेगाहर्जमा प्रसारण हुने गर्दछ ।

**५.२.२४. बुटवल एफ.एम**

सिद्धार्थ सर्भिसेज मिडिया प्रा.लि.द्वारा सञ्चालित बुटवल एफ.एम. को स्थापना वि.सं. २०५९ मा भएको हो । यस एम.एम. ले प्रत्येक शनिबार गीत, गजल, कविता आदि प्रसारण गर्नुका साथै कथा, उपन्यास, नाटक आदिको समीक्षा र कृतिपरिचयलाई प्रसारण गर्दै आइरहेको छ । यस्ता साहित्यिक कार्यक्रमका सञ्चालक मुरारि पराजुली र गीता पन्थ हुन् । यस एफ.एम. ९४.४ मेगाहर्जमा प्रसारण हुन्छ । यसका स्टेशन म्यानेजर माधव नेपाल हुन् ।[३८४]

**५.२.२५. तिनाउ एफ.एम.**

९८.२ मेगाहर्जमा हालैमात्र प्रसारण हुन थालेको तिनाउ एफ.एम. ले गाउँखानेकथा प्रतियोगिताको कार्यक्रम प्रसारण गर्दछ । यस एफ.एम.ले पनि साहित्यिक कार्यक्रमहरू प्रसारित गर्दै आएको छ । यसरी बुटवलमा करिब २५ वटा सङघसंस्थाहरू यहाँको साहित्यिक क्रियाकलापमा संलग्न रहेको देखिए पनि तीबाहेक हुलाक सेवा, नेपाल टेलिकम, साइबर क्याफे तथा पत्रकारहरूका विभिन्न सङ्गठनहरूजस्ता सूचना तथा सञ्चारका लागि कार्यरत संस्थाहरूले पनि आ-आफ्नै ढङ्गले यहाँको साहित्यिक गतिविधिलाई प्रभावित तुल्याएको देखिन्छ ।

---

[३८३] 'रेडियो लुम्बिनी' द्वारा प्रसारित कार्यक्रमहरू सुनेर शोधार्थीलाई प्राप्त भएको जानकारीका आधारमा

[३८४] बुटवल एफ.एम. का कार्यक्रमहरू सुनेर शोधार्थीलाई प्राप्त हुन आएको जानकारीअनुसार ।

# छैटौं परिच्छेद

## उपसंहार

रूपन्देही जिल्लाअन्तर्गत पर्ने बुटवल एउटा महत्त्वपूर्ण सहर हो । सांस्कृतिक, ऐतिहासिक, प्रागैतिहासिक, आर्थिक र साहित्यिक दृष्टिले पनि बुटवल सहरले महत्त्वपूर्ण स्थान ओगट्छ । शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार र औद्योगिक दृष्टिले समेत अग्रस्थानमा रहनु बुटवलको विशेषता हो ।

यस शोधकार्यको अध्ययनबाट बुटवल नगरपालिकामा साहित्य सृजनाको परम्पराको प्रारम्भ हुनुअघि लोकसाहित्यिक पृष्ठभूमि रहेको देखापर्दछ । वि.सं. २००४ देखि मात्र यहाँको शैक्षिक गतिविधि एवम् साहित्यिक चेतनाले मूर्त रूप लिन पुगेको हो । वि.सं. २००४ मा स्थापित 'महावीर पुस्तकालय' सँग आवद्ध साहित्यानुरागीहरूले त्यतिबेलै कविगोष्ठी र नाटकमञ्चन जस्ता क्रियाकलापहरू गर्ने गरेको पाइन्छ । यसपछि लुम्बिनी साहित्य परिषद् (२०२१), नेपाली साहित्य संस्थान लु.अ. शाखा (२०२३), रेलिमै सांस्कृतिक मण्डल (२०२४), लुम्बिनी सांस्कृतिक मण्डल (२०३१), जनसाहित्य परिषद् (२०५५/५६), साहित्य सङ्गम बुटवल (२०५१) जस्ता सिर्जनशील साहित्य संस्थाहरूले विभिन्न अवसरमा साहित्यिक गोष्ठी गर्ने, पत्रपत्रिकाको प्रकाशन गर्ने र अन्य गतिविधि गर्ने गरेको पाइन्छ । यस्ता सङ्घसंस्थाहरूले बुटवलको साहित्यिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

यस नगरमा कृति प्रकाशनको प्रारम्भ अजम्बरध्वज खातीबाट भएको देखिन्छ । उनको 'बटुवा' काव्य वि.सं. २०१२ मा प्रकाशित भएको थियो । बुटवलको साहित्येतिहासको अध्ययन विश्लेषण गर्ने क्रममा यस शोधपत्रमा तीनवटा चरणहरूको विभाजन गरिएको छ, जुन यस प्रकार छ- १. प्रथम चरण (वि.सं. २०१२ देखि २०३६ समम), २ दोस्रो चरण (वि.सं २०२७ देखि २०४६ सम्म) र, ३. तेस्रो चरण (वि.सं. २०४७ देखि हालसम्म) ।

वि.सं. २०१२ मा बुटवलबाट प्रकाशित बुटवल साप्ताहिक नै यहाँको पहिलो प्रकाशित समाचारपत्र हो । सो साप्ताहिकको प्रकाशनपछि बुटवलबाट लुम्बिनी साप्ताहिक (२०१८), दैनिक निर्णय (२०२२), निष्पक्षध्वनि साप्ताहिक (२०२७), एक्सरे साप्ताहिक (२०३९) जस्ता समाचारप्रधान पत्रपत्रिकाहरू प्रकाशित भएका देखिन्छन् भने अणु (२०४४), गुराँस (२०२३), जुनकिरी (२०३०), दोभान (२०२५), नमुना (२०३४), नन्दन (२०५१) जस्ता साहित्यिक पत्रपत्रिका र स्मारिकाहरू पनि प्रकाशित देखिन्छन् । यी पत्रपत्रिकाहरूले नयाँ पुराना प्रतिभाहरूका साहित्यिक रचनाहरू प्रकाशित गर्नाले बुटवलको साहित्यले मौलाउने अवसर प्राप्त गरेको देखिन्छन् ।

नेपाली साहित्यका क्षेत्रमा बुटवलले वि.सं २०१२ देखि नै प्रवेश गरेको भए पनि वि.सं. २०२० को 'रूपरेखा' पत्रिकामा प्रकाशित सूर्यलाल श्रेष्ठको फुटकर कविता र वि.सं. २०२३ मा प्रकाशित मोदनाथ प्रश्रितको महाकाव्यले यहाँको साहित्यलाई घच्घच्याएको पाइन्छ । यसपछिका चरणहरूमा पुस्तकाकार कृतिहरू प्रकाशित गर्ने र नगर्ने तथा बुटवलमै स्थायी बसोबास गर्ने र नगर्ने गरी विभिन्न प्रकारका प्रतिभाहरू यहाँ क्रियाशील रहन थालेको पाइन्छ । यस शोधपत्रमा ती सबै प्रकारका प्रतिभाहरूको परिचयात्मक अध्ययन गरिएको छ ।

वि.सं २०४६ अघि यहाँका प्रतिभाहरूले कृति प्रकाशनका क्षेत्रमा उल्लेख्य सहभागिता जनाएको पाइन्छ भने २०४६ पछिका करीब दसवटा वर्षहरूमा यस क्रममा शिथिलता आएको पाइन्छ । तर, विगत केही बर्षयता बुटवलका प्रतिभाहरूले कृति प्रकाशनका क्षेत्रमा देखाएको जाँगर दर्शनीय
छ ।

बुटवलको साहित्ययात्रामा अनेक वाद र प्रणालीहरूको प्रयोग गर्ने प्रवृत्ति देखिए पनि मूलतः यथार्थको प्रकटीकरण र प्रगतिवादी लेखन नै यहाँको मूल प्रवृत्ति हो । विभिन्न विधाका रचनाहरूमार्फत जनजागरण ल्याउनु र विसङ्गतिहरूका विरुद्धमा गुञ्जिने स्वरहरूलाई समर्थन गर्नु नै बुटवलको साहित्यलेखनको मूल प्रतिपाद्य हो । अणुकविता, पत्रात्मक कथा, डायरी उपन्यास र आन्दोलन-कविता जस्ता प्रयोगहरू बुटवलको साहित्यलेखनको मौलिक प्राप्तिका रूपमा रहेको देखापर्दछ । कथा, उपन्यास, मुक्तक, खण्डकाव्य, महाकाव्य, फुटकर कविता, गजल आदि विभिन्न विधाका रचनाहरू बुटवलले सिङ्गो नेपाली साहित्यलाई चढाएको देखापर्दछ । बुटवलमा सबैभन्दा उर्वर बनेको साहित्यिक विधा भने कविता नै देखिन्छ । यहाँ कविताका लघुदेखि वृहत् स्वरूपको रचना गरिएको छ तर फुटकर कविताका तुलनामा खण्डकाव्यात्मक र महाकाव्यात्मक रचनाहरू भने प्रकाशित हुन नसकेको देखिन्छ ।

महिलाहरूको न्यून सहभागिता पनि बुटवलको साहित्ययात्राको एउटा उल्लेख्य पक्षका रूपमा देखापर्दछ ।

यसरी वि.सं. २००४ देखि संस्थागत एवम् औपचारिक रूप धारण गरेको बुटवलवको साहित्यियात्रामा वि.सं. २०१२ देखि पुस्तकाकार कृति प्रकाशनको परम्परा सुरु भएको हो भने समसामयिक परिस्थितिमा यस यात्रा निकै उत्साहका साथ गतिशील रहेको देखापर्दछ ।

यस शोधपत्रमा बुटवल नगरपालिकाको परिचय, यहाँको लोकसाहित्यिक पृष्ठभूमिको परिचय एवम् साहित्यिक सङ्घसंस्था तथा पत्रपत्रिकाहरूको शोधखोज एवम् उल्लेख गर्दै यस नगरपालिकाका विभिन्न विधाका साहित्यप्रतिभा र तिनको कृतित्वबारे सङ्क्षिप्त अध्ययन गरिएको छ ।

नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने लुम्बिनी अञ्चलका छ जिल्लामध्येको एक रूपन्देही जिल्लामा बुटवल नगरपालिकास्थित छ । नेपाली साहित्ययात्रामा आधुनिक कालको पदार्पण भएको धेरैपछि मात्र बुटवलमा लेख्यसाहित्यको परम्परा सुरु भएको हो । जीविकोपार्जनका लागि ओहोरदोहोर गरिरहनु पर्ने बाध्यताले पनि बुटवलवासीलाई ढिलो गरी साहित्ययात्रामा आकृष्ट गर्न सकेको हो । यसरी वि.सं. २००४ बाट सुरु भएको नेपाली साहित्यिको विकासयात्रामा वि.सं. २०१२ अघिको समयावधिलाई 'पृष्ठभूमि काल' भन्न सकिन्छ ।

विभिन्न समाचारप्रधान र साहित्यप्रधान पत्रपत्रिकाहरू बुटवलमा केकस्ता समयमा प्रकाशित भए सो विषयमा यस शोधपत्रमा अध्ययन गरिएको छ । यस क्रममा यहाँका स्रष्टाहरूद्वारा प्रकाशित सबै विधाका पुस्तकाकार रचनाहरूको उल्लेख एवम् आवश्यकतानुसार विश्लेषण गर्ने कार्य पनि प्रस्तुत शोधपत्रमा गरिएको छ ।

'नेपाली साहित्यको विकासमा बुटवलको योगदान' शीर्षकमा आबद्ध रहेर खोज-अन्वेषण गर्दा प्राप्त भएका सामग्री र सूचनाहरूका आधारमा यस शोधपत्र तयार पार्ने क्रममा उत्पन्न समस्याहरूलाई ध्यान दिंदै आगामी दिनहरूमा शोधकार्य गर्न इच्छुक व्यक्ति वा संस्थाहरूलाई सहज होस् भन्ने ध्येयले यहाँ केही सम्भावित शोधशीर्षकहरू उल्लेख गरिएको छ ।

१. बुटवलका कथाकार र कथाकृतिको अध्ययन

२. बुटवलका उपन्यासकार र उपन्यासकृतिको अध्ययन

३ बुटवलका निबन्धकार र निबन्धकृतिको अध्ययन.

४. बुटवलका समालोचक र समालोचनाकृतिको अध्ययन

५. बुटवलबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाको अध्ययन

६.. नेपाली साहित्यको विकासमा बुटवलका साहित्यिक सङ्घसंस्थाहरूको योगदान

# परिशिष्ट-खण्ड

## (क) सामग्री सङ्कलन गर्दा प्रयोग गरिएको व्यक्तिवृत्त फारम

शोधप्रयोजनका लागि साहित्यकारले भर्नुपर्ने

१. प्रचलित नाम :
२. न्वारनको नाम :
३. उपनाम :
४. पिताको नाम :
५. माताको नाम :
६. बुटवलमा स्थायी बसोबास कहिलेदेखि र कहाँ ? :
७. पेसा :
८. पहिलो रचना :
९. रचना प्रकाशित भएको मिति, पत्रिका, वर्ष, अङ्क, पूर्णाङ्क, साल :
१०. शिक्षा :
११. साहित्यलेखनको उद्देश्य :
१२. प्रकाशित कृतिहरु क्रमशः (प्रकाशित मितिका आधारमा) :
(क)
(ख)
(ग)
(घ)
(ङ)
१५. साहित्यिक गतिविधि क्रमशः
(क)
(ख)
१६. सम्पादन/प्रकाशन :
(क)
(ख)
१७. पुरस्कारहरु :
(क)
(ख)
(ग)
१८. बुटवलमा बसेर लेखन/प्रकाशन गरिएका कृतिहरु क्रमशः
(क)
(ख)
(ग)
१९. अन्य केही विशेष कुरा भए :
२०. हस्ताक्षर :

सहयोगका लागि धन्यवाद

.................................
हस्ताक्षर
शोधार्थी
गोपालप्रसाद पौडेल
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर
स्थायी ठेगाना : बुटवल-१२, प्रगतिपथ, रुपन्देही

## ७. सन्दर्भग्रन्थसूची

### (क) पुस्तकसूची


१. उपाध्याय, गोपीरमण, *प्रगतिशील साहित्य समालोचना,* बुटवल : बुटवल साहित्य, कला, संस्कृति प्रतिष्ठान, २०५९ ।

२. ढकाल, घनश्याम (सम्पा.), *यथार्थवादी नेपाली समालोचना,* पोखरा : गण्डकी साहित्य सङ्गम, २०६१ ।

३. त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), *नेपाली बृहत् शब्दकोश,* तेस्रो सं., काठमाडौं : ने.रा.प्र.प्र., २०५२ ।

४. थापा, धर्मराज, *मेरो नेपाल भ्रमण,* काठमाडौं : साझा प्रकाशन, २०३२ ।

५. थापा, धर्मराज र सुवेदी हंसपुरे, *नेपाली लोकसाहित्यको विवेचना,* काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, २०४१ ।

६. पराजुली, कृष्णप्रसाद, *नेपाली लोकगीतको आलोक,* काठमाडौं : वीणा प्रकाशन प्रा.लि., २०५७ ।

७. बराल, ऋषिराज, *उपन्यासको सौन्दर्यशास्त्र,* ललितपुर : साझा प्रकाशन, २०५६ ।

८. रिसाल, राममणि, *नेपाली काव्य र कवि, पाँचौं संस्करण,* काठमाडौं : साझा प्रकाशन, २०५८ ।

९. लामिछाने, कपिल, *नेपाली साहित्यको सेरेफेरो,* सिद्धार्थनगर : कला सदन, २०५८ ।

१०. शर्मा पौड्याल, हीरामणि, *समालोचनाको बाटोमा,* पर्वत : इन्दिरा शर्मा पौड्याल, २०४१ ।

११. शर्मा पौड्याल, हीरामणि, *रचना विवेचना,* पर्वत : इन्दिरा शर्मा पौड्याल, २०४६ ।

१२. शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, *शोधविधि,दोस्रो सं.,* काठमाडौं : साझा प्रकाशन, २०५५ ।

१३. शाक्य, देवेन्द्रराज, *यो बटौली हो,* बुटवल : श्रीमती धर्मी शाक्य, २०६१ ।

१४. श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, चौथो सं.,* काठमाडौं : साझा प्रकाशन, २०४९ ।

१५. सुवेदी, राजेन्द्र, *नेपाली उपन्यास परम्परा र प्रवृत्ति,* वाराणसी : भूमिका प्रकाशन, २०५३ ।

द्रष्टव्य :यस शोधपत्रमा विश्लेषण गरिएका बुटवल नगरपालिकाका साहित्यकारहरुका साहित्यकृतिहरुलाई सन्दर्भसूची मा समावेश गरिएको छैन ।

**(ख) शोधपत्रसूची**

१. अर्याल, कलाधर, *दिल साहनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०५८ ।

२. उप्रेती, शिवप्रसाद, *मोदनाथ प्रश्रितको जीवनी, व्यक्तित्व र कृतित्व,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०५८ ।

३. खनाल, अजित, *नेपाली साहित्यमा रूपन्देही जिल्लाको योगदान,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०५४ ।

४. चालिसे, शेषनारायण, *पण्डित बाबुराम भट्टराईको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., पाल्पा, २०६१ ।

५. न्यौपाने, श्रीराम, *मोदनाथ प्रश्रितको महाकाव्यकारिता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०५४ ।

६. पौड्याल, सालिकराम, *रूपन्देही जिल्लाका प्रतिनिधि कवि र तिनका प्रमुख कविताकृतिको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०६१ ।

७. रिमाल, केदारनाथ, *मोदनाथ प्रश्रितको निबन्धकारिता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०५४ ।

८. ज्ञवाली, विष्णुहरि, *नेपाली साहित्यमा गुल्मी जिल्लाको योगदान,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०५२ ।

**(ग) पत्रपत्रिकासूची**

१. अवस्थी, महादेव, 'देवासुर सङ्ग्रामको विषयवस्तुगत सेरोफेरो र विधागत स्वरुप', *कुञ्जिनी,* काठमाडौं : साहित्यकुञ्ज, वर्ष ८, अङ्क ५, पृष्ठ ५१ ।

२. उपाध्याय, गोपीरमण, 'जङ्गबहादुर शाहको कृति विश्वामित्र : एक विवेचना', *मेचीकाली सन्देश,* बुटवल : मेचीकाली बहुउद्देश्यीय सहकारी संस्था लि., २०५९, साउन , पृष्ठ २ ।

३. जोशी, वसन्तध्वज, 'बुटवल एक चिनारी', *स्मारिका,* बुटवल : द रेयुकाई नेपाल, २०४९, पृष्ठ छैन ।

४. नेपाली, दिलिपकुमार, 'वर्तमान समयको धड्कन छाम्ने आस्था ओ मेरी प्रिया', *जनतहल्का साप्ताहिक,* २०५९ माघ ६ गते ।

५. शर्मा, गोपीकृष्ण, 'पाल्पाको साहित्यिक जगत, एक सर्वेक्षण', *पाल्पा दर्पण,* काठमाडौं : पाल्पाली सङ्गम, ३०३९, पृष्ठ ४७ ।

६. श्रीस, गिरि, 'साहित्यिक क्षेत्रमा बुटवल : एक सिंहावलोकन', *बटौली स्मारिका,* बुटवल : बु.न.पा., २०५३, पृष्ठ २४ ।

७. श्रेष्ठ, निर्मल, 'बुटवल : एक खुला सङ्ग्रहालय', *दैनिक जनसङ्घर्ष,* बुटवल : हाइटेक अफसेट प्रकाशन प्रा.लि., २०५१ आषाढ २४, पृष्ठ १० ।

८. साहनी, दिल, निर्विकल्प (एकाङ्की), *देवदह साहित्यिक त्रैमासिक,* देवदह : देवदह साहित्य समाज, २०६२, पृष्ठ १२-१५ ।

द्रष्टव्य : यसबाहेक पाँचौं परिच्छेदको तालिकामा देखाइएका पत्रपत्रिकाहरुलाई पनि प्रस्तुत शोधकार्यमा सन्दर्भसामग्रीका रूपमा प्रयोग गरिएको छ ।